# माछो माछो भ्यागुतो कथा सङ्ग्रहको विधातात्त्विक अध्ययन

त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्र
सङ्काय अन्तर्गत नेपाली केन्द्रीय विभागको
स्नातकोत्तर तह द्वितीय वर्षको दसौँ
पत्रको प्रयोजनका लागि
प्रस्तुत

## शोधपत्र

शोधकर्ता
**रामप्रसाद खनाल**
नेपाली केन्द्रीय विभाग
त्रिभुवन विश्वविद्यालय
कीर्तिपुर, काठमाडौँ
२०७०

# शोध निर्देशकको सिफारिस–पत्र

त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्र सङ्काय अन्तर्गत नेपाली केन्द्रीय विभागको स्नातकोत्तर तह द्वितीय वर्षको दसौँ पत्रको प्रयोजनका लागि श्री रामप्रसाद खनालले **माछो माछो भ्यागुतो कथा सङ्ग्रहको कृतिपरक अध्ययन** शीर्षकको शोधपत्र मेरा निर्देशनमा तयार पार्नु भएको हो । उहाँले परिश्रम पूर्वक तयार पार्नु भएको यस शोधपत्रको आवश्यक मूल्याङ्कनका लागि म सिफारिस गर्दछु ।

......................

शोध निर्देशक
डा. गोविन्दप्रसाद शर्मा
(उपप्राध्यापक)
त्रिभुवन विश्वविद्यालय
नेपाली केन्द्रीय विभाग
कीर्तिपुर, काठमाडौँ

मिति :- २०७०/०४/१७

# त्रिभुवन विश्वविद्यालय

**मानविकी तथा सामाजिक शास्त्र सङ्काय**

**नेपाली केन्द्रीय विभाग, कीर्तिपुर**

## स्वीकृति–पत्र

त्रिभुवन विश्वविद्यालय, मानिविकी तथा सामाजिक शास्त्र सङ्काय अन्तर्गत नेपाली केन्द्रीय विभागको समूह २०६६/०६७ का छात्र श्री रामप्रसाद खनालको स्नातकोत्तर तह द्वितीय वर्षको दसौँ पत्रको प्रयोजनका लागि तयार पार्नु भएको **माछो माछो भ्यागुतो कथा सङ्ग्रहको विधातात्त्विक अध्ययन** शीर्षकको शोधपत्र आवश्यक मूल्याङ्कन गरी स्वीकृत गरिएको छ ।

| **शोधपत्र मूल्याङ्कन समिति** | **हस्ताक्षर** |
|---|---|
| १. प्रा.डा. देवीप्रसाद गौतम<br>(विभागीय प्रमुख) | ................................ |
| २. उपप्रा.डा. गोविन्दप्रसाद शर्मा<br>(शोध निर्देशक) | ................................ |
| ३. प्रा. मोहनराज शर्मा<br>(बाह्य विशेषज्ञ) | ................................ |

मिति: २०७०/०४/२४

## कृतज्ञता ज्ञापन

"माछो माछो भ्यागुतो कथा सङ्ग्रहको कृतिपरक अध्ययन" शीर्षकको शोधपत्र मैले मेरा आदरणीय गुरु उपप्रा.डा. गोविन्दप्रसाद शर्माज्यूको निर्देशनमा तयार पारेको हुँ । सर्वप्रथम शोधको विषय छनोटदेखि लिएर सामग्री सङ्कलन र विश्लेषणका क्रममा आवश्यक निर्देशनका साथै उत्साहवर्द्धक सुझाव र प्रेरणा दिने निर्देशक गुरु शर्माज्यूमा हार्दिक कृतज्ञता ज्ञापन गर्दछु । यस शोधकार्य लेखनमा आवश्यक सल्लाह र सुझाव प्रदान गरी सहयोग गर्नुहुने नेपाली केन्द्रीय विभागका विभागीय प्रमुख प्रा.डा. देवीप्रसाद गौतम ज्यूप्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछु ।

यसैगरी सामग्री सङ्कलनका क्रममा सहयोग पुऱ्याउनु हुने त्रिभुवन विश्वविद्यालय केन्द्रीय पुस्तकालय र नेपाली केन्द्रीय विभागको पुस्तकालयका कर्मचारीहरूप्रति म हार्दिक धन्यवाद अर्पण गर्दछु ।

आर्थिक तथा व्यवहारिक समस्याहरूसँग सङ्घर्ष गर्दै मेरो अध्ययन कार्यप्रति सहयोग पुऱ्याउनु हुने मेरा आदरणीय पिता श्री कुलहरि खनाल र ममतामयी माता लक्ष्मी खनालका साथै दाजु श्री जगदीश खनाल, श्रीधर खनाल, जीवन खनाल प्रति आजीवन ऋणी रहनेछु । त्यसैगरी शोधपत्रको तयारीको क्रममा विविध क्षेत्रमा सहयोग पुऱ्याउनुहुने साथीहरू उमाकुमारी कुँवर, हिराबहादुर कुँवर, राजन थापा र दीपसागर पन्तप्रति हार्दिक धन्यवाद व्यक्त गर्दछु ।

प्रस्तुत शोध कार्यमा शुद्धताका साथ टङ्कन गरी सहयोग गरिदिनुहुने क्रियटिभ कम्प्यूटर सेन्टरका श्री रत्नलाल भण्डारीप्रति म हृदयतः धन्यवाद दिन चाहन्छु । साथै प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा सहयोग गर्नुहुने मेरा मित्रहरू प्रति आभार प्रकट गर्दछु ।



....................
रामप्रसाद खनाल
एम.ए. द्वितीय वर्ष
त्रिभुवन विश्वविद्यालय
कीर्तिपुर, काठमाडौं


शैक्षिक सत्र : २०६६/०६७
क्रमाङ्क : १९२
त्रि.वि. दर्ता नं. : ६-१-५०-३८०-२००३
मिति २०७०/०४/१७

# विषयसूची


| | | |
|---|---|---|
| | | पेज नं. |
| **अध्याय एक : शोध परिचय** | | **१-७** |
| १.१ | विषय परिचय | १ |
| १.२ | समस्या कथन | १ |
| १.३ | शोधकार्यको उद्देश्य | २ |
| १.४ | पूर्वकार्यको समीक्षा | ३ |
| १.५ | अध्ययनको औचित्य र महत्त्व | ६ |
| १.६ | अध्ययनको सीमाङ्कन | ६ |
| १.७ | शोधविधि | ७ |
| १.७.१ | सामग्री सङ्कलन विधि | ७ |
| १.७.२ | अध्ययन विधि | ७ |
| १.८ | शोधपत्रको रूपरेखा | ७ |
| **अध्याय दुई : कथाको सैद्धान्तिक अध्ययन** | | **८-१७** |
| २.१ | विषय प्रवेश | ८ |
| २.२ | कथाको सैद्धान्तिक परिचय | ८ |
| २.३ | कथाको परिभाषा | ९ |
| २.३.१ | संस्कृत परम्परा | ९ |
| २.३.२ | पाश्चात्य परम्परा | १० |
| २.३.३ | नेपाली परम्परा | १० |
| २.४ | कथाका तत्त्वहरू | १२ |
| २.४.१ | कथानक | १२ |
| २.४.२ | चरित्र र चरित्र चित्रण | १३ |
| २.४.३ | दृष्टिबिन्दु | १४ |
| २.४.४ | परिवेश | १५ |
| २.४.५ | सारवस्तु | १६ |

२.४.६ भाषाशैली १६

२.५ निष्कर्ष १७

**अध्याय तीन : विधातात्त्विक दृष्टिबाट 'माछो माछो भ्यागुतो' कथा सङ्ग्रहको अध्ययन र विश्लेषण १८-१०६**

३.१ विषय प्रवेश १८

३.२ 'शरणार्थी' कथाको विश्लेषण १८

३.३ 'कृपापात्र' कथाको विश्लेषण २३

३.४ 'चलन' कथाको विश्लेषण २८

३.५ 'धर्म' कथाको विश्लेषण ३४

३.६ 'माछो माछो भ्यागुतो' कथाको विश्लेषण ४०

३.७ 'उनको इच्छा' कथाको विश्लेषण ४६

३.८ 'लाश' कथाको विश्लेषण ५२

३.९ 'गाउँको माया' कथाको विश्लेषण ५८

३.१० 'हिरामन सादाको अठोट' कथाको विश्लेषण ६३

३.११ 'धुन्धकारीको अवसान' कथाको विश्लेषण ६८

३.१२ 'सङ्कटबहादुर अर्थात् गङ्गालाल' कथाको विश्लेषण ७२

३.१३ 'मङ्सिरको अनिकाल' कथाको विश्लेषण ७७

३.१४ 'गिरधारीलाल' कथाको विश्लेषण ८१

३.१५ 'घर' कथाको विश्लेषण ८६

३.१६ 'विडम्बना' कथाको विश्लेषण ८९

३.१७ समग्र विधातात्त्विक आधारमा माछो माछो भ्यागुतो कथासङ्ग्रहको प्रवृत्ति ९४

३.१७.१ कथानकको स्रोतगत प्रवृत्ति ९४

३.१७.२चरित्रगत प्रवृत्ति ९६

३.१७.३ दृष्टिबिन्दुको प्रयोग १०४

३.१७.४ परिवेशको प्रयोग १०४

३.१७.५ भाषा शैलीगत प्रवृत्ति १०५

३.१८ निष्कर्ष १०६

**अध्याय चार : माछो माछो भ्यागुतो कथा सङ्ग्रहको प्रवृत्तिगत विश्लेषण १०७-१४५**

४.१ विषय प्रवेश १०७

४.२ नेपाली कथामा प्रगतिवाद १०७

४.२.१ प्रगतिवाद : मूल तात्पर्यका सन्दर्भमा १०७

४.२.२ प्रगतिवादको दार्शनिक आधारभूमि १०८

४.२.३ प्रगतिवादका साहित्यिक मान्यताहरू १११

४.२.४ नेपाली प्रगतिवादी कथाको विकासमा इस्माली ११५

४.३ सामाजिक यथार्थवादको प्रयोग ११९

४.३.१ 'शरणार्थी' कथामा सामाजिक यथार्थवादको प्रयोग ११९

४.३.२ 'कृपापात्र' कथामा सामाजिक यथार्थवादको प्रयोग १२०

४.३.३ 'गिरधारीलाल' कथामा यथार्थवादको प्रयोग १२२

४.४ आलोचनात्मक यथार्थवादको प्रयोग १२३

४.५ प्रगतिवादको प्रयोग १२४

४.५.१ 'धर्म' कथामा प्रगतिवादको प्रयोग १२५

४.५.२ 'माछो भाछो भ्यागुतो' कथामा प्रगतिवादको प्रयोग १२६

४.५.३ 'उनको इच्छा' कथामा प्रगतिवादको प्रयोग १२८

४.५.४ 'लाश' कथामा प्रगतिवादको प्रयोग १३०

४.५.५ 'गाउँको माया' कथामा प्रगतिवादको प्रयोग १३२

४.५.६ 'हिरामन सादाको अठोट' कथामा प्रगतिवादको प्रयोग १३३

४.५.७ 'धुन्धकारीको अवसान' कथामा प्रगतिवादको प्रयोग १३५

४.५.८ 'सङ्कटबहादुर अर्थात् गङ्गालाल' कथामा प्रगतिवादको प्रयोग १३६

४.५.९ 'मङ्सिरको अनिकाल' कथामा प्रगतिवादको प्रयोग १३८

४.६ आञ्चलिक स्पर्श १४०

४.७ सांस्कृतिक चिन्तनको प्रयोग १४१

४.८ चिन्तनगत दृष्टिबाट माछो माछो भ्यागुतो कथा सङ्ग्रहको समग्र प्रवृत्ति १४२

४.८.१ सामाजिक यथार्थवादको प्रयोग १४३

४.८.२ आलोचनात्मक यथार्थवादको प्रयोग १४३

४.८.३ समाजवादी यथार्थवादको प्रयोग १४४

४.८.४ आञ्चलिक स्पर्श १४४

४.९ निष्कर्ष १४५

**अध्याय पाँच : शोध निष्कर्ष १४६-१४९**

**सन्दर्भसामग्रीसूची १५०-१५१**

# सङ्क्षेपीकृत शब्द सूची

| सङ्क्षिप्त रूप | पूर्ण रूप |
|---|---|
| उपप्रा. | उप-प्राध्यापक |
| एम.ए. | मास्टर्स अफ आर्टस् |
| डा. | डाक्टर |
| त्रि.वि. | त्रिभुवन विश्वविद्यालय |
| प्रा. | प्राध्यापक |
| पृ. | पृष्ठ |
| बि.ए. | ब्याच्लर अफ आर्टस् |
| वि.सं. | विक्रम संवत् |
| सम्पा. | सम्पादक |
| सं. | संस्करण |

# शोध परिचय

## १.१ विषय परिचय

महेश्वरप्रसाद पौडेल (२०१२) नेपाली साहित्यका क्षेत्रमा 'इस्माली' नामले परिचित छन् । उनी कथा साहित्यको समकालीन समयका प्रगतिवादी धाराका सफल कथाकार हुन् । इस्माली वि.स. २०३१ मा "भञ्ज्याङ" पत्रिकामा 'ऋणको थिचो' नामक कथा लिएर नेपाली कथा साहित्यमा देखा परेका हुन् । प्रगतिवादी चिन्तनमा आधारित रहेर कथा लेख्ने इस्मालीका **माछो माछो भ्यागुतो** (२०५२) **घाम घाम जस्तो छैन** (२०५८), **काट् जर्निक डी** (२०६४) र **इस्मालीका प्रतिनिधि कथाहरू** (२०६७) कथा सङ्ग्रह प्रकाशित भएका छन् । **माछो माछो भ्यागुतो** कथा सङ्ग्रहमा 'शरणार्थी', 'कृपापात्र', 'चलन', 'माछो माछो भ्यागुतो' जस्ता पन्ध्रवटा कथा सङ्गृहीत छन् । यी कथाहरूमा इस्मालीले निम्न वर्गका मानिसहरू माथि उच्च वर्गका मानिसबाट भएको शोषण, दमन, तराईमा विद्यमान दाइजो प्रथाको समस्या, शैक्षिक बेरोजगारी युवाको भविष्य र शहर पसेपछि गाउँको माया लाग्ने प्रवृत्तिलाई प्रस्तुत गरेका छन् । उनले सिङ्गो नेपाली समाजमा देखापरेको गरिबी, अन्याय, अत्याचार, शोषण तथा अभाव सफल रूपमा चित्रण गरेका छन् । इस्मालीले प्रस्तुत सङ्ग्रहका कथामा समाजमा आमूल परिवर्तनको आवश्यकता रहेको कुरा व्यक्त गरेका छन् । इस्मालीको **माछो माछो भ्यागुतो** कथा सङ्ग्रहमा सङ्गृहीत कथाको अध्ययन यस शोधको विषय क्षेत्र हो ।

## १.२ समस्या कथन

इस्माली समसामयिक प्रगतिवादी नेपाली कथा साहित्यका विशिष्ट हस्ताक्षर हुन् । उनको **माछो माछो भ्यागुतो** (२०५२) पहिलो कथा सङ्ग्रह हो । यस सङ्ग्रहभित्र सङ्गृहीत सबै कथाले नेपाली समाज त्यसमा पनि तराईको जनजीवनका समस्याहरू उद्घाटन गरिएको छ । इस्मालीको **माछो माछो भ्यागुतो** कथा सङ्ग्रहका बारेमा विभिन्न पत्रपत्रिका र समालोचनाका रूपमा केही चर्चा भए पनि समग्र कथा सङ्ग्रहको

विश्लेषण नभएको हुँदा प्रस्तुत अध्ययन गरिएको छ । यस शोधकार्यका समस्याहरू निम्न लिखित छन् :

(क) कथा अध्ययनको सैद्धान्तिक आधार के-कस्तो छ ?

(ख) कथा तत्त्वका आधारमा **माछो माछो भ्यागुतो** कथा सङ्ग्रहका कथाहरू के-कस्ता छन् ?

(ग) चिन्तनगत प्रवृतिका आधारमा **माछो माछो भ्यागुतो** कथा सङ्ग्रहमा सङ्गृहीत कथाहरू के-कस्ता रहेका छन् ?

(घ) कथा विधातत्त्वका आधारमा **माछो माछो भ्यागुतो** कथा सङ्ग्रहको योगदान के कस्तो रहेको छ ?

माथि उल्लेख गरिएका समस्याहरू नै प्रस्तुत शोधकार्यका समस्या हुन् । यिनै समास्याको समाधानमा प्रस्तुत शोधकार्य केन्द्रित रहेको छ ।

## १.३ शोधकार्यको उद्देश्य

कथाकार इस्मालीद्वारा रचना गरिएको **माछो माछो भ्यागुतो** (२०५२) कथा सङ्ग्रह र माथि उल्लेख गरिएका शोध समस्यासँग सम्बन्धित भई प्रस्तुत शोधकार्य निम्न लिखित उद्देश्यमा केन्द्रित रहेको छ :

(क) कथा विधाको सैद्धान्तिक अध्ययनको निरुपण गर्नु,

(ख) विधातात्त्विक दृष्टिले **माछो माछो भ्यागुतो** कथा सङ्ग्रहका कथाको विश्लेषण गर्नु,

(ग) चिन्तनगत प्रवृत्तिका आधारमा **माछो माछो भ्यागुतो** कथा सङ्ग्रहका कथाको विश्लेषण गर्नु ।

(घ) कथा विधातत्त्वका आधारमा **माछो माछो भ्यागुतो** कथा सङ्ग्रहको योगदान निरुपण गर्नु ।

माथि उल्लेख गरिएका बुँदाको निरुपण गर्नु नै प्रस्तुत शोधकार्यको उद्देश्य रहेको छ ।

## १.४ पूर्वकार्यको समीक्षा

कथाकार इस्मालीका बारेमा विभिन्न विद्वान तथा समालोचकहरूले समीक्षा, समालोचना र टिप्पणी गरेका छन् । उनको जीवनी व्यक्तित्व र कृतित्वको अध्ययन, उनको कथाकारिता, 'काट् जर्किन डी', 'इस्मालीका प्रतिनिधि कथा सङ्ग्रह' र 'जिरोमाइल' उपन्यासको कृतिपरक अध्ययन गर्दा उनको र उनका कथाका बारेमा केही अध्ययन भएको छ, तापनि उनको 'माछो माछो भ्यागुतो' कथा सङ्ग्रहका बारेमा विस्तृत अध्ययन हुन बाँकी रहेको छ । यस भन्दा अगाडि उनको कथाका बारेमा जे-जति अध्ययन भएको छ, त्यसको काल क्रमिक समीक्षा यहाँ प्रस्तुत गरिएको छ ।

राजेन्द्र सुवेदी (२०५१) ले **स्नातकोत्तर नेपाली कथा**मा नेपाली कथाको इतिहास दिने क्रममा इस्मालीका फुटकर कथाहरू प्रगतिवादी क्षेत्रमा आधारित छन् भनी चर्चा गरेका छन् । यस चर्चाबाट इस्मालीका कथाको विचार पक्ष बुझ्न मद्दत पुग्छ ।

ताराकान्त पाण्डे (२०५३) ले ''विपुल'' पत्रिकामा प्रकाशित "इस्मालीका कथामा वर्तमान बोध" भन्ने शीर्षकको लेखमा कथाकार इस्मालीको दृष्टिकोण आमूल परिवर्तनकारी चेतनाको धरातलबाट निर्माण भएको छ भनेका छन् । यस कार्यबाट इस्मालीका कथाको दृष्टिकोण बुझ्न सहयोग गरे तापनि उनको 'माछो माछो भ्यागुतो' कथा सङ्ग्रहको पूर्ण पक्षमा ध्यान दिएको छैन ।

देवीप्रसाद गौतम (२०५४) ले **नेपाली कथा** पुस्तकमा इस्मालीका कथामा ग्रामीण तथा सहरीया दुवै परिवेशलाई प्रस्तुत गरी आर्थिक, सामाजिक संरचनाले ल्याएको विकृति र वर्ग विभेदका कारणबाट उत्पन्न शोषणको वर्णन स्पष्ट वैचारिक दृष्टिकोण, वैचारिक पक्षधरता, परिवेशको विस्तृत संस्थापना, आञ्चलिकता, कथ्यको कलात्मक प्रस्तुति, शैलीमा विविधता र नौलोपना पाइने विशेषता हुन् भनेका छन् । प्रस्तुत कार्यमा इस्मालीका कथागत प्रवृत्ति केलाए पनि 'माछो माछो भ्यागुतो' कथा सङ्ग्रहको विधातात्त्विक र चिन्तनगत दृष्टिले विश्लेषण गरिएको पाइँदैन ।

निनु चापागाई (२०५४) ले **मार्क्सवादी चिन्तनमा सौन्दर्य** भन्ने पुस्तकमा इस्माली पुरानो र नयाँ मरणशील र विकासोन्मुख, विनास र निर्माणको सङ्घर्ष विकासक्रमको

आन्तरिक प्रक्रिया हो र पछिल्लोको विजय अवश्यम्भावी छ भन्ने वस्तुगत नियम सामाजिक परिवर्तनमा क्रियाशील रहन्छ भन्ने कुरा माथिको धारणाले नै रचनामा गहन आशावाद भविष्यका बारेमा रचनात्मक दृष्टि एवम् दिशा र जीवनको निम्ति आशामयी प्रेरणा व्यक्त भएको पाइन्छ भनेका छन् । प्रस्तुत कार्यबाट इस्मालीका कथाको चिन्तन पक्ष खुट्याउने काम गरे पनि व्यापक अध्ययन भएको पाइँदैन ।

हरिप्रसाद रेग्मी (२०५७) ले **इस्मालीको जीवनी व्यक्तित्व र कृतित्व** को अध्ययन गर्दा उनलाई समाजवादी यथार्थवादी धारामा रहेर सशक्त कथाहरू सिर्जना गर्ने कथाकार हुन भनेका छन् । उनले 'माछो माछो भ्यागुतो' कथा सङ्ग्रहको विधातात्त्विक दृष्टिले विश्लेषण नगरे तापनि यसको सारांश दिने काम गरेका छन् ।

देवीप्रसाद गौतम (२०५९) ले "प्रलेस" पत्रिकामा "समकालीन प्रगतिवादी नेपाली कथाका प्रवृत्तिहरू" शीर्षकको लेखमा समकालीन प्रगतिवादी नेपाली कथा लेखनमा रमेश विकल, पारिजात खगेन्द्र सङ्ग्रौला, इस्माली लगायत कथाकारहरू संलग्न भएका देखिन्छन् भन्दै इस्मालीका 'रेजा', 'हजुरको मान्छे' कथामा वर्तमानको प्रजातान्त्रिक व्यवस्थाको मानवद्धेषी चरित्र, यसले अङ्गीकार गरेको प्रतिस्पर्धात्मक चुनावी शैलीको चित्रण 'यी दिन'/एक, 'यी दिन'/दुई कथामा पञ्चायतकालीन निरङ्कुश सामाजिक राजनीतिक परिवेशको चित्रण, 'संस्कार र डायरी' 'ऊ र काका' कथामा वामपन्थी राजनीतिमा देखिएको मूल्यहीनता र भड्काउ प्रवृत्ति र 'बापती' कथामा चरित्र र आचरणमा अपरिवर्तित प्रतिकूलताको चित्रण गरिएको छ भनी इस्मालीका कथागत प्रवृत्ति केलाउने काम गरिएको छ ।

हेमनाथ पौडेल (२०६०) ले "उन्मेष" पत्रिकामा "नेपाली कथामा इस्माली" शीर्षकको लेखमा इस्मालीका केही सबल र दुर्लब पक्षको चर्चा गरेका छन् । विषयवस्तु र विचारका दृष्टिले उनका हरेक कथाहरू महत्त्वपूर्ण छन् । उनमा आख्यानचेत अत्यन्त सबल छ तापनि शैली भने उनका प्राय: सबै कथामा एकै किसिमको रहेको पाइन्छ । यसले पाठकहरूको आकर्षणलई न्यून गराइदिएको महसुस हुन्छ । प्रारम्भिक अवस्थाका केही कथाहरूमा विचारगत सुसङ्गतिको अभाव देखिन्छ । उनका कथाको ज्यादै

खड्किने पक्ष भनेको कथाको अन्त्य प्रभावकारी र उपयुक्त ढङ्गले नहुनु हो भनेका छन् । प्रस्तुत कार्यमा इस्मालीका कथाको सामान्य सर्वेक्षण गर्ने काम गरे पनि विस्तृत अध्ययन गरिएको छैन ।

टेकबहादुर बलम्पाकी (२०६१) **इस्मालीको कथाकारिताको अध्ययन** गर्दा इस्मालीका कथाहरू प्रगतिवादी साहित्यिक मान्यतामा आधारित छन् भनेका छन् । प्रस्तुत कार्यमा पनि इस्मालीको कथागत प्रवृत्ति केलाउने काम भएको छ तर कथाहरूको विस्तृत अध्ययन भएको पाइदैन ।

गोपीन्द्रकुमार पौडेल (२०६२) ले **प्रगतिवादी नेपाली कथाका प्रवृत्ति** नामक विद्यावारिधि शोध प्रबन्धमा इस्मालीको 'चलन' कथाको विश्लेषण गरेका छन् । प्रस्तुत कार्यमा 'माछो माछो भ्यागुतो' कथा सङ्ग्रहभित्र सङ्गृहीत कथाहरूमध्ये चलन कथाको मात्र अध्ययन भएको तर सम्पूर्ण कथाको अध्ययन भएको छैन ।

दीपक गौतम (२०६२) ले **समकालीन प्रगतिवादी नेपाली कथाका प्रवृत्तिहरू** नामक विधावारिधि शोध प्रबन्धमा इस्मालीको 'हजुरको मान्छे' कथामा पैसा कमाउनका लागि जे पनि गर्ने परिपाटिको बयान गरिएको छ । त्यस्तै 'गाउँको माया' कथामा सहरमा बस्ने मानिसमा गाउँको मायाले सताएको प्रसङ्ग, 'हिरामान सादाको अठोट', 'धुन्धकारीको अवसान', 'सङ्कटबहादुर अर्थात् गङ्गालाल', 'घाम घामजस्तो' छैन कथाहरू प्रगतिवादी कथा हुन् भनी उल्लेख गरिएको छ ।

शिला सुवेदी (२०६७) ले इस्मालीको **जिरोमाइल उपन्यासको अध्ययन र विश्लेषण** गर्ने क्रममा उनको जीवनी, व्यक्तित्व र कृतित्वको बारेमा सामान्य चर्चा गर्दै उनको कथाकारिताका बारेमा परिचय दिँदा इस्माली प्रगतिवादी कथाकार हुन् भनिएको छ ।

देवीप्रसाद गौतम र कृष्णप्रसाद घिमिरे (२०६८) ले **नेपाली कथा भाग-३** को सम्पादन गर्दा 'माछो माछो भ्यागुतो' कथा समावेश गरी त्यस कथाको सामान्य समीक्षा गरेका छन् ।

नवराज भट्ट (२०६८) ले **इस्मालीका प्रतिनिधि कथाहरू कथा सङ्ग्रहको अध्ययन विश्लेषण** गर्दा इस्मालीका कथाहरू राजनीतिक, सामाजिक विकृतिलाई उद्‌घाटन गर्न सफल भएका छन् भनेका छन् ।

कृष्णहरि बराल (२०६९) ले **कथा सिद्धान्त** पुस्तकमा स्थानीय रङलाई नेपाली कथामा प्रयोग गर्नेहरूमा भवानी भिक्षु, इन्द्रबहादुर राई, सनत रेग्मी, इस्माली प्रमुख रहेका छन् । भन्दै इस्मालीलाई आञ्चलिक कथाकारका रूपमा चित्रण गरेका छन् ।

उल्लिखित पूर्वकार्यबाट कथाकार इस्मालीका बारेमा अध्ययन भए तापनि उनको **माछो माछो भ्यागुतो** कथासङ्ग्रहको विस्तृत अध्ययन विश्लेषण हुन बाँकी रहेको कारण उक्त कथा सङ्ग्रहको विधातात्त्विक र चिन्तनगत प्रवृत्तिका आधारमा अध्ययन विश्लेषण गरिएको छ ।

## १.५ अध्ययनको औचित्य र महत्त्व

पूर्वकार्यको अध्ययनबाट के कुरा स्पष्ट भएको छ भने इस्मालीको पहिलो कथा सङ्ग्रह **माछो माछो भ्यागुतो** (२०५२) मा सङ्गृहीत कथाहरूको विधातात्त्विक र चिन्तनगत दृष्टिले सुव्यवस्थित अध्ययन हुन बाँकी नै छ । तसर्थ यस शोधकार्यमा **माछो माछो भ्यागुतो** (२०५२) कथा सङ्ग्रहको विधातात्त्विक र चिन्तनगत दृष्टिले अध्ययन विश्लेषण गर्नु नै यसको औचित्य पुष्टि हुन्छ । यसका साथै यस शोधकार्यबाट प्रगतिवादी कथा परम्परामा योगदान पुग्ने यस सँग सम्बन्धित समीक्षक, समालोचकहरूलाई सहयोग पुऱ्याउने र साहित्यका जिज्ञासु पाठकहरूलाई समेत अध्ययन अनुसन्धान गर्न सहयोग पुऱ्याउने कुराबाट समेत औचित्य र महत्त्व स्पष्ट हुन्छ ।

## १.६ अध्ययनको सीमाङ्कन

साहित्यकार इस्मालीले उपन्यास, कविता, निबन्ध र कथा विधामा कलम चलाएका छन् । इस्मालीले विविध विधामा कलम चलाए पनि मूलत : उनी कथाकार हुन् । उनका **माछो माछो भ्यागुतो (२०५२) घाम घामजस्तो छैन** (२०५८), काट्

**जर्किन डी** (२०६४) **र इस्मालीका प्रतिनिधि कथाहरू** (२०६७) गरी चारवटा कथा सङ्ग्रह प्रकाशित भएका छन् । यहाँ कथाकार इस्मालीको **माछो माछो भ्यागुतो** ( २०५२) कथा सङ्ग्रहको विधातात्त्विक दृष्टि र चिन्तनगत प्रवृत्तिका आधारमा अध्ययन गरिएको छ । यही शोधकार्यको क्षेत्र र सीमा हो ।

## १.७ शोधविधि

प्रस्तुत शोधकार्यमा शोधविधि अन्तर्गत सामग्री सङ्कलन विधि र अध्ययन विधिको अबलम्बन गरिएको छ ।

### १.७.१ सामग्री सङ्कलन विधि

प्रस्तुत शोध कार्यमा पुस्तकालयीय सामग्री सङ्कलन विधि अपनाइएको छ । पुस्तकालयीय सामग्री सङ्कलनका क्रममा **माछो माछो भ्यागुतो** कथा सङ्ग्रहलाई प्राथमिक र त्यससँग सम्बन्धित समालोचनालाई द्वितीयक सामग्रीका रूपमा लिइएको छ ।

### १.७.२ अध्ययन विधि

सामग्री सङ्कलन विधिबाट सङ्कलित सामग्रीको विवेचना गर्ने क्रममा आवश्यकता अनुसार वर्णनात्मक र विश्लेषणात्मक विधिलाई अवलम्बन गरी **माछो माछो भ्यागुतो** कथा सङ्ग्रहको कृतिपरक अध्ययन गरिएको छ ।

## १.८ शोधपत्रको रूपरेखा

प्रस्तुत शोधकार्यलाई निम्न अध्यायमा विभाजन गरिएको छ :

अध्याय एक : शोध परिचय

अध्याय दुई : कथाको सैद्धान्तिक अध्ययन

अध्याय तीन : विधातात्त्विक दृष्टिबाट **माछो माछो भ्यागुतो** कथा सङ्ग्रहको अध्ययन र विश्लेषण

अध्याय चार : चिन्तनगत प्रवृत्तिका आधारमा **माछो माछो भ्यागुतो** कथा सङ्ग्रहको अध्ययन र विश्लेषण

अध्याय छ : शोध निष्कर्ष

# अध्याय दुई
# कथाको सैद्धान्तिक अध्ययन

## २.१ विषय प्रवेश

कथाको सैद्धान्तिक अध्ययन विषयक शीर्षकको अध्यायमा कथाको सैद्धान्तिक परिचय दिइएको छ । कथामा बारेमा संस्कृत, पाश्चात्य र नेपाली मान्यता प्रस्तुत गरिएको छ । कथाका तत्त्वहरू र कथा विश्लेषणका आधार प्रस्तुत गरिएको छ ।

## २.२ कथाको सैद्धान्तिक परिचय

कथा गद्यमा रचना गरिएको आख्यानात्मक विधा हो । प्रस्तुतीकरण, घटना आख्यानीकृत शिल्प आदिका दृष्टिले यो उपन्यासको नजिक देखिए पनि आकृतिका दृष्टिले उपन्यास भन्दा संक्षिप्त वा लघु हुन्छ । कथामा पात्रहरू सीमित हुन्छन् र ती पात्रकै सेरोफेरोमा घटना र कथानक घुम्दछ । लेखकले आफ्नो मूल अनुभूति वा विचारलाई पात्रका माध्यमबाट अभिव्यक्त गर्दछ । कथा सिधा अपेक्षित दिशातिर मात्र लक्षित हुने हुनाले यसले जीवनको विस्तृत परिवेश चित्रण गर्न सक्दैन । सीमित आकृति, जीवनको सानो परिधि, छोटो कालावधि, द्वन्द्व, परिवेश आदिमा कथा बाँधिएको हुन्छ ।

कथा तत्सम् शब्द हो । कथ धातुमा अङ् तथा टाप प्रत्यय लागेर बनेको कथा शब्दले वृतान्त सन्दर्भ तथा आख्यायिका भन्दा भिन्न गद्य रचनालाई बुझाउने गर्छ । हिजो आज यो शब्द अङ्ग्रेजीको सर्ट स्टोरी को पर्यायका रूपमा नेपालीमा प्रचलित छ र यसले आख्यानको एउटा प्रकारका रूपमा कथालाई बुझाउँछ (बराल,२०६९ : २७) । आधुनिक समीक्षा शास्त्र अनुसार कथाको जुन रूपलाई विधागत स्वीकृति प्रदान गरिएको छ, त्यो उन्नाइसौं शताब्दीमा विकसित पाश्चात्य जगत्कै उपलब्धी हो । कथा कुनै शास्त्रीय नियम वा लक्षणसित आवद्ध परम्परागत विधा होइन । आफ्नै विस्तृत परिवेशको सीमाभित्र स्वतन्त्र र उन्मुक्तरूपले हुर्केको कथा एक लचिलो परिवर्त्य

साहित्य रूप हो (श्रेष्ठ, २०६७ :६) । यसरी कथालाई सैद्धान्तिक रूपमा चिनाउने काम गरिएको छ ।

## २.३ कथाको परिभाषा

साहित्यका समीक्षकले अन्य विधा झैं कथाको पनि सैद्धान्तिक मापदण्ड तयार पारेका छन् । कथा स्रष्टाहरूले समेत यसलाई परिभाषित गर्ने क्रममा आ-आफ्ना धारणा व्यक्त गरेका छन् । कथा एक गद्यात्मक कला भएकाले कुनै एउटा मात्र परिभाषामा बाँध्नु युक्तिसङ्गत ठहर्दैन । मानव सभ्यताको आरम्भदेखि वर्तमान सम्मको अवधिमा यस विधामा व्यापक परिवर्तन आइसकेको छ । संस्कृत, पाश्चात्य र नेपाली कथा परम्परा विकासको क्रममा विभिन्न विद्वानहरूले कथा सम्बन्धी धारणा प्रस्तुत गरेका छन् ।

### २.३.१ संस्कृत परम्परा

संस्कृत साहित्यमा कथा परम्पराको चर्चा गर्दा ऋग्वेदलाई प्रारम्भविन्दु मानिएको छ । ऋग्वेद पछि ब्राह्मण ग्रन्थ, पुराण, उपनिषद्, आरण्यकले कथा परम्परा अगाडि बढाएको देखिन्छ । रामायण र महाभारतले यस परम्परालाई विकसित तुल्याउने काम गरेका छन् ।

संस्कृत साहित्यमा गद्य काव्यका मुख्य दुई भेद मानिएको छ । एक आख्यायिका र दुई कथा । संस्कृतका दण्डी, अभिनव गुप्त, मम्मट, हेमचन्द्र, रूचयक, विश्वनाथ आदिले दिएका विभिन्न परिभाषाका आधारमा कथाका लक्षणहरू यसरी स्पष्टसँग किटान गरिएको पाइन्छ :

(क) यसमा नायक धीरशान्त हुन्छ । कथा वाचक नायक नभएर अरू नै कोही हुन्छ । कर्ताको वंश वर्णन सङ्क्षेपमा गरिएको हुन्छ ।

(ख) संस्कृत प्राकृत वा अपभ्रंश कुनै पनि भाषामा लेखिन सक्दछ ।

(ग) मूलत : यो गद्यमै हुन्छ, तापनि यसमा केही पद्य भाग पनि हुन सक्दछ ।

(घ) यसमा अवान्तर वा सहायक कथाहरू पनि हुन सक्दछन् ।

(ङ) परिच्छेद विभाजन उच्छ्वासमा नभई लम्भ वा लम्भक नाम दिएर गरिएको हुन्छ ( श्रेष्ठ, २०६६ : ११-१२) । यसरी संस्कृत परम्परामा कथा विधालाई सैद्धान्तिक रुपमा चर्चा गरिएको छ ।

### २.३.२ पाश्चात्य परम्परा

ग्रीक लोककथाबाट सुरूवात भएको मानिने पाश्चात्य साहित्यको कथा परम्परामा आधुनिक कथाको आरम्भ उन्नाइसौँ शताब्दीमा भएको हो । पाश्चात्य जगत्का समीक्षक एड्गर एलेन पो, ब्रान्डर म्याथ्युज, आर.के.लगु, इन्साइक्लोपेडिया ब्रिटानिकामा दिइएको कथा परिभाषाका आधारमा निम्न विशेषता देखिन्छ :

(क) कथाको आयाम छोटो हुन्छ ।

(ख) कथाले पाठकमा प्रभाव छोड्छ ।

(ग) कथामा थोरै पात्रको प्रयोग गरिएको हुन्छ ।

(घ) कथा एक वौद्धिक उपज हो ।

(ङ) कथा वर्णनात्मक गद्याख्यान हो ।

(च) थोरैमा पनि पूर्णता प्रार्प्त गर्नु कथाको मूल विशेषता देखिन्छ ।

उल्लिखित बुँदाका आधारमा पाश्चात्य साहित्यमा कथालाई सिद्धान्तबद्ध गरिएको छ ।

### २.३.३ नेपाली परम्परा

आधुनिक नेपाली कथाको आरम्भ १९९२ सालमा शारदामा प्रकाशित गुरुप्रसाद मैनालीको 'नासो' कथाबाट भएको हो । 'नासो' कथाको पृष्ठभूमिमा १८२७ को 'महाभारत विराटपर्व' गद्याख्यानदेखि रूपनारायणसिंहको 'अन्नपूर्णा' (१९८३), राममानसिंह गोर्खाको 'एउटा गरिब सार्कीकी छोरी' (१९८६) र प्रेमसिंह आलेको 'करनीको फल' (१९८६) कथा रहेका छन् । १९९२ देखि वर्तमान सम्म नेपाली कथा विकसित हुँदै आएको छ ।

आधुनिक नेपाली कथाको बारेमा चिन्तन गर्ने परम्परा सूर्यविक्रम ज्ञवालीले सम्पादन गरेको **कथाकुसुम**बाट सुरू भएको हो । नेपाली साहित्यमा कथालाई

सिद्धान्तबद्ध गर्ने ठोस परम्परा ईश्वर बरालबाट थालिएको हो । यसलाई विस्तृत र सूक्ष्मता प्रदान गर्ने काम परवर्ती कालमा हुँदै गयो (नेपाल, सन् २०११: भूमिका) ।

'नासो' कथाबाट सुरू भएको कथा लेखन र **कथाकुसुम**बाट सुरू भएको समीक्षा हुँदै वर्तमान सम्म विभिन्न विद्वानहरूले कथा सम्बन्धी व्यक्त गरेका मत यहाँ उल्लेख गरिन्छ :

''शारदा'' पत्रिकाको सम्पादकीयमा ऋद्धिबहादुर मल्लले कथालाई "शब्दहरूको सजीव कसावट, भाषाको प्रवाह, अप्रत्यक्ष सङ्केत र तीव्र स्पर्श, विचारहरूमा लेखनको आफ्नो सफल स्वभाविक व्यक्तित्व र स्वतन्त्रता, मौलिकता, नयाँपन, घटनाहरूको स्वभाविकता तथा सबभन्दा ठूलो कुरा त तीव्र अनुभूतियुक्त त्यो मनोवैज्ञानिक प्रतिभा जसको मद्दतले लेखकको मानव हृदयको कुना पर्यन्त चाहार्दछ-कथालाई जीवन दिनमा सफल हुन्छन् (मल्ल, शारदा १९९७ मार्ग, वर्ष ५ सङ्ख्या ८) ।" भनेर चिनाएका छन् ।

ईश्वर बरालका मतमा कथा "एकोन्मुख प्रभाव उत्पन्न गरेर केवल एक उद्देश्य प्राप्ति नै इष्टार्थ हुनाले कथा एक प्रमुख पात्रका जीवनको कुनै अङ्गको र त्यस जीवन सम्बन्धी कुनै एक मुख्य घटना वा भावदशाको मात्र उद्घाटन गर्छ" (बराल, २०५३ : १२) भन्ने रहेको छ ।

दयाराम श्रेष्ठका मतमा "वास्तवमा विचार तथा भावना सञ्चारण गर्ने एउटा यस्तो कला हो, जसले आफ्नो सानो आयतनलाई सुन्दर आकार प्रदान गरेर त्यसमा जीवन वा समाजको सजीव चित्र कोर्दछ (श्रेष्ठ, २०६७ : ८)" भन्ने रहेको छ ।

कृष्णहरि बरालका विचारमा "कथा छोटो भएर पनि विशिष्ट प्रभाव दिने त्यस्तो गद्याख्यान हो, जसमा जीवनको एक अंश वा एउटा कार्यको कौतुहलपूर्ण प्रस्तुति हुन्छ" (बराल, २०६९ : ५३) ।

उपयुक्त परिभाषा अनुसार कथामा निम्न लिखित विशेषता रहेका छन् :

(क) कथा गद्यमा लेखिन्छ ।

(ख) कथाको आयाम छोटो हुन्छ ।

(ग) घटना यथार्थबाटै टिपे पनि यसमा कल्पनाको प्रयोग गरिन्छ ।

(घ) जीवन र समाजको यथार्थ चित्र अङ्कन गरिन्छ ।

(ङ) कथाले एकोन्मुख प्रभाव छोड्ने गर्दछ ।

(च) कथामा छोटो कथानक थोरै चरित्र कसिलो भाषा प्रयोग गरिन्छ ।

यी सबै विशेषतालाई समेटेर कथाको परिभाषा निम्न अनुसार बनाउन सकिन्छ :

कथामा छोटो आयाम भएको मानवीय जीवनको यथार्थमय घटनालाई कल्पनाको प्रयोग गरी कलात्मक रूपले चित्रण गरिएको थोरै पात्र, सानो घटनामा पाठकलाई एकान्विति पूर्ण पार्न सक्ने गद्याख्यान हो भन्न सकिन्छ ।

## २.४ कथाका तत्त्वहरू

कथा एक यौगिक रचना हो । आफ्नै विधागत उपकरणहरूको परिचालनबाट कथाको स्वरूप बन्दछ । कथा निर्माणमा आवश्यक उपकरण नै कथाका तत्त्वहरू हुन् । कथालाई रूप आकृति दिन प्रयोगमा ल्याइने उपकरण सम्बन्धी विविध मत प्राप्त भए अनुरूप कथाका तत्त्वहरू कथानक चरित्र चित्रण, दृष्टिविन्दु, परिवेश, सारवस्तु, र भाषा शैली रहेका छन् ।

### २.४.१ कथानक

कथानक भनेको कथाकारले कथामा गर्ने घटनाहरूको व्यवस्थापन हो । यसमा घटनाको क्रमलाई लेखकको कारण सहित विभिन्न किसिमले व्यवस्थापन गर्ने गर्छ । घटनाको शृङ्खलालाई कार्य कारण र प्रभाव सहित व्यवस्थापन गरिएका घटनाको ढाँचालाई कथानक भनिन्छ ।

कथानकमा समयक्रममा उनिएका घटनाका अतिरिक्त बुद्धि तत्त्व, स्मृति, कल्पना, रहस्य आदिको मिश्रण पनि हुन्छ । द्वन्द्व र क्रियाको प्रयोगले कथानक अझ आकर्षक बन्न पुग्छ । यी सबै मिलेर कथानकले विभिन्न मोड लिन्छ र कथालाई कौतुहलपूर्ण बनाउँछ (बराल, २०६९ : ५७) ।

कथानकको आङ्गिक विकास आदि मध्य र अन्त्यद्वारा हुन्छ । कथानक क्षीण भएको अवस्थामा र अकथामा कथानकको यस्तो पूर्ण विकास सम्भव हुँदैन । कथानकको विकासका क्रममा आदि, मध्य र अन्त्य भाग क्रमश : आउनै पर्छ भन्ने नियम हुँदैन । कथामा कथानकको प्रयोग सधैं वर्तमानबाट भविष्यतिर जाने खालको हुँदैन । यसैले कथामा पहिले अन्त्य आएर पछि प्रारम्भ पनि आउन सक्छ । कथामा गरिने यस्तो प्रयोगलाई पूर्वदीप्ति भनिन्छ । कथानकलाई मुख्य र सहायक, सरल र सयुक्त, सुगठित र व्यवस्थित गरी विभाजन गरिन्छ । कथानकको ढाँचा रैखिक र वृत्ताकारीय गरी दुई प्रकारको हुन्छ ।

## २.४.२ चरित्र र चरित्रचित्रण

कथामा प्रयोग गरिने व्यक्तिलाई पात्र वा चरित्र भनिन्छ । कथामा व्यक्ति मात्र नभएर व्यक्ति जस्तै भई उपस्थित हुने जीव जन्तु तथा अन्य वस्तुको पनि सहभागिता हुने गर्छ । कथा जीवन र जगत्सित सम्बन्धित् इतिवृत्त हो, चरित्र त्यस इतिवृत्त घटनाको प्रतिनिधि हो । पात्रको चरित्र भनेको उसको जीवन शैली र प्रकार्यात्मकता हो । पाठकलाई पात्र बारे र पात्रका चरित्र एवम् व्यक्तित्वबारे अवगत गराउन लेखकले प्रयोग गरेको विवरण वा समातेको उपायलाई चरित्र चित्रण भनिन्छ । आख्यानमा पात्र त्यो तत्त्व हो, जसद्वारा कार्य व्यापार अघि बढ्दछ वा गति पाउन सफल हुन्छ । पात्रविहीन कथाको कल्पना सम्भव हुँदैन (नेपाल, सन् २०११ : ५४) ।

चरित्रलाई कुनै पनि कथाको एक महत्त्वपूर्ण संरचक घटक मानिन्छ किनभने क्रिया व्यापार र द्वन्द्व विना कथानक न त गतिशील हुन्छ न त प्रभावोत्पादक हुन्छ तसर्थ क्रिया व्यापार र द्वन्द्वको स्थिति सृजना गर्न चरित्रको अनिवार्य उपस्थिति रहनु पर्छ ।

काल्पनिक व्यक्तिको व्यक्तित्वलाई प्रकाश पार्दै तिनिहरूको चरित्र कस्तो छ भनी देखाउने लेखकको तरिकालाई चरित्र चित्रण भनिन्छ । यसमा कुनै व्यक्तिको चरित्र चित्रण कस्तो छ भन्ने कुरा पाठकलाई बताइन्छ । यो एक प्रकारले लेखकद्वारा कल्पित व्यक्ति वा पाठकसँग पात्रको परिचय गराउने प्रविधि हो । चरित्र चित्रणको सफलतामा

कथाको विकास अगाडि बढ्ने गर्छ । चरित्र चित्रण प्रत्यक्ष विधि, कार्यमा चरित्र स्वयम्‌को सहभागिता र चरित्रको आन्तरिक स्वको प्रस्तुतिका आधारमा गरिन्छ (बराल, २०६९ : ६८) । चरित्र नै कथालाई गति दिने संरचक तत्त्व हो भन्न सकिन्छ ।

## २.४.३ दृष्टिबिन्दु

दृष्टिबिन्दु त्यो स्थिति, स्थान वा सीमा हो, जसका माध्यमबाट कथाकारले आफ्नो धारणा वा अनुभूति पाठकवर्ग समक्ष पुऱ्याउँदछ । कथाकार र पाठकवर्ग बीचको सम्बन्ध सूत्र नै दृष्टिबिन्दु हो ।

दृष्टिबिन्दु भनेको कथा कथनको तरिका वा पद्धति पनि हो । कथावस्तुलाई पाठकवर्गका निम्ति संवेद्य एवम् प्रेषणीय बनाउने भूमिका कथात्मक दृष्टिबिन्दुले खेल्दछ । यो घटक प्रस्तुतीकरणसँग सम्बद्ध हुन्छ ।

"कुनै एउटा विषयमा कथावस्तुको कल्पना गरिसकेपछि  कथाकार सामु के प्रश्न आउँदछ भने कल्पित पात्रलाई कुन स्थानमा राखेर त्यस कथावस्तुलाई एउटा ठोस आकार वा संरचना प्रदानगर्ने ? त्यस प्रश्नको समाधान नै दृष्टिबिन्दुले गर्दछ" ( श्रेष्ठ, २०६७ : १०) । संरचनालाई पूर्णता प्रदानगर्ने संवेदनशील कार्य दृष्टिबिन्दुले गर्दछ ।

कथात्मक दृष्टिबिन्दु आन्तरिक र बाह्य गरी दुई प्रकारका हुन्छन् । आन्तरिक दृष्टिबिन्दु पनि केन्द्रीय र परिधीय गरी दुई प्रकारका हुन्छन् । बाह्य दृष्टिबिन्दु सर्वदर्शी, सीमित र वस्तुपरक गरी तीन प्रकारका हुन्छन् ।

दृष्टिबिन्दु पात्र कथामा प्रथम  पुरुष को रूपमा रहँदा आन्तरिक दृष्टिबिन्दु हुन्छ । यस अन्तर्गत केन्द्रीय दृष्टिबिन्दुमा  स्वयम् कथाकार वा अरू कुनै पात्र 'म' को रूपमा मुख्य पात्ररही कथा प्रस्तुत हुन्छ । यस दृष्टिबिन्दुबाट कथित कथामा मुख्य पात्रको आन्तरिक स्थितिको चित्रण सूक्ष्मताका साथ प्रस्तुत हुन्छ । परिधीय दृष्टिबिन्दुमा 'म' पात्र त रहन्छ तर कथामा त्यसको स्थान कि त गौण रहन्छ कि तठस्थ हुन्छ । यस्तो

दृष्टिबिन्दुमा लेखिएको कथाको केन्द्र अर्कै पात्र बनेको हुन्छ र 'म' पात्रले त्यही मुख्य पात्रलाई केवल प्रस्तुत गर्ने माध्यम भएर भूमिका खेल्दछ ।

कथामा दृष्टिबिन्दु पात्र तृतीय  पुरुष मा रहँदा बाह्य दृष्टिबिन्दु हुन्छ । यस अन्तर्गत सर्वदर्शी दृष्टिबिन्दुमा कथाकारले प्राय : सबै पात्रका भावना प्रतिक्रिया विचार आदि समाविष्ट गर्दै ती पात्रहरूको आन्तरिक जीवनको चिनारी दिन्छ । सीमित दृष्टिबिन्दुमा केवल एकमात्र पात्रको मानसिक संसारको विचरण गरिएको हुन्छ । वस्तुपरक दृष्टिबिन्दुमा कुनै पनि पात्रको मानसिक संसारको विचरण गरिएको हुँदैन ( श्रेष्ठ, २०६७ : १०-१२) । यिनै दुई दृष्टिबिन्दुको केन्द्रीयतामा वर्णन विवरणदिने पात्रका संवाद, मनोवाद वा एकालापको प्रयोग गरी कथानकको ढाँचा वा पद्धतिलाई उत्कृष्ट तुल्याउन सकिन्छ ।

### २.४.४ परिवेश

कथामा परिवेश भनेको घटना घट्ने स्थान, समय तथा पाठकको मनोभाव वा वातावरणलाई बुझाउने गर्छ । देशकाल र वातावरणको संयुक्तरूप परिवेश हो । देशकालले भौगोलिक स्थान तथा समयको ऐतिहासिक गतिका साथै कथा पढ्दा उत्पन्न हुने मुडलाई बुझाउने गर्छ । यो कहाँ र कहिले भन्ने प्रश्नको उत्तरका रूपमा आउँछ । देशको तात्पर्य स्थान भन्ने हो । यस अन्तर्गत प्राकृतिक बाह्य जगत् र मानवद्वारा निर्मित वस्तुहरू पर्दछन् । स्थानको उचित प्रयोगबिना कथामा साहित्यिक विश्वसनीयता उत्पन्न हुन सक्दैन । कुनै कथामा स्थान स्पष्ट रूपले उल्लेख गरिएको हुन्छ भने कुनैमा स्थानले मूर्तता पाएको हुँदैन ।

कथामा समयको महत्त्व हुन्छ । समयअनुसारका पात्र र घटना चयन गर्न सकिएन भने कथा विश्वसनीय हुँदैन । कथामा देशकालको प्रयोगको कुनै सिमा हुँदैन । कथा ब्रह्माण्डका सबै ठाउँलाई आधार बनाएर लेख्न सकिन्छ । काल्पनिक स्थानको प्रयोग पनि गर्न सकिन्छ ।

कथामा वातावरणको तात्पर्य पाठकमा हुने संवेगात्मक परिवर्तन हो । कथा पढेपछि वा पढ्दै जाँदा पाठकमा पर्ने मानसिक असरलाई वातावरण भनिन्छ । कथामा

कथानक, चरित्र, देशकाल, भाषा मिलेर पाठकमा भावुकता भर्न सहयोग पुऱ्याउँछन् । पाठकको मनमा कस्तो संवेदना भर्ने भन्ने कुरा लेखकको चाहनामा भर पर्छ (बराल, २०६९ : ८५-८७) । यसरी कथामा स्थान, समय र वातावरणको समुचित प्रयोग गरिन्छ ।

### २.४.५ सारवस्तु

कथामा रचनाकारले व्यक्त गरेका विचारको निचोड सारवस्तु हो । यसलाई केन्द्रीय भाव, निर्देशित विचार वा अन्तर्निहित सत्य पनि भन्ने गरिन्छ । कथामा कुनै विचार वा भावको बीज-रूप प्रत्यक्ष वा प्रच्छन्न रूपमा रहेको हुन्छ, जसका आधारमा कथानकको संरचना तयार पारिएको हुन्छ । बीज-रूपलाई बिनाआग्रहीकरण कथाकारले कुशलतापूर्वक जति धेरै नाटकीकरण गर्न सक्छ त्यो कृति त्यति नै उत्कृष्ट बन्न सक्छ । त्यसैले बीज-रूप भनेको कथा संरचनाको सौन्दर्यतत्त्व हो, जसलाई सारवस्तु भनेर चिनिन्छ । यसलाई कथाकारले अभिधात्मक, अन्योक्तिमूलक वा प्रतीकात्मक कुनै पनि अर्थको तहबाट प्रदर्शन गर्न सक्दछ । कथामा सारवस्तु शाश्वत वा प्रसङ्ग विषयक अथवा विचारवाक्यात्मक वा प्रच्छन्न किसिमबाट प्रस्तुत गरिन्छ (श्रेष्ठ, २०६७: १२) । कथामा सारवस्तु मानवशरीरको सक्तसञ्चार जस्तै सर्वव्याप्त हुन्छ । यसले मानवमन वा समाजमा परिवर्तन ल्याउन सक्छ ।

### २.४.६ भाषाशैली

कथा भाषामा लेखिन्छ । भाषा नै पढेर पाठकले अर्थबोध गर्छ । समीक्षकले भाषाकै आधारमा विवेचना गर्छ । चरित्र, कथाको घटना घटित भएको ठाउँ तथा समय पनि भाषाकै आधारमा तयार हुन्छन् । यसरी हेर्दा कथाकालागि भाषा नै सर्वस्व हुन्छ । कथाको महत्त्वपूर्ण तत्त्वका रूपमा भाषालाई लिइन्छ । भाषाबिना कथाको रचना सम्भव हुँदैन (बराल, २०६९ : ९९) । कथा कथनको माध्यम नै भाषा हो ।

कथाको मूलविषय, कथावस्तु घटना चरित्र आदि सामग्रीहरू पूर्णतया तयारी भई सकेपछि तिनीहरूलाई रूप दिन कथाकारले जुन भाषिक कुशलता अपनाउँछ, त्यस्तो ढाँचालाई शैली भनिन्छ । कथाकारले कथामा प्रयोग गरेका भाषा, कथानक

चरित्र चित्रण, विषयको आबद्ध प्रस्तुतीकरणमा शैलीको वैशिष्ट्य रहेको हुन्छ । शैली नै कथाकारको व्यक्तित्वको परिचायक हो ।

## २.५ निष्कर्ष

कथाको सैद्धान्तिक अध्ययन अन्तर्गत कथाको परिचय दिएको छ । यसैमा संस्कृत पाश्चात्य परम्पराको उल्लेख गरी आधुनिक नेपाली कथाको पृष्टभूमि चर्चा गरी परिभाषा समेत दिइएको छ । कथा छोटो आयाम भएको मानवीय जीवनको यथार्थमय घटनालाई कल्पनाको प्रयोग गरी कलात्मक रूपले चित्रण गरिएको धेरै पात्र सानो घटनामा पाठकलाई एकान्विति पूर्ण  प्रभाव पार्न सक्ने गद्याख्यान हो भनी चिनाइएको छ । यसै शीर्षकमा कथा निर्माण गर्न आवश्यक उपकरण अर्थात् कथा तत्त्व निरूपण गरिएको छ । कथालाई जीवन्त बनाउने उपकरणका रूपमा कथानक, चरित्रचित्रण दृष्टिविन्दु पर्याबरण, सारवस्तु र भाषाशैलीको चिनारी दिनेकाम गरिएको छ ।

# अध्याय तीन

# विधातात्त्विक दृष्टिबाट 'माछो माछो भ्यागुतो' कथा सङ्ग्रहको अध्ययन र विश्लेषण

## ३.१ विषय प्रवेश

**माछो माछो भ्यागुतो** कथा सङ्ग्रह विभिन्न समयमा फुटकर रूपमा प्रकाशित भएका कथाहरूको सङ्गृहीत कृतिका रूपमा २०५२ सालमा साझा प्रकाशनबाट प्रकाशित भएको हो । यस सङ्ग्रहमा पन्ध्रवटा कथाहरू रहेका छन् । जुन विषयगत रूपमा विविध प्रकारका छन् । यस अध्यायमा प्रस्तुत कथा सङ्ग्रहभित्रका कथाहरूको विधातात्त्विक अर्थात् कथानक, चरित्र चित्रण, दृष्टिविन्दु परिवेश, सारवस्तु र भाषाशैलीका आधारमा विश्लेषण गरिएको छ ।

## ३.२ 'शरणार्थी' कथाको विश्लेषण

'शरणार्थी' कथा पहिलो पटक २०३५ सालमा 'रूपरेखा' पत्रिकामा प्रकाशित भएको हो । प्रस्तुत कथा २०५२ सालमा **माछो माछो भ्यागेतो** कथा सङ्ग्रहभित्र सङ्गृहीत भई कथा सङ्ग्रहको पहिलो कथाका रूपमा प्रकाशित भएको छ ।

### १. कथानक

कथानक भनेको कथाकारले कथामा गर्ने घटनाहरूको व्यवस्थापन हो । 'शरणार्थी' कथाले नेपालको मध्यतराई क्षेत्रमा बसोबास गर्ने निम्न मध्यम वर्गीय ग्रामीण मगर परिवारमा भएको बाल श्रम शोषणलाई आफ्नो विषयवस्तु बनाएको छ । यस कथामा आएको प्रमुख बालपात्र ऊ अर्थात् सारकबहादुर पुलामी टुहुरो शारीरिक रूपबाट अपाङ्ग रहेको छ । यसै चरित्रको वरिपरि प्रस्तुत कथाको कथानक केन्द्रित रहेको छ । ऊ चरित्रको दैनिक कार्य भनेको छेमाको छोरो खेलाउनु हो । यसै कार्यमा उसको जीवनको अर्थ देखिएको छ । ऊ छेमाको छोरोलाई एकछिन भूइँमा खेल्न दिएर

आफ्नो विगतमा आमा छँदाको सुखानुभूति र आमा मर्दाको दुःखद् पीडाहरूका साथै वर्तमानमा भोग्नु परेको दुःखद् पीडा र यातनाको स्मृतिमा यसरी एकोहोरिएको छ :

"उसकी आमाले सारे भनेर बोलाउने गर्थी मायालु भाकामा तर न अब उसकी आमा रही न उसको प्यारो नाम रहयो न उसले कहिल्यै मायालु शब्द सुन्ने मौका पायो । मानौं यी सब उसकी आमाले आफैसँग कात्रोमा समेटेर लगी" (पृ. १) । त्यस्तै :

"बाबु हलो जोत्थ्यो । आमा घरधन्दा घाँस दाउरा गर्थी ऊ घर रूडेर बस्थ्यो । पाटीमा कमेरो माटोले कोरी रहन्थ्यो । कति आनन्द थियो । आज उसकी आमा भैदिएकी भए ........" (पृ. २) ।

त्यसै समय बज्यैको सर्कस स्वरले जब उसको मौनता भङ्ग हुन्छ तब कथानकले गति लिन्छ । आफ्नो शरीरको अभिन्न अङ्गका रूपमा रहेको छेमाको छोरालाई सकि नसकि बोक्दै बज्यैको आज्ञापालन गर्न ऊ अग्रसर हुन्छ । परिवारका सबैजसो सदस्यबाट अपहेलित बन्न पुगेको सारकले एकदिन बुबालाई सुई लगाइदिन आग्रह गर्छ तर बुबाले बेवास्ता गरेबाट उसको बुबाप्रतिको आस्था र विश्वास टुट्छ । कान नसुनेको आरोपमा छेमाले सारकलाई यातना दिन्छे । त्यस परिवारमा उसलाई थोरै पनि सहानुभूति राख्ने कोहीँ हुँदैनन् । त्यसैले गर्दा सारक एकदिन विवाह गरी पराई घर गएकी दिदीको घरमा जान्छ र कथानकको अन्त्य हुन्छ ।

'शरणार्थी' कथामा कथानकको आदि भागमा सारकबहादुरले पूर्व स्मृतिका घटनाहरू सम्झे देखि बज्यैको कर्कस स्वरले मौनता भङ्ग भए सम्मको घटना रहेका छन् । मध्यभागमा सारकले बज्यैको हेपाहा प्रवृत्तिको विरोधमा टेढो आँखाले हेरेको घटना देखि छेमाले विना कसुर सारकलाई यातना (भकुरेको) दिएको घटना रहेको छ । जुन चर्मोत्कर्षमा पुगेको छ । छेमाको यातना सहन नसकि ऊ बज्यैको घर त्यागेर पराई घर गएकी दिदीको घर तर्फ गएको घटना अन्त्य भागमा आएको छ । यसरी आदि मध्य र अन्त्यको शृङ्खला मिलेकाले यस कथाको कथानक ढाँचा रैखिक प्रकारको छ ।

## २ चरित्रचित्रण

'शरणार्थी' कथामा कार्यका आधारमा मुख्य, सहायक र गौण चरित्र रहेका छन् । लिङ्गका आधारमा पुरुष र महिला चरित्र छन् भने आसन्नताका आधारमा मञ्चीय र नेपथ्यीय चरित्र रहेका छन् । यस कथाको मुख्य चरित्र ऊ अर्थात् सारकबहादुर हो । सहायक चरित्रमा बज्यै, छेमा र छेमाको छोरो रहेका छन् । गौण चरित्रमा बाबु, दिदी, स्कुल मास्टर, च्याण्टे, ज्ञाने, धमने यिनीहरूको बुबारहेका छन् ।

सारकबहादुर 'शरणार्थी' कथाको मुख्य चरित्र हो । उसको जन्म मध्य तराईको निम्न मध्यम वर्गीय परिवारमा भएको हो । उसको उमेर १०-१२ वर्षको देखिन्छ । ऊ शारीरिक रूपले अपाङ्ग छ । ऊ आमाको मृत्युपछि परिवारका अन्य सदस्यबाट अपहेलित बन्न पुगेको छ । ऊ पहिलेका रमाइला घटना सम्झी एकोहोरिन्छ । कथामा उसको भूमिका प्रमुख भएर पनि स्थिर छ । उमेर अनुसार अरू भन्दा धेरै काम गरेपनि दिन रातको गाली र पिटाइलाई सहन नसकी पराई घर गएकी दिदीको घरतिर गएको छ । उसले परिवारको खराब प्रवृतिको विरोधमा आफुलाई अगाडि लैजान सकेको छैन । ऊ परिवारका विरूद्ध सङ्घर्ष गर्नु भन्दा पलायन भएर शरणार्थीको रूपमा पराई घर गएको छ । यसरी ऊ मुख्य पुरुष मञ्चिय चरित्र हो ।

प्रस्तुत कथामा बज्यै, छेमा, र छेमाको छोरो सहायक चरित्रका रूपमा उपस्थित छन् । बज्यै घरकी मूल चरित्र हो । उसले सारकलाई काममात्र अह्याउने खान नदिने व्यवहार प्रदर्शन गरेकी छे । छेमा विनाकसुर सारकलाई यातना दिइएको परपीडक चरित्र हो । यसैको यातना सहन नसकी सारकबहादुर घर छोडेर जान बाध्य भएको छ । छेमाको छोरो बाल चरित्र हो । उसले कथामा कुनै गतिशील काम नगरे पनि ऊ सारकको अभिन्न अङ्ग बनेको छ । यी चरित्रहरू सहायक मञ्चीय चरित्र हुन् ।

बाबु, दिदी, च्याण्टे, ज्ञाने, धमने र यिनीहरूका बुबा गौण भूमिकामा उपस्थित छन् । कथामा उपस्थित नभए पनि नाममात्र उल्लेख गरिएको र नेपथ्यीय भूमिकामा रहेकोले यिनीहरू गौण चरित्रका रूपमा उपस्थित छन् ।

### ३. दृष्टिबिन्दु

समाख्याताले कथावाचन गर्दा उभिने स्थान दृष्टिबिन्दु हो । 'शरणार्थी' कथा बाह्य सीमित दृष्टिबिन्दुमा रचना गरिएको छ । यस कथाको दृष्टिकेन्द्रि चरित्र ऊ अर्थात् सारकबहादुर हो । कथा यसै चरित्र वरिपरि घुमेको छ । समाख्याता कथा भन्दा बाहिरै बसी ऊ चरित्रका मनभित्र पसी उसको सोचाई, भोगाई, र चिन्तन ऊ मार्फत व्यक्त गर्ने काम गरेका छन् । अन्य चरित्रका बारेमा खासै ध्यान दिएका छैनन् । त्यसैले 'शरणार्थी' कथामा बाह्य सीमित दृष्टिबिन्दुको प्रयोग भएको छ ।

### ४. परिवेश

कथामा परिवेशले घटना घट्ने स्थान समय तथा पाठकको मनोभावलाई बुझाउने गर्छ । 'शरणार्थी' कथाको परिवेश हेर्दा स्थानका रूपमा तराईको मध्यमवर्गीय परिवार गाल्टारे टोल आएको छ । समयका रूपमा दिनको प्रखर ताप र साँझको समय उल्लेख गरिएको छ । सम्पूर्ण दिनभरको घटनामा आधारित छ । वातावरणका रूपमा सारकबहादुर उत्पीडनमा पर्नु त्यस परिवारको सामन्तवादी सांस्कृतिक प्रभाव हो । ऊ सानै छँदा आमाको मृत्यु हुनु, परिवारबाट माया ममता नपाउनु, बुबाको संवेदनहीनताले उसमाथि थप उत्पीडन हुनु र ऊ त्यहाँबाट भाग्दा साँझको समय उल्लेख गरेर निराशा र पलायनमुखी चरित्र अनुरूप परिवेश उपयुक्त लागेपनि यस परिवेशले समग्रत : निराशा र पलायनको सन्देश दिने भएकाले प्रगतिवादी सौन्दर्यका सन्दर्भबाट यो त्रुटिपूर्ण देखिन्छ ।

### ५. सारवस्तु

कथा पढिसकेपछि समग्रमा हामी जुन भावार्थ वा अभिप्राय पाउँछौ । त्यही नै सारवस्तु हो । 'शरणार्थी' कथामा सारवस्तुका रूपमा आमा गुमाएको बालकले परिवारका अन्य सदस्यबाट माया, ममता, स्नेहको सट्टा दुःख, पीडा, यातना मात्र पाउँदछ र घर छोड्न बाध्य हुन्छ । भन्ने कुरा आएको छ । बालकले माया ममता केवल आमाबाट मात्र पाउँदछ । आमा नभएको बालक आफ्नै घरमा पराईको व्यवहार सहन बाध्य हुन्छ र घरछोडी घरबार विहीन हुन जान्छ भन्ने कुरा कथाकारले

सारवस्तुका रूपमा प्रस्तुत गरेका छन् । शरणार्थी कथाको सारवस्तु अभिधामूलक रूपमा आएको छ । सारवस्तु विधिका आधारमा विचारवाक्यात्मक र प्रच्छन्न हुन्छ भने जीवन सत्यका आधारमा शाश्वत र प्रसङ्ग विषयक हुन्छ (श्रेष्ठ, २०६७ : १२) । 'शरणार्थी' कथाको सारवस्तु विधिका आधारमा प्रच्छन्न छ र जीवनसत्यका आधारमा शाश्वत रहेको छ ।

## ६. भाषाशैली

'शरणार्थी' कथाको भाषा सामान्य प्रकारको छ । यस प्रकारको भाषा निम्न मध्यम वर्गीय परिवारमा बोल्ने गरिन्छ । यस कथामा सरल, सहज, बोधगम्य भाषाको प्रयोग देखिन्छ । भाषिक प्रयोगमा वर्गीय छनक देखिन्छ । बज्यैले ऊ पात्रलाई प्रयोग गर्ने भाषामा सामन्तवादी सोँच देखिन्छ । जस्तै :

"भुँडे बजिया ! थेचियर बस्नु हुँदैन ! घर घर चाहर्न पर्छ कुकुर जस्तो ! एक लोटा पानीले ।" (पृ.३)

प्रस्तुत कथाको भाषिक प्रयोग ग्रामीण निम्नवर्गीय परिवारमा बोल्ने तुच्छ , छुद्र शब्दको प्रयोग रहेको छ । जुन यस प्रकार छ :

ए बण्ठा ! यता मुन्टी, थ्याच्च, भकुरी, हग्न, सिंगचिल्ली, पोइल, मसाने भुत ।

'शरणार्थी' कथाको शैली यथार्थवादी छ । यथार्थमा पनि सामाजिक यथार्थवाद रहेको छ । ऊ पात्रले पूर्वस्मृतिका रूपमा विगतमा सम्झेकोले केही संस्मरणात्मक शैली पनि रहेको छ ।

इस्मालीले पात्र अनुरूपको भाषा प्रयोग गरी 'शरणार्थी' कथालाई उत्कृष्ट रूप प्रदान गरेका छन् । बीच बीचमा स्थानीय झर्रो भाषाको प्रयोगले गर्दा कथा झन मौलिक र यथार्थ बन्न पुगेको छ । भाषिक प्रयोगका दृष्टिबाट 'शरणार्थी' कथा सफल रहेको छ ।

### ३.३ ‘कृपापात्र’ कथाको विश्लेषण

‘कृपापात्र’ कथा पहिलो पटक २०३५ सालमा ‘जयन्ती’ पत्रिकामा प्रकाशित भएको हो । प्रस्तुत कथा २०५२ सालमा **माछो माछो भ्यागुतो** कथा सङ्ग्रहभित्र सङ्गृहीत भई कथासङ्ग्रको दोस्रो कथाका रूपमा प्रकाशित भएको छ ।

### १ कथानक

कथानक खासक्रममा राखिएका घटनाहरूको कार्यकारण शृङ्खला सहितको व्यवस्थित ढाँचा हो (बराल, २०६९ :५६ ) । ‘कृपापात्र’ कथाले नेपालको तराई क्षेत्रको ग्रामीण निम्न मध्यम वर्गीय समाजमा अन्तर्निहित शैक्षिक बेरोजगारको समस्यालाई आफ्नो विषयवस्तु बनाएको छ । यस कथामा आएको ‘म’ (रूपेश) पात्र बेरोजगार समस्याले पीडित शिक्षित युवक हो । यसै पात्रको वरिपरि कथानक केन्द्रित छ । ‘म’ पात्र बी.ए. सम्मको अध्ययन पुरा गरेर पनि कुनै रोजगारी पाउन सकेको छैन । आफ्ना शैक्षिक प्रमाणपत्रहरू पेश गर्दै धेरै ठाउँमा अन्तर्वार्ता दिंदा पनि जागिर हात पर्दैन । म पात्र काम नभएको कारण दिनभर सडकमा भौतारिरहन्छ । शिक्षित भएर पनि आय आर्जन गर्न नसक्दा साथीभाइबाट घृणाको पात्र हुन्छ । जसलाई यसरी व्यक्त गरिएको छ :

“बी.ए. पास गरिसक्यो । एक कप चिया किनेर खान सक्दैन । सधै अरूको भर पर्न लाज पनि लाग्दैन” (पृ. ५-६)

‘म’ पात्रले आफुलाई जागीरको आशामा पेन्डुलमझैँ ओल्लो छेउ-पल्लो छेउ कुँदाइरहेको छ । छोराले कुनै जागिर गर्न नसकेकोमा बाबु-आमाले समेत गुनासो पोखेका छन्, जसलाई यसरी चित्रण गरिएको छ :

“हाम्रो रूपे (रूपेश) त सिल्ली भो सिल्ली !”

“ बी.ए. सम्म पढेको पनि कुकुर कै कण्डाका जाओस् ।”

‘म’ पात्रले कतैबाट जागिर नमिल्दा आफूले पढ्दै नपढेको भए भैँसी गोठालो लाग्न पाइने निराशा व्यक्त गर्दछ । ‘म’ पात्र कसैको कृपापात्र बन्न नसकेको अवस्थामा

बुबाले जमिनदारसँग चाकरी गरी लेखाएर ल्याएको सिफारिसपत्रमा पनि आफ्नो जागिरको सम्बन्धमा भन्दा बढी गाँजाको ग्राहक खोज्ने बारेमा लेखिएको हुँदा सिफारिसपत्र प्रति नै घृणा उत्पन्न हुन्छ र जलाइदिन्छ । यसरी आफ्नो जिन्दगीप्रति नै घृणा उत्पन्न भैसकेको 'म' पात्र मृत्युमा आनन्दानुभूति देख्न पुग्छ र मृत्युको कृपापात्र हुने अभिलाषा प्रकट गर्दै कथानक टुङ्गिएको छ । प्रस्तुत कथाको विषयवस्तु जीवनप्रति आशावादी छैन,बरू निराशा तर्फ उन्मुख छ ।

'कृपापात्र' कथाको कथानकको आदिभागमा 'म' पात्र बेरोजगार भएको कारण बिनाकाममा हाटबजार घुमेको, साथीभाइको घृणापात्र बनेको, जागिरका लागि विभिन्न अफिस धाउँदा पनि कुनै उपलब्धी हात नपरेको र पढाईप्रति नै 'म' पात्रको वितृष्णा उत्पन्न भएका घटना रहेका छन् । मध्य भागमा म पात्रका बुबाले जमिन्दारबाट छोराका लागि सिफारिसपत्र लेखाएर ल्याएको, उक्त पत्रमा सिफारिसभन्दा बढी गाँजाको ग्राहक खोज्ने कुरा लेखिएको, सिफारिसपत्रप्रति घृणा उत्पन्न भई जलाएको घटना रहेका छन् । जुन चर्मोत्कर्षमा पुगेको छ । अन्त्यभागमा जीवनप्रति नै निराशा उत्पन्न भई मृत्युको कृपापात्र बन्न खोजेको घटना रहेका छन् । यसरी आदि, मध्य र अन्त्यको शृङ्खला मिलेकाले यस कथाको कथानक ढाँचा रैखिक प्रकारको छ ।

## २. चरित्रचित्रण

'कृपापात्र' कथामा कार्यका आधारमा मुख्य, सहायक र गौण पात्र रहेका छन् । लिङ्गका आधारमा  पुरुष  र महिला छन् भने आबद्धताका आधारमा मुक्त र बद्ध पात्र रहेका छन् । मञ्चीय आधारमा मञ्चीय र नेपथ्य पात्र रहेका छन् ।

'कृपापात्र' कथाको मुख्यपात्र 'म' (रूपेश) हो । म पात्र बी.ए. सम्मको अध्ययन पुरा गरेको शिक्षित युवक हो ।  रूपेशले पढाइ सकेर रोजगारीका लागि धेरै ठाउँमा अन्तर्वार्ता दिएपनि कतै सफल हुन सकेको छैन । जागिर नभएका कारण साथीभाइको घृणा सहन बाध्य भएको छ । काम नभएरका कारण दिनभर डुलेर समय बिताउने गर्दछ । जागिर पाउन नसकेको 'म' पात्र बाबु आमाका दृष्टिमा समेत सिल्ली बन्न पुगेको छ । बुबाले लेखाएर ल्याएको सिफारिसपत्रमा आफ्नो कुरा भन्दा बढी गाँजाको

ग्राहक खोज्ने कुरा लेखिएकोले सिफारिसपत्र प्रति घृणा उत्पन्न भइ जलाउन पुग्दछ । अन्त्यमा अरू कसैको कृपापात्र हुनभन्दा मृत्युकै कृपापात्र हुन रूचाउँछ र मृत्युप्रति अभिमुख हुन्छ । यसबाट ‘म’ पात्रमा जीवनवादी स्वर भन्दा बढी मृत्युन्मुखी स्वर छ भन्न सकिन्छ ।

प्रस्तुत कथामा सहायक पात्रका रूपमा बुबा-आमा, साथीहरू र जमिन्दार आएका छन् । उनीहरू सामन्तवादी सोँच भएका पात्रका रूपमा चित्रित छन् । बुबा-आमाहरूमा छोराले जागिर गरोस र राम्रोसँग आफुहरूलाई पालोस भन्ने आशामुखी प्रवृत्ति देखिन्छ । यसै कथामा सहायक पात्रका रूपमा देखापरेको जमिन्दार बाहिरी रूप अर्कै र भित्रि रूप अर्कै भएको बहुरूपी पात्र हो । उसले अरू मार्फत आफ्नो काम गराउन चाहने सामन्ती सोँच राखेको छ । हाम्रो समाजमा देखापर्ने अवैध धन्दा चलाउने व्यक्तिको प्रतिनिधि पात्रका रूपमा जमिन्दार आएको छ । यस कथामा गौण पात्रका रूपमा बाटोमा हिंडिरहेका मानिस, हाटका मानिस, काले बुढो, हाकिम रहेका छन् । तिनीहरूको कथामा उल्लेख्य भूमिका छैन ।

**३. दृष्टिबिन्दु**

‘कृपापात्र’ कथा आन्तरिक केन्द्रीय दृष्टिबिन्दुमा रचना भएको छ । यस कथाको दृष्टिकेन्द्री पात्र ‘म’ हो । समाख्याताका रूपमा ‘म’ पात्र आफै कथाभित्र उपस्थित भएर आफ्नो कथा भनिरहेको छ । म पात्रकै वरिपरि कथानक केन्द्रित रहेको छ । साथीहरूको घृणाले पारेको चोट र बुबा आमाको लोभी पनाले गर्दा निकम्माको संज्ञा दिएको कारण उत्पन्न ग्लानीभाव त कतै जमिन्दारको व्यवहारले गर्दा मानवीय समाजप्रति नै उत्पन्न घृणा भाव र त्यसैले निम्त्याएको निराशा र मृत्युभाव (बलम्पाकी, २०६१ : ४४) यिनै भावनात्मक आवेग ‘म’ पात्रका माध्यमबाट कथामा आएका छन् । त्यसैले यस कथामा आन्तरिक केन्द्रीय दृष्टिबिन्दुको प्रयोग भएको छ ।

**४. परिवेश**

कथामा परिवेशले घटना घट्ने स्थान, समय तथा पाठकको मनोभावलाई बुझाउने गर्छ (बराल, २०६९ : ८५) । ‘कृपापात्र’ को परिवेश हेर्दा स्थानका रूपमा

तराईको निम्न मध्यम वर्गीय परिवार, हाटबजार, धुलौटे सडक र काले बुढाको चिया पसल आएको छ । समयका रूपमा निश्चित समय किटान गरिएको छैन । वर्तमानको समयलाई उजागर गर्न यो कथा सफल भएको छ । केही ठाउँमा विहान, दिउँसो र साँझको समय सङ्केत गरेपनि अहिले राज्यको अवस्था अर्थात् शिक्षित व्यक्तिहरू काम नपाएर भौतारिरहेको यथार्थ यस कथाको परिवेशका रूपमा आएको छ । वातावरणका रूपमा यस कथाको प्रतिनिधि पात्रमा मानव जीवनप्रति विस्तृष्णा पैदा हुनु, त्यस समाजको प्रबुद्ध वर्ग साथीभाइ देखि लिएर बाबु-आमाले समेत आर्थिक पक्षलाई निरपेक्ष ढङ्गले बढावा दिनु सामन्तवादी संस्कृति नै हो । त्यसभित्र नभएर गाउँका सम्मानित व्यक्ति जमिन्दार जस्ताको हातबाट लेखाइएको सिफारिसपत्रमा अवैध धन्दाको कुरा लेखिएबाट ‘म’ पात्र आफ्नै जीवनप्रति हतोत्साहित बन्न पुग्छ । जीवनको उद्देश्यहिन हिंडाइको क्रममा हाटबजारको उल्लेख गर्नु, पिपलकोबोट, चौतारोको चर्चा भएबाट कथावस्तुको उद्देश्य अनुरूप परिवेश प्रस्तुत भएको छ ।

## ५. सारवस्तु

कथा पढिसकेपछि समग्रमा हामी जुन भावार्थ वा अभिप्राय पाउँछौं । त्यही नै सारवस्तु हो (श्रेष्ठ, २०६७ :१२) । ‘कृपापात्र’ कथाको सारवस्तु नेपाली ग्रामीण जनजीवनलाई रोजगारको समस्याले कसरी आक्रान्त पारेको छ भन्ने तर्फ सङ्केत गर्दै त्यसले मान्छेको मनोदशामा पारेको नकारात्मक प्रभावलाई उद्घाटन गर्नु हो । शिक्षित भएर पनि आयआर्जन गर्न नसकेका कारण घर परिवार र साथीभाइ सबैबाट घृणित बन्नुपर्ने यथार्थ पनि सारवस्तुका रूपमा आएको छ । वर्तमान अवस्थामा जागिरखान केवल योग्यता भएर मात्र हुँदैन । ठूलाबडाको भनसुन आवश्यक छ भन्ने तीतो यथार्थ पनि यस कथाको सारका रूपमा आएको छ । नेपालको जागिर भनसुनमा, खेती मनसुनमा आधारित छ भन्ने उखान यसकथाले सार्थक बनाएको छ । यही सारवस्तुका आधारमा नेपालमा शिक्षित अथवा योग्यता हुँदा हुँदै पनि ठूलाबडाको कृपापात्र हुन नसकेमा जागिर पाइदैन भन्ने यथार्थका आधारमा शीर्षक समेत सार्थक भएको छ ।

'कृपापात्र' कथाको सारवस्तु प्रतीकात्मक रूपमा आएको छ । सारवस्तु विधिका आधारमा प्रच्छन्न र जीवनसत्यका आधारमा शाश्वत रहेको छ ।

### ६ भाषाशैली

'कृपापात्र' कथाको भाषा आलङ्कारिक रहेको छ । भाषा आलङ्कारिक भएपनि श्रुतिरम्य, बोधगम्य र सरल छ । भाषिक प्रयोगमा व्यङ्ग्यात्मकता रहेको छ, जसलाई यसरी देखाउन सकिन्छ :

"सोर्स कमाएर किन नराख्या त ?" (पृ. ७)

लाब्रेका काँढा झैँ । (पृ.७)

प्रस्तुत कथामा तत्सम्, आगन्तुक, झर्रो शब्दका साथै केही अश्लिल लाग्ने शब्दको प्रयोग भएको छ । ती शब्दले कथालाई मिठास बनाउन सहयोग गरेका छन्, ती शब्दहरू यस प्रकार छन् :

मातृदेवो भव ! पितृदेवो भव !,

डिप्लोमा इन्टरभ्यू,

सिरखुरी, खप्की, गन्थन, च्वास्स, डुम, कण्डो (पृ. ६-९)

'कृपापात्र' कथामा वर्तमानको शिक्षाप्रति व्यङ्ग्य गरिएको छ । जसलाई पुष्टि गर्ने उदाहरण यस प्रकार छ :

"बी. ए सम्म पढेको पनि कुकुरकै कण्डामा जाओस ।" (पृ.६)

'कृपापात्र' कथामा यथार्थवादी शैलीको प्रयोग गरिएको छ । वर्तमान समाजमा भएको शैक्षिक बेरोजगारी समस्यालाई यथार्थवादी किसिमबाट प्रस्तुत गर्न इस्माली सफल भएका छन् । इस्मालीले पात्र अनुकूलको भाषा प्रयोग गरी कृपापात्र कथालाई उत्कृष्ट रूप प्रदान गरेका छन् । भाषिक प्रयोग र यथार्थवादी शैलीको संयोजनबाट प्रस्तुत कथा सफल रहेको छ ।

### ३.४ 'चलन' कथाको विश्लेषण

'चलन' कथा पहिलो पटक २०३५ सालमा "जयन्ती" पत्रिकामा प्रकाशित भएको हो । प्रस्तुत कथा २०५२ सालमा **माछो माछो भ्यागुतो** कथासङ्ग्रहभित्र सङ्गृहीत भई कथा सङ्ग्रहको तेस्रो कथाका रूपमा प्रकाशित भएको छ ।

#### १. कथानक

तराईको जनजीवनलाई समेटेर तयार पारिएको तथा स्थानीयताको रङ्ग भर्दै तराई भेगमा विद्यमान वैवाहिक समस्याको प्रस्तुति 'चलन' कथामा भएको छ । झट्ट हेर्दा बैवाहिक समस्या जस्तो लाग्ने तथा बिबाहकै प्रसङ्ग अगाडि आउने भए पनि यो कथामा बालविवाह, बहुविवाह, विधवाविवाह, अनमेल विवाह, करकाप विवाह जस्ता कुनै पनि समस्या नभएर प्रस्तुत कथाले अगाडि सारेको मूल समस्या भनेको सांस्कृतिक समस्या हो , संस्कारगत समस्या हो । शीर्षकले लाक्ष्यणिक रूपमा सङ्केत गरेझैं प्रस्तुत कथामा उभ्याइएको समस्या भनेको परम्परागत कुसंस्कार र बदचलनको समस्या हो । सांस्कृतिक अन्तर्वस्तु रहेको प्रस्तुत कथाको मुख्य प्रयोजन पनि तराईको जनजीवनमा विद्यमान दाइजो एवम् तिलक प्रथाको चिरफार गर्नु देखिन्छ (पौडेल, २०६२ : ४६१) ।

घाँसको भारी बोकेर गाउँको बाटो आउँदै गरेकी सुनरलाई गोठालाले जिस्काउँछ । अनावश्यक रूपमा जिस्काएकोले सुनर रिसाउँदै झपार्छे । यहीबाट कथानकको आरम्भ हुन्छ । त्यसै समय गाउँमा जनकले दोंगा गरेर रातो पालकीमा दुलही ल्याउँछ । त्यो देखेर सोह्रवर्षे सुनरमा बिहे गर्ने रहर पलाएर आउँछ ।

गाउँको जान्ने सुन्ने भनिएको देवकी रायले छलफलको क्रममा सुखवा (सुनरको बुबा) सँग दाइजो प्रथा माथि प्रतिबन्ध लागेको कुरा बताउँछ । यो कुरा घरभित्र रोटी पकाइरहेकी सुनरले सुन्छे । सुनर बुबाका दुःखका दिन गए भनेर हर्षित र आनन्दित हुन्छे । यसैक्रममा देवकी रायले सुनरको बिहे गर्ने कुरा गर्छ तर सुखवा बिहेको कुराले टोलाउँछ । सुखवा टोलाएकोदेखि देवकी राय आफुले सहयोग गर्ने बताउँछ । ठूली छोरीको बिहे गर्दा ऋण तिर्न नसकेको व्याज बढेको दुई महिना नबित्दै देवकी रायले

एक मन धानको लागि गरेको किचकिच, तिलक (दाइजो) थोरै भयो  भनेर ठूली छोरीको ससुरो र ज्वाई रिसाएको आदि कुरा सुखवा झलझली सम्झन्छ । तरपनि गाउँका जिम्दारका छोराहरूबाट इज्जत लुटिनुबाट बल्ल बल्ल जोगिन पुगेकी बढेकी छोरीलाई घरमा राख्न हुन्न भन्ने देवकी रायको सल्लाहलाई मान्दै छोरीको विहे गर्ने निर्णयमा पुग्छ र केटो खोज्न हिँड्छ ।

सुखवा केटा खोज्न गएको सात दिन सम्म नआउँदा सुनरलाई बुबाले केटोको कुरा छिनेर आउनेछ भन्ने लाग्छ । यसै समय छिमेकमा साथीको विवाहमा गीत गाएको र मान्छे जम्मा भएको देख्दा सुनरले आफ्नो भविष्यको सुनौलो कल्पना गर्छे तर आमाले विवाहमा केटो पक्षले सातहजार लिएको भन्ने कुरा सुन्दा उसको कल्पनाको सुन्दर संसार भताभुङ्ग हुन पुग्छ । ठूलाबडाका लागि दाइजो  र तिलक प्रथा राम्रो भए पनि गरिबहरूको लागि बाधक भएको छ (पौडेल, २०६२ : ४६२) भन्ने यथार्थलाई मनन गर्दै सुनरले यसो भन्छे :

“यो दाइजो साइजो केही लेनदेन नभएर साधारण किसिमले बिहे गर्ने चलन चलेको भए गरिब गुरूवाहरूलाई कति राम्रो हुने थियो ......त्यस्तै चलन चलाउनु पर्ने ......बरू हुने खानेहरू जस्तोसुकै गरी गरून......” ( पृ. १३)

छोरीको विहेको निम्ति केटाहरू खोजे पनि पैसाको कारण कुरो नमिलेको र दाइजो प्रथा अन्त्य गरिएको भए पनि पर्सा बसन्तपुर, सिर्सिया, शिवनगर आदि ठाउँमा लुकी छिपी पैसा लिने चलन चलिरहेको सुखवाले श्रीमतीलाई यसरी बताउँछ :

“बसन्तपुर, सिर्सिया,सोनमा, पर्सा, शिवनगर, रौजा, भगवतीपुर सङ्ग्रामपुर कहुँ न पटलै लेइडका । हजार से कम त बाते न करै छै ...... जेना बुझाइ छै.....ओकरासब के वाप दादा कमा के धैलो हइ.....”। (पृ.१३)

बाँकी रहेको खेत बेचेर भए पनि छोरीको बिहे गरिदिनु पर्ने कुरा सुखवा र विलासपुरवाली (सुखवाकी श्रीमती) गर्दछन् । बुबा आमाको यस्तो करूण स्वरबाट प्रभावित भई सुनर मैन झैँ पग्लन्छे । मानसिक द्वन्द्व र पीडाले आक्रान्त बनेकी “सुनरले से हमरा खातिर कथिला बिकतै खेत । नै करबै शादि उदी...” (पृ.१४) (मेरा

खातिर किन बेच्नु पऱ्यो खेतसेत । गर्दिन बिहे सिहे) भन्ने कठोर विचार प्रकट गर्छे । सुखवा र विलासपुरवाली थकित मुद्रामा एक आपसमा हेराहेर गर्छन र कथानकको अन्त्य हुन्छ ।

'चलन' कथाको कथानकको आदि भागमा सुनर खेतबाट घाँस बोकी आउदै गरेको घटना देखि सुखवाले सुनरको बिहे गर्ने निर्णय गरेको घटना सम्म रहेको छ । मध्यभागमा सुखवा सुनरको बिहेका निम्ति केटो खोज्न हिँडेदेखि खेत बेचेरै भए पनि छोरीको बिहे गर्दिनुपर्ने कुरा सुखवा र विलासपुरवालीले गरेको घटना सम्म रहेको छ, जुन चर्मोत्कर्षमा पुगेको छ । अन्त्य भागमा बुबाको दुःखित् अवस्था देखेर सुनरमा दया जागेको घटनादेखि खेत बेचेर आफ्नो बिहे नगर्ने घोषणा गरेको घटना रहेको छन् । यसरी आदि, मध्य र अन्त्यको शृङ्खला मिलेकोले 'चलन' कथाको कथानक ढाँचा रैखिक प्रकारको छ ।

**२. चरित्रचित्रण**

'चलन' कथामा कार्यका आधारमा मुख्य, सहायक र गौण पात्र रहेका छन् । लिङ्गका आधारमा  पुरुष  र महिला पात्र रहेका छन् भने आवद्धताका आधारमा मुक्त र बद्ध पात्र रहेका छन् । वर्गका आधारमा उच्च वर्गीय र निम्न वर्गीय पात्र रहेका छन् ।

'चलन' कथाको मुख्य पात्रका रूपमा सुनर आएकी छ । ऊ सोह्र वर्ष पुगेकी युवती हो । उसका मनमा नारी सुलभ चाहनाहरू खेल्दछन् । ऊ विवाहको कल्पना गर्छे तर गरिबको रूपमा ती सबै कल्पना र सपना खरानी हुन्छन् । केटा पक्षबाट दाइजोको माग गरिने चलन हुँदा उसका बुबा र आमा चिन्तित भएको देखेर सुनर विवाह नगर्ने घोषणा गर्ने विद्रोही पात्रका रूपमा उपस्थित छे । खेत बेचेर बुबा-आमालाई भोकै पारी आफू पालकी चढ्न नचाहने पात्र हो । सुनर आन्तरिक द्वन्द्वमा अल्झिएकी छ । ऊ समाजमा आडम्बरी संस्कृति नभइदिएको भए गरिबहरू पनि सुखले बाँच्न पाउने थिए भन्ने चाहना राख्ने पात्र हो । यसका आधारमा सुनर सकारात्मक, गतिशील, निम्न वर्गीय नायिका हो ।

प्रस्तुत कथामा सहायक पात्रका रूपमा सुखवा देवकी राय र जिम्दार रहेका छन् । जिम्दार र देवको राय सामन्ती अवसरवाद संस्कृतिबाट प्रेरित शोषक वर्गको प्रतिनिधित्व गर्ने पात्र हुन् । जिम्दारका छोराबाट गाउँका चेली सुरक्षित छैनन् । त्यस्तो खराब प्रवृत्तिको विरोध गर्न जाँदा उल्टै झपारेर पठाउने गर्छ । यसबाट पनि जिम्दार एक कु-सस्कार युक्त सामन्तवादी संस्कृतिको उच्च वर्गीय नकारात्मक चरित्र हो । त्यस्तै देवकी राय मीठो बोलीमा अर्ति उपदेश दिने र अप्ठेरोमा परेको अवस्थामा सहयोग गरेजस्तो गरी उल्टै भित्रभित्रै छुरी चलाउने अवसरवादी चरित्रको यथास्थितिवादी नकारात्मक दहिचिउरे एवम् उत्पीडक पात्र हो ।

सुखवा निम्न वर्गीय, कर्तव्यनिष्ठ, परिश्रमी पात्र हो । सुखवा सुनरको बुबाका रूपमा कथामा आएको छ । ऊ आफ्नो परिवारको जीवन निर्वाह गर्न दिनरात मिहिनेत गर्दछ । आर्थिक रूपमा कमजोर भए पनि ऊ कसैलाई ठगेर खाँदैन । सुखवा बाँकी रहेको जग्गा समेत बेचेर भए पनि आफ्नी छोरीको विवाह गरिदिन चाहन्छ तर कु-चलनको विरूद्धमा आवाज उठाउन सक्दैन । ऊ सामन्तवादी अवसरवादी संस्कृतिबाट पिल्सिएको सकारात्मक गतिशील निरीह पात्र हो ।

प्रस्तुत 'चलन' कथामा उल्लिखित पात्रका अतिरिक्त विलासपुरवाली, जनक, जनककी दुलही, पालकी बोक्ने मानिस, तिलो, ग्रामीण महिला, सरूपा, गोठाला, सुनरकी बहिनी रमुवा, भोलवा कुर्मी समेत देखापरेका छन् । यी पात्र गौणरूपमा देखापरेका छन् ।

## ३. दृष्टिबिन्दु

'चलन' कथा बाह्य सर्वदर्शी दृष्टिबिन्दुमा रचना भएको छ । यस कथाको दृष्टिकेन्द्री पात्र सुनर हो । दृष्टिकेन्द्री पात्र सुनर भए तापनि समाख्याताको ध्यान सुखवा देवकी राय र जिम्दारसँग पनि गएको छ । समाख्याता कथा भन्दा बाहिरै बसी पात्रहरूको मनभित्र पसी उनीहरूका सोँचाइ, भोगाइ, जीवन कथामा प्रस्तुत गरेका छन् । समाख्याता स्वतन्त्ररूपमा विचरण गरेका छन् । यसै आधारमा पनि चलन कथामा बाह्य सर्वदर्शी दृष्टिबिन्दुको प्रयोग भएको छ ।

४. परिवेश

कथामा परिवेशले घटना घट्ने स्थान समय तथा पाठकको मनोभावलाई बुझाउने गर्छ (बराल, २०६९ :८५) 'चलन' कथाको परिवेश हेर्दा स्थानका रूपमा तराईको निम्न वर्गीय मैथिली परिवार आएको छ । त्यसका अतिरिक्त बसतपुर, सिर्सिया, पर्सा, शिवनगर, रौजा आदि स्थान देखापरेका छन् । घाँस काट्न खेतमा जानु, गोठालो जानु, पुल्लीडण्डा खेल्नु आदिले ग्रामीण मैथिली समाजको सामान्य दिनचर्यालाई प्रस्तुत गरेको छ । दाइजो प्रथाले निम्न वर्गीय समाजमा निम्त्याएको समस्यालाई सजीव ढङ्गले प्रस्तुत गर्न कथाकारले केटो खोज्दै हिँडेको, रेडियोले दाइजो प्रथाको अन्त्य भएको फुके पनि व्यवहारमा लागु नभएको जसका कारण सुखवा जस्ताले साह्रै दुःख पाएको परिवेश कथामा आएको छ । समयका रूपमा नेपालमा सरकारले कानुनी रूपमा दाइजो प्रथा अन्त्य गरेको तर व्यवहारमा लागु भइनसकेको सङ्क्रमणकालीन अवस्थामा यो कथा लेखिएको देखिन्छ । कथामा प्रयोग भएको समय सात दिनको देखिन्छ । सुनरको बिहे गर्ने निर्णय गरेर केटो खोज्न गएको सातदिन सम्मको समय रहेको छ । वातावरणका रूपमा सुनरमा बिहेगर्ने रहर पलाए तापनि खराव चलन भएको अवस्थामा गरिबीकै कारण विवाह हुन नसकेको छोरीको विवाह गरिदिंदा भएको सबै जग्गा बेचेर घरबार विहीन हुनुपर्ने अवस्था कु-चलनले निम्त्याएको हो । त्यस्तो चलनको खुलेर विरोध गर्नुपर्छ भन्ने घटना वातावरणका रूपमा आएको छ ।

## ५. सारवस्तु

कथा पढिसकेपछि समग्रमा हामी जुन भावार्थ वा अभिप्राय पाउँछौ । त्यही नै सारवस्तु हो (श्रेष्ठ, २०६७ : १२) । 'चलन' कथाको सारवस्तु तराईको मैथिली समाजमा दाइजो प्रथाको कु-चलनले गर्दा पारेको नकारात्मक प्रभावको चित्रण गर्नु हो र यस प्रकारको संस्कारगत कु-चलनको विरोध गर्नु पनि हो । सरकारले दाइजो प्रथाको अन्त्य गरे पनि मैथिली समाजमा लुकीछिपी गाई गोरू किने जस्तै केटालाई किनेर छोरीको विवाह गर्दिनु पर्ने भयावह अवस्था यस कथामा सारका रूपमा आएको छ ।

समाजमा व्याप्त अत्यन्त गम्भीर अनुचित दाइजो प्रथाका कारणले गर्दा गरिब परिवारमा कस्तो दुःखद र कारूणिक स्थिति सिर्जना भएकोछ भन्ने मार्मिक पक्षलाई प्रस्तुत कथाले उद्घाटन गरेको छ । समाज, युग र आर्थिक स्थितिका साक्षेपतामा चलनहरू स्थापित हुनु पर्छ नत्रभने समाजका प्रत्येक सम्बन्धहरू व्यापार र लेनदेनमा मात्र आधारित हुनेछन् भन्ने सार यस कथाले प्रस्तुत गरेको छ । यस कथाको मूल सारवस्तु सुनरले यसरी भन्छे ।

"यो दाइजो साइजो केही लेनदेन नभएर साधारण किसिमले विहे गर्ने चलन चलेको भए गरिब गुरूवालाई कति राम्रो हुने थियो .........त्यस्तै चलन चलाउनु पर्ने ......बरू हुने खानेले जस्तो सुकै गरी गरून ......." (पृ.१३)

सुनरको यही वाक्य नै मूल सारवस्तुका रूपमा आएको छ । यसैका आधारमा शीर्षक समेत सार्थक हुन्छ । 'चलन' कथाको सारवस्तु अभिधात्मक रूपमा आएको छ । यो विधिका आधारमा विचार वाक्यात्मक र जीवन सत्यका आधारमा शाश्वत किसिमको सारवस्तु रहेको छ ।

## ६. भाषाशैली

'चलन' कथा मैथिली समाजमा आधारित रहेको कारण आञ्चलिक भाषाशैलीको सशक्त प्रयोग भएको छ । यस कथामा अधिकांश पात्रहरूले मैथिली भाषाको प्रयोग गरेका छन् । जसलाई यसरी देखाउन सकिन्छ :

हे गे सुनर ! तारा दुसै छौ । (पृ.९)

अब तिलक दान-दहेज ये हु पार मे बन्द भे गेलै । (पृ. १०)

बेटीको किसीको सगाइ मार गइ ........(पृ.१४ ) आदि

यस्ता धेरै मैथिली भाषाको प्रयोग कथामा देख्न सकिन्छ ।

केही नेपाली भाषाको प्रयोग गरे पनि त्यसमा मैथिली लवज मिसिएको छ, जस्तै :

जनकाले दोगा गरेर ल्याएको होला (पृ.१०)

अब मेरा बाउलाई केही तकलिफ हुने छैन (पृ. ११)

घँबरनी, हरूवा, बिलौकी, बौका जस्ता स्थानीय मैथिली शब्दको प्रशस्त प्रयोग देख्न सकिन्छ ।

प्रस्तुत कथामा चाप्लुसी र आफ्नो रवाफमा बोल्ने देवकी रायको भाषामा वर्गीय झलक देखिन्छ । उसले चिप्ला कुरा गरे पनि त्यसमा अवसरवादी गन्ध देखिन्छ । जसलाई यसरी देखाइन्छ :

"अब तिलक दान दहेज येहु पार में बन्द भे गैलै
सुखा ! सुनरके शादी कर अब
जवान बेटी के घर में रहनाइ ठीक नै होइ छै
कि वौका जेखा चुपचाप छ । मरद जैसन बन ! टोल समाज हइ सहयोग देवला ।" (पृ. ११-१२)

'चलन' कथाको कार्यपीठिका तराई भएकोले प्रशस्त मात्रामा मैथिली भाषाको प्रयोग भएको छ । मैथिली भाषा इतर पाठकहरूले पढ्दा बीच बीचमा पादटिप्पणी हेरी अर्थ लगाउनु पर्ने हुन्छ । फलस्वरूप पाठकहरू कथाको प्रवाहमा बग्न नसकेर सरसताको अनुभव गर्न सक्दैनन् ।

प्रस्तुत 'चलन' कथाको शैली यथार्थवादी छ । तराईको निम्न वर्गीय परिवारमा दाइजो प्रथाले ल्याएको नकारात्मक प्रभावलाई यथार्थ किसिमले चित्रण गरिएको छ । यथार्थलाई आञ्चलिक रङ्ग दिएर कथाकार इस्मालीले चलन कथा प्रस्तुत गरेका छन् । यसबाट चलन कथाले समाजमा भएको कुरीतिलाई यथार्थ किसिमले  बाहिर ल्याएको छ । इस्मालीले पात्र अनुकूल भाषा शैलीको प्रयोग गरी 'चलन' कथालाई उत्कृष्ट रूप प्रदान गरेका छन् ।

## ३.५ 'धर्म' कथाको विश्लेषण

'धर्म' कथा पहिलो पटक २०३८ सालमा "फिल्को" पत्रिकामा प्रकाशित भएको हो । प्रस्तुत कथा २०५२ सालमा **माछो माछो भ्यागुतो** कथा सङ्ग्रहभित्र सङ्गृहीत भई कथा सङ्ग्रहको चौथो कथाका रूपमा प्रकाशित भएको छ ।

## १. कथानक

'धर्म' कथाले धर्मप्रति आस्तिक र नास्तिक प्रवृत्ति भएका दुई पात्रका बीचको संवादलाई आफ्नो विषयवस्तु बनाएको छ । आफ्नो पालो पर्खेर बसभरि विश्वविद्यालयका बुद्धिजीवीहरू रहेका हुन्छन् । त्यही बसमा धर्मप्रति आस्था राख्ने र नराख्ने दुई पात्र पनि हुन्छन् । उनीहरूका बीचमा धर्मका बारेमा चर्चा हुन्छ । यहीबाट कथानकको आरम्भ हुन्छ । ती पात्र मध्ये नास्तिक प्रवृत्ति भएको पात्रले ढुङ्गालाई पूजा आराधना गर्नु भनेको समय सम्पत्ति र विवेकको नाश गर्नु हो भन्ने धारणा व्यक्त गर्दछ । आस्तिक प्रवृत्ति भएको पात्रले पूजा आरधनाबाट अन्यन्त्र बरालिएको मनलाई एक चित्त पार्न सकिने कुरा बताउँछ । त्यही समयमा आपत्मा परेको एकजना व्यक्ति मलिन अनुहार लिएर आँशु झार्दै सम्पूर्ण बुद्धिजीवी वर्गबीच सहयोगको याचना यसरी गर्छ :

हजुर.....! युनिभर्सिटीका बुद्धिजीवी वर्गहरू .....म हजुरहरूसँग...... दश औंला जोडेर .....? स्वास्नी अस्पतालमा ....अप्रेशन गर्नु..... पेटमा बच्चा....खर्च छैन हजुर........! हजुर !! म त जोगी भएँ ..... परदेशी मान्छे..... बिरानो ठाउँ..... हजुरहरूसँग सहयोगको लागि .....(पृ. १५-१६)

त्यस व्यक्तिले कुनैपनि वाक्य पुरा गर्न सकिरहेको थिएन । त्यस असहाय व्यक्तिलाई नास्तिक प्रवृत्ति भएको लगायत अरू केहीले सहयोग गर्छन् तर आस्तिक प्रवृत्ति भएको पात्रले सहयोग गर्नुको सट्टा यसरी गाली गर्छ :

पागल.....! ननसेन्स.....! यत्रो लाठे मर्द भएर पनि.....(पृ. १६) । केही समयपछि गेरूवा वस्त्र धारण गरेकी तीस-पैंतीस वर्षकी स्त्री हातमा रूद्राक्षको माला र मन्दिर निर्माण गर्न सहयोग रसिद प्याड लिएर आउँछे र यस लोकमा गरेको धर्म परलोकमा पाइन्छ भन्ने मीठा वचन बोल्छे । आस्तिक पात्रले त्यस बखत १० रूपैयाको नोठ सहयोग गर्छ तर उसका आँखा भने भक्तिनीका पुष्ट छातीमा थिए । यत्तिकैमा बसको एक जना मानिसले चण्डाल आइमाई १० वर्षदेखि चन्दा माग्दै छे भन्ने आवाज निकाल्छ । त्यही समयमा रोग र भोकले पीडित असहायलाई वाहियात् भन्ने यस्ता ढुङ्गा पूज्नेहरू नै

सोझा-साझाहरूको जीवनमा खेलाँची गर्छन् के यही हो धर्म ? भनेर नास्तिक गर्जन्छ । भक्तिनी फटाफट पछाडिको ढोकाबाट ओर्लिन्छे र कथानकको अन्त्य हुन्छ ।

'धर्म' कथाको कथानक सूक्ष्म छ । यस कथामा कथानकको आदि भागमा आस्तिक र नास्तिक प्रवृत्तिका दुई शिक्षित पात्रहरूले ढुङ्गा पूजा गर्नु राम्रो र नराम्रो भन्ने विषयमा गरेको संवाद रहेको छ । मध्य भागमा आपत्मा परेको व्यक्ति बसमा सहयोग माग्न आएदेखि धर्मभिरू महिलाका गलत प्रवृत्ति उजागर गर्नु सम्मका घटना रहेका छन् । अन्त्यभागमा नास्तिकले ढुङ्गा पूजा गर्नेहरूले गरिब दुःखीहरूको मर्का बुझ्न नसकेको भनेको घटनादेखि आडम्बरी धर्मप्रति नै प्रश्न चिह्न उठाएको सम्मका घटना रहेका छन् । यस कथामा आदि, मध्य र अन्त्यको शृङ्खला मिलेकोले कथानक ढाँचा रैखिक प्रकारको रहेको छ ।

## २. चरित्रचित्रण

'धर्म' कथा धर्मप्रति भिन्न-भिन्न विचार राख्ने दुई पात्रका बीचको संवाद रहेको छ । एक जना धर्मको नाममा ठगीगर्नेहरूको पक्षपाती छ भने अर्को पात्र अन्धविश्वासी आडम्बरी धर्मप्रति घृणा गर्ने समूहको पक्षपाती छ । यिनै पात्रहरूको सहयोगीका रूपमा माग्ने र धर्मको नाममा चन्दा उठाउने पात्र आएका छन्

'धर्म' कथाको मुख्य पात्र एक जना आस्तिक प्रवृत्तिको छ । उसको दृष्टिकोणमा धर्म भनेको मूर्ति पूजा गर्नु हो । बच्चा जन्मन नसकेर हस्पिटलमा भर्ना गरिएकी श्रीमतीलाई आर्थिक अभावका कारण अप्रेशन गर्न नसक्दाको पीडामा आर्थिक सहयोग माग्न आएको मान्छेलाई सहयोग गर्नुको सट्टा विभिन्न गाली गरेबाट उनको मानवीय संवेदनहीनता प्रष्ट रूपमा झल्किन्छ । त्यति मात्र होइन भगवानको मन्दिर निर्माण गर्ने नाममा पैसा उठाउँदै सबैलाई ठग्दै हिंड्ने आइमाईलाई चन्दा दिएबाट उनको धर्मप्रतिको फोस्रो आडम्बर प्रष्टिन्छ । यसबाट ऊ ढोंगी संस्कृतिको प्रतिनिधि पात्रका रूपमा देखिन्छन् । उक्त महिलालाई चन्दा दिँदाको क्रियाकलाप देखाउँदा उसको नैतिक पतन तर्फ उन्मुख भ्रष्ट र पतित संस्कृति यसरी उजागर हुन्छ :

"ल लिनुस माताजी  यस्तो गुणी मान्छे ....! ठूलो काम गर्न थाल्नु भो । कृष्ण दाहिना होउन । आस्तिकले गोजीबाट दश रूपैयाको नोठ झिकेर दिंदै बोल्यो । उसका चोर आँखाहरू भक्तिनीको पुष्ट छातीमा टिकेका थिए" (पृ. १७) ।

'धर्म' कथामा कथाकारले अर्को नास्तिक प्रवृत्तिको पात्र को सिर्जना गरेका छन् । यी पात्र फोस्रा आडम्बरी संस्कृतिप्रति आस्था राख्दैनन् । उनको विचारमा मानिसलाई दु:ख पर्दा सहयोग गर्नु नै धर्म हो । यसै वास्तविकतालाई नबुझ्दा आज मान्छे आफ्नो समय विवेक र सम्पत्ति अनावश्यक रूपमा खर्च गरिरहेका छन् र यसको कुनै अर्थ छैन भनेबाट उनी एक सचेत पात्रका रूपमा देखापरेका छन् । यिनी मानवीय संवेदनाप्रति संवेदनशील छन् । माग्ने मान्छेलाई आस्तिकले गाली गरे पनि यिनले सहयोग गरेबाट यो कुरा पुष्टि हुन्छ । धर्मको नाममा पैसा उठाएर ठग्ने भक्तिनीलाई सहयोग नगरेबाट उनी अन्धविश्वासी संस्कृतिप्रति घृणा गर्दछन् र मूर्ति पूजामा विश्वास गर्दैनन् भन्ने कुरा प्रष्ट हुन्छ ।

'धर्म' कथामा उल्लिखित पात्रका अतिरिक्त माग्ने, भक्तिनी र बसमा रहेका अन्य यात्रु पनि छन् । ती पात्रले कथानक अगाडि बढाउन सहयोग प्रदान गरेका छन् । यस कथामा इस्मालीले बुद्धिजीवी वर्गमा रहेको धर्मप्रतिको दृष्टिकोण व्यक्त गर्नका लागि उचित पात्र छनोट गर्न सफल भएका छन् ।

### ३. दृष्टिबिन्दु

समाख्याता कथावाचन गर्दा उभिने स्थान दृष्टिबिन्दु हो । 'धर्म' कथामा समाख्याता कथा बाहिरै बसेर कथा भित्रका आस्तिक र नास्तिक दुबै पात्रको चिन्तन भोगाइ केलाउने काम गरेकोले बाह्य सर्वदर्शी दृष्टिबिन्दुको प्रयोग भएको छ । यस कथामा दृष्टिकेन्द्र पात्रका रूपमा एउटा मात्र पात्र नभई कथा भित्रका अन्य पात्रमा पनि समाख्याताको ध्यान बराबर गएकोले बाह्य सर्वदर्शी दृष्टिबिन्दुको प्रयोग भएको छ ।

## ४. परिवेश

कथामा परिवेशले घटना घट्ने स्थान, समय, तथा पाठकको मनोभावलाई बुझाउँने गर्छ ( बराल, २०६९ : ८५) । 'धर्म' कथाको परिवेश हेर्दा स्थानका रूपमा विश्वविद्यालयका बुद्धिजीवीहरूले भरिएको रोकिरहेको बसमा कार्य घटेकाले सहरिया स्थान देखिन्छ । समयका रूपमा निकै छोटो समय रहेको छ । बस स्टेसनमा रोकिरहेको छ उक्त बस चल्न सुरू गर्दा सम्मको समय अर्थात् दशदेखि पन्ध्र मिनेटको अवधि देखिन्छ भने कथाले देखाउन खोजेको समय किटान गरिएको छैन । हाम्रो समाजमा यस किसिमका पात्रहरू जहिले पनि हुने हुनाले सार्वभौमिक देखिन्छ । शिक्षित व्यक्तिका बीचमा धर्मसम्बन्धी वादविवाद गराई पठित समूहमा व्याप्त अन्धविश्वासलाई देखाउने काम यस कथामा भएको छ । यो वातावरणका रूपमा आएको छ ।

## ५. सारवस्तु

कथा पढिसकेपछि समग्रमा हामी जुन भावार्थ वा अभिप्राय पाउँछौं । त्यही नै सारवस्तु हो (श्रेष्ठ, २०६७ : १२) । धर्मको नाममा समाजमा मौलाएका विकृति संस्कृतिलाई उदाङ्गो पार्दै यथार्थमा धर्मको सही पहिचान गराउनु यस कथाको सारवस्तु हो । आज धर्मको नाममा समाजभित्र खराब कुराहरूले प्रश्रय पाइरहेको छ भन्ने कुरा कथाकारले प्रष्ट्याउन खोजेको छन् । भक्तिनीको भेष धरेर धर्मको नाममा पैसा उठाउने र त्यस पैसालाई व्यक्तिगत स्वार्थको लागि प्रयोग गर्ने भ्रष्ट चरित्र समाजमा छन् । त्यस्ता चरित्रलाई मौलाउन सहयोग गर्नेमा शिक्षित जमात् अगाडि देखिन्छ । यसको मारमा थुप्रै सामान्य मान्छेहरू परेका छन् । यस प्रकारको कार्यको विरोध गर्दै समाजमा रहेको दुःखी, पीडित, भोका, असहायहरूको सेवा गर्न सक्नु नै वास्तविक धर्म हो । परोपकार नै धर्म हो (रेग्मी, २०५७ : ४९) भन्ने कुरा सारवस्तुका रूपमा चित्रण गरिएको छ ।

'धर्म' कथाको सारवस्तु प्रतिकात्मक रूपमा आएको छ । यो विधिका आधारमा प्रच्छन्न र जीवन सत्यका आधारमा शाश्वत किसिमको छ ।

## ६. भाषाशैली

भाषा अभिव्यक्तिको सशक्त माध्यम हो । 'धर्म' कथाको भाषा व्यङ्ग्यात्मक छ । भाषामा व्यङ्ग्य भेटिए पनि सरल, सहज र बोधगम्य छ । कथामा उपस्थित दुईपात्रले धर्मका बारेमा गरेको विवादमा व्यङ्ग्य यसरी आएको छ :

तिम्रो विचारम मूर्ति पूजा धर्म हो ?
अँ
स्वाँग ! अन्धविश्वास ‼ ऊ गलल्ल हाँस्यो (पृ. १५) ।

यस कथामा धर्मको बारेमा गलत विचार भएका समाजका बुद्धिजीवी भनाउँदाहरूप्रति ठूलो व्यङ्ग्य गरिएको छ । फोस्रो आडम्बर धर्म संस्कृति प्रति तीव्र प्रहार यसरी गरिएको छ :

तिमी जस्ता ढुङ्गा पूज्नेहरूले धर्मको ढिलविष ख्वाएर सोझा-साझाहरूको जीवनमा खेलाँची गर्दैछौ । त्यही हो धर्म ? भोक र रोगले पीडित निसहाय व्यक्तिलाई वाहियात् भन्छौ अनि महान पुरुषहरूले चोरेर विदेशीहरूको हातमा बेच्ने देउतालाई पुज्छौ.....( पृ. १७)

प्रस्तुत कथामा तत्सम, आगन्तुक र झर्रा शब्दको प्रयोगका साथै अङ्ग्रेजी शब्दको समेत प्रयोग गरिएको छ । त्यस्ता शब्दहरूमा देवस्थल, श्रीकृष्ण शरणम, युनिभर्सिटी, अप्रेशन, सिरियस, सिट, ननसेन्स, ढोँग, जिङ्रिङ्ग, लाठे, नाठा, जस्ता शब्दका साथै तुरूक्त, गलल्ल जस्ता अनुकरणात्मक शब्दले कथालाई उत्कृष्टता प्रदान गरेको छ । यसमा प्रयोग भएका शब्दले  बोधगम्यमा कुनै असर परेको छैन झन कथा मनोरम बनेको छ ।

प्रस्तुत कथा संवादात्मक शैलीमा रचना गरिएको छ । धर्मका बारेमा बुद्धिजीवी वर्गको विचारलाई इस्मालीले संवादात्मक शैलीमा प्रस्तुत गरेका छन् । पात्र अनुकूलको भाषा र शैलीको प्रयोगबाट 'धर्म' कथा सफल रहेको छ ।

## ३.६ 'माछो माछो भ्यागुतो' कथाको विश्लेषण

'माछो माछो भ्यागुतो' कथा पहिलो पटक २०३८ सालमा "मूलधार" पत्रिकामा प्रकशित भएको हो । प्रस्तुत कथा २०५२ सालमा **माछो माछो भ्यागुतो** कथा सङ्ग्रभित्र सङ्गृहीत भई कथा सङ्ग्रहको पाँचौ कथाका रूपमा प्रकाशित भएको छ ।

### १. कथानक

कथानक खास क्रममा राखिएका घटनाहरूको कार्यकारण शृङ्खला सहितको व्यवस्थित ढाँचा हो (बराल, २०६९ : ५६) । 'माछो माछो भ्यागुतो' कथाले पञ्चायत कालमा तराई क्षेत्रमा हुने राष्ट्रिय पञ्चायतको चुनावी संस्कृतिलाई आफ्नो विषयवस्तु बनाएको छ । विकासको नाममा गुलियो वचन बाँडेर नेता भनाउँदाहरू कसरी पैसा बाँडेर भोट किन्ने कसरत गर्दथे र जनताको मतले पद पाउन सफल भएपछि कसरी जनताको हुर्मत लिन्थे भन्ने कुरालाई सजीव ढङ्गले प्रस्तुत गर्दै विकृत चुनावी संस्कृति नेपाली जनतालाई पारेको नकारात्मक प्रभाव र त्यसले निम्त्याएको समस्यालाई यथार्थ रूपमा पस्कन कथा सफल रहेको छ । चुनाव हुन दश दिन बाँकी रहेको कुरा रेडियोले फुक्छ । बिहिबारदेखि चुनाव प्रसार गर्न निषेध गरेको कुरा फुलचन चमारले डिगडिगिया पिट्दै बताएबाट कथानकको आरम्भ हुन्छ । समय कम भएकोले उम्मेदवारका नारा र पोष्टरले भरिएका छन् । जसलाई कथाकारले यसरी चित्रण गरेका छन् :

"जे होस् खाली ठाँउ कतै थिएन- न इनार, न भित्ता न रूख । यहाँ सम्म कि सेता रङ्गका गाईगोरूको पिठ्युँ समेत खाली थिएन, मानो-गाउँका यावत् चीजहरू चुनावी मुडमा छन्" (पृ. १८) ।

चुनावको परिणाम आफ्नो पक्षमा ल्याउन सबैले भारतबाट वाइजी (वेश्या नर्तकी) ल्याएर नाचगान गराएका छन् ।

चुनावमा मुख्य तीन जना प्रतिस्पर्धी रहेका छन् । जसमा नन्दन राय, माधोबाबु र शर्माजी रहेका छन् । नन्दन राय डिंगडिगिया पिटेको दिन गाउँका गोठाला र आफ्ना

लठैतहरू जम्मा पारेर जुलुस निकाल्छन् र बिसनदेवाको भट्टीमा लगेर बिसर्जन गर्छन् । प्रायः सबैको प्रचार शैली एउटै छ । ऊ पात्रलाई गाउँमा क-कसले कति बाँडे भन्ने थाहा छैन । तर नन्दन रायलाई चुनाव लड्न माथिबाट एक लाख रूपैयाँ बकस मिलेको हल्ला सुनेको छ । नन्दन रायले पहिलेको चुनावमा झैं यस पटक पनि थुप्रै आश्वासन दिने क्रममा यसरी विश्वास दिलाउँदै छ :

"रूसको पार्टी पोलटिस यहाँ चल्न दिनु हुँदैन भन्दै डटेर माधोबाबुको धिरोध गरेर अन्तमा यसपाली तँलाई कुनै सरकारी अफिसमा चपरासीमा मिलाइ दिउँला"(पृ.१९) ।

माधोबाबु र शर्माजी पनि उसकहाँ पचास पच्चिसको लोभ देखाउन आउँछन् तर ऊ कसैको प्रलोभनमा पर्दैन । ऊ गरिबीको कारण भोकै पेट गुन्द्रीमा पल्टिरहेको छ । निन्द्रा नलागेका कारण लामखुट्टे धपाउन घुर बालेर चुनावमा कसलाई भोट हाल्ने भनेर मनमनै विचार गरिरहँदा किसन भैयाले भनेको कुरा यसरी सम्झन्छ :

"रोजी रोटीको समस्या हल गर्न असङ्ख्य ऊ हरू -चाहे ति मुसहर होउन चाहे बाहुन क्षेत्री, कुर्मी धानुक एक हुनु पर्छ र सरकारसँग लडाई गर्नु पर्छ । यो बाहेक अर्को उपाय छदै छैन ; यो भोट सोट सब वाहियात् हो (पृ. २१) ।

किसन भैयाको उक्त विचारमा ऊ पूर्ण सहमत हुन्छ । आधा रातमा यसरी कुरा गमेर ऊ पात्र बसेको हुन्छ । त्यसै बखत बौका मुसहर जोड जोडले कराउन थाल्छ । के भएछ भनेर ऊ पात्र जाँदा दुई जना मान्छे अँध्यारोमा लुङ्गि मिलाउँदै भागेको देख्छ । ऊ पात्रले को हो भनेर सोद्धा, को हुनु शर्मा र माधोबाबु भनेर बौकाले उत्तर दिन्छ । अनि भोटका बारेमा सोध्दा बौकाले यसरी उत्तर दिन्छ :

"दुःयी सालेहरूलाई भोट दिएर के गर्नु ? माने -दारू पानी सबको तर भोट कसैलाई पनि होइन अर्थात् माछो माछो भ्यागुतो !" (पृ. २३) ।

बौकाको यही उत्तर पछि कथानकको अन्त्य हुन्छ ।

प्रस्तुत 'माछो माछो भ्यागुतो' कथामा कथानकको आदि भागमा चुनाव हुन दश दिन बाँकी रहेको कुरा रेडियोले फुकेदेखि उम्मेदवारहरू तीव्ररूपमा चुनाव प्रचार

प्रसारमा लागेसम्मका घटना रहेका छन् । मध्यभागमा नन्दन रायले गोठाला र लठैत् जम्मा गरेर जुलुस निकालेको घटनादेखि ऊ पात्र भोको पेट घुर बालेर चुनावमा कसलाई भोट हाल्ने विचार गर्दा गर्दै कसैलाई भोट नहाल्ने मनसाय बनाए सम्मका घटना रहेका छन् । जुन चर्मोत्कर्षमा पुगेको छ । अन्त्य भागमा बौकाको घरमा माधोबाबु र शर्माजीले चेलिबेटीको इज्जत लुट्ने प्रयास गर्दा बौकाले लखेटेको र ऊ पात्रले बौकासँग कसलाई भोट हाल्ने भनेर सोध्दा भोट सोट कसैलाई पनि नहाल्ने, पैसा सबैको खाने भन्ने घटनामा गएर टुङ्गिएको छ । यसरी आदि मध्य र अन्त्यको शृङ्खला मिलेकोले 'माछो माछो भ्यागुतो' कथाको कथानक ढाँचा रैखिक प्रकारको छ ।

## २. चरित्र चित्रण

'माछो माछो भ्यागुतो' कथामा कार्यका आधारमा मुख्य, सहायक र गौण पात्र रहेका छन् । आवद्धताका आधारमा मुक्त र बद्ध, लिङ्गका आधारमा पुरुष र महिला, अनुकूलताका आधारमा अनकूल र प्रतिकूल पात्र रहेका छन् । वर्गका आधारमा उच्च वर्गीय र निम्न वर्गीय पात्र रहेका छन् ।

प्रस्तुत 'माछो माछो भ्यागुतो' कथामा वर्गीय आधारमा चरित्र निर्धारण गरिएको छ । यस कथामा स्पष्ट रूपमा दुई वर्गका चरित्रहरू उपस्थित छन् । उच्च वर्गीय पात्रका रूपमा नन्दन राय, माधोबाबु र शर्माजी रहेका छन् । निम्न वर्गीय पात्रका रूपमा ऊ, किसन भैया, चेपकटवाली, बौका, गोठाला र मुसहरहरू रहेका छन् ।

नन्दन राय सामन्तवादी संस्कृति बोकेको प्रतिनिधि चरित्र हो । ऊ चुनावमा उम्मेदवारका रूपमा उठेको छ । उसलाई चुनावमा उठ्न माथिबाट आशिर्वाद प्राप्त भएको छ । हरेक चुनावमा जस्तै यस पटक पनि मोटो रकम प्राप्त गरेको चरित्रका रूपमा देखा परेको छ । पहिला पहिलाको चुनावमा पनि उसले पैसाकै बलमा चुनाव जितेको हुन्थ्यो । अहिले पनि त्यही उपाय गरेको छ । चुनाव वरिपरि जनताहरूसँग जे जे कबुल गरे पनि व्यवहारमा आफ्नो स्वार्थ भन्दा केही नगर्ने चरित्र हो । यसर्थ नन्दन राय झुट चरित्रका रूपमा देखा परेको छ । चुनावको समयमा जाँड रक्सी खुवाएर

आफ्ना लठैत्हरूलाई चुनाव प्रसारमा लगाएबाट ऊ नैतिक पतन भएको चरित्रका रूपमा देखा पर्छ ।

रसियन कम्युनिष्ट पार्टीको सैद्धान्तिक मान्यतालाई आफ्नो वैचारिक स्रोत माने पनि व्यवहारमा ठिक उल्टो भएको माधोबाबु अर्को अवसरवादी चरित्र हो । ऊ समानताका कुरा गर्छ तर गरिबको ज्याला वर्ष दिनसम्म झुलाई राख्छ । यसबाट ऊ ढोँगी भएको प्रष्ट हुन्छ । उसको बाहिरी रूप अर्कै र भित्री रूप अर्कै छ । जति सुकै मिठा कुरा गरे पनि नन्दन राय भन्दा माधोबाबु कुनै अर्थमा फरक छैन । चुनाव प्रचारका क्रममा वेश्या नर्तकी ल्याउने, पैसा बाँड्ने प्रतिस्पर्धाबाट पनि यो कुरा छर्लङ्ग हुन्छ । त्यति मात्र होइन, माधोबाबु र शर्माजी गरिब चेलिबेटीको इज्जत लुट्न पनि पछि नपरेबाट उनीहरू नैतिकहीन पतित् चरित्रका रूपमा देखा परेका छन् ।

प्रस्तुत कथामा आएको ऊ पात्र निम्न वर्गको प्रतिनिधित्व गर्ने परिश्रमी चरित्र हो । ऊ सामान्य चरित्र भन्दा अलि सचेत देखिन्छ । किसन भैयाका क्रान्तिकारी मार्क्सवादी विचारमा ऊ सहमत देखिन्छ । किसन भैया समाजमा भएको अन्याय, अन्याचारलाई निर्मूल पार्न गरिखाने वर्गलाई सङ्गठित पार्दै हिँड्ने सचेत र स्पष्ट वर्गीय दृष्टिकोण भएको चरित्रका रूपमा देखिन्छ । श्रमजीवी वर्गको अधिकार मागेर होइन एकजुट भई सङ्घर्ष गरेर मात्र प्राप्त हुन्छ भन्ने मार्क्सवादी वैचारिक मान्यता बोकेका चरित्र हुन् । गौण चरित्रका रूपमा देखा परेका किसन भैयाका विचारले ऊ प्रभावित भएको छ । यसै विचारबाट अभिप्रेरित ऊ चरित्र यस पटक कसैलाई भोट नदिने निष्कर्षमा पुगेबाट उसले चुनावको असली नियत बुझेको कुरा प्रष्ट हुन्छ । चुनावी गुलियो बचनबाट हैरान भएको ऊ चरित्र चुनावबाट केही नहुने कुरा श्रीमतीलाई बुझाउँछ । गरी खाने श्रमिक वर्गको अधिकारको लागि एक जुट हुने निष्कर्षमा पुग्छ । यसबाट ऊ पुरुष निम्न वर्गीय अनुकूल, गतिशील र बद्ध चरित्र हो ।

प्रस्तुत कथामा गोठाला, नन्दन रायका लठैत्हरू, वेश्या नर्तकी, चेपकटवाली, भुटवा, बौका आदि चरित्रको पनि सामान्य उपस्थिति देखिन्छ । यिनीहरूको कथामा कार्यका आधारमा गौण भूमिका रहेको छ । यो कथा चरित्र चयनको आधारमा सफल

रहेको छ । सत् चरित्रलाई भन्दा असत् चरित्रलाई सशक्त रूपमा प्रस्तुत गरेर पञ्चायतकालीन चुनावको गलत संस्कृतिलाई उजागर गर्न कथाकार सफल भएका छन् ।

### ३. दृष्टिबिन्दु

'माछो माछो भ्यागुतो' कथा बाह्य सीमित दृष्टिबिन्दुमा रचना भएको छ । यस कथाको दृष्टिकेन्द्री चरित्र ऊ हो । कथा ऊ चरित्रकै वरिपरि घुमेको छ । समाख्याता कथा भन्दा बाहिरै बसी ऊ चरित्रको मनभित्र पसी उसको सोचाई, भोगाई, चिन्तन स्वतन्त्र रूपमा केलाउने काम गरेका छन् । यस कथामा रहेका अन्य पात्र प्रति समाख्याताको खासै चाँसो रहेको छैन । यस्ता पात्रहरू ऊ पात्रमार्फत अगाडि बढेका छन् । त्यसकारण प्रस्तुत 'माछो माछो भ्यागुतो' कथामा बाह्य सीमित दृष्टिबिन्दुको प्रयोग भएको छ ।

### ४. परिवेश

कथामा परिवेशले घटना घट्ने स्थान, समय तथा पाठकको मनोभावलाई बुझाउने गर्छ । 'माछो माछो भ्यागुतो' कथाको परिवेश हेर्दा स्थानका रूपमा तराईको मुसहर बस्ती आएको छ । समयका रूपमा २०३६ सालको जनमत सङ्ग्रहको एक वर्ष पछिको पञ्चायती चुनावको समय देखा परेको छ । पैसाको प्रलोभन देखाउनु, वेश्या नचाउनु, सस्ता नाराहरू लेखिनु, उम्मेदवारले मिठा मिठा आश्वासन दिनु तर व्यवहारमा नउतार्नु आदि विकृत चुनावी संस्कृतिका साथै त्यस्ता गलत प्रवृत्ति विरूद्ध एकजुट हुनुपर्ने र ती नेता भनाउँदालाई तह लगाउनु जस्ता घटना वातावरणका रूपमा आएका छन् । प्रस्तुत कथाका परिवेश घटना अनुरूप उपर्युक्त लागे पनि गलत चुनावी संस्कृतिले नेपालको भविष्य अन्धकार छ भन्ने देखिन्छ ।

### ५. सारवस्तु

तराईको ग्रामीण परिवेशमा निम्न वर्गीय तल्लो जातिलाई पञ्चायतकालीन चुनावले अर्थात् त्यस चुनावमा उठेका उम्मेदवारहरूले जनतालाई गुलियो वचन बाँढ्थे ।

चुनावलाई कति भ्रष्ट र पतित बनाएका थिए भन्ने यथार्थलाई यस कथाले उजागर गरेको छ । तत्कालीन चुनावमा उम्मेदवारहरू जनताको लागि गर्न नभएर माथिको आशिर्वाद पाई आफ्नो स्वार्थ पूर्ति गर्न चुनाव लड्थे । गरिब जनतालाई चुनावको भऱ्याङ् बनाउथे भन्ने कुरालाई यथार्थ रूपमा देखाउँदै पञ्चायती व्यवस्थाको खराब प्रवृत्तिको भण्डाफोर गर्ने काम प्रस्तुत कथामा भएको छ । सीमित उच्च वर्गले कहिल्यै निम्न वर्गको सामूहिक स्वार्थका निम्ति कार्य गर्दैनन् भन्ने मार्क्सवादी दार्शनिक आधारलाई प्रस्तुत कथाले प्रष्ट पार्न खोजेको छ । संसारका निर्माता भनेको बहुसङ्ख्यक श्रमजीवी वर्ग नै हुन् तर आज यिनै वर्गलाई पछाडि फालिएको छ । आफ्नो हक अधिकारका निम्ति तिनीहरू एकजुट भएर सरकारका विरूद्ध सङ्घर्ष गर्नु पर्छ भन्ने सन्देश यस कथाले दिएको छ । चुनावी विषयवस्तुलाई छनौट गरेर त्यसको विकृतिले व्यक्ति, समाज र राष्ट्रलाई पारेका नकारात्मक प्रभाव र त्यसबाट उत्पन्न बिकराल समस्यालाई प्रस्तुत गरेको छ । समाजमा विद्यमान समस्यको समाधानका निम्ति हरेक सचेत श्रमजीवी वर्ग एक भएर आफ्नो हक अधिकार लिन सक्नु पर्छ । नेताहरूले जसरी निम्न वर्गका जनतामाथि अन्याय गरेका छन् । त्यसको बदलामा जनताले पैसा सबैको खाने तर भोट कसैलाई नदिने अर्थात् माछो माछो भ्यागुतो सारवस्तुका रूपमा आएको छ ।

प्रस्तुत कथाको सारवस्तु प्रतीकात्मक रूपमा आएको छ । यो विधिका आधारमा बिचारवाक्यात्मक छ भने जीवन सत्यका आधारमा शाश्वत किसिमको छ ।

## ६. भाषाशैली

भाषा अभिव्यक्तिको सशक्त माध्यम हो । शैली प्रस्तुत गर्ने तरिका हो । ‘माछो माछो भ्यागुतो’ कथामा भाषा प्रतीकात्मकताका साथै व्यङ्ग्यात्मक किसिमको छ । यस कथाले कार्यपीठिका तराईलाई बनाएकोले केही स्थानीय शब्दको पनि प्रयोग गरिएको छ । गलत चुनावी संस्कारलाई यसरी व्यङ्ग्य गरिएको छ :

“यहाँ सम्मकी सेता रङ्गका गाइगोरुको पिठ्युँ समेत खाली थिएन, मानो गाउँका यावत् चिजहरू चुनावीको मुडमा छन् (पृ.१८) ।”

प्रस्तुत कथामा गीतको पनि प्रयोग देख्न सकिन्छ । चुनाव प्रसारका क्रममा वेश्या नर्तकीले गाएको गीत यस प्रकार छ :

लुटि लेलो जोवनमा हमार, छातामैं भोट दै दो तुम्हार (पृ. २०) ।

यस कथामा पोलटिस, टेरिकटन, पोलिस्टर जस्ता अङ्ग्रेजी शब्दका साथै खैर, लोप्पा, फलानाथोक-चिलानाथोक, सालेहरू, गाइँगुइँ जस्ता झर्रा शब्दको प्रयोग भएको छ । बाइजी साला रण्डी खाना है ? अपना ... माइ ... बहिन.. दु यी सालेहरू, लुटि लेलो जोवनमा हमार, छातामैं भोट दै दो तुम्हार जस्ता स्थानीय भाषिकाको प्रयोग गरिएको छ ।

'माछो माछो भ्यागुतो' मार्क्सवादी सौन्दर्य चिन्तनमा आधारित भएर समाजवादी यथार्थवादी शैलीका लेखिएको कथा हो । यस कथामा प्रयोग भएको भाषा र शैलीको कारण कथा सफल रहेको छ । यो कथा इस्मालीको उच्च कोटीको मान्न सकिन्छ ।

## ३.७ 'उनको इच्छा' कथाको विश्लेषण

'उनको इच्छा' कथा पहिलो पटक २०३९ सालमा "नेपाली साहित्य" पत्रिकामा प्रकाशित भएको हो । प्रस्तुत कथा २०५२ सालमा **माछो माछो भ्यागुतो** कथा सङ्ग्रहभित्र सङ्गृहीत भई कथा सङ्ग्रहको छैठौँ कथाका रूपमा प्रकाशित भएको छ ।

### १. कथानक

'उनको इच्छा' समाजमा अन्तर्निहित विभिन्न प्रकारका शोषण, दमन, अन्याय, अत्याचारलाई निर्मूल पार्न र समाजलाई उन्नत भविष्य तर्फ उन्मुख हुनलाई गति प्रदान गर्न अहोरात्र लागि पर्ने परिवर्तनगामी कथा हो । समाजमा हरेक प्रकारका विकृति विरूद्ध समाजलाई सचेत तुल्याउने, सङ्गठित गर्ने र सही बाटोको मार्ग निर्देशन गर्ने ब्यक्तिको अल्पायुमै क्यान्सर रोकका कारण मृत्यु हुँदा त्यसबाट समाज कसरी टुहुरो बन्न सक्छ भन्ने कुरालाई प्रस्तुत कथाले मूल विषयवस्तु बनाएको छ ।

क्यान्सर रोगबाट अल्पायुमै मृत्यु हुन पुगेकी श्रीमतीले मृत्यु हुनु अघि सम्म लेखेर बाकसमा छोडि राखेको गोजिका भेटेर म पात्रले पढ्न थालेबाट कथानकको

आरम्भ हुन्छ । अम्बिकाले गोजिकामा असल जीवनसाथी खोजेको र भेटिँदा धेरै खुसी भएको कुरा लेखेकी छिन् । त्यसमा एउटा सुयोग्य पुत्रको कामना यसरी गरेकी थिइन :

"जो अन्धकारसँग सिँगौरी खेलोस र अत्याचारसँग रगतपच्छे भएर लडोस, अनि ....... अनि विजयको वरमाला पहिरेर बिहानको सुनौली घामको किरण भै घर फिरोस ........... " (पृ.२४) ।

म पात्र घरको आँगनमा बसिरहेको समय उसको छोरो बालसाथीहरूसँग खेलिरहेको छ । उसले "हामीहलु कले पनि झगला नगल्ने है" (पृ. २४) भनेर शान्तिको कामना गरेको छ । त्यसै समय म पात्रलाई अम्बिकाको सम्झना आउँछ र कल्पना गर्न थाल्छ । अम्बिकाको मृत्युले म पात्रको परिवार मात्र दुःखी नभएर गाउँ समेत दुःखी भएको कुरा साइँली घर्तिनीले यसरी भन्छे :

"बाबु, अम्बिका नानी खसेदेखि यो टोलै शून्य जस्तो लाग्छ । हाम्रो हात खुट्टै भाँचिए जस्तो लाग्छ । हामी टुहुरी भयौ । टुहुरी ........" (पृ. २६) ।

अम्बिका सचेत पात्र हुन् । उनको आगमन पछि गाउँका महिलाहरूलाई उनले चेतना प्रदान गरेकी थिइन । "गाउँका केटीहरू प्रेमका उत्ताउला पुस्तक पढ्न छाडेर याङ् काइ हुई, ल्यु हुलान र क्रुप्सकाय पढ्न थालेका थिए , बम्बई बेचिने चेलीहरू घाँस दाउरा र पानी पँधेरोमा चेलीको जन्म ठगेको कर्म ......" (पृ. २६) भनेर गीत गुनगुनाउन थाल्ने भएका थिए । गाउँकी हमाल्नी मैयाको बुहार्तन खप्न अस्वीकार गर्न थालेका थिए । त्यसैले गर्दा अम्बिका हमाल्नी मैयाको आँखामा बिझाएकै थिइन । उनी खस्दा हमाल्नी मैया खुसी भएकी थिइन् ।

म पात्रको छोरो बाल संसार निर्माण गरेर खेलिरहेको थियो । ऊ हलो जोतेर आफ्नो अभिनय गरेको हुन्छ । घरमा आउँदा घरमा बसेको दाजु पात्रले मिठो मिठो खाएको तर आँफूले खान नपाएकोमा गुनासो गर्छ । दाजुको अहङ्कारले म तेरो दाजु हुँ मेरो खटनमा चल्नु पर्छ भन्ने सामन्ती सोँच प्रकट गर्दा त्यसको विरूद्ध भाइले साले पल्तिकिलियावादी भनि गालामा एक चड्कन हान्छ । यही क्रियाकलाप हेरिरहेको म

पात्रका  मनमा अम्बिकाले सोचे जस्तो अन्याय, अत्याचारसँग सिङ्गौरी खेल्ने छोरो हुन्छ की हुँदैन भन्ने प्रश्न चिह्न खडा हुन्छ र कथानकको अन्त्य हुन्छ ।

प्रस्तुत 'उनको इच्छा' कथाको कथानकको आदि भागमा क्यान्सर रोगको कारण मृत्यु हुन पुगेकी श्रीमतीले लेखेर राखेको गोजिका भेटेको घटनादेखि उक्त गोजिकामा सुयोग्य क्रान्तिकारी पुत्रको चाहनासम्मका घटना रहेका छन् । मध्य भागमा अम्बिकाले गाउँका केटीहरूलाई चेतनशील बनाएको घटनादेखि उनको मृत्युमा हमाल्नी मैयाँ खुसी भएको घटना रहेका छन् । जुन चर्मोत्कर्षमा पुगेको छ । अन्त्यभागमा 'म' पात्रको छोरो बालसंसारमा खेलीरहँदा काम गरेर आउँदा घरमा बसेको दाजुले मीठो मीठो आएको आफूले खान नपाएको झोकमा उसका गालामा एक चड्कन दिए देखि म पात्रको मनमा अम्बिकाले साचेजस्तो आफ्नो छोरो होला कि नहोला भन्ने प्रश्न चिह्न उठेको घटना रहेका छन् । यसरी प्रस्तुत कथा आदि, मध्य र अन्त्यको शृङ्खला मिलेकोले कथानक ढाँचा रैखिक प्रकारको छ । रैखिकमा निम्न रैखिक रहेको छ ।

## २. चरित्रचित्रण

'उनको इच्छा' कथामा कार्यका आधारमा मुख्य सहायक र गौण पात्र रहेका छन् । आबद्धताका आधारमा बद्ध र मुक्त, लिङ्गका आधारमा  पुरुष र महिला छन् भने वर्गका आधारमा उच्च वर्ग र निम्न वर्गका पात्र रहेका छन् । यस कथामा पात्रहरूको निर्माण वर्गीय आधारमा गरिएको छ । म पात्र र उनकी श्रीमती अम्बिका श्रमजीवी वर्गको मुक्ति चाहने परिवर्तनगामी निम्न वर्गको पक्षधर पात्र हुन् । 'म' पात्रकी आमा र साहिँली घर्तिनी जस्ता पात्रहरू उनीहरूका शुभचिन्तकका रूपमा आएका छन् । हमाल्नी मैयाँ सामन्तवादी सोँच राख्ने उच्च वर्गको प्रतिनिधित्व गर्ने पात्र हो ।

म पात्र र अम्बिका क्रान्तिकारी सङ्घर्षमा विकसित हुन थालेका उल्लेखनीय प्रतिनिधि पात्र हुन् । व्यक्तिगत समस्यालाई भन्दा सामूहिक समस्यालाई प्रमुख मान्ने जनतालाई सुचित गर्ने कार्यलाई प्रमुख ठान्ने अम्बिका एक साहसी, निडर र आफ्नो विचार प्रति प्रतिवद्ध नारी पात्र हुन् । जनताको कार्यको निरन्तरतालाई कहिल्यै छोड्नु हुँदैन भन्ने दृष्टिकोण प्रस्तुत गर्ने उनी गतिशील चरित्र भएकी पात्र हुन् । उनले

गाउँका केटीहरूमा चेतना जगाई उनीहरूलाई किताब पढ्ने गराएकी थिइन । विदेशमा लगेर बेचिने चेलीबेटीलाई चेतना जगाइ बेचिनबाट जोगाउने काम गरेकी छन् । यसले गर्दा उनी अग्रगामी चिन्तन बोक्ने शिक्षित नारीका रूपमा देखा परेकी छन् । त्यस्तै म पात्र प्रगतिशील आन्दोलनमा विकसित हुँदै गरेको वर्गीय चरित्र हो । तर प्राण प्यारी श्रीमतीलाई उपचार गर्न नसक्दा आत्मग्लानीले पिरोलिने चरित्र हो । 'म' पात्रको छोरो नाबालक चरित्र हो । उसलाई भविष्यको सङ्घर्षशील क्रन्तिकारी नेता हुने चरित्रका रूपमा चित्रण गरिएको छ ।

प्रस्तुत कथामा हमाल्नी मैयाँ उच्चवर्गको प्रतिनिधित्व गर्ने प्रतिकूल पात्र हो । उसले गाउँका सोझा चेलीहरूलाई पारिश्रमिक बिना काम गराउने सामन्तवादी प्रवृत्तिकी चरित्र हो । ऊ घरमा ससुरासँग नाजायज सम्बन्ध राख्ने नैतिक पतन भएकी खल पात्र हो । अम्बिकाको मृत्युमा खुसी भएकीले मानवीय संवेदना नभएकी पात्रका रूपमा यसलाई चित्रण गरिएको छ ।

प्रस्तुत कथामा यी पात्रका अतिरिक्त मोहन दाइ, रमी, शुशी, विजेश, अभय, हमाल्नी मैयाको ससुरो, श्रीमान, गाउँका चेलीहरू रहेका छन् । चरित्र चयनमा असत् पात्र भन्दा सत् पात्रको भूमिका धेरै भएको कथा चरित्र प्रयोगका दृष्टिले सफल रहेको छ ।

### ३. दृष्टिबिन्दु

'उनको इच्छा' कथा आन्तिरिक परिधीय दृष्टिबिन्दुमा रचना भएको छ । यस कथाको दृष्टिकेन्द्री पात्र अम्बिका हो । समाख्याता कथामा 'म' पात्रका रूपमा आएर अम्बिकाको वरिपरि कथानक घुमाउने काम गरेका छन् । अम्बिकाको असल मान्छेसँग विवाह गर्ने इच्छा, असल क्रान्तिकारी पुत्र जन्माउने आशा, गाउँका चेलीबेटीलाई सुसुचित बनाएको क्रियाकलाप 'म' पात्रका माध्यमबाट प्रस्तुत गरिएको छ । यसैले गर्दा यस कथामा आन्तरिक  परिधीय दृष्टिबिन्दुको प्रयोग भएको छ ।

## ४. परिवेश

कथामा परिवेशले घटना घट्ने स्थान, समय तथा पाठकको मनोभावलाई बुझाउने गर्छ । 'उनको इच्छा' कथाको परिवेश हेर्दा स्थानका रूपमा पहाडी ग्रामीण समाज आएको छ । घाँस दाउरा, पानी पँधेरो गर्ने, हमाल्नीले सोझा चेलीहरूलाई बिना पारिश्रमिक कजाउने गरेको घटना हेर्दा पहाडीया ग्रामीण स्थान देखिन्छ । त्यसमा पनि म पात्रको कोठा र आँगन आएको छ । भर्खर समाजको विकृति र विसङ्गति विरूद्ध गरिब नेपाली जनता सचेत र सङ्गठित हुँदै गएको अवस्थाको चित्रणले गर्दा पञ्चायतकालीन समय देखिन्छ । गाउँका महिलाहरूले हमाल्नी मैयाँको बुहार्तन खप्न स्वीकार नगर्नु जस्ता घटनाले नेपाली जनतामा विकसित हुँदै गएको विद्रोहको भावलाई सङ्केत गरेको छ । अम्बिकाको मृत्युले गाउँका मान्छेहरूलाई टुहुरो भएको महसुस हुनुले गाउँलेले सच्चा कर्मशील, क्रान्तिकारी व्यक्तित्व गुमाएको भान हुन्छ । जुन परिवेशले विषयवस्तुलाई मार्मिक र गम्भीर बनाएको छ । मृत्यु भइसकेकी श्रीमतीको चिठ्ठी भेटिनु, बालकहरू एक आपसमा खेल्नु र झगडा गर्नु त्यसले 'म' पात्रलाई विगतको घटनामा पुऱ्याउनु आदि जस्ता घटना वातावरणका रूपमा आई घटनाक्रमलाई अगाडि बढाउन भूमिका खेलेका छन् ।

## ५. सारवस्तु

सत्मार्गमा हिंड्ने सचेत मानिसको प्रयासले अन्धकारमा रूमल्लिएको समाजलाई उज्यालोतर्फ डोऱ्याउँछ । उनीहरूको उपस्थितिले समाजलाई अग्रगामी सुन्दर बाटोतर्फ हिंडाल्छ । त्यस्ता ममतामयी जनसेवकहरूको अभावमा समाज दिग्भ्रमित र ममार्हित बन्छ । यस्तै पात्रको रूपमा यस कथामा अम्बिका देखा परेकी छिन् । आर्थिक अभावका कारण समयमै उपचार हुन नसक्दा अम्बिका जस्ता होनहार जनसेवीको दुःखद अवसान भएको छ र त्यसको असर स्वभाविक रूपमा त्यस समाजलाई परेको छ । वास्तवमा समाज र राष्ट्रको पक्षमा उभिने जो कोही मान्छे उनीहरूको ढुकढुकी बन्छन् भन्ने कुरालाई यसले देखाउन खोजेको छ ।

समाज वर्गमा विभक्त छ र वर्गीय संस्कृति र स्वार्थका कारण उनीहरूकाबीच टकराव हुन्छ भन्नेतर्फ पनि यसले सङ्केत गरेको छ । असल कार्य गर्नेको पछाडि जनताले साथ दिन्छन् । भौतिक शरीर नष्ट भएर गए पनि जित सत्यकै हुन्छ । सङ्घर्षशील, क्रान्तिकारी व्यक्तित्वको सन्तान पनि क्रान्तिकारी भएर जन्मन्छन् । सामन्ती शोषणका विरूद्ध सबै एक भएर लाग्नु पर्छ भन्ने सत्य यस कथाको सारवस्तुका रूपमा आएको छ ।

'उनको इच्छा' कथाको सारवस्तु प्रतीकात्मक रूपमा आएको छ । यो विधिका आधारमा प्रच्छन्न किसिमको छ भने जीवन सत्यका आधारमा शाश्वत किसिमको रहेको छ ।

## ६. भाषाशैली

भाषा अभिव्यक्तिको सशक्त माध्यम हो । 'उनको इच्छा' कथाको भाषा सरल, सहज र बोधगम्य छ । यसको भाषामा उज्जल समतामूलक समाजको निर्माण गर्ने छनक देखिन्छ । बाल पात्रहरूले प्रयोग गरेको भाषामा तोतेबोलीले कथालाई मिठास भरेको छ । जुन यसप्रकार छ :

"हामीहलु कले पनि झगला नगल्ने है" (पृ. २४) ।
"हामीहलु हैलान भएल हलो जोत्नेले मिठो-मसिनो देख्न सम्म नपाउनु यो मोला घल बसी-बसी मिठो खाने" (पृ. २७) ।
"साले पल्तिकिलियावादी" (पृ. २७) ।

बच्चाका यस प्रकारको बोलीमा मिठासका साथै श्रमजीवी वर्गमाथि उच्च वर्गले शोषण गरेको र त्यसको विरोध गरिएको चित्रण गरिएको छ । बीच बीचमा उखान टुक्काका साथै संस्कृत श्लोक समेत प्रयोग गरिएको छ जनु यस प्रकार छन् :

चित्त छोटो पार्नु, आँखाको नानी हुनु, च्वास्स घोच्नु, बढार्नु पर्ने कसिङ्गर हावाले उडाएर लग्नु,
स्त्रिया चरित्रम्, पुरुष स्य भाग्यम, दैव नजानाति कुतो मनुष्यम् (पृ.२६)

प्रस्तुत कथामा लोक गीतको प्रयोग यसरी गरिएको छ ।

चेलीको जन्म नि ठगेको कर्म ................. (पृ. २६)

यस कथामा डोण्ड माइण्ड जस्ता अङ्ग्रेजी शब्द कठै बरा, नकच्चरी, पातर्नी, वाइफाले, रण्डीकोठी, थुक्क जस्ता झर्रा शब्दका साथै केही अश्लिल लाग्ने शब्दको प्रयोग गरिएको छ ।

यसरी पात्र अनुकूलको भाषाको प्रयोगका साथै यथार्थवादी शैलीमा 'उनको इच्छा' कथाको रचना भएको छ । पहाडीया ग्रामीण समाजमा हुने गरेको वास्तविकतालाई यथार्थ किसिमले चित्रण गर्ने काम भएको छ । यसरी भाषिक प्रयोग, शैली र शब्द छनोटले कथा सफल रहेको छ ।

## ३.८ 'लाश' कथाको विश्लेषण

'लाश' कथा पहिलो पटक २०४० सालमा "मधुमास" पत्रिकामा प्रकाशित भएको हो । प्रस्तुत कथा २०५२ सालमा **माछो माछो भ्यागुतो** कथा सङ्ग्रहभित्र सङ्गृहीत भई कथा सङ्ग्रहको सातौं कथाका रूपमा प्रकाशित भएको छ ।

### १. कथानक

'लाश' कथाले गरिबी, भोक, रोग र अभावबाट ग्रसित जनतामाथि उच्च वर्गद्वारा गरिने, शोषण दमन, शारीरिक यातना र बलपूर्वक थोपरिएको श्रमलाई प्रस्तुत गरेको छ । अन्याय अत्याचारले सीमा नाधेपछि कोही पनि सहेर बस्न सक्दैन । जो सहेर बस्छन् ती सब जिउँदा लास हुन् भन्ने कुरालाई प्रस्तुत गर्दै समाजमा विद्यमान धनी वर्गको थिँचो-मिचोको चापबाट उत्पन्न विद्रोहलाई यस कथाले आफ्नो विषयवस्तु बनाएको छ । अन्ततः समाजमा अन्तर्निहित चरम वर्गीय द्वन्द्व नै यस कथाको मूल विषयवस्तु बन्न पुगेको छ ।

श्रमजीवी वर्गको प्रतिनिधि पात्रका रूपमा देखापरेको बुधबहादुर पुलामी माटो फालेर टोकरी चुच्चे ढुङ्गा माथि घोप्ट्याएर प्यास मेटाउन गङ्गामा जान्छ । यहीबाट कथानकको आरम्भ हुन्छ । पानी खाएर अगाडि बढ्दा बुधबहादुर गोडा फतक्क गलेर

सबै अन्धकार देख्छ र उसले टोकरी हातमा लिएर बस्छ । त्यही समय विहारी इन्जिनियर ठेकेदार हरिकृष्णे फोरम्यान, ड्राइभर त्यतै आउँदै थिए । बुधबहादुर बसेको देखि फोरम्यानले यसरी झपार्छ :

“ए बुधे लिडां ! कामचोर बजिया ‼ मस्तसँग बसि र छ ए SS !” (पृ. २९) ।

बुधबहादुर आफूलाई सन्चो नभएको कुरा बताउँछ । उल्टै हरिकृष्णे गाली गर्दै नाङ्गो पिठ्युँमा सिर्कनाले हान्छ । बुधबहादुरले कर्के आँखाले हेर्छ अरू सबै कामदार चुपचाप रहन्छन् । बुधबहादुर त्यस्तै अवस्थामा पनि काम गर्न थाल्दा घरमा एक्लै छोडेको गर्भवती श्रीमतीलाई सम्झन्छ र मनमा कुरा खेलाउन थाल्छ । त्यसै समय हरिकृष्णेले बुधबहादुरलाई बेसरी कुट्छ । उक्त कुटाई सहन नसकी बुधबहादुरले प्रतिकार गऱ्यो । हरिकृष्णे विहारी इन्जिनियरको मनपरेको फोरम्यान हो । उसले समय समयमा पहाडका छोकरी (केटी) इन्जिनियर सामु ल्याइदिने गर्छ । इन्जिनियर मजदुर भएको ठाउँमा जाँदा बुधबहादुर मजदुरलाई समस्या आइपर्दा एक जुट हुनुपर्ने कुरा गर्दै थियो । इन्जिनियर आएको देखि सबै चुपचाप भए । उसले बुधबहादुरलाई देखि गाली गऱ्यो तर उसले बुझेन । उसले सबै मजदुर चुप लागेको देखि सबैलाई मरेतुल्य लाश देखेको कुरा समाख्याताले यसरी व्यक्त गरेका छन् । “ऊ त लाशहरूको घेरामा परेछ सबका सब लाशहरू ..... अहँ चल्न चटपटाउन जानेका छैनन् लाशहरूले” (पृ. ३२) ।

काम सकिने समयमा एकाउण्डेण्टले सबै मजदुरलाई ज्याला दियो । बुधबहादुरको एघार दिनको एकसय दश हुनुपर्नेमा उसले पचहत्तर रूपैयाँ मात्र पायो । रिसको झोकमा बुधबहादुरले “ला यो पनि घिच तेरा, बाउको हिरिन !” (पृ.३२) भन्दै हरिकृष्णे तर्फ फ्याक्छ । सबैजना गइसकेपछि पुनः बजार गएर गर्भवती श्रीमतीको लागि सामान किनेर घरमा जाँदा बच्चा जन्माउन नसकेर श्रीमतीको मृत्यु भैसकेको हुन्छ, थपिनी बज्यैले कहाँ गएको थिइस भन्दा ती सामान मृत श्रीमतीको छातीमा राखी कमिजको फेर माथि उचालेर नाङ्गो पीठ्युँका निलाडाम देखाई रून थाल्छ । यहीबाट कथानकको अन्त्य भएको छ ।

प्रस्तुत 'लाश' कथाको आदि भागमा बुधबहादुर माटो फालेर प्यास मेटाउन गङ्गामा गएको घटना देखि बसेको देखेर हरिकृष्णे फोरम्यानले बुधबहादुरलाई एक सिर्कना हाने सम्मका घटना रहेका छन् । मध्य भागमा काम गर्न खोज्दा एक्लै छोडेर आएकी गर्भवती श्रीमतीलाई सम्झन थालेको घटना देखि हरिकृष्णे र बुधबहादुरको हात हालाहाल भए सम्मका घटना रहेका छन् । जुन कथाको चर्मोत्कर्ष हो । अन्त्य भागमा एकाउण्डेण्टले सबै कामदारहरूलाई ज्याला दिएको र बुधबहादुरलाई पुरै ज्याला नदिई कामबाट निकालिदिएको घटना देखि घरमा आलो रगतमा डुबेकी मृत श्रीमतीको छातीमा सामान राखेर रोएको घटना रहेका छन् । यसरी आदि, मध्य र अन्त्यको शृङ्खला मिलेकोले प्रस्तुत कथाको कथानक ढाँचा रैखिक प्रकारको छ ।

### २. चरित्रचित्रण

'लाश' कथामा कार्यका आधारमा मुख्य, सहायक र गौण पात्र रहेका छन् । लिङ्गका आधारमा पुरुष र महिला छन् भने वर्गका आधारमा उच्च वर्ग र निम्न वर्गका पात्र रहेका छन् । यस कथामा पात्रहरूको निर्माण वर्गीय आधारमा गरिएको छ । बुधबहादुर पुलामी र मजदुरहरू निम्न वर्गीय पात्र हुन् । विहारी इन्जिनियर, ठेकेदार, हरिकृष्णे फोरम्यान उच्च वर्गीय सामन्तवादी सोँच भएका पात्र हुन् ।

बुधबहादुर पुलामी निम्न वर्गीय समुदायको प्रतिनिधित्व गर्ने चरित्र हो । ऊ परिश्रमी हुनुका साथै कर्तव्यनिष्ठ र आत्मस्वाभिमानी प्रकृतिको छ । फोरम्यान हरिकृष्णेले नानाथरी गाली गरी हिर्काउँदा त्यसको प्रतिवाद गर्दछ । यसबाट ऊ अन्याय, अत्याचार र उन्पीडन सहन नसक्ने विद्रोही चरित्रका रूपमा उपस्थित छ । ऊ गरिबको रूपमा पिल्सिएको छ । घरमा गर्भवती श्रमतीलाई छोडी काममा जान्छ । घरमा केही खाद्यन्न र औषधी लिएर आउँदा श्रीमतीको लाश लेख्दा आफूलाइ समाल्न सक्दैन र डाँको छोडेर रून्छ तर एक शब्द बोल्दैन । यसमा उसको मानवीय कमजोरी देखिन्छ । ऊ उच्च वर्गको दमन र शोषणबाट पिल्सिएको श्रमजीवी पात्र हो । ऊ एक्लैले प्रतिरोध गर्दैमा समस्याबाट मुक्ति पाउँदैन । त्यसैले श्रमजीवीहरूको अधिकारका लागि सम्पूर्ण श्रमजीवी वर्ग एक हुनुपर्ने कुरामा जोड दिएको छ ।

श्रमजीवी वर्गलाई मान्छे नै नठान्ने विहारी इन्जिनियर र फोरम्यान हरिकृष्णे उच्च वर्गीय चरित्रका रूपमा देखापरेका छन् । समाजका सोझा चेलीको अस्मिता लुट्ने इन्जिनियर र उनीहरूको अस्मिता लुटाउन सहयोग पुऱ्याउने हरिकृष्णे दुवै नैतिक पतन भएका भ्रष्ट चरित्रका रूपमा उपस्थित छन् । उनीहरू परपीडक प्रवृतिका छन् । आफूलाई मन परेन भने अन्यन्त कम तोकिएको ज्याला समेत नदिइ कामबाट समेत निकालिदिन्छन् । उनीहरू सामन्तवादी सोँच भएका प्रतिकूल पात्रका रूपमा देखा परेका छन् । "तुम लोग हमारे पाँव तलेका मिट्टी हो सम्झा ? ज्यादा नेतागिरी देखाओगे तो खाल उतार लेंगे हरामज्यादे !" (पृ. ३२) भन्ने इन्जिनियरका भनाइबाट उनीहरू तल्लो वर्गका मान्छेलाई मान्छे नगन्ने अहमवादी, आडम्बरी, व्यभिचारी, स्वार्थी, संवेदनहीन चरित्रका रूपमा कथामा उपस्थित छन् ।

प्रस्तुत कथामा मजदुरहरू, थपिनी बज्यै, बुधबहादुरकी श्रीमती, ड्राइभर, साइट, पार्टनर, पिपलटारे साहु गौण पात्रका रूपमा आएका छन् । मजदुरहरू उच्च वर्गबाट पिल्सिएका पीडित पात्र हुन् । उनीहरू अन्याय अत्याचारको विरोध गर्न सक्दैनन् । बुधबहादुरले मजदुर एकता भयो भने कसैले दबाउन सक्दैन भन्ने कुरा गर्दा अन्य मजदुरहरूले हुन्छ मात्र भन्छन् तर व्यवहारमा प्रयोग नगर्ने लाचार पात्रका रूपमा उपस्थित छन् ।

यसरी हेर्दा प्रस्तुत कथा चरित्र चित्रणका दृष्टिले सफल रहेको छ । उच्च वर्गले निम्न वर्गका चरित्र माथि गर्ने हेपाहा प्रवृत्तिलाई इस्मालीले उपयुक्त पात्रको छनोट गर्न सफल भएका छन् ।

### ३. दृष्टिबिन्दु

'लाश' कथा बाह्य सीमित दृष्टिबिन्दुमा रचना भएको छ । यस कथाको दृष्टिकेन्द्री पात्र बुधबहादुर पुलामी हो । प्रस्तुत कथा बुधबहादुर कै वरिपरि घुमेको छ । समाख्याता कथा बाहिरै बसी बुधबहादुरको अन्तरमनलाई राम्ररी केलाउन सफल भएका छन् । यस कथाका अन्य पात्रहरूमा समाख्याताको खासै चाँसो गएको छैन ।

बुधबहादुरको चरित्र उजिल्याउनका लागि अन्य पात्रहरूको उपस्थिति भएको देखिन्छ । त्यसकारण लाश कथामा बाह्य सीमित दृष्टिबिन्दुको प्रयोग भएको छ ।

### ४. परिवेश

कथामा परिवेशले घटना घट्ने स्थान, समय र पाठकको मनोभावलाई बुझाउने गर्छ । 'लाश' कथाको परिवेश हेर्दा तराईको ग्रामीण समाज देखिन्छ । त्यही गाउँमा नहर निर्माण गर्ने स्थान र बुधबहादुर पुलामीको घर स्थानका रूपमा आएका छन् । यो कथा लेखनको समय २०४० साल हो । त्यसैले यसले त्यसबेलाको पञ्चायती शासन व्यवस्थाको खराब प्रवृत्तिको स्वरूपलाई प्रस्तुत गरेको छ । वातावरणका रूपमा पानी पिएपछि भोकोपेट काम गर्दा प्यासले धमिलो पानी पिउनु, पानी पिएपछि पेट दुख्नु, पेट दुखेर बसेको देख्दा फोरम्यानले सिर्कनाले पिट्नु बुधबहादुरले प्रतिवाद गर्नु जस्ता घटना आउनुले वर्गीय द्वन्द्वलाई अभिव्यक्त गरेको छ । यसै माध्यमद्वारा कथाकारले वैचारिक सांस्कृतिक द्वन्द्वलाई अभिव्यक्त गरेको छ । यसै माध्यमद्वारा कथाकारले वैचारिक सांस्कृतिक द्वन्द्वलाई स्पष्ट पार्न खोजेका छन् ।

बुधबहादुरले विरोध गर्दा पनि अन्य मजदुर केही नबोल्नुले समाजको दास मनोवृतिलाई सङ्केत गर्न खोजेको छ । एक्कासी एकजनाले सङ्घर्ष गर्न खोजे पनि त्यसलाई अरूले साथ दिँदैनन् । त्यसको लागि ठूलो प्रयास चाहिन्छ भन्ने तथ्य प्रस्तुत कथाले प्रष्ट पारेको छ । यसरी हेर्दा प्रस्तुत लाश कथाको परिवेश उपयुक्त नै देखिन्छ ।

### ५. सारवस्तु

समाज वर्गमा विभाजित छ । वर्गीय समाजमा स्वभाविक रूपमा वर्गीय द्वन्द्व हुन्छ । वर्गीय द्वन्द्वको जड भनेको वर्गीय स्वार्थ नै हो भन्ने विषयलाई प्रस्तुत कथाले प्रष्ट पारेको छ । यस वैचारिक दार्शनिक आधारलाई पुष्टि गर्न यस कथामा सामन्त वर्गको रूपमा देखा परेको हरिकृष्णे र श्रमजीवी वर्गका रूपमा उपस्थित बुधबहादुरको शारीरिक -मानसिक द्वन्द्वको उद्घाटन कथाकारले यसरी गरेका छन् ।

"खोजेकै होस् त ...... हरिकृष्णे उसलाई झम्टि हाल्यो र सिकर्ना वर्षाउन थाल्यो

नाङ्गो पिठ्युँमा । उसले पिठ्युँमा थापि राख्न सकेन । मतवाली झोक जागिहाल्यो हानिएर हरिकृष्णेको टाँगमुनि टाउको छिराएर जुरूक्क माथि उचालेर अरूले भो भो भन्दा भन्दै फ्यात्त धुलोको राशमा हुत्ताइदियो र माथिबाट दुई चार मुक्का बर्षायो । पराजीत हरिकृष्णे रन्थनिदै ठेकेदार भएतिर कुद्यो" (पृ. ३०-३१) । अधिकार खोसिएका कारण श्रमजीवी वर्ग असुरक्षित छन् र आफ्नो सुरक्षित भविष्यको निम्ति यिनीहरू आफै उठ्नु पर्छ भन्ने सङ्केत पाइन्छ । सामन्तवादीहरूले श्रमजीवी वर्गको सम्पूर्ण अधिकार खोसेर लाश तुल्य बनाएका छन् । बोल्न चल्न समेत नसक्ने अवस्थामा छन् भन्ने कुरा यसरी प्रस्तुत गरिएको छ :

"ऊ त लाशहरूको घेरामा परेछ, सबका सब लाशहरू .......... अहँ चल्न चटपटाउन जानेका छैनन् । लाशहरू" (पृ. ३२) भन्ने कुरा नै यस कथाको सारवस्तु हो । यसका साथ साथै कथामा गरिब अर्थात् गरिखाने वर्गलाई खान लाउन मात्र गाह्रो नभएर उपचार गर्ने ठाउँमा समेत सिट छैन भनी उच्च वर्गले थिचो मिथो गर्छन् । गरिबका श्रीमती उपचार नपाई घरमै मर्नुपर्ने यथार्थ यस कथाको सारका रूपमा आएको छ । यस कथाको मुख्य पक्ष भनेकै वर्ग सङ्घर्ष हो । यस कथाको सारवस्तु प्रतीकात्मक रुपमा आएको छ भने जीवन सत्यका आधारमा शाश्वत किसिमको छ, यही सारवस्तुका आधारमा शीर्षक समेत सार्थक हुन्छ ।

## ६. भाषाशैली

भाषा अभिव्यक्तिको माध्यम हो । शैली प्रस्तुत गर्ने तरिका हो । 'लाश' कथाको भाषा सरल, सहज र स्वाभाविक छ । यस कथामा बाहुको बिहे देखाइदिनु, आँत छाम्नु, पोल्टा थाप्नु, चुरी फुरी बढ्नु, मुटुमा चिसो पस्नु जस्ता उखान टुक्काको प्रयोग गरिएको छ । जसले भाषालाई उत्कृष्ट तुल्याएको छ । प्रस्तुत कथामा इन्जिनियर, ओभरसियर, फोरम्यान, गगल्स, हैट, एकाउण्डेण्ट जस्ता अङ्ग्रजी शब्द, खुइचय, चाइँ-चुइँ, छाकरी, सोठ्याइहाल्नु, झोंक, तै घिच तेरा बाउको हिरिन, तेरीमा लाने लिंडा जस्ता झर्रा शब्दको प्रयोग गरिएको छ । केही ठाउँमा विहारी इन्जिनियरले आफ्नो भाषाको पनि प्रयोग गरेको देखिन्छ ।

"तुम लोग हमारे पाँव तलेका मिट्टी हो, सम्झा ? ज्यादा नेता गिरी देखाओगे तो खाल उतार लेंगे हराम जादे" (पृ. ३२) ।
थपिनी बज्यैको "काँ गाथिस् बुधे" (पृ. ३३) जस्तो स्वाभाविक भाषिक प्रयोग पनि देखिन्छ ।

प्रस्तुत कथाको शैली यथार्थवादी छ । यथार्थवादमा समाजवादी यथार्थवादको प्रयोग देखिन्छ । भाषामा वर्गीय छनक देखिन्छ । प्रस्तुत कथामा प्रयोग भएको भाषिक शिल्प र शैलीका दृष्टिले कथा सफल छ । यो कथा परिष्कारका दृष्टिले उत्कृष्ट किसिमको छ ।

## ३.९ 'गाउँको माया' कथाको विश्लेषण

'गाउँको माया' कथा पहिलो पटक २०४० सालमा "गरिमा" पत्रिकामा प्रकाशित भएको हो । प्रस्तुत कथा २०५२ सालमा **माछो माछो भ्यागुतो** कथा सङ्ग्रहभित्र सङ्गृहीत भई कथा सङ्ग्रहको आठौँ कथाका रूपमा प्रकाशित भएको छ ।

### १. कथानक

'गाउँको माया' कथाले गाउँ छोडेर बाहिर बस्ने मान्छेलाई गाउँको मायाले सताएको कुरालाई प्रस्तुत गरेको छ । गाउँ छाडी बाहिर अर्थात् सहरमा बस्दा गाउँघरका साथी सङ्गी त्यहाँको वातावरणको सम्झनाले आफूलाई मर्माहत पारेको र गाउँ जान विविध व्यवहारले कठिनाई उत्पन्न गरेको सन्दर्भलाई प्रस्तुत कथाले विषयवस्तु बनाएको छ । धेरै पटकको प्रयासपछि म पात्र (किसन) गाउँ फर्कन पाएको घटनाबाट कथानकको आरम्भ हुन्छ । गाउँ आउँदै गर्ने क्रममा बाटा भरी गाउँका साथीभाइहरूसँगको पूर्वकार्य सम्झन्छ । विगतको समयमा गाउँमा छँदा उनी गाउँघरका सम्पूर्ण कार्यका प्रत्यक्षदर्शी थिए । आज उनी यी सम्पूर्ण कुराबाट पृथक छन् जुन कुरा सम्झँदा उनलाई नरमाइलो लाग्छ । भाइको चिठ्ठीमा लेखिएको कुराले उनी आफ्नो गाउँमा पनि साँच्चै मान्छेहरू रहेछन् भन्ने कुरा सम्झन्छन् । यसरी विविध कुराहरू सम्झदै अघि बढ्ने क्रममा उनी गाउँको नजिक पुग्छन् । यसै समय उसलाई कसैले बोलाउँछ । बोलाउने मान्छे उनकै बालसखा परिछन हुन्छ र उसले हलो जोत्न

छोडी उनको नजिक आएर खुसीसाथ विभिन्न प्रश्नहरू गर्छ । यसै समय म पात्र आफ्नो लङ्गौटीया साथीसँगको विगत यसरी सम्भन्छ :

जमाना थियो म र  परिछन लङ्गौटिया यार थियौं । गाई चराउँथ्यौं सिजनमा बदाम, मकै चोरेर ओराहा खान्थ्यौं र गीत गाउँथ्यौं "गाई चरावाह टुअर टापर भै चरबाहा चोर, बकरी चरबाहा छिनर छानरताके चारू ओर ! ती दिनहरू धेरै पछाडि छुटिसके" (पृ. ३५) । गाउँमा तीन पार्टी भयो भन्ने परिछनको कुराले उनलाई झस्काउँछ । अनी उनले अङ्ग्रजीको डिभाइड एण्ड रूल भन्ने नियम सम्झन पुग्दछन् र तेस्रो पार्टीका बारेमा सोध्न पुग्छन् । श्रमिकहरूले आन्दोलन गरेका र त्यसको नेता फेकन र शनिचर भएका तिनीहरू पूँजिपति वर्गको प्रलोभनमा परी आन्दोलन टुङ्ग्याएको कुरा बताउँछ । ती अवसरवादी नेतालाई पूँजिपतिले पनि लोप्पा खुवाएकोले तेस्रो पार्टी खोलेर बसेको कुरा बताउँछ । यसबाट गाउँलेहरू अवसरवादी पार्टीबाट निस्केकोमा  राम्रै भएको तर एकता टुटेकोमा नराम्रो भएको बताउँछ । परिछनले "हामीले हिम्मत हार्नु हुँदैन । कम से कम अब हाम्रो पार्टीमा धोखेबाजहरू त रहेनन् कि" (पृ. ३७)  भनेबाट ऊ खुसी हुन्छ । तिमी जस्ता पढेलेखेका मान्छे गाउँमा नहुँदा मालिकहरूले एकलौटी रजाइँ गरेछन् भन्ने कुराले म पात्र मर्माहत हुन्छ । म पात्रले गाउँको इज्जत उठाउने भनेको निमीहरूको बाहुबलले नै हो भने पछि परिछनले म पात्रलाई तिमीसँग कुरा गरेर जित्न सकिदैन । यसपाली महावीरजीको झण्डाको मेलामा नाटक खेल्नको लागि गाउँको घटना समेटेर नाटक लेखिदिन आग्रह गरी फेरी भेट्ने बाचा सहित छुटिन्छन् । म पात्रका मनमा कसरी नाटक लेख्ने होला भन्ने सोच्दै घरतर्फ गएबाट कथानकको अन्त्य हुन्छ ।

प्रस्तुत 'गाउँको माया' कथाको आदि भागमा म पात्र धेरै पटकको प्रयासपछि घर जान पाएको घटना देखि विगतमा गाउँमा छँदाका घटनाहरू रहेका छन् । मध्य भागमा गाउँ नजिकै आएपछि परिछनले म पात्रलाई बोलाए देखि म पात्रले परिछनलाई तिमीहरू नै गाउँका इज्जत हौं भनेको घटना सम्म रहेको छ । अन्त्य भागमा परिछनले म पात्रलाई मेलामा खेल्नको लागि नाटक लेख्ने आग्रह गरेको र म पात्र पुनः भेट्ने वाचा सहित कसरी नाटक लेख्ने होला भन्ने बारेमा सोच्दै घरतर्फ गएको घटना रहेको

छ । यसरी आदि मध्य र अन्त्यको शृङ्खला मिलेकोले 'गाउँको माया' कथाको कथानक ढाँचा रैखिक प्रकारको छ ।

**२. चरित्र चित्रण**

'गाउँको माया' कथामा कार्यका आधारमा प्रमुख सहायक र गौण पात्र रहेका छन् । लिङ्गका आधारमा पुरुष र महिला, आवद्धताका आधारमा बद्ध र मुक्त, वर्गका आधारमा उच्च वर्ग र निम्न वर्गका पात्र रहेका छन् । म यस कथाको प्रमुख पात्र हो । परिछन सहायक पात्र हो । फेकन, शनिचर र भाई गौण पात्र हुन् ।

प्रमुख चरित्रका रूपमा देखापरेको म शिक्षित छ । समाज शोषणका कारण अघि बढ्न सकेको छैन भन्ने उनको विचार छ । शिक्षा प्राप्त गर्ने क्रममा बाहिर जानुपरे पनि उसलाई गाउँको असाध्यै माया छ । गाउँमा बस्न नपाएकोमा उनी दुःखी छन् । गाउँको सामान्य प्रगतिमा पनि उनी धेरै खुसी हुन्छन् । आफ्ना बालसखाहरूसँग गाउँका खराब प्रवृत्तिहरूसँग सङ्घर्ष गर्न नपाएको सम्झनाले परिछनको गुनासोले उनी अन्यन्तै मर्माहत बन्छन् । यद्यपी गाउँमा केही गरेर छोड्छु भन्ने प्रतिबद्धतामा कमी देखिन्छ । यो उनको चारित्रिक दुर्बलता भन्न सकिन्छ ।

प्रस्तुत कथामा परिछन सहायक पात्रका रूपमा उपस्थित छ । ऊ म (किसन) पात्रको बाल साखा हो । गाउँमा हलो जोती जीवन निर्वाह गर्ने श्रमजीवी पात्र हो, उसलाई गाउँको असाध्यै माया छ । मालिक विरूद्ध आन्दोलन गर्ने सङ्घर्षशील पात्रका रूपमा परिछन उपस्थित छ । फेकन र शनिचर अवसरवादी चरित्रका रूपमा उपस्थित छन् । सानो प्रलोभनमा परि आन्दोलन तुहाउने र स्वार्थपूर्ति नहुँदा नयाँ पार्टी गठन गर्ने बेइमानी चरित्र हुन् ।

'गाउँको माया' कथामा म पात्रको भाइ, बुधना, रामदरश, बखत बहादुर, आमा, बा, सुल्तान, डांकु, छिमेकी, परिछनको छोरो आदि चरित्र गौण रूपमा आएका छन् । यिनीहरूले कथानकलाई अगाडि बढाउन सहयोग गरेका छन् । यसरी हेर्दा प्रस्तुत कथा चरित्र चित्रणका दृष्टिले सफल रहेको छ ।

## ३. दृष्टिबिन्दु

'गाउँको माया' कथामा आन्तरिक केन्द्रीय दृष्टिबिन्दुको प्रयोग भएको छ । यस कथाको दृष्टिकेन्द्री पात्र 'म' अर्थात् किसन हो । प्रस्तुत कथा 'म' पात्रकै वरिपरि घुमेको छ । समाख्याता 'म' पात्रका रूपमा उपस्थित भई घर भन्दा बाहिर बस्दा गाउँको मायाले सताएको कुरा, बाल्यकालमा खेलेका घटना, आफुले पढेको तर अन्य साथीले पढ्न नपाएको कुरा, साथीसँग भेट हुँदा खुशी भएको, परिछनले नाटक लेखिदिन आग्रह गर्दा कसरी लेख्ने भन्ने कुरा सबै 'म' पात्र स्वयम्ले प्रस्तुत गरेकाले यस कथामा आन्तरिक केन्द्रीय दृष्टिबिन्दुको प्रयोग भएको छ ।

## ४. परिवेश

कथामा परिवेशले घटना घट्ने स्थान, समय र पाठकको मनोभावलाई बुझाउने गर्छ । 'गाउँको माया' कथाको परिवेश हेर्दा स्थानका रूपमा तराईको ग्रामीण समाज आएको छ । 'म' पात्र सहरबाट गाउँ फर्कदा परिछनसँग खेतमा भेट भएको स्थान, खोला आदि स्थानका रूपमा आएका छन् । समयको रूपमा पञ्चायतकालीन समाजमा मालिक वर्गले श्रमिक वर्गलाई गर्ने व्यवहार प्रस्तुत गरिएकाले २०३५-०४० सम्मको समय देखिन्छ । लामो समयको प्रयासपछि घरजान समय मिल्नु, बाल्यकालका घटना पूर्वस्मृतिका रूपमा सम्झनु, परिछनसँग खेतमा भेट भइ गफगाफ चल्नु, नाटक लेख्ने अभिभारा बोकी घरतर्फ जानु वातावरणका रूपमा आएका छन् । यसले गाउँ छोडेर बाहिर बसेका मान्छेलाई गाउँको मायाले कसरी सताउँछ भन्ने कुरा प्रस्तुत गरिएको छ ।

## ५. सारवस्तु

जन्मथलो छोड्दैमा गाउँको भलो चाहने व्यक्तिको मनमा गाउँप्रतिको माया हट्दैन भन्ने कुरालाई यस कथामा देखाउन खोजिएको छ । यस कथामा उपस्थित प्रमुख चरित्रको मनोविश्लेषण गर्दा यही कुरा प्रष्ट हुन्छ । गाउँको सम्झना लगातार आइरहनु, बाल्यकालका पूर्व स्मृतिले हरपल पछ्याइरहनु, परिछनको कुराले मर्माहत् बन्नु, गाउँको प्रगतिमा खुशी व्यक्त गर्नु जस्ता कुराहरूको उल्लेखले 'म' पात्रको

सोचाइ सहिरहेको  र हरेक युवाहरूले आफ्नो गाउँप्रति त्यस्तै असल धारणा राख्नु पर्ने सन्देश यस कथाले दिएको छ । त्यतिमात्र होइन परिछनलाई 'म' पात्रले माया गरेबाट हरेक शिक्षित युवाले श्रमजीवी वर्गप्रति स्नेह, ममता देखाउनु पर्छ किनकी श्रमले मात्र सिर्जनाको मुहान फुट्न सक्छ भन्ने वैचारिक सांस्कृतिक पक्षलाई स्पष्ट्याउने कुरा यस कथाको सारवस्तुका रूपमा आएको छ । समाज दुई वर्गमा विभाजित छ । हरेक शिक्षित वर्गले समाजमा रहेका उत्पीडित वर्गलाई सहयोग गर्नुपर्छ । श्रमिक वर्ग नै संसार निर्माणको हतियार हो, जसलाई सबैले आ-आफ्नो पक्षबाट सहयोगी भूमिका खेल्नुपर्छ भन्ने कुरा यस कथाको मूल सारवस्तु हो । प्रस्तुत कथाको सारवस्तु अभिधात्मक रूपमा आएको छ । जुन विधिका आधारमा प्रच्छन्न छ भने जीवनसत्यका आधारमा शाश्वत  रहेको छ ।

**६ .भाषाशैली**

भाषा अभिव्यक्तिको माध्यम हो । शैली प्रस्तुत गर्ने तरिका हो । प्रस्तुत 'गाउँको माया' कथाको भाषा सरल, सहज र बोधगम्य हुनुका साथै केही ठाउँमा मैथिली भाषाको प्रयोगले कतै-कतै नमजा जस्तो लागेको छ । यस कथामा प्रयोग भएका त्यस्ता मैथिली भाषाका साथै मैथिली लोक गीत पनि प्रयोग गरिएको छ, जुन यस प्रकार छ :

"गाई चरवाहा टुअर टापर भैं चरवाहा चोर । बकरी चरवाहा छिनर छानर, ताके चारू ओर" (पृ. ३५) ।

प्रस्तुत कथामा रबिनहुड, रिहर्सन, डिभाइड एण्ड रूल जस्ता अङ्ग्रेजी शब्द, लङ्गोटिया यार, ओराहा, जब उतरगए रण पे तो पिछे हट्ना  क्यौं ?, फूर्तिसे चाल बंढाके जस्ता मैथिली भाषा, कठै, खैर, खुट्याउनु, स्याँहाल जस्ता झर्रा शब्दको प्रयोगले कथालाई मनोरम बनाएको छ ।

"अरे के कुरा गर्छौ, सर्बत बिर्साउँछ यहाँको पानीले" (पृ.३६) ।
"किसुन भाइ यो दुई तीन बरसमा गाउँमा धेरै उथल पुथल भयो" (पृ. ३७) । जस्ता परिछनको भाषामा स्वाभाविकता देख्न सकिन्छ ।

प्रस्तुत कथाको शैली यथार्थवादी रहेको छ । समाजको यथार्थलाई यथार्थवादी किसिमले प्रस्तुत गरिएको छ । यसरी प्रस्तुत कथामा प्रयोग भएको भाषिक शिल्प र शैलीले कथालाई सफल तुल्याएको छ ।

## ३.१० 'हिरामन सादाको अठोट' कथाको विश्लेषण

'हिरामन सादाको अठोट' कथा पहिलो पटक २०४१ सालमा "लहर" पत्रिकामा प्रकाशित भएको हो । प्रस्तुत कथा २०५२ सालमा **माछो माछो भ्यागुतो** कथा सङ्ग्रहभित्र सङ्गृहीत भई कथा सङ्ग्रहको नवौ कथाका रूपमा प्रकाशित भएको छ ।

### १. कथानक

'हिरामन सादाको अठोट' कथाले जनकपुर अञ्चलको मध्य तराईमा बसोबास गर्ने मैथली समाजको उत्पीडन र त्यस विरूद्धको असफल विद्रोह र बनी आन्दोलन विषयवस्तुका रूपमा लिइएको छ । हिरामन सादा भोको पेटका कारणले सुत्दा निद्रा नपरेको घटनाबाट यस कथाको कथानक आरम्भ हुन्छ । छोरा छोरीलाई जनतन खान जुटाएर खुवाइ श्रीमान् श्रीमती आँगनमा पल्टिएका छन् । उनीहरूलाई निन्द्रा परेको छैन । हिरामन सादाको मनमा अघिल्लो दिनको घटना खेलिरहेको छ । पूर्वारी पोखरीको डिलमा बिसुनमा कापडको अगुवाइमा सभा बस्छ । त्यस सभाको मुख्य विषय पारिश्रमिक बढाउने बनी हड्तालको दिन तोक्ने हुन्छ । त्यसै विषयमा सभाबाट उठेर बनी हड्तालका बारेमा बिसुनमा कापड बोल्छ । हड्ताल धेरै दिन चले दुई चार दिन भोकै बस्न परेपनि बस्ने कुरा हुन्छ । हिरामन सादा हड्ताल गर्नु पूर्व घरै पिच्छे आधिसेर रकम उठाएर नेता चुनी रकम जिम्मा दिनुपर्ने कुरा गर्छ । केहीले सहमती जनाउँछन् । फेरी अर्को सभा बस्ने दिन तोक्छन् त्यही सभामा हड्तालको दिन तोकिन्छ । त्यसको नेता बिसुनमा कापड बन्छ । मजदुरले हड्ताल गर्ने थाहा पाएर मालिकले "खान नपाएर भोलिपल्टै आँशु झार्दै आउने छौ दैलो रूङ्न । देखौंला हामी पनि तिमीहरूको पाइन" (पृ. ४१) भनेर घुर्की लगाउँछन् । गाउँमा हड्ताल सुरू हुन्छ । रोप्न लागेको खेत बाँझै हुन्छ । मालिकहरू कामदार नपाएर रिसले चुर हुन्छन् । गाउँ गरिब दल र धनी दल गरी दुई भागमा विभाजित हुन्छ । मालिकहरू पराजित नागले

झैँ “यै गाउँमा मात्रै छन् र मजदुरहरू ! आजै रातारात मान्छे पठाएर पनि अर्को गाउँबाट ल्याउँला मजदुरहरू ; अनि देखौंला बाबुको विहे ............ । यही अढाई सेरका लागि बनिहारहरूको तँछाड मछाड छ घिचौला चार किलो” (पृ. ४१) भन्छन् । हड्तालको दोस्रो दिन अर्को गाउँका मजदुरलाई गाउँ छिर्न नदिने, आफूहरू कोही पनि काममा नजाने, गए दण्ड गर्ने कसम खान्छन् । त्यही दिनको साँझपख बनिहार र हड्तालको नेता बिसुनमा कापड चारपाँच जना सहित गायब हुन्छ । यस कुराले हिरामन सादाको मनमा विभिन्न तर्कना उठ्न थाल्छन् । “हाम्रो हारै भयो त ?” (पृ. ४२) भन्दै आफूहरूको गरिबको पीडालाई मनमा खेलाउँछन् । बनिहारलाई विश्वासघात गरेर गएको बिलटा माझीसँग उसको सवाल जवाफ हुन्छ । त्यसमा बिलटा माझीले “कति दिन सम्म स्वास्नी, छोरा छोरीको आँखामा आँशु हेरिरहुँ ............ ? (पृ. ४२) भनेर हिरामन सादालाई भन्छ । तेस्रो दिन काम रोक्न भनी बिलटा माझीकोमा जाँदा माझीले “जिन्दगी भर त हामी आँशु नै पिएर बाँचेका छौं । तिम्रा हाम्रा सन्तानले कहिले दूधको पोखरीमा पौडि खेले र ? फरक यत्ति हो आँशुको मात्रा धेर थोर ! जे सुकै भन हामी लाग्यौँ काममा” (पृ. ४२) भनेको सुनेपछि हिरामनलाई बिसुनमा कापडले काखी च्यापेछ, सबै मालिकको शरणमा परेछन् भन्ने लाग्छ । हिरामनले बिसुनमा कापडलाई बनिहार हड्तालको नेता बनाउँदा यो मान्छे स्वार्थी र विश्वासघाती छ भन्दा कसैले पत्ताएनन् नभन्दै आज त्यही भयो । हामी कहिले मान्छे बन्ने हो सधै यस्तै अन्याय हुन्छ । हिरामन सादाले “अहिले त्यसले गद्धार गऱ्यो र पो नत्र हाम्रो एकताले हाम्रो यो लडाइमा पक्कै पनि जित्थ्यौँ होला । फुट्न जति सजिलो छ जुट्न त्यति सजिलो त कहाँ हुन्छ र । आजै देखिहालियो नि । पख् ...., आँघु त कहाँ जाला र ......... !” (पृ. ४३) भनेर कोल्टे फर्कन्छ । एक फिनीक पनि ननिदाउँदै उज्यालो हुन्छ । बिहरीयाले बिसुनमा कापडले धोका दिएको कुरा भन्छ र हिरामन सादाले आफूले पहिले सजग गराएको तिमीहरूले नै मानेनौ भन्छ । अब बिसुनमा कापडलाई सभामा राखेर सजाय गर्ने, अर्कोपटक आफूहरूको जीत हुने गरी एकता गर्ने र अर्को सभा बस्ने सल्लाहबाट कथानकको अन्त्य हुन्छ ।

प्रस्तुत ‘हिरामन सादाको अठोट’ कथाको कथानक ढाँचा आदि मध्य र अन्त्यको शृङ्खला मिलेको छैन त्यसैले यस कथाको कथानक ढाँचा वृत्ताकारीय रहेको छ ।

## २. चरित्रचित्रण

‘हिरामन सादाको अठोट’ कथामा कार्यका आधारमा प्रमुख, सहायक र गौण चरित्र रहेका छन् । लिङ्गका आधारमा पुरुष र महिला, आबद्धताका आधारमा बद्ध र मुक्त, वर्गका आधारमा उच्च वर्ग र निम्न वर्गका चरित्र रहेका छन् । हिरामन सादा यस कथाको प्रमुख चरित्र हो । बिसुनमा कापड, बिहरिया, बिलटा माझी र मालिकहरू सहायक पात्रका रूपमा रहेका छन् । गाउँवाली र अन्य बनिहारहरू गौण चरित्रका रूपमा रहेका छन् । प्रस्तुत कथाको चरित्र निर्माण वर्गीय आधारमा गरिएको छ । यस कथामा गरिखाने वर्गमा हिरामन सादा, बिहरिया, बिलटा माझी, बिसुनमा कापड र अन्य मजदुरहरू रहेका छन् । बसी खाने वर्गमा मालिकहरू रहेका छन् ।

प्रमुख चरित्रका रूपमा देखा परेको हिरामन सादा गरिखाने वर्गको पक्षधर र सधै विचारलाई नत्याग्ने प्रतिबद्ध चरित्र हो । उसलाई आफ्नो वर्ग प्रति गर्व र आत्मविश्वास छ । बसी खाने धनी वर्गको हेपाइ र पिल्साइका विरूद्धमा एकजुट भएर लाग्ने हो भने उनीहरूलाई पराजित गर्न सकिन्छ भन्ने विश्वास उनमा देखिन्छ । उनले बिसुनमा कापडलाई समाजको अगाडि माफी मगाउने प्रतिबद्धता जाहेर गर्दछन् । बिसुनमाले धोका दिन्छ भन्ने उनलानई पहिलेदेखि शङ्का थियो र साथीहरूलाई पनि भनेका थिए । उनको कुरा कसैले पत्याएनन् । यसबाट उनलाई सामान्य व्यक्ति भए पनि दूरदर्शी मान्न सकिन्छ । आफ्नो जीतका लागि भोकै बस्न पनि तत्पर रहने, आफ्नो लक्ष्यमा अडिग रहने हिरामन सादा प्रमुख सत् चरित्र हो ।

प्रस्तुत कथामा बिसनुमा कापड सहायक चरित्रका रूपमा उपस्थित छ । ऊ अवसरबादी चरित्रका रूमपा देखा परेको छ । नेतृत्व गर्ने व्यक्ति कसरी व्यक्तिगत स्वार्थमा डुब्ने गर्छन् भन्ने कुरालाई सजीब रूपमा बिसुनमा कापडका चरित्रबाट देखाइको छ । अन्य बनियारहरूलाई साथ दिने आस देखाएर मालिकको खुट्टा ढोग्न जाने बिसुनमा कापड विश्वासघाति प्रवृत्ति भएको असत् चरित्र हो ।

'हिरामन सादाको अठोट' कथामा बिहरीया, बिलटा माझी सहायक चरित्र हुन् । उनीहरूले गरिखाने वर्गको पक्ष लिएका छन् । बिलटा माझी अरूको उक्साहटमा लागेर आफ्नो हैसियत विर्सने अवसरबादी चरित्र हो । बिहरीया मजदुर बर्गको पक्षमा लड्ने असल चरित्र हो । मालिकहरू बसी खाने वर्गको पक्षधर लिने असत् चरित्रका व्यक्ति हुन् । उनीहरूले गरिखाने वर्गलाई दबाउन सम्म दबाएका छन् । उनीहरूले गरिखाने वर्गको एकतालाई विभिन्न लोभ र लालच देखाई फुटाउने काम गर्छन् ।

गाउँवाली र अन्य बनिहारहरू गौण भूमिकामा आएका छन् । यिनीहरूले कथानकलाई अगाडि बढाउन सहयोग गरेका छन् । यसरी हेर्दा प्रस्तुत कथा चरित्र चित्रणका दृष्टिले सफल रहेको छ ।

### ३. दृष्टिबिन्दु

'हिरामन सादाको अठोट' कथा बाह्य सर्बदर्शी दृष्टिबिन्दुमा रचना भएको छ । यस कथाको दृष्टिकेन्द्री पात्र हिरामन सादा भए तापनि कथाका अन्य चरित्रमा पनि समाख्याताको ध्यान गएको छ । समाख्याता कथा बाहिरै बसी गाउँका मजदुर र मालिक वर्गका बीचमा भएको बर्गीय द्वन्द्व, मजदुर वर्गको आन्दोलन, आन्दोलनको नेता प्रलोभनमा परी आन्दोलन तुहाउने घटना सर्वज्ञाताका रूपमा प्रस्तुत गरेकाले प्रस्तुत कथामा बाह्य सर्वदर्शी दृष्टिबिन्दुको प्रयोग भएको छ ।

### ४. परिवेश

कथामा परिवेशले घटना घट्ने स्थान, समय र पाठकको मनोभावलाई बुझाउने गर्छ । 'हिरामन सादाको अठोट' कथाको परिवेश हेर्दा स्थानका रूपमा तराईको ग्रामीण समाज आएको छ । त्यसमा पनि मुसहर बस्ती, पूर्वारी खोला, हिरामन सादाको घर, चौतारो, खेत आदि स्थानका रूपमा आएका छन् । समयका रूपमा यो कथा लेखनको समय २०४१ तिर भएकाले पञ्चायत कालको समय देखिन्छ । आफ्नो ज्याला बढाउनु पर्ने माग राख्दै बनी हड्ताल सञ्चालन भएको, हड्तालको नेतृत्व लिएको मान्छे मालिकको जालमा पर्नु जस्ता घटनाले मजदुरहरू आन्दोलनमा

गएर पनि एकजुट हुन सक्दैनन् । जबसम्म मजदुरको एकता हुँन सक्दैन तबसम्म हक अधिकार पाइदैन भन्ने यथार्थ वातावरणका रूपमा आएको छ ।

## ५. सारवस्तु

बनी हड्तालालाई मुख्य विषयको रूपमा उठाएर मध्य तराईको मैथिली समाजमा भएको वर्गीय द्वन्द्वलाई प्रस्तुत कथाले चित्रण गरेको छ । नेपाली ग्रामीण समाजमा भएको श्रम शोषणलाई प्रस्तुत गर्दै त्यसले निम्त्याएको विद्रोहलाई यस कथाको सार मान्न सकिन्छ । समाजमा दुई वर्ग हुन्छन्, धनी र गरिब । धनी वर्गले गरिब वर्गमाथि श्रम शोषण गर्छन । त्यसको विरूद्ध गरिब वर्ग उठ्छन् तर गरिब वर्गमा एकता नहुन्जेल आफ्नो हक अधिकार प्राप्त गर्न सक्दैन भन्ने यथार्थ यस कथामा देखाउन खोजिएको छ । कुनै पनि कुरालाई बढी दबाउन खोज्यो भने त्यसले विद्रोह जन्माउछ भन्ने सैद्धान्तिक आधारलाई यसले प्रष्ट्याउन  खोजेको छ । यसरी समाजमा दुई वर्ग रहुन्जेल वर्गीय द्वन्द्व चलिरहन्छ भन्ने कुरा यस कथाको सारवस्तुका रूपमा आएको छ । प्रस्तुत कथाको सारवस्तु विधिका आधारमा प्रच्छन्न र जीवन सत्यका आधारमा शाश्वत किसिमको रहेको छ ।

## ६. भाषाशैली

भाषा अभिव्यक्तिको माध्यम हो । शैली प्रस्तुत गर्ने तरिका हो । प्रस्तुत कथाको भाषा सरल, सहज र बोधगम्य छ । यस कथामा बाबुको विहे देख्नु जस्तो टुक्का, येन केन प्रकारेण, त्वम् शरणम् गच्छामी जस्ता संस्कृत वाक्यको प्रयोग, भान्टाङ-भुन्टुङ, सबका फुर्ति ठण्डाराम, आघुँ, गाइँ गुइँ, काँ सुत्नु जस्ता स्वाभाविक भाषिक प्रयोग भएको देखिन्छ ।

प्रस्तुत कथाको शैली यथार्थवादी छ । यसरी प्रस्तुत कथामा प्रयोग भएको भाषिक शिल्प र शैलीले कथालाई सफल तुल्याएको छ ।

## ३.११ 'धुन्धकारीको अवसान' कथाको विश्लेषण

'धुन्धकारीको अवसान' कथा पहिलो पटक २०४१ सालमा 'गरिमा' पत्रिकामा प्रकाशित भएको हो । प्रस्तुत कथा २०५२ सालमा **माछो माछो भ्यागुतो** कथा सङ्ग्रहभित्र सङ्गृहीत भई कथा सङ्ग्रहको दशौं कथाका रूपमा प्रकाशित भएको छ ।

### १. कथानक

'धुन्धकारीको अवसान' कथाले स्वतः स्फूर्त रूपमा शोषणको विरोध गर्दै प्रतिरोधमा ओर्लेका जनताहरुको जनसङ्घर्षलाई आफ्नो मुख्य विषयवस्तु बनाएको छ । गाउँमा कलङ्कका रूपमा देखापरेका धुन्धकारीहरूको आतङ्क रहेको समाख्याताको कथनबाट कथानकको आरम्भ भएको छ । कोही पनि धुन्धकारीको विरोध गर्न सक्दैनन् । तिनै पवन, पङ्कज, परशु, पवित अनि पिताम्बर नामका धुन्धकारीहरू महावीरको झण्डाको मेला लागेको दिन माहिली घर्तिनीको पसलमा बसेर नानाथरीका फिल्मी संवाद "अब कहाँ जान्छ्यौ उम्केर मेरी प्रिये ।"(पृ.४०) भन्दै र विभिन्न हाउभाउ देखाउँदै तास खेलेका हुन्छन् । मेला झर्ने क्रममा मेला सकेर सुकिला र रङ्गीचरङ्गी भेषमा एक हुल गाउँका किशोरीहरू बिर्छाकी श्रीमती बुलकियाको नेतृत्वमा गीत गाउँदै घरतर्फ आउँदै गरेका हुन्छन् । त्यसै बखत तास खेलिरहेका पिताम्बरले अश्लील शब्दमा उनीहरूलाई छेडछाड गर्छ । बुलकियाले सहन नसकेर मुख छाड्छे । यसले धुन्धकारीहरूको अभिमानमा चोट पुग्छ र "के भनिस रे राँड ? मान्छे चिनेर बोलेस् !! बढ्ता बोलिस भने लात खालिस् रण्डी कहिंकी" (पृ.४९) भन्दै गाली गर्छन् र सबै सङ्गीहरूले रोक्न खोज्दा पनि निडर बुलकियाले सवालको जवाफ फर्काउन छाड्दिनन् । त्यसपछि घटनाले नयाँ मोड लिन्छ । पिताम्बरले बुलकियालाई केशमा समातेर लडाउँछ र भकुर्छ । बुलकियाको साथी देवी पनि उनीहरूको कब्जामा पर्छे । उनीहरूको आनीबानी थाहा पाउनेहरू कोही झगडा छुट्याउन आउँदैनन् । एकजना अपरिचित व्यक्तिले त्यो दृष्य सहन सक्दैनन् र सबैलाई सहयोग गर्न भन्छन् । एकै छिन पछि बिर्छासहितको बनिहारहरूको हुल माहुरीको गोलो झैं खनिन्छन् र सबैले ती पाँचजना धुन्धकारीहरूलाई बेस्सरी भकुर्छन् र पाता फर्काएर बाँध्छन् । "यिनलाई त

यति गरेर मात्र कहाँ पुग्छ र ? गुहु चटाएर टिन ठटाउदैं गाउँमा घुमाउनु पर्छ" (पृ. ५०) भनेर कसैले भन्छन् र गाउँ घुमाउने तरखर गर्न थाल्छन् । "त्यस दिन देखि उनीहरू घरबाट बाहिर निस्केनन् रे "(पृ.५०)  भन्दै गाउँमा कान्ति छरिएको र खुसीयाली छाएको घटना सँगै कथानकको अन्त्य हुन्छ ।

प्रस्तुत 'धुन्धकारीको अवसान' कथाको आदि भागमा धुन्धकारीले गाउँमा आतङ्क मच्चाएको समाख्याताको कथन देखि माहिली घर्तिनीको चियापसलमा बसेर तास खेलेको घटना सम्म रहेको छ । मध्य भागमा मेला सकेर किशोरीहरू घरतर्फ गीत गाउँदै आएको घटना देखि बुलकियामाथि धुनधकारीहरूले आक्रमण गरी उसको इज्जत लुटेको घटनासम्म रहेको छ । जुन कथाको चरमरूप हो । अन्त्य भागमा गाउँलेले धुन्धकारीलाई पाता फर्काएर पिटी गुहु चटाएर गाउँ घुमाएको र गाउँमा खुशीयाली छाएको घटना रहेको छ । यसरी आदि, मध्य र अन्त्यको शृङ्खला मिलेकाले प्रस्तुत कथाको कथानक ढाँचा रैखिक किसिमको छ ।

## २. चरित्रचित्रण

'धुन्धकारीको अवसान' कथामा कार्यका आधारमा प्रमुख, सहायक र गौण पात्र रहेका छन् । अनुकूलताका आधारमा अनकूल र  प्रतिकूल, आवद्धताका आधारमा बद्ध र मुक्त पात्र रहेका छन् । प्रस्तुत कथामा पात्र वा चरित्रहरू दुई वर्गीय प्रवृत्तिका छन् । कथाकारले पञ्चायती व्यवस्थाद्वारा पालित मण्डले चरित्रका रूपमा पाँचजना धुन्धकारीहरूलाई उभ्याएका छन् । जसको नेतृत्व पिताम्बरले गरेको छ । बुलकिया लगायत बिर्छा, देवी, अपरिचित मान्छे,अन्य बनिहारहरू सत्यको पक्षपाती निडर, अन्यायको विरोधी चरित्रको रूपमा देखाइएको छ र त्यसको नेतृत्व बुलकियाले गरेकी छ ।

धुन्धकारीहरू अथवा आफ्नो स्वार्थको निम्ति जस्तोसुकै कुकर्म गर्न पनि तम्तयार हुने अनैतिक, दुर्नामीहरू भनेर कथाकारले उनीहरूलाई पञ्चायती व्यवस्थाका मण्डले चरित्रको रूपमा उभ्याएका छन् । उनीहरू दिनभरी काम गर्ने ठगी ठगी खाई हिंड्ने, मान्छेलाई कुट्ने र मार्ने देखि लिएर गाउँका छोरी चेलीहरूको इज्जत

लुट्नसम्म पछि नपर्ने कुकर्मी, नैतिक हराम, गाउँलाई आतङ्कित तुल्याउने पाखण्डी चरित्रका रूपमा उपस्थित छन् । पसलमा उधारो खानु, पैसा नर्तिनु, गाउँको सर्वश्रेष्ठ व्यक्ति आफूहरूलाई ठान्नु, साँचो बोल्दा गुलाव रायलाई निर्घात पिट्नु, उनकी छोरीको इज्जत लुट्नु र बुलकियालाई अनेक थरी गाली गर्दै हात हाल्नुबाट उनीहरूको निकृष्ट, पतित चरित्र पुष्टि हुन्छ ।

बुलकिया प्रस्तुत कथाकी प्रतिनिधि चरित्रका रूपमा देखा परेकी छिन् । उनले उनीहरूको अर्थात् धुन्धकारीको खराब कामको डटेर सामना गरेबाट अन्याय, अत्याचार सहन नसक्ने साहसी र निडर चरित्रका रूपमा देखापरेकी छन् । त्यस्तै देवी, बिर्छा, अपरिचित लगायत बनिहारहरू बुलकियाका सहयोगी सत् पात्रका रूपमा उपस्थित छन् । यिनीहरूकै सङ्घर्षका कारण समाजमा रहेका धुन्धकारीहरूको अवसान सम्भव भएको छ ।

माइली घर्तिनी, उसका छोरीहरू, बुलकियाका साथी-सङ्गाती, दर्शकहरू गौण रूपमा उपस्थित चरित्र हुन् । यिनीहरूले कथामा गौण रूपमा भूमिका खेलेका छन् । यसरी प्रस्तुत कथामा आएका चरित्रहरूले विचार सम्प्रेषण र सारवस्तु प्रस्ट्याउने भूमिका सहज ढङ्गले गर्न सकेबाट कथा सफल देखिन्छ ।

### ३. दृष्टिबिन्दु

'धुन्धकारीको अवसान' कथामा समाख्याता कथा बाहिर बसेर सबैचरित्रतर्फ समान ध्यान दिएका छन् । धुन्धकारीहरूको क्रियाकलाप बुलकियामाथि गरेको आक्रमण, त्यसको प्रतिकार बिर्छा लगायत गाउँले बनिहारहरूद्वारा धुन्धकारीमाथि गरेको प्रतिरोध आदि घटनाहरू सर्वज्ञाताका रूपमा प्रस्तुत गरेकाले प्रस्तुत कथामा बाह्य सर्वदर्शी दृष्टिबिन्दुको प्रयोग भएको छ ।

### ४. परिवेश

कथामा परिवेशले घटना घट्ने स्थान, समय र पाठकको मनोभावलाई बुझाउने वातावरणको भूमिका खेल्छ । 'धुन्धकारीको अवसान' कथाको परिवेश हेर्दा स्थानका

रूपमा मध्य तराईको मैथिली समाज रहेको छ । त्यसमा माहिली घर्तिनीको चिया पसल, महावीरजीको भ्रूण्डा मेलाबाट फर्केको सडक र बनिहारहरूको गाउँ रहेको छ । समयका रूपमा कथा लेखनको समय २०४१ हुनु र पञ्चमण्डले आतङ्कको चर्चा गर्नुले पनि पञ्चायती व्यवस्थाकालीन समय नै आधिकारिक रूपमा आएको छ । त्यस समयमा मानवीय मूल्य र मान्यताको कुनै पहिचान थिएन । सत्ता, शक्ति र पैसाको आडमा मान्छे-मान्छे गनिदैनथे । प्रस्तुत कथामा चर्चा गरिएका पाँच जना धुन्धकारीहरू सधै घुमेर, तास खेलेर दिन बिताउँनु, अरूलाई ठगेर खानु, आफूलाई सधै गाउँको मालिक ठान्नु, गाउँका चेलीहरूमाथि जे गर्न मन लाग्छ त्यही गर्नु जस्ता वातावरणको निर्माणले माथिको कुरा पुष्टि हुन्छ । बुलकियाले उनीहरूको विरूद्धमा प्रतिरोध गर्नु जस्तो वातावरणले अन्यायको विरूद्धमा जनतामा चेतना उठ्दै गएको कुराको सङ्केत मिल्छ ।

यसरी यसमा निर्माण गरिएको परिवेश ले सारवस्तु अनुरूप भूमिका खेलेकोले उपयुक्त किसिमको परिवेशको छनौट भएको छ भन्न सकिन्छ ।

## ५. सारवस्तु

प्रस्तुत कथाले पञ्चायती व्यवस्थामा मण्डले आतङ्क थियो र त्यसको विरूद्धमा स्वत : स्फूर्त रूपमा प्रतिकार स्वरूप जनविद्रोह भएको थियो भन्ने यथार्थलाई उद्घाटन गरेको छ । शोषण र दमनले सीमानाघ्यो भने स्वाभाविक रूपमा स्वतन्त्रताप्रेमीहरू शोषण र दमनको विरूद्धमा ओर्लन्छन् भन्ने सैद्धान्तिक मान्यतालाई प्रस्तुत गरेको छ । नारीपात्र भए पनि बुलकियाले डटेर मण्डले प्रवृत्तिको विरोध गरेकी छिन् । यसर्थ आफ्नो अधिकारको निम्ति आफै उठ्न सक्नुपर्छ र समाज परिवर्तनमा नारीको पनि ठूलो भूमिका र जिम्मेवारी हुन्छ भन्ने कुरा प्रस्तुत कथाको सारका रूपमा आएको छ । केही सीमित स्वार्थी मान्छेहरूले खराव संस्कृतिलाई बढवा दिए पनि त्यो क्षणिक हुन्छ । अन्तत : असङ्ख्य श्रमिक वर्गकै जीत हुन्छ भन्ने यथार्थतालाई सङ्केत गरेको छ ।

यसरी बहुमतमा रहेका असङ्ख्य श्रमजीवी वर्ग सचेत भएको खण्डमा उनीहरूको विजय सुनिश्चित छ । यसलाई कसैले रोक्न सक्दैन । यसको निम्ति नारी पुरुष  दुबैको समान सहभागिताको आवश्यकता पर्दछ भन्ने कुरालाई दर्शाउनु नै यस कथाको मूल सारवस्तु हो । यस कथाको सारवस्तु अभिधात्मक रूपमा आएको छ । यो विधिका आधारमा प्रच्छन्न र जीवनसत्यका आधारमा शाश्वत किसिमको रहेको छ ।

### ६. भाषाशैली

भाषा अभिव्यक्तिको माध्यम हो । शैली प्रस्तुत गर्ने तरिका हो । सरल, सहज र बोधगम्य भाषाको प्रयोग गर्नु इस्मालीको महत्त्वपूर्ण विशेषता अन्तर्गत पर्दछ । प्रस्तुत कथामा वर्णनात्मक शैलीको प्रधान्य रहेको पाइन्छ । यस कथामा स्थापना गरिएका चरित्रहरूले समाजको यथार्थतालाई सरल र सहज ढङ्गबाट प्रस्तुत गर्न आफ्नो चरित्र अनुरूपको भाषाको प्रयोग गरिएको पाइन्छ  । प्रस्तुत कथामा बिरालाको घाँटीमा घण्टी झुण्ड्याउनु, महाभारत मच्चिनु, पाता फर्काउनु जस्ता उखान टुक्काको प्रयोग गरिएको छ । डेमोक्लिज, म्याट्रिक एप्पिर्ड बट फेल, डान, ब्लैकबेल्ट जस्ता अङ्ग्रेजी शब्दको प्रयोग हाउगुजी, बिचरो, चइन, राँड, रण्डी ,जस्ता झर्रा शब्दका साथै निगाहा, हरवारी पैना (बाँसको चिल्लो लट्ठी) जस्ता स्थानीय भाषिक प्रयोगले कथालाई मनोरम बनाएको छ ।

प्रस्तुत कथाको शैली वर्णनात्मक हुनुका साथै यथार्थवादी रहको छ । समग्रमा भाषाशैलीले कथानकको आरोह अवरोह र चरित्रको प्रस्तुतिलाई  चित्रण गर्न सफल रहेको छ ।

## ३.१२ 'सङ्कटबहादुर अर्थात् गङ्गालाल' कथाको विश्लेषण

'सङ्कटबहादुर अर्थात् गङ्गालाल' कथा पहिलो पटक २०४१ सालमा "झिस्मिसे" पत्रिकामा प्रकाशित भएको हो । प्रस्तुत कथा २०५२ सालमा **माछो माछो भ्यागुतो** कथा सङ्ग्रहभित्र सङ्गृहीत भई सङ्ग्रहको एघारौं कथामा रूपमा प्रकाशित भएको छ ।

## १. कथानक

'सङ्कटबहादुर अर्थात् गङ्गालाल' कथाले मूल रूपमा सन्तान लाभहुँदा पनि आर्थिक अभावका कारण गरिबहरू खुशी हुन सक्दैनन् बरू दुःखी हुन्छन् भन्ने मार्मिक प्रसङ्ग उल्लेख गर्दै रोग, भोग र पीडाले ग्रस्त शोषित वर्गमा विस्तारै गरिब हुनुका कारण थाहा हुँदै गएको विषयवस्तुलाई प्रस्तुत गरेको छ । 'म' पात्रले सङ्कटबहादुर अर्थात् गङ्गालाल नामक पात्रको पूर्वकार्यको सम्झना गरेबाट कथानकको आरम्भ हुन्छ । 'म' पात्रले पढाउन थालेको बेलामा "सर विकास भनेको जनताहरू झन झन गरिब हुँदै जानु हो ? अथवा विकास भनेको दिनभरी हाड छाला घोटेर काम गर्दा पनि एक मुठी खान नपाई भोक भोकै मर्नु हो ?" (पृ.५२) भनेर सङ्कटबहादुरले गरेको प्रश्नले ऊ देश र जनताप्रति सचेत हुने सम्भावना देखेको छ ।

सानै उमेरदेखि अलि विद्रोही स्वभाव भएकोले गाउँका मै हुँ भन्नेहरूको आँखाको  कसिङ्गरका रूपमा देखापरेको सङ्कटबहादुर एक दिन एक्कासी गाउँबाट हराउँछ, जसका कारण आमा बुबाहरू ज्यादै दुःखी हुन्छन् । महिना वर्षदिन कुर्दा पनि ऊ घर नफर्के पछि  आमा बाबुको स्मृतिबाट हट्दै जान्छ । चारवर्ष पछि औंसीको साँझमा ऊ टुप्लुक्क आइपुग्छ । जसबाट उसका आमा बुबा साह्रै खुशी हुन्छन् । रातभरि आमा बुबासँग गाउँको शोषण, अन्याय, अत्याचारका बारेमा कुरा गर्दा सङ्कटबहादुरले "बा ! गाउँमा, यो देशमा यो संसारमा यी कल्याणे जस्ता घोर पातकी पिशाचहरू रहेसम्म हामी नर्कबाट उम्कन सकोइनौं बा ! ती त हाम्रो रगत पिएर मोटाएका रहेछन् बा !"(पृ. ५४) भनेर गाउँमा शोषण भएको कुरा बताउँछ । त्यस्तै उसले आफू घुमेको ठाउँहरूको चर्चा गर्दछ र आफूले राम्रा मान्छेहरू भेटेको र आफू पनि त्यस्तै बन्ने कुरा गर्दछ । गाउँमा आइपुगेपछि उसले गाउँलेहरूलाई सचेत बनाउने कार्यमा लाग्छ, जसका कारण गाउँका मान्छेहरू अलिअलि सगबगाउँन थालेको चर्चाबाट कथानकको अन्त्य हुन्छ ।

प्रस्तुत कथानक सङ्कटबहादुर को स्मृतिबाट सुरूभई अन्त्य पनि भएकोले यसको आदि, मध्य र अन्त्यको शृङ्खला मिलेको छैन । त्यसकारण यस कथाको कथानक ढाँचा वृताकारीय प्रकारको छ ।

## २. चरित्रचित्रण

'सङ्कटबहादुर अर्थात् गङ्गालाल' कथामा कार्यका आधारमा प्रमुख, सहायक, र गौण पात्र रहेका छन् । आबद्धताका आधारमा बद्ध र मुक्त, वर्गका आधारमा उच्च वर्ग र निम्न वर्गका पात्र रहेका छन् । सङ्कटबहादुर अर्थात् गङ्गालाल प्रमुख चरित्रका रूपमा रहेका छन् । ऊ निम्न वर्गीय चरित्र हो । स्कुलमा नाटक खेल्दा गङ्गालालको चरित्र चित्रणमा राम्रो भूमिका निर्वाह गरेकाले उनलाई गङ्गालाल पनि भन्थे । उनी यस कथामा एक प्रगतिशील विचारधारा भएका सचेत चरित्रका रूपमा आएका छन् । सानैदेखि भिन्न र परिपक्व कुरा गर्ने उनको चरित्र देखिन्छ । आर्थिक अभावका कारण गहिरो प्रभाव परेका उनी शिक्षकलाई नै गाह्रो पर्ने गरी प्रश्न गर्न सक्ने क्षमता राख्दछन् । यसबाट उनी तीक्ष्ण बुद्धिका थिए भन्ने कुरा प्रस्टिन्छ । निम्न वर्गीय सङ्कटबहादुरले गाउँलेहरूलाई सचेत गर्ने कार्य गरेबाट उनी गरिब वर्गका अभिभावकका रूपमा देखा परेका छन् । सङ्कटबहादुर एक दिन अचानक बेपत्ता भएर आउँदा पूर्णतया वर्ग सचेत चरित्रका रूपमा देखापरेकाले उनी गतिशील चरित्रका रूपमा उपस्थित छन् ।

प्रस्तुत कथामा 'म' पात्र शिक्षित वर्गको प्रतिनिधित्व गरेको छ । म पात्र शिक्षकको जागिर खाएको छ । म पात्र समाख्याताका रूपमा उपस्थित भई सङ्कटबहादुर कै विचारद्वारा अभिप्रेरित सहयोगी चरित्र हो । यस कथामा कल्याण काजी उच्च वर्गको चरित्रका रूपमा उपस्थित छ । उसले गाउँका सोझा साझा जनतालाई शोषण गरेर माथि उठ्न नसक्ने गरी अन्यायमा पारेको छ । यस कथामा सङ्कटबहादुरका बुबा आमा उच्च वर्गबाट पिल्सिएका शोषित चरित्र हुन् । यिनीहरू प्रस्तुत कथामा गौण पात्रका रूपमा उपस्थित छन् । अन्य गौण पात्रमा विद्यार्थीहरू

गाउँले आएका छन् । यिनीहरूले कथालाई अगाडि ल्याउन सहयोग गरेका छन् । चरित्रचित्रणका दृष्टिले प्रस्तुत कथा सफल रहेको छ ।

### ३.दृष्टिबिन्दु

'सङ्कटबहादुर अर्थात् गङ्गालाल' कथामा समाख्याता 'म' पात्रका रूपमा उपस्थित भएर सङ्कटबहादुरको जन्मदेखि स्कुल पढ्दा सरलाई सोधेको प्रश्न, पैसाको अभावमा स्कुल छोड्नु परेको घटना, एक्कासी घर छाडेको, चारवर्षमा घर फिर्ता भएको, त्यसबीचमा सङ्कटबहादुरले धेरै कुरा सिकेको, घरमा आएर बुबा आमालाई सुनाएको र गाउँका निम्न वर्गका शोषित जनतालाई चेतना जगाएर सग्बगाउन थालेका घटना सङ्कटबहादुरका माध्यमबाट प्रस्तुत गरिएको छ । त्यसैले प्रस्तुत कथामा आन्तरिक परिधीय दृष्टिबिन्दुको प्रयोग भएको छ ।

### ४. परिवेश

कथामा परिवेशले घटना घट्ने स्थान, समय र पाठकको मनोभाव बुझाउने गर्छ । 'सङ्कटबहादुर अर्थात् गङ्गालाल' कथाको परिवेश हेर्दा स्थानको रूपमा ग्रामीण नेपाली समाज आएको छ । ग्रामीण नेपाली समाजको निम्न वर्गीय परिवार मुख्य स्थानका रूपमा देखापरेको छ । त्यस्तै सङ्कटबहादुरले पढ्ने स्कुल, गाउँ, खेत प्रस्तुत कथाको स्थानका रूपमा आएका छन् । समयका रूपमा कल्याण काजी जस्ता व्यक्तिको हाली मुहाली चल्नु र कथा लेखनको समय २०४१ हुनुले पञ्चायतकालीन समय आएको छ । वातावरणका रूपमा सुत्केरी अवस्थामा समेत आवश्यक पौष्टिक खान नसक्नाले अकालमै बच्चाको मृत्यु हुनु, सन्तान लाभले सन्ताप ल्याउनु जस्ता घटनाले ग्रामीण समाजको आर्थिक दुरावस्थालाई चित्रण गरिएको छ । त्यस्तै सङ्कटबहादुरको कुराले गाउँलेहरू सग्बलाउन थालेकोले मान्छे सधै अन्याय अत्याचार सहन सक्दैन । आफ्नो अधिकारको निम्ति लड्न तयार हुन्छन् भन्ने विचारात्मक कुरा आएको छ ।

## ५. सारवस्तु

'सङ्कटबहादुर अर्थात् गङ्गालाल' कथाले पञ्चायती व्यवस्थाको वास्तविक चरित्रको उद्घाटन गर्दै त्यसबेला गरिखाने वर्गहरू विविध अवसरबाट बञ्चित थिए र पछिल्लो चरणमा जनताहरू विस्तारै आफ्नो अधिकारका निम्ति सग्बगाएको यथार्थलाई प्रस्तुत गरेको छ । पञ्चायतकालमा ठुलाबडाहरूले सोझा साझा जनतामाथि अन्याय र अत्याचार गरेर उनीहरूको पसिना खाई मोटाएका थिए । विस्तारै जनताहरूमा चेतना जागेपछि त्यस्ता प्रवृत्तिले खुलेर विरोध गरे भन्ने कुरा प्रस्तुत कथाको सारवस्तुका रूपमा आएको छ । देश र जनताको सच्चाभक्त सङ्कटबहादुर जस्ता व्यक्तिले अवसर पाए भने देश कै निम्ति एउटा गौरव बन्न सक्छन् भन्ने तर्फ सङ्केत गर्दै आफ्नो हक अधिकारका निम्ति आफै लड्नु पर्छ अरू कसैले दिंदैन भन्ने कुरा प्रस्तुत कथाको सारवस्तु हो । यस कथाको शीर्षक समेत प्रमुख पात्रका नामबाट राखिएकोले उचित नै छ । प्रस्तुत कथाको सारवस्तु अभिधात्मक रूपमा आएको छ । यो विधिका आधारमा प्रच्छन्न र जीवन सत्यका आधारमा शाश्वत किसिमको रहेको छ ।

## ६. भाषाशैली

भाषा अभिव्यक्तिको माध्यम हो । शैली प्रस्तुत गर्ने तरिका हो । प्रस्तुत कथाको भाषा व्यङ्ग्यात्मकताका साथै सरल, सहज र बोधगम्य किसिमको छ । यस कथामा सङ्कटबहादुरले शिक्षकसँग अर्थात् 'म' पात्रसँग सोधेको प्रश्नमा व्यङ्ग्य रहेको छ, जुन यस प्रकार छ :

"सर विकास भनेको जनताहरू झन् झन् गरिब हुँदै जानु हो ? अथवा विकास भनेको दिनभरी हाड छाला घोटेर काम गर्दा पनि एक मुठी खान नपाई  भोक भोकै मर्नु हो ?" (पृ. ५२) । प्रस्तुत कथामा "इख नभएको मान्छे र बिख नभएको सर्प के काम ?" (पृ. ५४) जस्तो उखानको प्रयोग गरिएको छ । यस कथामा बनिबुतो, सही सलामत, बाटो तताउनु जस्ता शब्दले कथालाई उत्कृष्ट बनाएको छ । यसमा धत् लाटा, छट्टु छुटाइदियाथ्यौं, भाग्या हो, काँ लाला र ? जस्ता स्वाभाविक भाषिक प्रयोगका साथै

मुरादहरू, बुहार्तन, घुर ताप्नु, बात मार्नु जस्ता स्थानीय भाषिक रूपको समेत प्रयोग गरिएको छ ।

प्रस्तुत कथाको शैली वर्णनात्मक किसिमको छ । यसलाई यथार्थ किसिमले प्रस्तुत गरिएको छ । यस कथामा पात्र अनुकूल भाषा शैलीको प्रयोग गरिएकोले कथा सफल बनेको छ ।

## ३.१३ 'मङ्सिरको अनिकाल' कथाको विश्लेषण

'मङ्सिरको अनिकाल' कथा पहिलो पटक २०४२ सालमा "कालीको छाल" पत्रिकामा प्रकाशित भएको हो । प्रस्तुत कथा २०५२ सालमा 'माछो माछो भ्यागुतो' कथा सङ्ग्रहभित्र सङ्गृहीत भई कथा सङ्ग्रहको बाह्रौं कथाका रूपमा प्रकाशित भएको छ ।

### १. कथानक

'मङ्सिरको अनिकाल' कथाले मध्य तराईको ग्रामीण भेगका जनताले अनिकालको बेलामा भोग्नु परेको समस्यामूलक यथार्थलाई आफ्नो मुख्य विषयवस्तु बनाएको छ । मङ्सिरको बाली भित्र्याउने समयमा मुसहर टोलका श्रमिक सबै आ-आफ्नो काममा व्यस्त हुन्छन् । एक दिन पनि  खाली नबसीकन आफूलाई मन लागेको साहू महाजनकोमा काम गर्थे भन्ने पुरानो कुराको स्मृतिबाट यस कथाको कथानक आरम्भ हुन्छ । यस पाली सिजनमा पानी नपरेकोले सबै मजदुरहरू चिन्तित छन् । धान फल्ने खेतमा धाँजा मात्र फाटेका छन् । उनीहरू यसपाली व्यस्त छैनन् । मुस्किलले साताको एक पटक मात्र काम पाउँछन् । अरू समय घुर तापेर बसिरहेका हुन्छन् । कसैले पनि काम पाएका छैनन् । पोहोर पह्रारको जस्तो उत्साह उनीहरूमा छैन । अल्लाह रूदल, गोनु झा आदिका विभिन्न गीत र कथा भनेर उनीहरूको दिनचर्या चलिरहेको छ । साहुहरू पनि गमक्क पर्छन् र उनीहरूलाई काममा बोलाउँदैनन् । सबै मजदुर र उनका परिवार भोका छन् । त्यसै समयमा सुखिचन सादाले बिर्छा गुवारको कटनीको कुरा सुनाउँछ । एक दिन भए पनि काम पाउने आशामा सबै खुसी हुन्छन् । भोको पेटमा निन्द्रा नपरेकोले उज्यालो कतिखेर हुन्छ  र

कटनी गर्न जाने भन्ने आशमा बस्छन् । सोही समयमा “जिल्लामा चावल, गेहुँ आएको छ रे गरिब गुरूवालाई बाँड्ने भनेर” (पृ. ५८) विहारी सादाले भन्छ । अनि सबै खुसी हुन्छन् । सधैं जसो गरिबलाई बाँड्न भनेर आएको सहयोग पञ्च भलाद्मीले खाएको कुरा थाहा पाउँछन् । यस विरूद्धमा लाग्न गाउँ एक जुट हुनु पर्ने कुरा गर्छन् र गाउँका साहूलाई ठिक पार्ने कुरा गर्छन् । गाउँमा एउटा मात्र नभएर धेरै गरिबमारा भएको कुरा हुन्छ । यस्तैमा रामवृक्ष रायको खेतमा दुई जनालाई बाँधेर पल्टाउँछन् र धान काटेर आ-आफ्नो घरमा लैजान्छन् । रामवृक्ष खेतमा आउँदा दुई जनालाई लडाएर अठार बीस जनाको समूहले धान काटेर लगेको थाहा पाउँछ र “साले .... बेटी हो बाबु ! कि देखै छ । डाँका पर गेलै डाँका” (पृ. ६०) भन्दै लाचार रामवृक्ष थाप्लोमा हात राख्दै बस्छ । सुखिचनले “सुर्ता नमान विहरिया, रामवृक्ष जस्ता अरू पनि छन् एक दुई दिनको ढिलो चाँडो हो” (पृ. ६०) भनेको घटनाबाट कथानकको अन्त्य हुन्छ ।

प्रस्तुत कथा सिलसिलेबार रूपमा आदि मध्य र अन्त्यको शृङ्खला नमिलेकोले यस कथाको कथानक ढाँचा वृत्ताकारीय प्रकारको रहेको छ ।

### २. चरित्रचित्रण

‘मङ्सिरको अनिकाल’ कथामा कार्यका आधारमा प्रमुख, सहायक र गौण चरित्र रहेका छन् । आवद्धताका आधारमा बद्ध र मुक्त चरित्र छन् भने वर्गका आधारमा उच्च वर्गीय र निम्न वर्गीय चरित्र रहेका छन् । प्रस्तुत कथामा दुई विपरीत धुव्रका चरित्रहरूको निर्माण गरिएको छ । यसमा चरित्र चित्रणको सन्दर्भबाट हेर्दा सुखिचन सादा, बिहरिया लगायत सम्पूर्ण बनिहारहरू श्रमजीवी वर्गको प्रतिनिधि चरित्रका रूपमा देखा परेका छन् भने रामवृक्ष राय, बिर्छा आदि धनी वर्गको रूपमा देखा परेका छन् ।

प्रस्तुत कथामा आएको सुखिचन सादा प्रमुख चरित्र हो । ऊ बनिहार टोलीको परिपक्व वर्गीय चिन्तन द्वारा सचेत चरित्रका रूपमा आएको छ । उसकै नेतृत्वमा खडेरीमा काम नपाएर मर्न लागेका बनिहारहरूले रामवृक्षको धान काटी ल्याइ आफ्नो जीवन बचाएका छन् । यसबाट खान नपाएर मर्नु भन्दा श्रमिकको श्रमबाट धनाढ्य

भएकाहरूको धन लुटी खानु अपराध हुँदैन भन्ने मान्यताबाट सुखिचन सादा अभिप्रेरित भएको देखिन्छ । उसकै देनबाट सम्पूर्ण मुसहर टोलका बुढादेखि बालकसम्मले एक छाक खान पाएर जीवनको सास धाने । यो क्रम निरन्तर बढाउनु पर्ने सुखिचनको कुराबाट अधिकार खोसेर मात्र प्राप्त हुन्छ भन्ने कुरा स्पष्ट हुन्छ ।

रामवृक्ष राय शोषक चरित्रका रूपमा यस कथामा देखा परेको छ । यद्यपि उसले प्रत्यक्ष शोषण गरेको कुरा कथामा थाहा नभए पनि सुखिचनले उसको बारेमा बताएबाट ऊ शोषक हो भन्ने कुरा थाहा हुन्छ । ऊ यस कथामा त्यति सशक्त चरित्रका रूपमा देखा परेको छैन । बिर्छा पनि शोषक वर्गकै चरित्रका रूपमा उपस्थित भएको छ । उसको लगानी धेरै ठाउँमा छ । अड्डा अदालतमा उसैको भनसुन चल्छ । यसरी हेर्दा बिर्छा पनि यस कथामा सशक्त रूपमा उपस्थित नभए पनि रामवृक्षकै प्रवृत्तिको रहेको छ ।

प्रस्तुत कथामा रामदरशको छोरो कलेज पढ्ने शिक्षित चरित्र हो । उसले गाउँका गरिबहरूलाई भनेर आएको अन्नको बारेमा जानकारी दिई आन्दोलन गर्न लगाउने सचेत चरित्र हो । त्यस्तै अन्य गौण चरित्रमा गाउँवाली र अन्य बनिहार टोलीका सदस्यहरू रहेका छन् । ती सम्पूर्ण चरित्रले आ-आफ्नो स्थानमा आएर ठिक भूमिका निर्वाह गर्न सकेकोले चरित्र चित्रणका दृष्टिले प्रस्तुत कथा सफल रहेको छ ।

**३. दृष्टिबिन्दु**

'मङ्सिरको अनिकाल' कथामा समाख्याता कथा बाहिर बसेर कथाका चरित्रहरूको बारेमा सम्पूर्ण जानकारी दिने काम गरेका छन् । मुसहर बस्तीमा काम नपाएर बसेका बनिहार टोलीको नेतृत्व लिएका सुखिचन र त्यसका अन्य सदस्यहरूका साथै सम्पूर्ण चरित्रमा समाख्याताको ध्यान गएको छ । त्यसैले प्रस्तुत कथामा बाह्य सर्वदर्शी दृष्टिबिन्दुको प्रयोग भएको छ ।

## ४. परिवेश

कथामा परिवेशले घटना घट्ने स्थान, समय र पाठकको मनोभावलाई बुझाउने गर्छ । 'मङ्सिरको अनिकाल' कथाको परिवेश हेर्दा स्थानका रूपमा तराईको ग्रामीण मुसहर बस्ती आएको छ । त्यसमा पनि रातमा घुर तापेर बसेको स्थान र रामवृक्ष रायको खेत मुख्य रूपमा आएको छ । रामवृक्ष राय र बिर्छा जस्ताको शोषण, दमन र कथा लेखनको समय २०४२ रहेकोले पञ्चायत कालीन समय देखा परेको छ । खडेरीको कारण प्रशस्त अन्न उत्पादन नभएर मजदुरहरू खान नपाई मर्नु पर्ने अवस्थामा मजदुरकै हाड छाला घोटेर उत्पादन भएको रामवृक्ष राय जस्ताको धान लुट्नु पर्ने अवस्था सिर्जना भएको घटना वातावरणका रूपमा आएको छ । प्रस्तुत कथामा प्रयोग भएको परिवेशले सारवस्तु स्पष्ट्याउन सफल भएको छ ।

## ५. सारवस्तु

'मङ्सिरको अनिकाल' कथाले भोकमरीलाई मुख्य विषयका रूपमा उठाएको छ । तराईको ग्रामीण मैथिली समाजको मुसहर बस्ती भाकमरीले आक्रान्त पारेको कुरालाई दर्शाउँदै त्यसले निम्त्याएको अवस्थालाई यथार्थपरक ढङ्गले प्रस्तुत गरेको पाइन्छ । जिन्दगी भर काम गर्दा पनि कोहीले खान नपाउने, कोही त्यही गरिखाने वर्गको श्रम खाएर सधैँ मोजमस्ती गर्ने र यस्तै वर्ग समाजमा सम्मानित भई रहने परम्परा सधैँ रहिरहन सक्दैन भन्ने तर्फ पनि यसले सङ्केत गर्दै श्रमजीवी वर्ग भोको पेट हात बाँधेर बस्न सक्दैन सक्दो सहन्छ तर सीमा नाघेपछि बाँच्नको निम्ति जे पनि गर्न सक्छन् भन्ने यथार्थ यस  कथाको सारवस्तुका रूपमा आएको छ ।

'मङ्सिरको अनिकाल' कथाको सारवस्तु अभिधात्मक रूपमा आएको छ । यो विधिका आधारमा प्रच्छन्न र जीवनसत्यका आधारमा शाश्वत किसिमको रहेको छ ।

## ६. भाषाशैली

भाषा अभिव्यक्तिको माध्यम हो । शैली प्रस्तुत गर्ने तरिका हो । प्रस्तुत 'मङ्सिरको अनिकाल' कथाको भाषा सरल, सहज किसिमको छ । यसमा कहीँ कहीँ

स्थानीय भाषिक प्रयोगका साथै उखान टुक्काको प्रयोग पनि देखिन्छ । नहुनु भन्दा कानो मामा निको ! (पृ. ५६), चोर माथि चकार लाग्नु (पृ. ६०) जस्ता उखान टुक्काको प्रयोग भएको छ । पेटमा भोक छ, छातीमा शोक छ । गाउँमा काम छैन, भान्सामा माम छैन जस्तो भाषिक प्रयोगले कथामा मिठास थपेको छ । किस्सा कहँदै, घुर ताप्नु, पूर्वारी चौरी, दाना पानी गायब, बैठलसे बेगारी अच्छा, गेहुँ, चावल, सहजोग, धक्का दो, डाँका पर गेलै, साले बेटी जस्ता तराईको स्थानीय भाषिक प्रयोगले कथामा कुनै निश्चित स्थानको सङ्केत मिल्छ ।

प्रस्तुत कथाको शैली संवादात्मक किसिमको छ । संवदात्मक शैली यथार्थपरक किसिमले प्रस्तुत गरिएको छ । यस कथामा पात्र अनुकूलको भाषिक प्रयोगले कथालाई सफल तुल्याएको छ ।

## ३.१४ 'गिरधारीलाल' कथाको विश्लेषण

'गिरधारीलाल' कथा पहिलो पटक २०४३ सालमा "उत्साह" पत्रिकामा प्रकाशित भएको हो । प्रस्तुत कथा २०५२ सालमा **माछो माछो भ्यागुतो** कथा सङ्ग्रहभित्र सङ्गृहीत भई कथा सङ्ग्रहको तेह्रौं कथाका रूपमा प्रकाशित भएको छ ।

### १. कथानक

'गिरधारीलाल' कथाले शिक्षकको दयनीय अवस्था र पञ्चायती व्यवस्था विरोधी आन्दोलनमा सक्रिय हुने व्यक्तिले भोग्नुपरेको जेलजीवनलाई आफ्नो विषयवस्तु बनाएको छ । आन्दोलनको नेतृत्व गर्ने विद्रोहीको रूपमा समातिएको ऊ अर्थात् सङ्ग्राम नामक चरित्रले जेलको पर्खालभित्र उसको पहिलेको साथी देवप्रसाद जेलमा भेट्न आएको र भूल स्वीकार गरेको पूर्व स्मृतिको घटनाबाट यस कथाको कथानक आरम्भ हुन्छ । देवप्रसाद ऊ र अन्य साथीहरूसँगै जेलमा परेका हुन्छन् । देव र ऊ पात्रलाई सँगै जेलबाट लाने क्रममा बर्दीधारी प्रहरीहरूले पोखरीनेर पुगेपछि सन्ध्या कर्ममा लाग्ने अनुमति दिन्छन् । अरू जान्छन् । ऊ सन्ध्याकर्म नगरी पोखरीको डिलमा बसेर आफुलाई शिक्षा दिएका गुरू गिरधारीलालको पूर्वस्मृतिमा हराउँछ । बद्रीधारीले उसलाई कहाँ लाँदैथिए थाहा छैन । उनलाई सोध्दा इन्सपेक्टरले चुपचाप हामीसँग

हिँड्नुहोस भन्थ्यो । उसको मन मस्तिष्कमा गिरधारीलाल श्री वास्तव मात्र आइरहे । सबैलाई शिक्षादिने गुरूसँग आफूमर्दा कात्रो किन्ने पैसा थिएन । उनकी श्रीमतीले 'ऊ' पात्रलाई "सङ्ग्राम बाबु पाँचहाते सेतो कपडाको बन्दोबस्त मिलाइदिनुस" (पृ.६२) भन्दै आफ्नो गरिबीको पीडा बिसाएकी थिइन । गिरधारीलाल उसका पनि गुरू थिए । गिरधारीलालले समाजमा एउटा प्राइमरी स्कुल स्थापना गरेका थिए । त्यसको नाम गाउँको शोषक जगतबहादुरले श्री जगत प्राइमरी स्कूल राखेको थियो । त्यही स्कूलमा आफूले गरेको सबै मेहनत लगाएर गाउँका सबैलाई शिक्षा दिएथे र आफ्ना जहान पाल्ने गर्दथे । आज आएर उनका छोरीहरूलाई जगतबहादुरले आफ्ना नाति नातिनालाई ट्युसन पढाउन राखेको थियो भने जहान उधारो घडेरीको मोल तिर्न भात भान्सा गर्थिन् । जुन गुरूका कारणले आज उनका शिष्य मान्छे बनेका छन् तर उनको परिवार भान्से बनेको कुरा सङ्ग्रामले सम्भन्छ । छिमेकमा मालपोत अड्डाको पियनले समेत अवकाश प्राप्त गरेर निवृत्तभरण पाएर बसेको छ तर गिरधारीलालले गाउँको लागि मरिमेटी शिक्षा दिएर मर्दा समेत कात्रो पाउँदैनन् । गिरधारीलालको जहानलाई भेटेर गुरूमा केही सहयोग गर्नु पर्छ भनी ऊ पात्रले सोध्छ तर उनले सहयोग चाहिंदैन तपाइँको सहयोगमा कति दिन बाँच्न सकिन्छ र तपाइँ पनि त्यही लिकमा हिंड्नु भएको छ, हाम्रो जस्तो विजोग नहोस् भन्छिन् । यसरी ऊ पात्रको मानसपटलमा आफ्नो प्रिय गुरूको मृत्युको क्षण नाचिरहन्छ । त्यही पीडाले ऊ र समाजका अन्य मान्छेहरूले "हामी पनि हरियो वर्तमान र भरिलो भविष्य चाहन्छौं" (पृ. ६५) भनेर एकजुट भएका थिए । त्यही कारणले ऊ पात्रलाई पनि जेल पुऱ्याइएको छ । त्यसबेला उसलाई देवप्रसादले साथ नदिएको देखेर साह्रै रिस उठ्थ्यो र भन्थ्यो "देवप्रसाद जी कतै पाइयो भने दुई चार पैसाको विवेक किनेर खानुस है" (पृ.६५) । ऊ पात्रले घरिघरि गिरधारीलालको लाश सम्भिरहेको थियो । यत्तिकैमा रामबहादुर जसलाई उसले जेलमै चिनेथ्यो । उसले पत्रिका ल्याएर दिन्छ र भन्छ "आन्दोलन विविध रूपमा अघि बढ्दै रै छ । हाम्रो समर्थनमा विद्यार्थी र जनताहरू पनि बोल्न थालेछन्" (पृ. ६५) । यतिकैमा उसले पत्रिका हातमा लिएर पढ्न थालेको घटनाबाट कथानकको अन्त्य हुन्छ ।

प्रस्तुत 'गिरधारीलाल' कथाको कथानक सिलसिलेवार रूपमा आदि, मध्य र अन्त्यको शृङ्खला नमिलेकोले वृताकारीय ढाँचाको रहेको छ ।

## २. चरित्र चित्रण

'गिरधारीलाल' कथामा कार्यका आधारमा प्रमुख सहायक र गौण चरित्र रहेका छन् । आबद्धताका आधारमा बद्ध र मुक्त चरित्र छन् भने वर्गका आधारमा उच्च वर्ग र निम्न वर्गका चरित्र रहेका छन् । यस कथामा प्रमुख चरित्रका रूपमा गिरधारीलाल र ऊ आएका छन् । सहायक चरित्रका रूपमा देवप्रसाद आएको छ भने गौण चरित्रका रूपमा बर्दीधारी पुलिस, रामबहादुर, गिरधारीलालकी श्रीमती र छोरीहरू जगतबहादुर सिंह र ऊ पात्रका साथीहरू आएका छन् । गिरधारीलाल निम्न वर्गीय चरित्रको प्रतिनिधि हो भने जगतबहादुर उच्च वर्गीय चरित्रको प्रतिनिधि हो ।

गिरधारीलाल प्रस्तुत कथाको प्रमुख चरित्र हो । ऊ निम्न वर्गीय शिक्षित चरित्रका रूपमा उपस्थित छ । गाउँमा आएर स्कुल स्थापना गरी त्यही स्कुलमा विना पारिश्रमिक अध्यापन गराउने समाजसेवी गिरधारीलाल दुई छोरीका बाबु हुन् । उनले धेरैलाई शिक्षा दिएर मान्छे बनाएका छन् । उनका शिष्यहरू कोही नेता, कोही सरकारी कार्यालयमा हाकिम त कोही शिक्षक नै बनेका छन् तर उनी आफू मर्दा समेत पाँचहाते कात्रो किन्न नसक्ने दयनीय चरित्रका रूपमा देखापरेका छन् । कथाको शीर्षक पनि यिनकै नामबाट राखिएकोले यिनलाई प्रमुख चरित्र मान्न सकिन्छ ।

ऊ अर्थात् सङ्ग्रामबहादुर प्रस्तुत कथाको अर्को प्रमुख चरित्र हो । ऊ निम्न वर्गको प्रतिनिधित्वगर्ने सचेत चरित्र हो । गुरुमालाई सहयोग गर्न खोजेबाट उसमा सहयोगी प्रवृत्ति देख्न सकिन्छ । गुरुमालाई सहयोग गर्न अग्रसर हुनु, गुरुको सत्कर्मले उसलाई अघि बढ्न उत्प्रेरित गर्नु जस्ता कुराबाट ऊ चिन्तनशील र संवेदनशील चरित्रका रूपमा देखापरेको छ । पञ्चायती व्यवस्था विरूद्धको सङ्घर्षमा ऊ अग्रपङ्तिमा देखिन्छ र देवप्रसादले जसरी कबुलियतनामा गरेर नछुटेबाट उनी निडर साहसी र कर्तव्यनिष्ठ देखिन्छ । ऊ समयको माग अनुसार परिवर्तन भएको हुँदा गतिशील चरित्र हो ।

प्रस्तुत कथामा देवप्रसाद सहायक चरित्र हो । ऊ अवसरवादी देखिन्छ । आन्दोलनमा पक्रिसकेपछि कबुलियतनामा गरेर छुट्ने आन्दोलनबाट पछि हटेको चरित्र हो । ऊ पछि सङ्ग्रामसँग माफी मागेकोले उसले गल्ती स्वीकार गरेको छ । त्यस्तै जगतबहादुर उच्च वर्गीय चरित्र हो । गिरधारीलालले आफ्नो बलबुतामा स्कुलको स्थापना गरेपनि आफ्नो नामबाट स्कुलको नामाकरण गर्छ । गिरधारीलालको मृत्युपछि उनका जहान र छोरीहरूलाई घरमा काम लगाउने गर्छ । यसरी हेर्दा ऊ शोषक वर्गको चरित्र हो ।

यस कथामा गिरधारीलालकी श्रीमती र उनका छोरीहरू, रामबहादुर, बर्दीधारी पुलिसहरू गौण भूमिकामा आएका छन् । यसरी यस कथामा आएका चरित्रहरूको निर्माणबाट कथा सफल भएको छ ।

### ३. दृष्टिबिन्दु

'गिरधारीलाल' कथामा समाख्याता कथाभन्दा बाहिर बसी कथा भित्रका चरित्रहरूको व्याख्या गरेकोले बाह्य सर्वदर्शी दृष्टिबिन्दुको प्रयोग भएको छ । यस कथामा गिरधारीलाल, ऊ अर्थात् सङ्ग्रामबहादुर, देवप्रसाद आदिका क्रियाकलापमा समाख्याताको ध्यान गएको छ । यिनीहरूको बारेमा सम्पूर्ण सूचना दिने काम समाख्याताले बाहिर बसी गरेका छन् ।

### ४. परिवेश

कथामा परिवेश घटना घट्ने स्थान, समय र पाठकको मनोभावनालाई बुझाउने गर्छ । पाठकको मनोभावलाई वातावरण पनि भनिन्छ । 'गिरधारीलाल' कथाको परिवेश हेर्दा स्थानका रूपमा तराईको ग्रामीण क्षेत्र आएको छ । समयका रूपमा सत्ताको विरोध गर्दा जेल चलान भएको जगतबहादुर जस्ता शोषकको चित्रण र कथा लेखनको समय २०४३ सालमा भएकोले पञ्चायतकालीन समय देखापरेको छ । प्रस्तुत कथाले पञ्चायतकालीन समयमा शिक्षाको ज्योति छरी चेतना फैलाउने शिक्षकको अवस्था कस्तो थियो भन्ने कुरा वातावरणका रूपमा आएको छ । जिन्दगीभर गाउँमा शिक्षाको ज्योति फैलाउने शिक्षक मर्दा कात्रोसम्म नपाउँदाको दयनीय

अवस्थाको विसङ्गति विरूद्ध सङ्ग्राम जस्ता युवाहरू अघि बढ्नु परेको अवस्था प्रस्तुत कथाको परिवेशको रूपमा आएको छ । परिवेश दृष्टिले इस्मालीको 'गिरधारीलाल' कथा यथार्थलाई प्रस्तुत गर्न सफल रहेको  उत्कृष्ट कथा हो ।

## ५. सारवस्तु

'गिरधारीलाल' कथाले पञ्चायतकालीन समयमा चेतना फैलाउने व्यक्तिको दुर्दशालाई मुख्य विषय बनाएको छ । गाउँ गाउँमा शिक्षाको ज्योति फैलाउँदै हिंड्ने गिरधारीलाल जस्ता व्यक्ति बाँचुञ्जेल त दुःख पाए मर्दा समेत कात्रो नपाउने दयनीय अवस्था यस कथमा चित्रण गरिएको छ । निरङ्कुश पञ्चायती व्यवस्थाको विरोध गर्ने सङ्ग्रामहरू जेल चलान भएका छन् । यसबाट हेर्दा सत्ताको विरोध गर्ने र चेतना फैलाउने व्यक्तिलाई शासक वर्गले खान लगाउन नदिई छटपटाई मार्ने अवस्थामा पुऱ्याउँथे भन्ने कुरा प्रस्तुत कथाको सारवस्तुका रूपमा आएको छ ।

प्रस्तुत कथाको सारवस्तु प्रतीकात्मक रूपमा आएको छ । यो विधिका आधारमा प्रच्छन्न र जीवनसत्यका आधारमा शाश्वत किसिमको रहेको छ ।

## ६. भाषाशैली

भाषा अभिव्यक्तिको माध्यम हो । शैली प्रसतुत गर्ने तरिका हो । 'गिरधारीलाल' कथाको भाषा सरल, सहज र सम्प्रेषणीय छ । प्रस्तुत कथामा प्राइमरी, इन्सपेक्टर जस्ता अङ्ग्रेजी शब्द निर्बन्ध राम गति देह सुमति जस्ता संस्कृत शब्दको प्रयोग भएको छ । यी शब्दको प्रयोगले भाषालाई कठिन बनाएको छैन बरू मनोरम बनाएको छ । प्रस्तुत कथामा "देवप्रसाद जी कतै पाइयो भने दुई चार पैसाको विवेक किनेर खानुस है" (पृ. ६५) जस्तो व्यङ्ग्य पनि देख्न सकिन्छ ।

प्रस्तुत कथा वर्णनात्मक शैलीमा रचना भएको छ । ऊ पात्रको वर्णनका साथै पूर्वस्मृतिका घटनाहरू पनि आएका छन् । यी घटनाहरू यथार्थपरक रूपमा चित्रण गरिएको छ । निष्कर्षमा गिरधारीलाल कथाको भाषिक शिल्प र शैलीको प्रयोग सफल रहेको छ ।

## ३.१५ 'घर' कथाको विश्लेषण

'घर' कथा पहिलो पटक २०४२ सालमा "वेदना" पत्रिकामा प्रकाशित भएको हो । प्रस्तुत कथा २०५२ सालमा 'माछो माछो भ्यागुतो' कथा सङ्ग्रहभित्र सङ्गृहीत भई कथा सङ्ग्रहको चौधौं कथाका रूपमा प्रकाशित भएको छ ।

### १. कथानक

'घर' कथाले बाढीले घर खेत लगेपछि सहरमा विस्थापित हुन बाध्य र सहरमा धेरै वर्ष जागिर खाएर पनि घर बनाउन नसकेको, श्रीमतीले सधैंभरि घर बनाउन नसक्दा कचकच गरेको कुरालाई मुख्य विषयवस्तु बनाएको छ । ऊ पात्र बाटोमा हिँड्दै गर्दा संयोगवस आफ्नो स्कुले साथीसँग भेट भएपछिको कुराकानीबाट यस कथाको कथानक आरम्भ हुन्छ ।

ऊ पात्रलाई उसको स्कुले साथीले स्कुल पढाउने त जागिरै होइन । "खेतीमा तरकारी, नोकरीमा सरकारी, पेशामा व्यापारी" (पृ. ६६) हुनु पो राम्रो भन्छ । ऊ पात्रको चाहना र जिन्दगीभरको सपना "एउटा सुन्दर घर होस् तर त्यसको साँध नहोस्, आफन्तहरू होऊन तर वैरीहरू नहोऊन, सबै हाम्रो होस् तर तेरो मेरो नहोस्" (पृ. ६७) भन्ने मात्र हुन्छ । उसले जतिसुकै मेहनत गरे पनि घर बनाउन सकेको छैन उसलाई श्रीमतीले "घर नबनाउने ? घर कहिले बनाउने" (पृ. ६७) भनेर सधैं कचकच गरिरहन्छे । उसले आफ्नो एउटा सुन्दर घर बनाउने चाहनामा गाउँका छिमेकीहरू आसाम हिँडेका र फेरी आसामबाट नेपालमै लखेटिएको देखिरहेको छ । ऊ पात्र फर्केर गाउँ जान सक्दैन । त्यहाँ उसका न त आफन्त छन्,  न त घर कोही पनि छैनन् । मन मनमा अनेक कुरा खेलाउँदै ऊ पात्र डेरामा पुग्दा घरपतिको छिमेकी सँधियारसँग जग्गा मिच्यो भनेर झगडा परेको छ । उसलाई झगडामा तटस्थ बसेको आरोपमा डेरा सर्न घरपतिले भन्छ । उसकी श्रीमतीले घर नबनाउने भन्ने प्रश्न गर्दा दराजबाट एउटा सुन्दर नक्शा झिकेर "हेर यी यस्तो हुनेछ हाम्रो घर ! यसको कुनै साँध छैन, त्यसैले झै झगडा पनि हुने छैन, जो हुनेछन् ती हाम्रा इष्टमित्र हुनेछन्, वैरी कोही रहने छैनन्" (पृ. ६९) भन्छ । यस्तो घर बनाउन निकै कठिन हुन्छ । यसमा

श्रीमतीको साथको आवश्यकता रहेको भन्छ । यस कार्यले श्रीमती खुसी हुँदै नक्शा हेर्न थालेको घटनाबाट कथानकको अन्त्य भएको छ ।

प्रस्तुत 'घर' कथाको आदि भागमा ऊ पात्र बाटोमा हिँड्दै गर्दा बाटोमा स्कुले साथीसँग भेट भएको घटनादेखि एउटा सुन्दर घर बनाउने चाहना रहेका छन् । मध्य भागमा जतिसुकै मेहनत गरे पनि घर बनाउन नसकेको घटनादेखि घरपतिले सँधियारसँगको झगडामा तटस्थ बसेको आरोपमा डेरा सर्न भनेको घटनासम्म रहेको छ । अन्त्य भागमा श्रीमतीले घर बनाउने होइन भन्ने प्रश्न गर्दा दराजबाट एउटा सुन्दर नक्शा निकालेर आफ्नो सुन्दर घरको कल्पना तयार पार्छ । यसबाट उसकी श्रीमती खुसी भएको घटना रहेको छ । यसरी घर कथामा आदि, मध्य र अन्त्यको शृङ्खला मिलेकोले रैखिक कथानक ढाँचा रहेको छ ।

## २. चरित्र चित्रण

'घर' कथामा कार्यका आधारमा प्रमुख, सहायक र गौण चरित्र रहेका छन् । आबद्धताका आधारमा बद्ध र मुक्त, वर्गका आधारमा उच्च वर्ग र निम्न वर्ग रहेका छन् । यस कथामा ऊ, चरित्र प्रमुख भूमिकामा उपस्थित भएको छ । सहायक चरित्रमा श्रीमती रहेकी छ भने गौण चरित्रमा स्कुले साथी किशोरी महतो, घरपति, घरपतिको सँधियार, आसामबाट फर्केका नेपाली  रहेका छन् ।

प्रस्तुत 'घर' कथामा ऊ शिक्षक पेशा अङ्गालेको प्रमुख चरित्र हो । शिक्षक जस्तो पेशालाई पेशा मान्न तयार नभएको देख्दा ऊ खिन्न छ । ऊ सहरमा डेरा बस्नु पर्ने बाध्यता, त्यसमा श्रीमतीको घर बनाउनु पर्ने कचकच र घरपतिले आफ्नो पक्षमा नलागेको भन्दै डेरा छोड्न बाध्य बनाएको दुःखी चरित्र हो । ऊ वर्तमानको घर झगडाको घर हो । यस्तो घर निर्माणले समाज रूपान्तरित हुँदैन, त्यसैले कहीँकतै साँध सीमाना नभएको घर निर्माणका लागि जीवन भर लागि परेको साम्यवादी चरित्र हो । साँध सीमाना नभएको , तेरो मेरो  नभई हाम्रो भन्ने भावना भएको, कोही वैरी नभई सबै इष्टमित्र भएको घर बनाउन चाहने ऊ साम्यवादी सोँच भएको वर्गीय चरित्र हो ।

प्रस्तुत 'घर' कथामा सहायक चरित्रमा ऊ चरित्रकी श्रीमती आएकी छ । ऊ आफ्नो पतिलाई जीवनभर एउटा घर चाहिन्छ भनेर कचकच गरिरहने यथास्थितिबाट माथि उठ्न नसकेकी चरित्रका रूपमा उपस्थित भएकी छ । त्यस्तै स्कुले साथी किशोरी महतो, आसामबाट लखेटिएर आएका मानिस, घरपति, घरपतिको सँधियार गौण भूमिकाका रूपमा देखा परेका छन् । घरपति आफ्नो पक्षमा कुरा नगरेको भन्दै घरबाट सर्न बाध्य  तुल्याउने सामन्तवादी प्रवृत्ति भएको स्वार्थी चरित्र हो ।

यसरी सामन्ती संस्कारबाट निर्मित घर होइन सामम्यवादी संस्कारको घर निर्माणमा सबैले जोड दिनुपर्छ भन्ने सन्देश दिनका लागि चरित्रहरू सफल देखिन्छन् ।

## ३. दृष्टिबिन्दु

'घर' कथामा समाख्याता कथा बाहिर बसेर कथा भित्रका चरित्रहरूको घटनाका बारेमा सूचना दिने काम गरेका छन् । यस कथाको दृष्टिकेन्द्री चरित्रका रूपमा ऊ आएको छ । यसै ऊ चरित्रका माध्यमबाट समाख्याताले कथा बाहिरैबाट कथानकलाई अगाडि बढाएकोले प्रस्तुत कथामा बाह्य सीमित दृष्टिबिन्दुको प्रयोग भएको छ ।

## ४. परिवेश

कथामा परिवेशले घटना घट्ने स्थान समय र पाठकको मनोभावलाई बुझाउने गर्छ । पाठकको मनोभावलाई वातावरण पनि भनिन्छ । 'घर' कथाको परिवेश हेर्दा सहरीया स्थान आएको छ । त्यसमा ऊ चरित्र बस्ने घर र त्यसको कोठा आएको छ । समयका रूपमा पेशाको लागि सहरतिर भौंतारिनु पर्ने अवस्था देखाइएको छ । यसबाट गाउँमा विकास नभइसकेको समय आएको छ । वातावरणका रूपमा मध्यम वर्गीय मान्छेले घर निर्माण गर्न नसकेको वर्तमान अवस्थामा समाजवादको वा साम्यवादको स्थापना पछि मात्र गरिबहरूका घरहरू निर्माण हुन सक्छन् भन्ने वातावरण यस कथामा प्रस्तुत भएको छ ।

### ५. सारवस्तु

प्रस्तुत कथाले सहरमा मान्छेहरू बाध्यताका कारण घर बहालमा बस्न परेको हुन्छ भन्ने विषयलाई प्रस्तुत गरेको छ । अबको घर निर्माण भनेको तेरो मेरो भावना नभएको, झगडा नपर्ने घर हो भन्ने साम्यवादी सोचाइलाई प्रस्तुत गर्नु यस कथाको सारवस्तु हो । आज तेरो र मेरो भन्ने सङ्कुचित भावनाका कारण समाज बिग्रहतर्फ उन्मुख भइरहेको छ । भौतिक वस्तुको मोहका कारण मानवीय मूल्य र मान्यतामा ह्रास भइरहेको छ । सामान्य एउटा घर निर्माण सम्बन्धी कुराले श्रीमान् श्रीमती बीचमा मन मुटाव बढेको छ । त्यसैले समाजलाई विग्रह गर्ने तर्फ होइन सबै मिले बस्न सक्ने मानवीय भावना फैलाउन एक हुनु पर्ने साम्यवादी विचार प्रस्तुत गर्नु नै यस कथाको मूल सारवस्तु हो ।

प्रस्तुत कथाको सारवस्तु अभिधात्मक रूपमा आएको छ । यो विधिका आधारमा प्रच्छन्न र जीवन सत्यका आधारमा शाश्वत किसिमको रहेको छ ।

### ६. भाषाशैली

भाषा अभिव्यक्तिको माध्यम हो भने शैली प्रस्तुत गर्ने तरिका हो । यस कथाको भाषा सरल, सहज र बोधगम्य छ । यस कथामा वर्णनात्मकका साथै संवादात्मक शैलीको प्रयोग गरिएको छ । समाख्याताले वर्णनात्मक रूपमा कथालाई अगाडि बढाउने क्रममा चरित्रहरू जस्तै : ऊ र उसकी श्रीमती, ऊ र आसामबाट लखेटिएर आएका मान्छेका बीचमा संवादको प्रयोग गरिएको छ । पात्र अनुकूलको भाषा शैलीको प्रयोगले कथालाई सजीव तुल्याएको छ ।

## ३.१६ 'विडम्बना' कथाको विश्लेषण

'विडम्बना' कथा पहिलो पटक २०४३ सालमा "गरीमा" पत्रिकामा प्रकाशित भएको हो । प्रस्तुत कथा २०५२ सालमा **माछो माछो भ्यागुतो** कथा सङ्ग्रहभित्र सङ्गृहीत भई कथा सङ्ग्रहको पन्ध्रौं अर्थात् अन्तिम कथाका रूपमा प्रकाशित भएको छ ।

## १. कथानक

'विडम्बना' कथाले हिन्दु, मुसलवानको धार्मिक साम्प्रदायिक युद्ध र त्यसले निम्त्याएको भेदभावलाई मुख्य विषयवस्तु बनाएको छ ।  टोलको इनारमा पानी भर्न जम्मा भएका आइमाई सँग गाउँवालीले पर्सावाली मरेको कुरा गरेबाट कथानकको आरम्भ भएको छ । पर्सावाली मरेपछि केही समय सहानुभूति जनाइन्छ, त्यसपछि आफै सेलाउँछ ।

पर्साको मुसलमान बस्तीमा जन्मेकी पर्सावाली सिया वा सुन्नी के थिई कसैलाई थाहा हुँदैन । उसको सानैमा विवाह भएकाले गाउँका सबै चीज छाडेर नौलो मान्छेका साथ आएकी हुन्छे । गाउँ हिन्दु र मुसलमान गरी दुई भागमा बाँडिएर भयावह त्रासदी भोगिरहेको छ । दशैंको समयमा हिन्दुहरू दुर्गाको मूर्ति बनाई मेला चलाउँछन् । मुसलमान दाहा बनाएर मेला चलाउँछन् । दुवै धर्मावलम्बीले वर्षौंदेखि हाटलाग्ने गरेको ठाउँमा मेला देखाउने तयारीमा रहन्छन् । हिन्दुले मुसलमानको दाहा हेर्न नचाहने, मुसलमानले हिन्दुको दुर्गा पूजा हेर्न नचाहने हुँदा हाट साम्प्रदायिक सङ्घर्षको स्थान बन्दछ । प्रत्येकले आ-आफ्नो घरबाट लट्ठी, भाला, बञ्चरो र कोदाली लिएर लड्छन् । त्यहाँ रगतको खोलो बग्छ, धेरै हिन्दु र मुसलमान मारिन्छन् । त्यही लडाईमा पर्सावालीको लोग्ने पनि मरेको थियो । धेरैले त्यसलाई लडाईमा मरेकोले जन्नत (स्वर्ग) पुग्यो भन्थे तर पर्सावालीलाई उसको मियाँ (खसम) जन्नत वा जहन्नुम (नर्क) कहाँ पुग्यो थाहा भएन । उक्त लडाईमा न हिन्दुको जीत भयो न मुसलमानको जीत भयो । त्यसपछि पर्सावाली नितात्न एक्ली बन्छे । "श्रम नगर्नेहरू हिन्दु मुलमान जे भए पनि एक हुन सक्छन् भने श्रम गर्नेहरू पनि जुनसुकै सम्प्रदायका भए पनि एक हुनुमा मानज जातिको कल्याण छ । हामीले यो कुरा बुझिदिएनौ र गलत कुराका लागि ज्यान गुमायौं" (पृ. ७२) । त्यसैले उसको मृत्यु सार्थक भएन भनेर पर्सावलीलाई साह्रै चिन्ता लाग्छ । उसले गाउँलेहरूले गर्ने स्वर्ग र नर्क, हिन्दु र मुसलमानका कुरामा विश्वास गर्न छाडी सकेकी छे । उसको गाउँमा इन्कलाबीहरू पसेका हुन्छन् । उनीहरूलाई पर्सावालीले माया गर्छे तर मान्छेका आँखामा हिँसाको प्रेत नाचिरहेकोमा खेद प्रकट गर्दछे । उसले यो भाग दौडमा "मान्छे आफ्नो वर्गसँग घातप्रतिघात गरिरहेछ" (पृ.

७३) भन्छे  आफ्नो माइती देश पर्सामा फर्किन्छे । त्यहाँ न त उसको माइती हुन्छ न पर्सा नै हुन्छ  त्यहाँ ताहिर टोल हुन्छ । पर्सावाली टेक्ने धर्ती र समाउने हाँगो नपाएर वल्लो पल्लो गाउँ चहार्न थाल्छे । अनि जीवीकाको लागि आफ्नो पीडा सुनाउँदै घर-घरका जुठा भाँडा माझ्ने र गाउँका सुत्केरी स्याहार्ने गर्न थाल्छे । उसले त्यो अन्धकार ठाउँमा कुनै पनि जाति, धर्म,  वर्ग, वर्ण, आदि केही पनि छेकवार नराखी सेवा गर्न थाल्छे । त्यो गाउँको लागि पर्सावाली फ्लोरेन्स नाइटिङ्गेल जस्तै बनेकी छ । समयक्रम सँगै गाउँवालीको उमेर ढल्दै आएपछि महिनौ दिन थलामा परेर  उसको मृत्यु हुन्छ । उसको लास उठाउन हिन्दु र मुसलमान कसैले मान्दैनन् । मुसलमानले हिन्दुको जुठो पुरो खाएकी र हिन्दुले मुसलमान भनेर उसको लास वेवारिसे अवस्थामा छोड्छन् । यही समयमा रेडियोबाट मुलुकी ऐन दिवसको शुभ मुर्हतको सन्देश व्यक्त घन्किरहेको घटनाबाट कथानकको अन्त्य हुन्छ ।

प्रस्तुत कथाको कथानक पर्सावलीको मृत्युबाट सुरूभई बीचमा उसको मृत्यु भन्दा अगाडिको घटना आएको र अन्त्यमा फेरी पर्सावालीको लाश वेवारीस अवस्थामा छोडिएको घटना रहेको छ । यसरी आदि, मध्य र अन्त्यको सिलसिलेवार शृङ्खला नमिलेकोले यस कथाको कथानक ढाँचा वृताकारीय रहेको छ ।

## २. चरित्रचित्रण

'विडम्बना' कथामा कार्यका आधारमा प्रमुख, सहायक र गौण चरित्र रहेका छन् । आबद्धताका आधारमा बद्ध र मुक्त, लिङ्गका आधारमा  पुरुष  र महिला, गतिशीलताका आधारमा गतिशील र गतिहीन, वर्गका आधारमा उच्च वर्ग र निम्न वर्गका चरित्र रहेका छन् । यस कथाको प्रमुख चरित्रका रूपमा पर्सावाली आएकी छ । ऊ निम्न वर्गीय सांस्कृतिक रूपमा सचेत चरित्र हो । सहायक चरित्रका रूपमा हिन्दु र मुस्लिम धर्मावलम्बिहरू र गौण चरित्रका रूपमा गाउँवाली, गाउँवालीको देवर र हनिफ रहेका छन् ।

पर्सावाली यस कथाकी प्रमुख चरित्र हो । ऊ निम्न वर्गीय महिला चरित्र हो । पर्सावाली साम्प्रदायिक घेराबाट माथि उठेकी अनपढ भए पनि चेतनशील छे । गाउँमा

मानवलाई मानवको व्यवहार नगरी, धर्मका नाममा मुसलमान र हिन्दुले आपसमा गरेको लडाईंबाट पर्सावाली असन्तुष्ट छे । स्वर्ग र नर्क मान्छेको सोचाईको विभेद हो भन्ने र छुट्याउन सक्ने उ सचेत चरित्र हो । उसले समाजका सबै व्यक्तिलाई कुनै भेदभाव नराखेर सेवा गरे पनि मरेपछि उसको लाश बेवारिस अवस्थामा रहेको छ । त्यसैले ऊ धर्मको नाममा शिकार बनेकी चरित्र हो ।

प्रस्तुत 'विडम्बना' कथामा हिन्दु र मुसलमान धर्मावलम्बीहरू सहायक चरित्रका रूपमा उपस्थित छन् । यिनीहरू एकले अर्काको धार्मिक कार्यक्रम स्वीकार गर्न सक्दैनन् । यसबाट उनीहरू धार्मिक घेराबाट माथि उठ्न नसकेको देखिन्छ । एक अर्को धर्मावलम्बीको अस्तित्त्व स्वीकार गर्न नसकेकाले सम्प्रदायिक युद्ध हुँदा धेरैले ज्यान गुमाउँछन् । त्यही युद्धमा पर्सावालीको मियाँले पनि ज्यान गुमाउँछन् । यसरी हेर्दा यिनीहरू धार्मिक आडम्बरी चरित्रका रूपमा देखिन्छन् । त्यस्तै अन्य चरित्रका रूपमा गाउँवाली इनारमा पानी भर्ने आइमाइ पञ्चभलाद्मी आएका छन् । यिनले कथामा गौण भूमिका खेलेका छन् । प्रस्तुत कथामा आएका चरित्रहरूले कथा अनुरूप उपयुक्त भूमिका खेल्न सफल देखिन्छन् ।

## ३. दृष्टिबिन्दु

'विडम्बना' कथामा समाख्यात कथा बाहिर बसी कथानकको वर्णन गरेका छन् । यस कथाकी दृष्टिकेन्द्री चरित्र पर्सावली हो । पर्सावालीको जीवनमा घटेका घटनाहरूलाई समाख्याताले सूचना दिने काम गरेकाले यस कथामा बाह्य सीमित दृष्टिबिन्दुको प्रयोग भएको छ ।

## ४. परिवेश

कथामा परिवेशले घटना घट्ने स्थान समय र पाठकको मनोभावलाई बुझाउने गर्छ । पाठकको मनोभावलाई वातावरण पनि भनिन्छ । 'विडम्बना' कथाको परिवेश हेर्दा स्थानका रूपमा पर्सा र दशगजा आएको छ । त्यसमा पर्सावालीको माइती गाउँ, मेला लाग्ने हाट मुख्य स्थानका रूपमा चित्रण गरिएको छ । समयका रूपमा हिन्दु र मुसलमान समुदायका बीच भड्किएको द्वन्द्वको समय आएको छ । त्यसमा पनि साउन

देखि दशैंसम्मको समय चित्रण गरिएको छ । मानव मानव भएर पनि हिन्दु र मुसलमानको साम्प्रदायिक झगडा हुन्छ । उक्त झगडामा मृत्यु हुनु, पर्सावाली जातीय घेराबाट माथि उठी मानव सेवामा लाग्नु, ऊ मर्दा लाश वेवारीसे हुनु जस्ता घटना वातावरणको रूपमा आएका छन् ।

## ५. सारवस्तु

धर्म अफिम हो भन्ने मार्क्सवादी दार्शनिक आधारलाई साम्प्रदायिक सन्दर्भबाट पुष्टि गर्नु यस कथाको मुख्य पक्ष हो । नेपालको सिमाना नजिक भएको साम्प्रदायिक झगडामा पर्सावालीको श्रीमान्को मृत्युका साथै अन्य धेरैको ज्यान जान्छ, पछि माइती गाउँ पर्सामा आएर हिन्दु मुसलमान जे सुकै भए पनि आफूले सकेसम्म गाउँलेहरूको सेवा गर्छे । तर ऊ मर्दाखेरी साम्प्रदायिक वाहानामा लाश उठाउन कोही पनि तयार नभएबाट माथिको कथा पुष्टि हुन्छ । यसरी साम्प्रदायिक भेदभाव एउटा भ्रम हो । सम्पूर्ण मानवको सेवा गर्नु नै मानवीय कर्तव्य हो भन्ने कुरा प्रस्तुत कथाको सारवस्तु हो ।

प्रस्तुत 'विडम्बना' कथाको सारवस्तु प्रतीकात्मक रूपमा आएको छ । यो विधिका आधारमा प्रच्छन्न र जीवनकसत्यका आधारमा शाश्वत किसिमको छ ।

## ६. भाषाशैली

भाषा अभिव्यक्तिको माध्यम हो । शैली प्रस्तुत गर्ने तरिका हो । 'विडम्बना' कथाको भाषा सरल, सहज र  बोधगम्य छ । यसमा चरित्र अनुरूपकै भाषा प्रयोग गरिएकाले कथानकलाई उर्जा थपेको छ । यस कथामा हिन्दु र मुसलमान धर्मसँग सम्बन्धित केही शब्दहरूको प्रयोग भएको छ । त्यस्ता शब्दहरूमा मस्जिद, कुरान, मौलवी, सिया, सुन्नि, बुर्का, जन्नत, जहन्नम, अधिष्ठात्री, महाशक्ति, दुर्गामूर्ति, आदि त्यस्तै बाटो तताई राख्नु (पृ. ७०) जस्तो टुक्काको प्रयोग भएको छ ।

प्रस्तुत 'विडम्बना' कथाको शैली संस्मरणात्मक किसिमको रहेको छ । पर्सावाली मरेपछि उसको जीवनमा घटेका घटनाहरू पूर्वदीप्ति शैलीमा प्रस्तुत गरिएको छ ।

यसरी प्रस्तुत विडम्बना कथाको भषिक प्रयोग र शैलीले कथालाई स्वाभाविक बनाई उत्कृष्ट तुल्याएको छ ।

## ३.१७ समग्र विधातात्त्विक आधारमा माछो माछो भ्यागुतो कथासङ्ग्रहको प्रवृत्ति

यस उप शीर्षकमा कथा सङ्ग्रहका विधातात्त्विक प्रवृत्ति निरुपण गरिएको छ ।

### ३.१७.१ कथानकको स्रोतगत प्रवृत्ति

कथाकार इस्मालीले **माछो माछो भ्यागुतो** कथासङ्ग्रहमा सामाजिक, राजनीतिक, सांस्कृतिक र आर्थिक विषय क्षेत्रबाट कथानक लिएका छन् । सामाजिक विषय ग्रहण गरी लेखिएका कथाहरू 'शरणार्थी', 'कृपापात्र', 'उनको इच्छा', 'लाश', 'गाउँको माया', 'हिरामन सादाको अठोट', 'धुन्धकारीको अवसान', 'मङ्सिरको अनिकाल' र 'घर' हुन् । यी कथा नेपाली समाजमा घट्ने घटनालाई आधार मानी लेखिएका छन् । 'शरणार्थी' कथा आमा गुमाएको बच्चाले व्यहोर्नु पर्ने दुःख, पीडालाई प्रस्तुत गरिएको छ । 'कृपापात्र' कथामा उच्चशिक्षा प्राप्त गरेर पनि बेरोजगारी बस्नुपर्ने वाध्यता रुपेशका माध्यमबाट देखाइएको छ । 'उनको इच्छा' कथामा मानिसका चाहनाहरू धेरै हुन्छन । ती चाहना पुरा हुन नपाउदै मृत्यु भइसक्छ भन्ने वास्तविक यथार्थलाई चित्रण गरिएको छ । 'लाश' कथामा गरिबको कारण घरमा गर्भवती श्रीमतीलाई छोडेर काममा जानुपर्ने र त्यहाँ मालिकले गर्ने व्यवहार प्रस्तुत गरिएको छ । साँझ कामबाट फर्किदा श्रीमतीको मृत्यु भइसकेको यथार्थ देखाइएको छ जुन नेपाली समाजको वास्तविकता हो । 'गाउँको माया' कथामा शिक्षा र बेरोजगारीका लागि सहरमा जानु पर्ने वाध्यता र त्यहाँ गएपछि गाउँघरको सम्झनाले सताउने कुरालाई प्रस्तुत गरिएको छ । 'धुन्धकारीको अवसान' कथामा समाजमा हुने ठूलाबडाले सोझा र निम्न वर्गका मानिसमाथि गर्ने शोषण र उक्त शोषणबाट पीडित भई प्रतिकार गरेको कुरा देखाइएको छ । 'मङ्सिरको अनिकाल' कथामा बाली भित्र्याउने समयमा पनि श्रमिक वर्ग भोकै बस्नु पर्ने वास्तविकता प्रस्तुत गरिएको छ । 'घर' कथामा बाढी

प्रकोपका कारण घरबार बिहीन भई सहरमा विस्थापित भएको अवस्था चित्रण गरिएको छ ।

यसरी इस्मालीका 'माछो माछो भ्यागुतो' कथासङ्ग्रहका नौवटा कथामा सामाजिक स्रोत बाट कथानक ग्रहण गरिएको छ ।

इस्मालीको प्रस्तुत कथा सङ्ग्रहमा सङ्गृहीत 'माछो माछो भ्यागुतो', 'सङ्कटबहादुर अर्थात् गङ्गालाल' र 'गिरधारीलाल' कथामा राजनीतिक विषय प्रस्तुत भएको छ । 'माछो माछो भ्यागुतो' कथामा पञ्चायती चुनावी संस्कृतिलाई चित्रण गरिएको छ । राजनीतिक नेताहरूले चुनावको परिणाम आफ्नो पक्षमा पार्न साम दाम दण्ड भेद जुनसुकै युक्ति अपनाउँछन् भन्ने कुरा प्रस्तुत गरिएको छ । 'सङ्कटबहादुर अर्थात् गङ्गालाल' कथामा सङ्कटबहादुर  राजनीतिमा लागि देश विदेश घुमेर गाउँ फिर्ता भएर अशिक्षित गाउँलेलाई राजनीतिक चेतना जगाएको घटना चित्रण गरिएको छ । 'गिरधारीलाल' कथामा सङ्ग्राम जस्ता व्यक्ति राजनीतिक बन्दी मुक्त भएको घटना प्रस्तुत गरिएको छ । यसरी इस्मालीले राजनीतिक विषयलाई लिएर पनि कथा लेखेका छन् ।

इस्मालीको  प्रस्तुत कथा सङ्ग्रहमा सङ्गृहीत 'चलन', 'धर्म' र 'विडम्बना' सांस्कृतिक विषय लिएर लेखिएका कथा हुन् । 'चलन' कथामा तराईमा विद्यमान दाइजो प्रथाको समस्यालाई सांस्कृतिक रूपमा चित्रण गरिएको छ । 'धर्म' कथामा बुद्धिजीवी वर्गमा धर्मका बारेमा रहेको गलत दृष्टिकोणलाई प्रस्तुत गर्न धर्मभिरू र माग्ने चरित्रलाई सहायक रूपमा उपस्थित गराएका छन् । हिन्दु धर्ममा रहेको गलत संस्कारको भण्डाफोर गर्ने काम 'धर्म' कथामा भएको छ । 'विडम्बना' कथा हिन्दु र मुसलमान बीच भएको साम्प्रदायिक विषयमा आधारित रहेको छ । जात, धर्म, वर्ण केही चीजमा भेदभाव नगरी मानवसेवा गर्ने पर्सावाली धार्मिक युद्धको चपेटामा परेकी छ ।

'माछो माछो भ्यागुतो' कथा सङ्ग्रहमा सङ्गृहीत कथाहरूको कथानक ढाँचा रैखिक र वृताकारीय किसिमको छ । रैखिक कथानक ढाँचा प्रयोग भएका कथाहरू

‘शरणार्थी’, ‘कृपापात्र’, ‘चलन’, ‘धर्म’, ‘माछो माछो भ्यागुतो’, ‘उनको इच्छा’, ‘लाश’, ‘गाउँको माया’, ‘धुन्धकारीको अवसान’ र ‘घर’ हुन् । वृताकारीय कथानक ढाँचा प्रयोग भएका कथाहरू ‘हिरामन सादाको अठोट’, ‘सङ्कटबहादुर अर्थात् गङ्गालाल’, ‘मङ्सिरको अनिकाल’, ‘गिरधारीलाल’ र ‘विडम्बना’ रहेका छन् ।

### ३.१७.२ चरित्रगत प्रवृत्ति

‘माछो माछो भ्यागुतो’ कथा सङ्ग्रहमा चरित्र विभिन्न प्रकारका छन् । ती चरित्रहरू कार्यका आधारमा प्रमुख, सहायक, र गौण किसिमका छन् । वर्गका आधारमा उच्च वर्ग र निम्न वर्गका चरित्रको प्रयोग भएको छ । लिङ्गका आधारमा पुरुष र महिला छन् भने आबद्धताका आधारमा मुक्त वद्ध प्रकारका छन् । आसन्नताका आधारमा मञ्चीय र नेपथ्यीय चरित्रको प्रयोग भएको छ ।

### १. कार्यका आधारमा चरित्रको चित्रण

‘शरणार्थी’ कथामा प्रमुख चरित्र अर्थात् सारकबहादुर पुलामी हो । सहायक चरित्रमा बज्यै, छेमा र छेमाको छोरो रहेका छन् । गौण चरित्रमा बाबु, दिदी, स्कुल मास्टर, च्याण्टे, ज्ञाने र धमने रहेका छन् ।

‘कृपापात्र’ कथामा प्रमुख चरित्र रूपेश उपस्थित भएको छ । सहायक चरित्रमा बुबा, साथीहरू र जिम्दार छन् भने गौण चरित्रमा बाटोमा हिंडिरहेका मानिस, हाटका मानिस, काले बुढो र हाकिम रहेका छन् ।

‘चलन’ कथामा प्रमुख चरित्र सुनर हो सहायक चरित्र सुखवा, देवकी राय र जिम्दार हुन् । गौण चरित्र विलासपुरवाली, जनक, जनककी दुलही, पालकी बोक्ने मानिस, तिलो सरूपा, ग्रामीण महिला, सुनरकी बहिनी, रमुवा र भोलवा कुर्मी देखापरेका छन् ।

‘धर्म’ कथामा प्रमुख चरित्र धर्मप्रति आस्तिक र नास्तिक प्रवृत्तिका दुई चरित्र उपस्थित छन् । सहायक चरित्रहरू माग्ने र भक्तिनी उपस्थित छन् । गौण चरित्रमा बसका अन्य यात्रु रहेका छन् ।

'माछो माछो भ्यागुतो' कथामा ऊ प्रमुख चरित्र हो । नन्दन राय, माधोबाबु, शर्माजी, वेश्या, नर्तकी, किसन भैया सहायक चरित्र हुन् । गोठाला नन्दन रायका लठैतहरू, बौका, चेपकटवाली, भुटवा सहायक चरित्रका रूपमा उपस्थित छन् ।

'उनको इच्छा' कथामा अम्बिका र म प्रमुख चरित्रका रूपमा देखिएका छन् । हमाल्नी मैया, म पात्रको छोरो सहायक चरित्र हुन भने मोहन दाइ, डाक्टर, रमी, शुशी, विजेश, हमाल्नी मैयाको श्रीमान र ससुरो, आमा, साईली घर्तिनी ग्रामीण चेलीहरू गौण चरित्रका रूपमा उपस्थित छन् ।

'लाश' कथामा बुधबहादुर पुलामी प्रमुख चरित्र हो । हरिकृष्णे फोरम्यान, ठेकदार बिहारी इन्जिानियर मजदुरहरू सहायक चरित्र हुन् । बुधबहादुरकी श्रीमती, थपिनी बज्यै, साइट पार्टनर, पिपलबोट साहु, गाउँले केटी ड्राइभर गौण चरित्रका रूपमा उपस्थित भएका छन् ।

'गाउँको माया' कथामा म अर्थात् किसन प्रमुख चरित्र हो । परिछन सहायक चरित्र हो । भाइ परिछनको छोरो रामदरश, बखतबहादुर, बाबु आमा, मालिकहरू बुधना, सुल्तान डाँकु, छिमेकी गौण चरित्रका रूपमा प्रस्तुत गरिएको छ ।

'हिरामन सादाको अठोट' कथामा हिरामन सादा प्रमुख भूमिकामा उपस्थित भएको छ । सहायक भूमिकामा बिसुनमा कापड, बिहरिया, बिलटा माझी र मालिकहरू उपस्थित छन् । गाउँवाली र अन्य बनिहारहरू गौण भूमिकामा रहेका छन् ।

'धुन्धकारीको अवसान' कथामा धुन्धकारीहरू अर्थात् पिताम्बर, पङ्कज, परशु, पवित र पवन अनि बुलकिया प्रमुख भुमिकामा देखापरेका छन् भने देवी, बिर्छा र गाउँलेहरू सहायक चरित्रका रूपमा आएका छन् । गौण चरित्रका रूपमा माइली घर्तिनी र छोरीहरू बाटोका रमिते र बुलकीयाका साथीसङ्गी आएका छन् ।

'सङ्कटबहादुर अर्थात् गङ्गालाल' र कथामा सङ्कटबहादुर प्रमुख चरित्रका रूपमा आएको छ । 'म' सङकटबहादुरका बुबा आमा र कल्याण काजी सहायक चरित्रका रूपमा आएका छन् । गौण चरित्रका रूपमा विद्यार्थीहरू र गाउँलेहरू आएका छन् ।

'मङ्सिरको अनिकाल' कथामा सुखिचन प्रमुख चरित्रका रूपमा उपस्थित भएको छ । बिहरिया, रामवृक्ष र विर्छा, सहायक चरित्र हुन् । बनिहारहरू, रामदरश र उसको कलेज पढ्ने छोरो गाउँवाली गौण भूमिकामा रहेका छन् ।

'गिरधारीलाल' कथामा प्रमुख चरित्र गिरधारीलाल हो । सहायक चरित्र सङ्ग्राम, इन्सपेक्टर, देवप्रसाद, जगतबहादुर र गिरधारीलालकी श्रीमती हुन् । गौण चरित्र गिरधारीलालका छोरीहरू बर्दीधारी पुलिस सङ्ग्रामका साथीहरू र रामबहादर रहेका छन् ।

'घर' कथामा ऊ चरित्र प्रमुख भूमिकामा आएको छ । ऊ चरित्रकी श्रीमती सहायक भूमिकामा आएकी छ । गौण भूमिकामा किशोरी महतो, घरपति, घरपतिको संधियार र आसामबाट फर्केका नेपाली रहेका छन् ।

'विडम्बना' कथामा पर्सावाली प्रमुख चरित्र हो । सहायक चरित्रमा हिन्दु र मुस्लिम धर्मावलम्बी रहेका छन् । गौण चरित्रमा गाउँवाली गाउँवालीको देवर इनारमा पानी भर्ने महिलाहरू र हनिफ रहेका छन् ।

**२. वर्गका आधारमा चरित्रको वर्गीकरण**

'माछो माछो भ्यागुतो' कथा सङ्ग्रहभित्र सङ्गृहीत तेह्रवटा कथामा चरित्रको छनोट वर्गीय आधारमा गरिएको छ । ती कथामा उच्च वर्ग र निम्न वर्गका चरित्रको छनोट गरिएको छ ।

'कृपापात्र' कथामा निम्न वर्गका चरित्रहरू रूपेश र उसका बुबा-आमा रहेका छन् । उच्च वर्गका चरित्रहरूमा जिम्दार र हाकिम रहेका छन् ।

'चलन' कथामा सुनर, सुखवा र गाउँवाली निम्न वर्गीय चरित्र हुन् । देवकी राय र जिम्दार उच्च वर्गीय चरित्रका रूपमा देखापरेका छन् ।

'माछो माछो भ्यागुतो' कथामा ऊ, किसन भैया, बौका, चेपकटवाली, गोठाला र मुसहरहरू निम्न वर्गका चरित्र हुन् । नन्दन राय, माधोबाबु र शर्माजी उच्च वर्गीय चरित्रका रूपमा उपस्थित छन् ।

‘उनको इच्छा’ कथामा अम्बिका, म, साहिँली घर्तिनी, गाउँले केटीहरू श्रमजीवी वर्गका चरित्रहरू हुन् । हमाल्नी मैया उच्च वर्गीय चरित्र हो ।

‘लाश’ कथामा बुधबहादुर, मजदुरहरू, बुधबहादुरकी श्रीमती निम्न वर्गीय गरिखाने चरित्र हुन् । विहारी इन्जिनियर, ठेकदार र हरिकृष्णे उच्च वर्गीय चरित्र हुन् ।

‘गाउँको माया’ कथामा किसन, परिछन, बुधना, बखतबहादुर र भाइ श्रमिक वर्गका चरित्र हुन् । मालिकहरू उच्च वर्गका चरित्रका रूपमा उपस्थित छन् ।

‘हिरामन सादाको अठोट’ कथामा हिरामन सादा विहरिया, विलटा माझी, बिसुनमा कापड र मजदुरहरू श्रमजीवी वर्गका चरित्र हुन् । मालिकहरू उच्च वर्गीय चरित्रका रूपमा रहेका छन् ।

‘धुन्धकारीको अवसान’ कथामा बिर्छा, बुलकिया, माहिली घर्तिनी र गाउँलेहरू निम्न वर्गीय चरित्रका रूपमा आएका छन् । पिताम्बर, पङ्कज, पवित, परशु र पवन उच्च वर्गीय सामन्तवादी चरित्रका रूपमा रहेका छन् ।

‘सङ्कटबहादुर अर्थात् गङ्गालाल’ कथामा उच्च वर्गीय चरित्रका रूपमा कल्याण काजी आएको छ । निम्न वर्गीय चरित्रका रूपमा सङ्कटबहादुर, म, सङ्कटबहादुरका आमा बुबा र गाउँले श्रमिकहरू आएका छन् ।

‘मङ्सिरको अनिकाल’ कथामा सुखिचन सादा, विहरिया, बनिहारहरू, रामदरश र गाउँवाली निम्न वर्गीय चरित्र हुन् । रामवृक्ष र विर्छा उच्च वर्गीय चरित्र हुन् ।

‘गिरधारीलाल’ कथामा गिरधारीलाल, सङ्ग्राम, गिरधारीलालकी श्रीमती निम्न वर्गीय चरित्र हुन् । जगतबहादुर र इन्सपेक्टर उच्च वर्गीय प्रवृत्तिको प्रतिनिधि गर्ने चरित्र हुन् ।

‘घर’ कथामा ऊ, चरित्रकी श्रीमती र आसामबाट लखेटिएर आएका शरणार्थी निम्न वर्गीय श्रमजीवी चरित्र हुन् । साबुन फ्याक्ट्रीको मालिक, घरपति, घरपतिको संधियार र भारत सरकार उच्च वर्गीय चरित्र हुन् ।

'विडम्बना' कथामा पर्सावाली, पर्सावालीको खसम र गाउँवालीहरू श्रमजीवी वर्गका चरित्र हुन् । हिन्दु र मुस्लिम धर्मावलम्बी र पञ्चभलाद्मी उच्च वर्गीय चरित्र हुन् ।

'माछो माछो भ्यागुतो' कथा सङ्ग्रहमा प्रयोग भएका उच्च वर्गले निम्न वर्गीय चरित्रमाथि शोषण, दमन, अन्याय, अत्याचार गरेको घटना प्रस्तुत गरिएको छ । उच्च वर्गको शोषणको सीमा नाघेपछि निम्न वर्गका चरित्रहरूले गरेको प्रतिरोधको सफल चित्रण गरिएको छ । यसरी प्रस्तुत कथा सङ्ग्रहमा वर्गीय चरित्रको सफल निर्माण भएको छ ।

**३. लिङ्गका आधारमा चरित्रको वर्गीकरण**

'माछो माछो भ्यागुतो' कथा सङ्ग्रहमा लिङ्गका आधारमा पुरुष र महिला चरित्रको प्रयोग भएको छ । प्रस्तुत कथा सङ्ग्रहमा महिलाको भन्दा पुरुष चरित्रको उपस्थिति धेरै रहेको छ ।

'शरणार्थी' कथामा सारकबहादुर, बाबु, मास्टर, च्याण्टे, ज्ञाने, धमने, उनीहरूका बुबा र छेमाको छोरो पुरुष चरित्रका रूपमा उपस्थित छन् । आमा, बज्यै, छेमा र दिदी महिला चरित्रका रूपमा रहेका छन् ।

'कृपापात्र' कथामा रूपेश, बुबा, साथीहरू, जिम्दार र हाकिम पुरुष चरित्रका रूपमा आएका छन् । रूपेशकी आमा महिला चरित्रका रूपमा आएकी छन् ।

'चलन' कथामा सुखवा, देवकी राय, भोलवा कुर्मी, सरूपा र जनक पुरुष चरित्र हुन् । सुनर, तिलो, सुनरकी बहिनी, जनकको दुलही, ग्रामीण महिलाहरू र विलासपुरवाली स्त्री चरित्रका रूपमा आएका छन् ।

'धर्म' कथामा युनिभर्सिटीका बुद्धिजीवीहरू, माग्ने र बसमा रहेका यात्रु पुरुषको भूमिकामा देखा परेका छन् । धर्मभिरू महिला स्त्री चरित्रका रूपमा देखिएकी छ ।

'माछो माछो भ्यागुतो' कथामा ऊ, नन्दन राय, माधोबाबु, शर्माजी, बौका, लठैतहरू पुरुष को भूमिकामा आएका छन् । चेपकटवाली र वेश्या नर्तकी स्त्री चरित्रका रूपमा देखापरेका छन् ।

'उनको इच्छा' कथामा म, डाक्टर, मोहन दाइ, बालक छोरो, विजेश, अभय, हमाल्नी मैयाँको ससुरो र श्रीमान् पुरुषको भूमिकामा आएका छन् । अम्बिका, आमा, साहिँली घर्तिनी, हमाल्नी मैयाँ, गाउँका चेलीहरू रमी र सुशी महिला चरित्रका रूपमा आएका छन् ।

'लाश' कथामा बुधबहादुर पुलामी, मजदुरहरू, हरिकृष्णे, ड्राइभर, ठेकदार, विहारी इन्जिनीयर, पिपलटारे साहु चन्द्रमान र एकाउण्डेण्ट पुरुषको भूमिकामा रहेका छन् । थपिनी बज्यै, बुधबहादुरकी श्रीमती र पहाडी छोकरी महिला चरित्रको भूमिकामा आएका छन् ।

'गाउँको माया' कथामा किसन, परिछन, भाइ, बुधना, बखतबहादुर, रामदरश, परिछनको छोरो, फेकन, शनिचर र मालिकहरू पुरुषका रूपमा उपस्थित छन् भने महिला चरित्रको उपस्थिति देखिएको छैन ।

'हिरामन सादाको अठोट' कथामा हिरामन सादा, विहरिया, बिसुनमा कापड, बिलटा माझी, बनिहारहरू र मालिकहरू पुरुष चरित्रका रूपमा आएका छन् । हिरामन सादाकी पत्नी र बनिहारहरूका जहानहरू स्त्री चरित्रका रूपमा आएका छन् ।

'धुन्धकारीको अवसान' कथामा पिताम्बर, पङ्कज, पवित, पवन, परशु, विर्छा, अपरिचित मान्छे र बनिहारहरू पुरुष चरित्र हुन् । बुलकिया, देवी, माहिली घर्तिनी, बुलकियाका सङ्गीहरू र माहिली घर्तिनीका छोरीहरू स्त्री चरित्र हुन् ।

'सङ्कटबहादुर अर्थात् गङ्गालाल' कथामा सङ्कटबहादुर, म, कल्याण काजी, बुबा, स्कुले साथीहरू र गाउँलेहरू पुरुष चरित्रको प्रयोग भएको छ । सङ्कटबहादुरकी आमा स्त्री चरित्रका रूपमा आएकी छन् ।

'मङ्सिरको अनिकाल' कथामा सुखिचन सादा, विहरिया, बनिहारहरू, दशैया, खेनरिया, भिखवा गुवार, रामदरशको छोरो, रामवृक्ष र बिर्छा पुरुष चरित्रको रूपमा आएका छन् । गाउँवाली मुसहर्नीहरू, आइमाई र केटी स्त्री चरित्रका रूपमा आएका छन् ।

'गिरधारीलाल' कथामा गिरधारीलाल, सङ्ग्राम, देवप्रसाद, जगतबहादुर, बर्दीधारी पुलिस, इन्सपेक्टर, युवकहरू र सङ्ग्रामको साथी रामबहादुर पुरुष चरित्र हुन् । गिरधारीलालकी श्रीमती र छोरीहरू स्त्री चरित्र हुन् ।

'घर' कथामा ऊ, किशोरी महतो, घरपति, घरपतिको सँधियार, अग्रवाल, आसामबाट लखेटिएर आएका शरणार्थी र पञ्चभलाद्मी पुरुष चरित्र हुन् । ऊ चरित्रकी श्रीमती स्त्री चरित्रका रूपमा उपस्थित भएकी छन् ।

'विडम्बना' कथामा पर्सावालीको मियाँ (लोग्ने), गाउँवालीको देवर, हिन्दु र मुस्लिम धर्मावलम्बी युवाहरू र पञ्चभलाद्मी पुरुष चरित्र हुन् । पर्सावाली, गाउँवाली र इनारमा पानी भर्ने महिलाहरू स्त्री चरित्रका रूपमा उपस्थित रहेका छन् ।

प्रस्तुत कथा सङ्ग्रहमा चरित्रको निर्माण गर्दा स्त्री र पुरुष दुबै चरित्रको प्रयोग भएको छ । यसमा धेरै पुरुष र कम मात्रामा स्त्री चरित्रको प्रयोग भएको छ । प्रस्तुत सङ्ग्रहमा रहेका पन्ध्रवटा कथामध्ये चलन, उनको इच्छा र पर्सावाली गरी तीनवटा कथामा स्त्री चरित्र प्रमुख रहेका छन् भने बाँकी बाह्रवटा कथामा पुरुष चरित्र प्रमुख रहेका छन् ।

### ४ आसन्नताका आधारमा चरित्रको वर्गीकरण

'माछो माछो भ्यागुतो' कथा सङ्ग्रहमा आसन्नताका आधारमा चरित्रहरू मञ्चीय र नेपथ्यीय गरी दुई प्रकारका छन् । मञ्चमा उपस्थित हुने चरित्र मञ्चीय हुन् भने मञ्चमा उपस्थित नहुने चरित्र नेपथ्यीय हुन् ।

'शरणार्थी' कथामा सारकबहादुर, बज्यै, छेमा र छेमाको छोरो मञ्चीय चरित्र हुन् । आमा, बुबा, दिदी र गाउँलेहरू नेपथ्यीय चरित्र हुन् ।

'कृपापात्र' कथामा रूपेश, बुबा, जिम्दार र कालेबुढो मञ्चीय चरित्र हुन् । आमा, हाकिम र साथीहरू नेपथ्यीय चरित्र हुन् ।

'चलन' कथामा सुनर, सुखवा, विलासपुरवाली, देवकी राय, जनक, तिलो र सरूपा मञ्चीय चरित्र हुन् । जनककी दुलही, सुनरकी बहिनी, भोलवा कुर्मी र रमुवा नेपथ्यीय चरित्र हुन् ।

'धर्म' कथामा धर्मप्रति आस्तिक र नास्तिक प्रवृत्ति भएका दुई बुद्धिजीवी, माग्ने मान्छे, धर्मभिरू महिला र बसमा सवार यात्रु मञ्चीय चरित्र हुन् । माग्नेकी श्रीमती नेपथ्यीय चरित्र हुन् ।

'माछो माछो भ्यागुतो' कथामा ऊ, नन्दन राय, किसन भैया, शर्माजी, माधोबाबु, वेश्या नर्तकी, बौका, चेपकटवाली मञ्चीय चरित्र हुन् । नन्दन रायका लठैतहरू, भुटवा, बौकाकी छोरी बुहारी नेपथ्यीय चरित्र हुन् ।

'उनको इच्छा' कथामा म, अम्बिका, छोरो अभय, बिजेश, रमी, सुशी, साहिली घर्तिनी, आमा, हमाल्नी मैया र डाक्टर मञ्चीय चरित्र हुन् । गाउँका चेलीहरू, हमाल्नी मैयाको ससुरो र श्रीमान् र मोहन दाइ नेपथ्यीय चरित्र हुन् ।

'लाश' कथामा बुधबहादुर पुलामी, ड्राइभर, हरिकृष्णे, विहारी इन्जिनियर, थपिनी बज्यै, एकाउण्डेण्ट र मजदुरहरू मञ्चीय भूमिकामा आएका छन् । बुधबहादुरकी श्रीमती, पिपलटारे साहु, ठेकदार र पहाडी छोकरी नेपथ्यीय भूमिकामा रहेका छन् ।

'गाउँको माया' कथामा किसन र परिछन मञ्चीय चरित्र हुन् भने भाइ, बुधना, बखतबहादुर, परिछनको छोरो, बुबा आमा नेपथ्यीय चरित्र हुन् ।

'हिरामन सादाको अठोट' कथामा हिरामन सादा, बिहरिया, बिलटा माझी, बिसुनमा कापड, बनिहारहरू र मालिकहरू मञ्चीय चरित्र हुन् भने हिरामन सादाकी श्रीमती र बनिहारहरूका श्रीमतीहरू नेपथ्यीय चरित्र हुन् ।

'धुन्धकारीको अवसान' कथामा पिताम्वर, पङ्कज, पवित, पवन, परशु, बिर्छा, बुलकिया, अपरिचित मान्छे, माहिली घर्तिनी, र देवी मञ्चीय चरित्र हुन् । बुलकियाका सङ्गी र माहिली घर्तिनीका छोरीहरू नेपथ्यीय चरित्र हुन् ।

'सङ्कटबहादुर अर्थात् गङ्गालाल' कथामा सङ्कटबहादुर, म, बुबा, आमा मञ्चीय चरित्र हुन् । कल्याण काजी र स्कुले साथीहरू नेपथ्यीय चरित्र हुन् ।

'मङ्सिरको अनिकाल' कथामा सुखिचन सादा, विहरिया, रामदरशको छोरो, रामवृक्ष, विर्छा र गाउँवाली मञ्चीय चरित्र हुन् । दशैया, खेनरिया, गुवार, मुसहर्नीहरू र केटा केटीहरू नेपथ्यीय चरित्र हुन् ।

'गिरधारीलाल' कथामा गिरधारीलाल, सङ्ग्राम, देवप्रसाद, जगतबहादुर, वर्दीधारी पुलिस, इन्सपेक्टर, रामबहादुर, गिरधारीलालकी श्रीमती मञ्चीय चरित्र हुन् । गिरधारीलालका छोरीहरू र युवक नेपथ्यीय चरित्र हुन् ।

'घर' कथामा ऊ, किशोरी महतो, श्रीमती, घरपति, आसामी शरणार्थी मञ्चीय चरित्र हुन् । अग्रवाल, घरपतिको सँधियार र पञ्चभलाद्मी नेपथ्यीय चरित्र हुन् ।

'बिडम्बना' कथामा पर्सावाली, गाउँवाली, हिन्दु र मुस्लिम युवा, इनारमा पानी भर्ने महिलाहरू र पञ्चभलाद्मी मञ्चीय चरित्र हुन् । गाउँवालीको देवर र पर्सावालीको मियाँ नेपथ्यीय चरित्र हुन् ।

यसरी 'माछो माछो भ्यागुतो' कथा सङ्ग्रहमा मञ्चीय र नेपथ्यीय चरित्रको निर्माणबाट कथा सङ्ग्रहलाई मूर्तता दिन सफल भएको छ ।

### ३.१७.३ दृष्टिबिन्दुको प्रयोग

'माछो माछो भ्यागुतो' कथा सङ्ग्रहभित्र सङ्गृहीत कथाहरूमा प्रथम पुरुष दृष्टिबिन्दु र तृतीय पुरुष दृष्टिबिन्दुको प्रयोग भएको छ । प्रस्तुत सङ्ग्रहभित्र सङ्गृहीत पन्ध्रवटा कथामध्ये एघारवटा कथामा तृतीय पुरुष दृष्टिबिन्दुको प्रयोग भएको छ । चारवटा कथामा प्रथम पुरुष दृष्टिबिन्दुको प्रयोग भएको छ । तृतीय पुरुष दृष्टिबिन्दु प्रयोग भएका कथा 'शरणार्थी', 'चलन', 'धर्म', 'माछो माछो भ्यागुतो', 'लाश', 'हिरामन सादाको अठोट', 'धुन्धकारीको अवसान', 'मङ्सिरको अनिकाल', 'गिरधारीलाल', 'घर' र 'विडम्बना' हुन् । प्रथम पुरुष दृष्टिबिन्दुमा प्रयोग भएका कथाहरू 'कृपापात्र', 'उनको इच्छा', 'गाउँको माया' र 'सङ्कटबहादुर अर्थात् गङ्गालाल' हुन् । यसरी प्रस्तुत सङ्ग्रहमा प्रथम पुरुष दृष्टिबिन्दु भन्दा तृतीय पुरुष दृष्टिबिन्दुको प्रयोग भएबाट कथाकार इस्मालीले तृतीय पुरुष दृष्टिबिन्दुमा आफ्नो कौशल देखाउन सफल भएका छन् ।

### ३.१७.४ परिवेशको प्रयोग

'माछो माछो भ्यागुतो' कथा सङ्ग्रहमा ग्रामीण र सहरीया दुबै प्रकारको परिवेश प्रयोग भएको छ । सहरीया भन्दा ग्रामीण परिवेशको प्रयोग भएका कथा उत्कृष्ट

किसिमका छन् । ग्रामीण परिवेशमा तराईको निम्न मध्यम वर्गीय ग्रामीण समाजको सफल प्रयोग भएको छ । प्रस्तुत सङ्ग्रहमा सङ्गृहीत पन्ध्रवटा कथामध्ये तेह्रवटा कथामा ग्रामीण समाजको चित्रण गरिएको छ । दुईवटा कथामा सहरीया समाजको चित्रण गरिएको छ । ग्रामीण परिवेशको चित्रण गरिएका कथाहरू 'शरणार्थी', 'कृपापात्र', 'चलन', 'माछो माछो भ्यागुतो', 'उनको इच्छा', 'लाश', 'गाउँको माया', 'हिरामन सादाको अठोट', 'धुन्धकारीको अवसान', 'सङ्कटबहादुर अर्थात् गङ्गालाल', 'मङसिरको अनिकाल', 'गिरधारीलाल' र 'बिडम्बना' रहेका छन् । सहरीया परिवेशको चित्रण गरिएका कथाहरू 'धर्म' र 'घर' हुन् ।

कथाकार इस्माली आफै तराईको ग्रामीण समाजमा जन्मेर हुर्केकाले ग्रामीण समाजको सफल चित्रण कथामा गरेका छन् । सहरीया परिवेश भन्दा ग्रामीण परिवेशको चित्रणमा इस्माली सफल देखिएका छन् ।

### ३.१७.५ भाषा शैलीगत प्रवृत्ति

'माछो माछो भ्यागुतो' कथा सङ्ग्रहमा कथाकार इस्मालीले सरल, सहज किसिमको भाषिक प्रयोग गरेका छन् । पाठकहरूले सहजै बुझ्न सक्ने भाषाको प्रयोग गरे पनि आञ्चलिक स्पर्श दिनेक्रममा केही कथामा मैथिली भाषाको प्रयोग गरेकाले मैथिलीइतर पाठकलाई पादटिप्पणी हेर्नु पर्ने हुन्छ । प्रस्तुत सङ्ग्रहमा उखानटुक्काको व्यापक प्रयोग गरिएको छ । पात्रहरूले प्रयोग गर्ने भाषामा व्यङ्ग्यात्मकता समेत रहेको छ । त्यस किसिमको व्यङ्ग्य विशेष गरी उच्च वर्ग र सत्ताको वरिपरि रहने प्रति गरिएको छ । प्रस्तुत सङ्ग्रहमा सांस्कृतिक विम्ब र प्रतीकको पनि प्रयोग गरिएको छ । भाषिक प्रयोग गर्दा तत्सम आगन्तुक शब्दहरू दुर्बोध्य नभई बोधगम्य छन् ।

प्रस्तुत सङ्ग्रहमा सामाजिक, यथार्थवादी, आलोचनात्मक यथार्थवादी, समाजवादी यथार्थवादी, आञ्चलिक शैलीको प्रयोग गरिएको छ । यसका साथै वर्णनात्मक, संवादात्मक शैलीलाई पनि अवलम्बन गरिएको छ । मूलत : यथार्थवादी शैली प्रयोग गरी कथा लेख्न इस्माली सफल भएका छन् ।

## ३.१८ निष्कर्ष

'माछो माछो भ्यागुतो' (२०५२) कथा सङ्ग्रहमा सङ्गृहीत कथाहरूको विधातात्त्विक दृष्टिबाट अध्ययन विश्लेषण गर्ने काम गरिएको छ । प्रस्तुत कथा सङ्ग्रहमा सङ्गृहीत पन्ध्रवटा कथाहरूलाई कथानक, चरित्रचित्रण, दृष्टिबिन्दु, परिवेश, सारवस्तु र भाषा शैलीका आधारमा विश्लेषण गरिएको छ । विविध विषयमा रचना गरिएका कथाहरूमा ग्रामीण समस्या र उच्च वर्गले निम्न वर्गमाथि गरेको थिचो मिचो विरूद्ध निम्न वर्गका जनताले गरेको प्रतिरोध चित्रण गरिएका कथा प्रस्तुत छन् । प्रस्तुत कथाहरू रैखिक र वृताकारीय कथानक ढाँचामा संरचना गरिएको छ । चरित्र विशेष गरी वर्गीय रूपमा छनोट गरिएको छ । उच्च वर्ग र निम्न वर्गका चरित्र उपस्थित भएका छन् । प्रथम पुरुष र तृतीय पुरुष दृष्टिबिन्दुमा रचना गरिएका कथाहरू समावेश गरिएको छ । त्यसमा तृतीय पुरुष दृष्टिबिन्दुमा कथाकारले विशेष रूचि देखाएका छन् । सहरीया र ग्रामीण परिवेशमा निर्माण गरिएका कथाहरूको सारवस्तुका रूपमा समाज वर्गमा विभाजित छ । सीमित उच्च वर्गले असीमित निम्न वर्गमाथि शोषण गर्छन् । शोषणले सीमा नाघेपछि श्रमजीवी वर्ग एकजुट भई सङ्घर्ष गरी आफ्नो हक अधिकार स्थापित गर्न सफल हुन्छन् भन्ने कुरा आएको छ । सरल, सहज र बोधगम्य भाषिक प्रयोगका साथै व्यङ्ग्यात्मक र प्रतीकात्मक भाषाको प्रयोग भएको छ । बीच बीचमा उखान टुक्काको प्रयोग भएकाले कथालाई मनोरम र कसिलो बनाएको छ । तत्सम आगन्तुक र झर्रा शब्दको प्रयोग भएको छ । सामाजिक यथार्थवादी, समाजवादी यथार्थवादी, आलोचनात्मक यथार्थवादी चिन्तनको प्रयोगका साथै वर्णनात्मक र विश्लेषणात्मक शैलीको प्रयोग भएका कथाको अध्ययन विश्लेषण गरिएको छ ।

# अध्याय चार

# 'माछो माछो भ्यागुतो' कथा सङ्ग्रहको प्रवृत्तिगत विश्लेषण

## ४.१ विषय प्रवेश

'माछो माछो भ्यागुतो' कथा सङग्रहमा सङ्गृहीत कथाहरूको प्रवृत्तिगत रूपमा विश्लेषण गरिएको छ । यस अध्यायमा नेपाली कथामा प्रगतिवादको उल्लेख गर्दै प्रगतिवादी चिन्तन परम्परा अनुरुप सामाजिक यथार्थवाद, आलोचनात्मक यथार्थवाद, समाजवादी यथार्थवाद र सांस्कृतिक चिन्तन प्रयोग भएका कथाहरू सङ्गृहीत भएकाले त्यसैका आधारमा अध्ययन विश्लेषण गरिएको छ ।

## ४.२ नेपाली कथामा प्रगतिवाद

नेपाली कथामा प्रगतिवाद शीर्षक अन्तर्गत प्रगतिवाद : मूल तात्पर्यका सन्दर्भमा, प्रगतिवादको दार्शनिक आधारभूमि, प्रगतिवादका साहित्यिक मान्यताहरु र नेपाली प्रगतिवादी कथाको विकासमा इस्मालीको स्थान निर्धारण गरिएको छ ।

### ४.२.१ प्रगतिवाद : मूल तात्पर्यका सन्दर्भमा

प्रगतिवाद मार्क्सवादी दर्शन चिन्तनमा आधारित साहित्य सम्बन्धी सिद्धान्त हो । प्रगतिवाद, प्रगति र वाद शब्द मिलेर बनेको समस्त शब्द हो । प्रगतिको तात्पर्य उन्नति उत्थान वा निरन्तर अगाडि बढ्नु हो भने वादको तात्पर्य विचार वा मान्यता हो । त्यसैले खास सिद्धान्त वा मान्यताका आधारमा उत्थान, प्रगति र परिवर्तनको दिशातर्फ उन्मुख हुनु प्रगतिवाद हो भन्न सकिन्छ । प्रगतिवादले कार्ल मार्क्सद्वारा प्रतिपादित द्वन्द्वात्मक तथा ऐतिहासिक भौतिकवादी दर्शनलाई अनुसरण गर्दछ । मार्क्सवादी वा साम्यवादी अनुशासन अनुसार साहित्य रचना गर्नु प्रगतिवाद हो । प्रगतिवादले वर्गीय समाजमा विद्यमान विषम आर्थिक, सामाजिक संरचनाको यथार्थपरक प्रतिविम्वनका साथै आमूल परिवर्तन सम्बन्धी दृष्टिकोणको उद्बोधन गर्दछ । वस्तुत : प्रगतिवाद वर्तमानको धरातलमा उभिएर भविष्यको समेत निरीक्षण गर्ने तथा क्रान्तिकारी आदर्शको अनुसरण गर्दै कलात्मक मूल्यको संवहन गर्ने साहित्यिक सिद्धान्त

हो (पौडेल, २०६२ : २६) । तसर्थ मार्क्सवादी क्रान्तिकारी विचार सिद्धान्तको सारतत्त्वबाट प्रतिपादित प्रगतिवाद क्रान्तिकारी साहित्यिक सिद्धान्त हो ।

### ४.२.२ प्रगतिवादको दार्शनिक आधारभूमि

प्रगतिवाद मार्क्सवादी दर्शनमा आधारित साहित्य सिद्धान्त हो । त्यसैले प्रगतिवाद सम्बन्धी साहित्यिक परम्परा र मान्यताको अवलोकन गर्दा मार्क्सवादी दर्शन सम्बन्धी आधारभूत प्रस्थापनाको चर्चा गर्नु आवश्यक देखिन्छ । मार्क्सवादी दर्शनका आधार स्तम्भ द्वन्द्वात्मक भौतिकवाद र ऐतिहासिक भौतिकवाद हुन् । यी दुबै पक्षको समष्टि नै मार्क्सवाद हो । यिनै अवधारणाको आलोकमा प्रगतिवादी साहित्यको दार्शनिक आधार निर्मित भएको छ ।

#### १. द्वन्द्वात्मक भौतिकवाद

द्वन्द्वात्मक भौतिकवाद मार्क्सवाद लेलिनवादको विश्वदृष्टिकोण हो । मार्क्सवाद द्वन्द्ववाद र भौतिकवाद यी दुई विचार पद्धतिको सम्मिलनबाट विकसित भएको हो । त्यसैले मार्क्सवादले विचारदेखि वस्तुको स्वतन्त्र विकास र अस्तित्त्वलाई स्वीकार्दछ । वस्तुको विकास र परिवर्तन त्यसैभित्र अन्तर्निहित अन्तर्द्वन्द्वका कारण हुन्छ । भौतिकवादको भनाइ अनुसार संसार भौतिक छ, संसारका विभिन्न रूपहरू गतिशील भौतिक तत्त्वका फरक-फरक रूपहरू हुन् । द्वन्द्वात्मक तरिकाले यसलाई सावित गरेजस्तै प्राकृतिक रूपहरूको पारस्परिक सम्बन्ध हुनु भौतिक तत्त्वको विकासको नियम र भौतिक तत्त्वको गतिको नियम मुताविक नै संसारको विकास हुने गर्दछ न की दैवी चमत्कारबाट भनेर यसले अध्यात्मवादको उल्टो अवधारणा राख्दछ । यो नै प्रथम द्वन्द्ववादी भौतिकवादी अवधारणा हो ।

परिवर्तन हरेक वस्तुमा व्याप्त छ । परिस्थिति निरन्तर बदलिरहन्छ र यी परिस्थितिसँग सम्बन्धित मानवस्वभाव, आचार-विचार विश्वास र धारणाहरू पनि बदलिरहन्छन् । यस प्रक्रियामा पुरानो अगतिशीललाई नयाँ गतिशीलले विस्थापित गर्दछ । मार्क्सवादले यही सत्यलाई सार्वभौम सत्यका  रूपमा ग्रहण गर्दछ । त्यसैले

प्रकृति र मानव समाजमा हुने यस्तो प्रकारका फेरबदलमा मुख्यतया तीन नियमले भूमिका खेल्ने कुरा द्वन्द्ववादले प्रस्तुत गरेको छ ।

(क) विरोधी वस्तुहरूबीच एकता र सङ्घर्षको नियम,

(ख) मात्रात्मक देखि गुणात्मक परिवर्तनको नियम,

(ग) निषेधको निषेध नियम (बलम्पाकी, २०६१ : १६-१७) ।

उल्लिखित यी तीन नियमले भौतिक जगत्को द्वन्द्ववादी अध्ययन गर्दछन् र परिवर्तनको मूल स्रोत पनि प्रकृतिमै रहेको ठान्दछ । यसरी द्वन्द्वात्मक भौतिकवाद भौतिक जगत्सँग सम्बद्ध भएर अध्ययन गरिने वैज्ञानिक चिन्तन हो । यसले स्थिर रूपमा नरहने यस गतिशील विश्वको कारण, प्रक्रिया र दिशाको सुक्ष्म अध्ययन गर्दछ र पूँजीवादी साम्राज्यवादी समाज व्यवस्थाको अन्त्य अनिवार्य हुने कुरालाई स्वीकार्दै समाजवादी व्यवस्थाको स्थापना सम्भव रहेको कुरा बताउँछ ।

## २. ऐतिहासिक भौतिकवाद

प्रकृति र पदार्थको अध्ययन गर्ने द्वन्द्वात्मक भौतिकवादी दर्शनको स्थापना र विकाससँगै मानवीय समाज र त्यसको ऐतिहासिक विकासक्रमको द्वन्द्वात्मक भौतिकवादी कोणबाट व्याख्या गर्ने दर्शनको एक शाखाका रूपमा ऐतिहासिक भौतिकवादको विकास भएको हो । मार्क्स पूर्व प्रकृति र पदार्थको अधययन गर्ने अध्यात्मवादी दृष्टिकोण अनुरूप नै हुने गरेको थियो । समाजको ऐतिहासिक विकासक्रमका सञ्चालक ईश्वर हुन् भन्ने अध्यात्मवादी चिन्तनका विपरीत द्वन्द्वात्मक भौतिकवादी दृष्टिबाट समाज विकासको अध्ययन गर्न सकिने अवधारणा अनुरूप मार्क्स एङ्गेल्सले ऐतिहासिक भौतिकवादको स्थापना गरेका हुन् । ऐतिहासिक भौतिकवाद त्यस्तो वैज्ञानिक सिद्धान्त हो । जसले समाज विकासको वस्तुगत व्याख्या गर्नुका साथै मानव समाजलाई प्रगतिको दिशातर्फ अगाडि बढ्न उत्प्रेरित गर्दछ (पौडेल, २०६२ : ३१) । जीवनयापनका साधनका रूपमा भौतिक सामग्रीहरू चाहिने भएकाले उत्पादन पद्धति जीवनको आवश्यक शर्त भएको र सामाजिक जीवन उत्पादन पद्धति अनुरूप बदलिदै पनि जाने यथार्थलाई ऐतिहासिक भौतिकवाद अन्तर्गत सर्वप्रथम ज्ञातव्य

बनाइएको छ । समाजको उत्पादन प्रणाली जे-जस्तो हुन्छ मूलत : त्यसैसँग मिल्दोजुल्दो समाज, समाजको विचार, समाजको राजनैतिक दृष्टिकोण र संस्थाहरू हुन्छन् ( अधिकारी ,२०५६ : ४) । इतिहासका वास्तविक निर्माता श्रमजीवी जनता हुन् भने यिनै श्रमजीवी जनता नै समाजका मुख्य उत्पादक शक्ति पनि हुन् । उत्पादक शक्ति र उत्पादन पद्धतिलाई नै ऐतिहासिक विषयको मूल कारक मानिएको छ । इतिहासमा जहिले पनि उत्पादन सम्बन्धको विकास उत्पादक शक्तिका आधारमा हुने गर्दछ र उत्पादन सम्बन्धले पनि उत्पादक शक्तिमाथि आफ्नो प्रभाव छोडिरहेको हुन्छ । सुरूसुरूमा उत्पादक शक्तिको विकासमा उत्पादन सम्बन्धले सहयोग पुऱ्याए पनि अन्ततः उत्पादक शक्ति र उत्पादन सम्बन्धका बीचमा तीब्र अन्तर बिरोध देखा पर्न थाल्छ । यी दुई बीचमा तीब्र सङ्घर्ष चल्दछ जसको परिणाम पुरानो उत्पादन सम्बन्धको पतन र नयाँको स्थापना हुन जान्छ (पौडेल, २०६२ : ३२) । यसै वस्तुगत प्रक्रियाबाट समाजको निरन्तर विकास हुन्छ भन्ने मान्यता ऐतिहासिक भौतिकवादको रहेको छ ।

समाज विकासमा सामाजिक चेतनाको भूमिकाबारे सामाजिक सत्ताले सामाजिक चेतनाको विकास गर्छ भन्ने मान्यता छ । सामाजिक व्यवस्थाका अनुकूलतामा सामाजिक विचार, कानुन, नैतिकता, धर्म, विज्ञान कला आदिको विकास हुन्छ भन्ने यथार्थ जीवन चेतनाद्वारा निर्धारित नभई जीवनद्वारा चेतना निर्धारित हुन्छ ( अधिकारी,२०५६ :५) भन्ने कुरा स्पष्ट हुन्छ । समाजका तह, वर्गसङ्घर्ष आर्थिक आधार, इतिहास निर्माणमा व्यक्तिको भूमिका, राज्य, सामाजिक क्रान्ति र समाज विकासमा खेल्ने भूमिका ऐतिहासिक भौतिकवादले गर्दछ ।

समाजमा वर्ग रहेसम्म वर्ग सङ्घर्ष चलिरहन्छ । वर्ग सङ्घर्ष नै प्रगतिको स्रोत हो भन्ने तथ्यलाई मार्क्सवादले अगाडि सारेको छ, जुन मान्यता समाज विकासको क्रममा प्रमाणित भइसकेको छ । मानव समाजको विकास यही द्वन्द्वात्मक भौतिकवादी तथा ऐतिहासिक भौतिकवादी अवधारणा अनुरूप भएको छ । समाजको विकास एक यस्तो जुन मानिसको चाहना भन्दा बाहिर वस्तुगत नियम अनुसार भइरहन्छ र त्यो विकास निम्नबाट उच्चस्तरीय अवस्थामा फड्को मार्ने क्रान्तिकारी परिवर्तनको अनन्त

शृङ्खला हो भन्ने व्याख्या ऐतिहासिक भौतिकवादको देखिन्छ । समाज विकासको यही ऐतिहासिक प्रक्रियालाई दृष्टिगत गर्दै समाजको ऐतिहासिक क्रमलाई (क) आदिम साम्यवादी युग, (ख) दास प्रथात्मक युग,(ग) सामन्तवादी युग,(घ) पूँजीवादी युग, (ङ) साम्यवादी युग भनेर पाँच चरणमा विभाजन गरी यसैलाई वैज्ञानिक काल विभाजन भन्ने संज्ञा दिइएको पाइन्छ (पौडेल, २०६२ : ३३) ।

समाज विकासका चरणहरू वर्ग सङ्घर्ष कै परिणाम स्वरूप एक पछि अर्को गर्दै देखापरेका छन्, माथि उल्लिखित हरेक चरणमा विद्यमान उत्पादन प्रक्रियाहरू पनि फरक-फरक हुनुका साथै यी युगहरू एकपछि अर्को प्रगतिशील मानिएका छन् । यसरी समाजको ऐतिहासिक विकास वर्ग सङ्घर्षमा आधारित हुनुका साथै वर्ग सङ्घर्ष नै प्रगतिको स्रोत हो जसले समाजको विकासक्रमलाई वैज्ञानिक समाजवादसम्म पुऱ्याउँछ भन्ने व्याख्या ऐतिहासिक भौतिकवादले गरेको छ । सामाजिक मूल्य र आदर्श वर्ग विशेषका हुन्छन्, वर्ग विहीन समाजमा नै वास्तविक मूल्यको स्थापना हुनसक्छ । ज्ञान विज्ञान, साहित्य कला आदि सबै आर्थिक व्यवस्था र वर्ग व्यवस्थामा आधारित छन् भन्ने सार ऐतिहासिक भौतिकवादको छ (अधिकारी, २०५६ : ५) । यसरी आदिम साम्यवादी युगदेखि पूँजिवादी युग हुँदै साम्यवादी युगसम्मको समाजका पाँच चरणको समाज व्यवस्थाको अध्ययन ऐतिहासिक भौतिकवादले गर्दछ ।

### ४.२.३ प्रगतिवादका साहित्यिक मान्यताहरू

प्रगतिवादी साहित्यिक मान्यताको चर्चा गर्दा मार्क्सवादी सौन्दर्यशास्त्र सम्बन्धी चिन्तन परम्पराको सुरूवात मार्क्सवादका संस्थापक विचारकहरू मार्क्स र एङ्गेल्सबाट भएको पाइन्छ । यसर्थ प्रगतिवादी साहित्यिक चिन्तनमा मार्क्सवादी सौन्दर्यशास्त्र सम्बन्धी चिन्तन महत्त्वपूर्ण मानिन्छ । मार्क्सका **कम्युनिष्ट पार्टीको घोषणापत्र**, **पूँजी** जस्ता कृतिहरूमा आर्थिक पक्षलाई साहित्यको आधारका रूपमा र साहित्यलाई अधिरचनाका रूपमा (बलम्पाकी, २०६१ : २०) प्रस्तुत गरिनुले पनि साहित्य सम्बन्धी मार्क्सवादी दृष्टिकोण प्रष्ट हुन्छ । साम्यवादी समाज स्थापनाको महान् लक्ष्य लिएर थालिएको वर्ग सङ्घर्षको मैदानमा सङ्घर्षरत छँदाको अवस्थामा प्राप्त प्रत्यक्ष शिक्षाका

आधारमा महान् सर्वहारावादी आन्दोलन क्रान्तिका नायकहरूले दिएका विचारबाट प्रगतिवादी साहित्य सम्बन्धी सैद्धान्तिक अवधारणा स्थापित भएको पाइन्छ ।

मार्क्सवादी सौन्दर्यशास्त्र सम्बन्धी चिन्तनमा राजनैतिक व्यक्तित्वहरू भन्दा भिन्न सौन्दर्य चिन्तक, आलोचकहरू पनि रहेका छन् । जसमा रूसी, बेलाती, अमेरिकी र चिनिया मुलुकका प्रगतिवादी सौन्दर्य चिन्तकको योगदान महत्त्वपूर्ण मानिन्छ ।

## १. कला-साहित्यको उत्पत्तिमा श्रमको भूमिका र सम्बन्ध

ऐतिहासिक तथा द्वन्द्वात्मक भौतिकवादका दृष्टिमा कलासाहित्यको स्रोत भनेकै मानवीय समाज र त्यस अन्तर्गत चलिरहने श्रम सम्बन्धी क्रिया हो । कलाकारले कला रचना सम्बन्धी सम्पूर्ण सामग्रीहरू समाजबाटै प्राप्त गर्दछ र त्यसलाई आफ्नो सीप र कलाविम्बको माध्यमबाट कलाकृतिमा प्रयोग गर्दछ । समाजको ऐतिहासिक विकास तथा आर्थिक सामाजिक संरचनाका दृष्टिले श्रम र कलाको सम्बन्ध अविछिन्न रहँदै आएको छ जसमा उत्पादन सम्बन्ध र सौन्दर्यपरक सम्बन्धको महत्त्वपूर्ण भूमिका देखिन्छ ।

मानवीय समाज र तत्सम्बन्धी क्रियाकलाप बाहेक अन्य कुनै वस्तु कला साहित्यको स्रोत हुनु सम्भव नभएकोले आफ्नै समय र स्थानको जनजीवनमा उपलब्ध स्रोतबाटै कला साहित्यको रचना हुन सक्ने देखिन्छ ।

अर्नस्ट फिसरले श्रम प्रक्रियालाई नै कलासाहित्यको स्रोत मानेका छन् । एङ्गेल्सले कलाको उद्‌भव प्रक्रियाका सन्दर्भमा प्रस्तुत गरेका धारणाले कला साहित्यको स्रोतका रूपमा मानवीय समाजमा सम्पन्न हुने श्रम सम्बन्धी क्रियालाई नै अगाडि सारेको पाइन्छ (पौडेल २०६२ : ५९) । जब मान्छेले ढुङ्गोमा कलात्मक आकृति बनाउँछ, माटोलाई मूर्तिमा परिवर्तन गर्छ गुफाका भित्ताहरूमा जङ्गली जनावरका चित्र बनाउँछ, यी यस्ता कार्यमा श्रमका साथै सौन्दर्य चेतना समेत प्रतिविम्बित हुने गर्दछ । त्यसैले भौतिक पदार्थलाई रूपान्तरित तथा मानवीकृत गर्ने चेतन क्रिया वा श्रम नै त्यस्तो चिज हो जसले कला रचनालाई सम्भव बनाएको छ ।

## २. कला साहित्यको वर्गीय पक्षधरता

प्रगतिवादले कला साहित्यलाई विचारधाराका रूपमा लिएको छ र आर्थिक एवम् सामाजिक बनोटका आधारमा विचारधाराका रूपहरूको रचना हुने विचार व्यक्त गरेको छ । प्रत्येक युगमा सत्ताधारी वर्गको विचार नै शक्तिशाली विचार हुने वास्तविकता रहेको र आजसम्मको इतिहास वर्ग सङ्घर्षको इतिहास भएको, सामन्ती समाजका भग्नावशेषबाट जन्मेको आधुनिक पूँजीवादी समाजले वर्ग वैरभाव मेटाउन नसकेको वर्तमान परिवेशमा पनि वर्ग सङ्घर्षको स्थिति समाप्त नभएकाले कलासाहित्य पूँजीवादी समाजका विरूद्ध लड्ने हतियार हुनुपर्ने मान्यता प्रगतिवादले अँगालेको छ ( अधिकारी, २०५६ : १८) । वर्ग दृष्टिकोण मार्क्सवादको दार्शनिक कुञ्जी हो । आजसम्म विकसित समाज व्यवस्थाको कारकतत्त्व नै वर्ग र त्यस बीच हुने वर्ग सङ्घर्ष हो । यो मार्क्सवादको समाज व्यवस्था सम्बन्धी भौतिकवादी दृष्टिकोण हो, जहाँ आर्थिक रूपमा असमानता कायम रहन्छ, त्यहाँ हरेक चीज वर्गसापेक्ष नै हुन्छन्  अथवा वर्गीय नै हुन्छन् । लेनिनले साहित्यमा वर्गीय पक्षधरताको कुरालाई उठाउँदै सबै प्रकारका गैर सर्वहारा वर्गीय साहित्यका विरूद्धमा सर्वहारा वर्गीय साहित्य सिद्धान्त अघि  सारेका छन् । वर्गीय पक्षधरताका सन्दर्भमा लेनिन पछिका उल्लेख्य चिन्तक माओ हुन् । उनले येनान गोष्ठीमा दिएको साहित्य र कला सम्बन्धी प्रवचनलाई मानक अभिव्यक्तिका रूपमा प्रगतिवादी सिद्धान्तले स्वीकार गर्दै आएको छ । उनले लेनिनले उठाएको सर्वहारा वर्गीय पक्षधरतालाई समर्थन गर्दै आजको यस वर्ग विभक्त समाजमा साहित्य संस्कृति र कला सबै खास वर्गकै लागि हुने र वर्ग भन्दा स्वतन्त्र साहित्य कलाको कुनै अस्तित्त्व रहन नसक्ने विचार व्यक्त गरेका छन् (बलम्पाकी, २०६१ : २३) ।

समाजको मूल आर्थिक आधार नै वर्गीय भएपछि त्यसमाथि क्रियाशील रहेका कलासाहित्य लगायतका विधारधारात्मक रूपहरू पनि वर्गीय नै हुने गर्दछन् । त्यसैले साहित्य सम्बन्धी दृष्टिकोण र व्याख्या पनि वर्गीय आधारमा प्रस्तुत हुदै आएको परिप्रेक्ष्यमा कला साहित्यको प्रयोजन वर्गीय नै हुने देखिन्छ । भाववादीहरूले आनन्दानुभूति साहित्यको प्रयोजन मानेको परिप्रेक्ष्यमा मार्क्सवादीहरूको दृष्टिकोण नितान्त भिन्न रहेको छ । भाववादीहरू कला साहित्यलाई मनोरञ्जनको साधन नठानेर

यसको विपरीत  साहित्यको उद्देश्य त आम जन समुदायलाई सचेत पार्नु, कर्तव्यवोध गराउनु, कर्मशील बन्न उत्प्रेरित गर्नु तथा समाज रूपान्तरणमा अग्रसर गराउनु भन्ने देखिन्छ ।

साम्यवादी समाजको स्थापना भएपछि कलासाहित्यको वर्गीय स्वरूप हराउँछ भन्ने मान्यता प्रगतिवादले राखेको छ । समाज वर्गीय रहँदासम्म कलासाहित्य वर्गीय रहने र पूर्णसाम्यवाद आई वर्गीय समाजको स्वरूप मेटिदा भने कला साहित्यमा पनि वर्गीय स्वरूप नरहने परिप्रेक्ष्यमा पूँजीवादका विरूद्ध लड्नुपरेका अवस्थामा कला साहित्य वर्गीय हुनुपर्ने मान्यता प्रगतिवादको रहेको छ (अधिकारी, २०५६ :१९) ।

## ३. साङ्गठनिक प्रतिवद्धता सम्बन्धी दृष्टिकोण

प्रगतिवादी साहित्य परम्परा साङ्गठनिक पक्षधरता वा प्रतिवद्धता सम्बन्धी चार किसिमका सवाललाई अगाडि सारिएको पाइन्छ, जसमा वर्गीय पक्षधरता, राजनीतिक पक्षधरता, विचारधारात्मक पक्षधरता र पार्टी पक्षधरता वा सङ्गठनात्मक पक्षधरता पर्दछन् । निश्चित रूपमा प्रगतिवादी चिन्तक सर्जकहरू निरपेक्ष स्वतन्त्रताको भागमा पर्दैन् तर वर्गीय पक्षधरता वा सङ्गठनात्मक पक्षधरताका सन्दर्भमा भने मतैक्यता पाइदैन । प्रगतिवादी साहित्य परम्परामा मार्क्सवादले कला साहित्यलाई के-कति मात्रामा आफ्नो अधिनस्थ राख्छ भन्ने फरक-फरक दृष्टिकोण अनुसार नै पक्षधरता सम्बन्धी छलफल चलिआएको पाइन्छ । लेनिनले “पार्टी सङ्गठन र पार्टी साहित्य” लेखमा कला साहित्यका आफ्नै वैशिष्ट्य, साहित्यको समाज रूपान्तरणकारी भूमिका तथा साहित्यले पार्टी र क्रान्तिका लागि खेल्न सक्ने भूमिकाका आधारमा सर्वहारा वर्गको साहित्य वर्गीय पक्षधरतामा मात्रै सीमित नभएर पार्टीसाहित्य हुनु पर्छ र साहित्यले पार्टीद्धारा अगाडि सारिएका क्रान्तिकारी कार्यक्रमलाई अनुसरण गर्नुपर्छ भन्ने मान्यता प्रस्तुत गरेका छन् (पौडेल, २०६२ : ६५)

क्रान्तिकारी लक्ष्यसँग प्रतिवद्ध प्रतिभाशाली लेखकले एउटा रचनाकारका रूपका आफूलाई स्वतन्त्रबाट बञ्चित राख्न नसक्ने र रचनात्मक लेखनका स्वतन्त्रताको जमीन तयार बनाउन बाधा दिने तत्त्वहरूका विरूद्ध लड्न प्रतिबद्ध पनि रहनुपर्ने

वास्तविकता कला साहित्यका स्वतन्त्रता र प्रतिबद्धता (अधिकारी, २०५६ :२०) सम्बन्धमा अधिकारीले उल्लेख गरेका छन् ।

उदीयमान वर्गको प्रतिविम्बन कला साहित्यमा हुनु पर्छ भन्ने धारणा वर्गीय समाजको उपज हो । त्यसैले पार्टी प्रतिवद्धताको तात्पर्य पनि पार्टीका कार्यनीतिको कृत्रिम अनुशरण नभएर कला साहित्यका माध्यमबाट जनताको मनोभावनालाई सशक्त एवम् सुदृढ तुल्याउनु हो भन्ने देखिन्छ (गौतम, २०४९ : ११८) । समाजमा आमूल परिवर्तनको वाडगोरलाई सुनिश्चित गर्ने सर्वहारा वर्ग भएको र सर्वहारा वर्गीय आन्दोलनलाई नेतृत्व प्रदान गर्ने अहम् भूमिका पार्टीको हुने परिप्रेक्ष्यमा वर्गीय प्रतिवद्धता तथा पार्टी प्रतिवद्धता सम्बन्धी मान्यता अगाडि आएको देखिन्छ । सर्वहारा वर्गीय दृष्टिकोणको अनुसरण तथा पार्टी सङ्गठनका क्रान्तिकारी कार्यक्रमको कलात्मक प्रतिविम्बन गर्दै कला साहित्यले समाजको रूपान्तरणकारी भूमिकाको निर्वाह गर्न सक्ने हुनाले नै प्रगतिवादले प्रतिवद्धता वा पक्षधरता सम्बन्धी दृष्टिकोणलाई अगाडि सारेको पाइन्छ । त्यसैले वर्गीय पक्षधरता मात्र नभएर पार्टी पक्षधरता सम्बन्धी दृष्टिकोण अगाडि आएका हुन् ।

### ४.२.४ नेपाली प्रगतिवादी कथाको विकासमा इस्माली

नेपालको इतिहासमा २००७ सालको राजनैतिक परिवर्तनले ऐतिहासिक महत्त्व राख्दछ । त्यस परिवर्तन पूर्वको राजनैतिक परिवेश र परिवर्तन पछिको राजनैतिक परिवेशले साहित्य लेखनमा प्रशस्त प्रभाव पारेको छ । २००७ सालको परिवर्तन भन्दा पहिलेका राणाविरोधी दलहरू नेपाल प्रजा परिषद (१९९३), राष्ट्रिय काङ्ग्रेस (२००३) र नेपाल कम्युनिष्ट पार्टी (२००६) जस्ता दलहरूको क्रियाकलापले त्यस समयका साहित्यकार पनि निरपेक्ष रूपमा रहन सकेनन् । कुनै न कुनै रूपमा साहित्यकारहरू राणा विरोधी रचनाकार्यमा सम्लग्न थिए । त्यस कार्यले राणाहरूका विरूद्धमा चेतना निर्माण गर्ने काम गऱ्यो । १९९७ सालको सहिद पर्व, सोभियत सङ्घको स्थापना भारतको स्वतन्त्रता, चीनमा सम्पन्न जनवादी क्रान्ति जस्ता राष्ट्रिय अन्तराष्ट्रिय महत्त्वपूर्ण राजनैतिक परिघटनाले थप त्यस बखतका स्रष्टाहरूमा राणा विरोधी

सांस्कृतिक चेतनाको निर्माण गर्न मद्दत पुऱ्याएको देखिन्छ । कम्युनिष्ट क्रान्तिकारीहरूको सफलता र अन्तराष्ट्रिय प्रभावले छिमेकी मुलुक भारत अछुत थिएन । विशेषत : छिमेकी मुलुक भारतबाट मार्क्सवादी साहित्यक कृति नेपालमा २००७ सालपूर्व नै गोप्य रूपमा भित्रिएको पाइन्छ । त्यस्ता कृतिहरूले निश्चित व्यक्ति र समूहसम्म कम्युनिष्ट दर्शन विचारधारा र सौन्दर्यको पहुँच सम्भव भयो । २००६ सालमा कम्युनिष्ट पार्टीको स्थापना भएपछि भने त्यसमा व्यापकता आयो ।

प्रगतिवादी साहित्य भन्नु अन्याय-अत्याचार विरोधी सिर्जना हो । यो साहित्य बहुसङ्ख्यक श्रमजीवी वर्गको हितमा उभिएको हुन्छ । उल्लिखित सन्दर्भले प्रगतिवादी साहित्यको यस प्रकारको प्रखर र सचेत अभिव्यक्तिका लागि सशक्त योगदान दिएको थियो । यसै पृष्ठभूमिमा प्रगतिवादी कथा लेखन आरम्भ भएको देखिन्छ । राणा विरोधी आन्दोलन चर्किरहेका बेलामा श्यामप्रसाद शर्मा जस्ता व्यक्तिको प्रेरणा रमेश विकल लगायतका व्यक्तिहरूले हस्तलिखित 'सन्देश' पत्रिका मार्फत राणविरोधी साहित्यिक अभियान सुरू गरेका थिए । गुरूप्रसाद मैनाली लगायतका कथाकारहरू २००७ पूर्व नै सफल कथाकारका रूपमा स्थापित भइसकेकाले रमेश विकलले ती कथाकारहरूबाट कथा लेखनका लागि प्रेरणा ग्रहण गरे भने श्यामप्रसाद शर्माबाट प्रगतिवादी कथालेखनका लागि वैचारिक स्पष्टता प्राप्त गरे । अर्कोतिर राणाविरोधी राजनैतिक साहित्यक क्रियाकलापमा पनि विकलको प्रत्यक्ष संलग्न रहेकाले उनका रचनाहरूमा प्रगतिवादी स्वर देखिन थाल्यो । यसै पृष्टभूमिमा उनले 'गरिब' (शारदा,१२ : १५ : २००६) कथाको रचना गर्न पुगे, जुन प्रथम प्रगतिवादी कथा बन्न पुग्यो (शर्मा, २००३९/०४० : १९-२१) ।

२००७ सालको ऐतिहासिक परिवर्तनले गर्दा अभिव्यक्ति स्वतन्त्रतामा पनि त्यसको सकारात्मक असर पऱ्यो । सात सालपछि प्रगतिशील साहित्यक सङ्गठन निर्माण र प्रगतिशील पत्रपत्रिकाको प्रकाशनको थालनी भयो । सात सालको ऐतिहासिक परिवर्तनको वरिपरि २००७ भाद्र ९ गते नख्खु कारागारमै जनसाहित्य मण्डलको गठन गरेर जनसाहित्य मुखपत्र प्रकाशनमा ल्याउने निर्णय भएको भए पनि त्यो प्रकाशनमा आउन सकेन (अधिकारी, २०५६ : ८६) त्यसपछि २००९ सालमा वीरगञ्जमा

प्रगतिशील लेखक सङ्घको र २०१६ सालमा प्रगतिशीलनेपाल लेखक सङ्घ जस्ता संस्थाहरूको स्थापना भयो (अधिकारी, २०५६ : ८७) । जनसांस्कृतिक सभा (चैनपूर), प्रगतिशील प्रकाशन मण्डल (बनारस) साहित्यिक सांस्कृतिक सङ्गठनहरूले मुखपत्र प्रकाशन गरी प्रगतिवादी कथाहरू प्रकाशन गर्ने काम गरे (श्रेष्ठ, र शर्मा, २०६४ : ८४) । २००७ देखि २०१७ सालका बीचमा प्रकाशन भएका सेवा (२००८) प्रगति ( २०१०), जनसाहित्य(१०११), नौलो पाइला (२००१३), सन्देश (२०१४), साहित्य ( २०१६) आदि पत्रिकाहरूले पनि प्रगतिवादी कथा प्रकाशन गरे ।

प्रगतिवादी कथा लेखनको आरम्भ वर्ष २००६ देखि २०१७ सालका बीचमा थुप्रै प्रगतिवादी कथाहरूले कथा रचना गरे । त्यस बीचमा धेरै प्रगतिवादी कथा सङ्ग्रहहरू प्रकाशनमा आएका देखिन्छन् । त्यस समयका प्रगतिवादी कथाकारहरूमा हृदयचन्द्र सिंह प्रधान, रमेश विकल, डी.पी. अधिकारी, गोविन्दप्रसाद लोहनी, भवानी घिमिरे, यज्ञप्रसाद आचार्य, बालकृष्ण पोखरेल, देवमणि ढकाल, श्यामप्रसाद अधिकारी, तारानाथ शर्मा, कृष्णप्रसाद सर्वहारा आदि रहेका छन् । यी कथाकारहरूका 'कामरेड जाने होइन ?' (२००९), 'आत्मज्वाला' (२००९), 'गाउँको सन्देश' (२०१०), 'नभाग' (२०११), 'पहिलो यात्रा' (२०१२), 'को अटेरी' (२०१२), 'बल्दो दियो' (२०१३) (श्रेष्ठ र शर्मा, २०६४ : ८४) कथा सङ्ग्रहहरूको प्रकाशनले प्रगतिवादी नेपाली कथा साहित्यलाई महत्त्वपूर्ण योगदान दिएको छ । २००७ सालमा राजा महेन्द्रले बहुदलीय प्रजातन्त्र माथि गरेको आक्रमणले प्रगतिवादी कथालेखनमा पनि क्षति पुऱ्याएको देखिन्छ । सत्र सालपूर्वका प्रगतिवादी कथाकारहरू पलायनमुखि बाटोतिर लागेको देखिन्छ । तर रमेश विकल भने प्रगतिवादी कथा रचनाबाट विमुख भएनन् । विकलका बिरानो देशमा (२०१६), नयाँ सडकको गीत (२०१९), जस्ता कथासङ्ग्रहहरू देखापरे । यी कथा सङ्ग्रहले खगेन्द्र सङ्ग्रौलाको उदयपूर्व अर्थात् २०२३) पूर्वसम्मको अवधि पूरै प्रगतिशील कथाले प्रतिनिधित्व गरेको देखिन्छ (शर्मा, २०३९/०४० : ३) ।

वि.स. २०२३ सम्ममा प्रगतिवादी कथा लेखनको क्षेत्रमा उदाइसकेका खगेन्द्र सङ्ग्रौला र हरिहर खनालले विकलले उठाएको प्रगतिवादी कथा लेखनलाई थप उचाई प्रदान गरेको देखिन्छ । प्रगतिवादी कथालेखनको यही पृष्ठभूमिमा कथाकार इस्मालीको

जन्म भएको हो । इस्मालीले कथा लेख्न सुरू गर्दा प्रगतिवादी कथाले नेपाली साहित्यमा गुणात्मक परिणात्मक हस्तक्षेप गरिसकेको थियो । इस्मालीले २०३४/०३५ सालतिर कथा लेख्न आरम्भ गरेका हुन् । उनको सुरूका कथाहरूमा स्पष्ट प्रगतिवादी चेतको अभिव्यक्ति नपाए पनि यथार्थवोध र वर्गचेतको सुक्ष्म उपस्थिति भने पाइन्छ । इस्मालीको 'कुहिरो भित्रको घाम' मा भने समाजवादी यथार्थवादी चिन्तन एवम् रचना विधिको प्रयोग भएको छ । यही कथा प्रकाशनमा आएपछि इस्मालीको प्रगतिवादी कथालेखन आरम्भ भएको हो । जुन निष्ठाप्रति इस्माली अहिले पनि प्रतिबद्ध छन् । यसरी इस्माली तीसको दशकमा उदाएका प्रगतिवादी कथाकार हुन् ।

इस्माली २०३२ सालपछि लगातार प्रगतिवादी कथा विधामा सक्रिय छन् । यस बीचमा उनका **माछो माछो भ्यागुतो** (२०५२), **घाम घामजस्तो छैन** (२०५८), **काट् जर्किन डी** (२०६४), **इस्मालीका प्रतिनिधि कथाहरू** (२०६७) जस्ता चारवटा कथा सङ्ग्रह प्रकाशनमा आएका छन् । त्यस अतिरिक्त इस्मालीका दर्जनौं कथाहरू फुट्कर रूपमा प्रकाशित भएका छन् । यी कथाहरूले इस्मालीलाई समकालीन प्रगतिवादी कथा विधाका एक प्रतिनिधि कथाकारका रूपमा स्थापित गरिदिएका छन् । उनी कथाकार पारिजात, खगेन्द्र सङ्ग्रौला र हरिहर खनालका उत्तराधिकारीका रूपमा देखापरेका छन् ।

इस्मालीका समकालीन कथाकारको चर्चा गर्दा रावज, नारायण ढकाल, ऋषिराज बराल, भक्तबहादुर नेपाली, घनश्याम ढकाल, सञ्जय थापा, पूण्यप्रसाद खरेल जस्ता प्रगतिवादी कथाकारहरूको नाम लिनुपर्ने देखिन्छ । यसका अतिरिक्त पछिल्लो समयमा प्रगतिवादी कथा क्षेत्रमा कलम चलाउनेमा सुधा त्रिपाठी, पूण्य कार्की, नवीन विभास, देविका तिमिल्सेना, कपिल लामिछाने, विवश वस्ती आदि रहेका छन् । इस्मालीलाई समकालीन कथाकारहरूका सन्दर्भबाट मूल्याङ्कन गर्दा उनी प्रगतिवादी कथाकारहरू मध्येका एक प्रतिनिधि कथाकार देखिन्छन् । समाजवादी यथार्थवादी धाराबाट पूर्वी तराईको आञ्चलिक यथार्थ र जनजीवनको प्रतिविम्ब गर्ने कथाहरूमा इस्माली ऋषिराज बराल र राजव देखिन्छन् ।

इस्मालीको कथालेखन तीसको दशक अर्थात् २०३१ सालमा प्रकाशित कथा 'ऋणको थिचो' बाट आरम्भ भई वर्तमानसम्म अविरल रूपमा रहिरहेको छ । प्रारम्भिक कथाहरूमा प्रगतिवादी चेत स्पष्ट रूपमा नदेखिएपनि 'कुहिरो भित्रको घाम' कथाबाट स्पष्ट रूपमा प्रगतिवादी कथा क्षेत्रमा देखापरि इस्मालीले आफुलाई वैचारिकता र कला दुबै सन्दर्भबाट गम्भीर जिम्मेवारीका साथ प्रस्तुत गर्दै आएका छन् ।

### ४.३ सामाजिक यथार्थवादको प्रयोग

समाजमा घटेका घटनाहरुलाई जस्ताको तस्तै चित्रण गरी साहित्य सिर्जना गर्नु सामाजिक यथार्थवाद हो । इस्मालीको 'माछो माछो भ्यागुतो' कथा सङ्ग्रहभित्र सङ्गृहीत 'शरणार्थी', 'कृपापात्र' र 'गिरधारीलाल' कथामा सामाजिक यथार्थवादको प्रयोग गरिएको छ ।

#### ४.३.१ 'शरणार्थी' कथामा सामाजिक यथार्थवादको प्रयोग

'शरणार्थी' कथा सामाजिक यथार्थवादी धारामा रही लेखिएको छ । यस कथामा निम्न मध्यम वर्गीय परिवारमा हुने यथार्थलाई जस्ताको तस्तै चित्रण गरिएको छ । मध्य तराईको निम्न मध्यम वर्गीय परिवारमा आमा गुमाएको बालकले परिवारका अन्य सदस्यबाट कस्तो व्यवहार सहनुपर्छ भन्ने यथार्थलाई देखाउन इस्माली सफल भएका छन् । ग्रामीण समाजमा हलो जोत्ने, घाँस दाउरा गर्ने, खेतमा काम गर्ने यथार्थलाई यस कथामा प्रस्तुत गरिएको छ । यसलाई यसरी देखाइएको छ :

"बाबु हलो जोत्थ्यो, आमा घर धन्दा, घाँस दाउरा गर्थी" (पृ. २) ।

प्रस्तुत कथामा आमा गुमाएका बच्चाले परिवारबाट पीडा र यातना पाउने र यातना सहन नसकी घरबार नै छोडी शरणार्थीका रूपमा पराई घरमा आश्रम लिन जान बाध्य हुने ग्रामीण समाजको यथार्थलाई देखाइएको छ ।

'शरणार्थी' कथामा कथानकका साथै पात्र विधान सारवस्तु र भाषिक प्रयोगमा समेत यथार्थवादी चिन्तन रहेको छ । निम्न मध्यम वर्गीय परिवारमा बोल्ने भाषाको प्रयोग सहज रूपमा गरिएको छ । त्यस्ता केही शब्दलाई यसरी देखाइन्छ :

"ए बण्ठा ! यता मुन्टी ! भुँडे बजिया" ।

सिंगचिल्ली, थ्याच्च,हग्न, मसानेभुत (पृ.२-३)

प्रस्तुत छुद्र र तुच्छ भाषिक प्रयोगबाट ग्रामीण निम्न वर्गीय नेपाली समाजको छनक दिन्छ ।

'शरणार्थी' कथाको कथानक देखि भाषिक प्रयोगसम्म सहजता, सरलता र यथार्थता पाउन सकिन्छ । यही नै यस कथाको सबल पक्ष पनि हो ।

(क) 'शरणार्थी'' कथामा ग्रामीण यथार्थ चित्रण गरिएको छ ।

(ख) 'शरणार्थी' कथामा पारिवारिक उत्पीडनको मर्म चित्रण गरिएको छ ।

(ग) नेपाली समाज सफल रूपमा प्रस्तुत गरिएको छ ।

(घ) मगर समुदायको चरित्र उपस्थित गराई जनजाती पक्षको चित्रण गरिएको छ ।

(ङ) यातना सहन नसकी पराई घरमा शरणार्थीका रूपमा जानुपर्ने बाध्यता चित्रण गरिएको छ ।

उल्लिखित बुँदाको आधारमा 'शरणार्थी' कथा सामाजिक यथार्थवादी कथा हो भन्न सकिन्छ ।

## ४.३.२ 'कृपापात्र' कथामा सामाजिक यथार्थवादको प्रयोग

'कृपापात्र' कथा यथार्थवादी धारामा रही  लेखिएको छ । यस कथामा निम्न मध्यम वर्गीय परिवारमा हुने यथार्थलाई जस्ताको तस्तै चित्रण गरिएको छ । नेपालको शैक्षिक बेरोजगारी यथार्थलाई इस्मालीले कृपापात्र कथाका माध्यमबाट चित्रण गरेका छन् । नेपालमा जागिर योग्यताले मात्र पाइदैन कसैको कृपापात्र हुनुपर्छ भन्दै वर्तमानको यथार्थलाई यस कथामा यसरी देखाइएको छ :

"कैयौं इन्टरभ्यू धाइसकेँ : तर अहँ, कुनै इन्टरभ्यू लिने अफिसको कृपापात्र हुन सकिन । कतै बढी योग्यतावाला ठहरिन्छु, कतै अनुभव पुग्दैन । हरे ! अनुभव कुनै पसलमा बिक्रि हुने भए ....।" (पृ. ६)

ग्रामीण समाजमा पढाइ सकेको दुई वर्षसम्म कुनै जागिर नपाएको पात्रलाई कथामा उभ्याएर वर्तमान लाखौं शैक्षिक बेरोजगारी युवाको प्रतिनिधि पात्र बनाइएको

छ । पढिसकेको मान्छेले भैसी गोठालो हुन हुँदैन भन्ने अहमवादी प्रवृत्तिलाई यथार्थरूपमा यसरी चित्रण गरिएको छ :

"बरू पढ्दै नपढ्या भए भैंसी गोठालो त लाग्न पाइन्थ्यो । आफ्नो पेट त पाल्न सकिन्थ्यो । तर अब त्यसबाट पनि बन्चित भइयो । राख्दैनन् कसैले ।" (पृ.६)

'कृपापात्र' कथाका माध्यमबाट हुने खानेका इष्टमित्र साथीभाइ हुने र जो सँग केही छैन त्यसका साथीभाइ इष्टमित्र बैरी हुने सामाजिक यथार्थ देखाइएको छ ।

(क) 'कृपापात्र' कथामा ग्रामीण यथार्थको चित्रण गरिएको छ । जमिनदार भैंसी गोठालो, हाट, पिपलबोट, चौतारो आदिका माध्यमबाट ग्रामीण समाजलाई देखाउने काम गरिएको छ ।

(ख) 'कृपापात्र' कथामा सामाजिक यथार्थको चित्रण गरिएको छ । समाजमा उच्च वर्ग र निम्न वर्ग गरी दुई वर्ग हुने यथार्थका आधारमा उच्च वर्गको नेतृत्व जमिनदारले गरेको छ र निम्न वर्गको नेतृत्व 'म' पात्रले गरेको छ ।

(ग) 'कृपापात्र' कथामा मूलरूपमा शैक्षिक बेरोजगारको भयावह यथार्थ चित्रण गरिएको छ । वर्तमान अवस्थाका लाखौं नेपाली शैक्षिक योग्यता पुगेर पनि कसैको कृपापात्र हुन नसकि रोजगारी पाउन नसकेको वास्तविक यथार्थलाई 'म' पात्रका माध्यबाट प्रस्तुत गरिएको छ ।

(घ) समाजमा प्रगति गर्न नसक्नेलाई सबैले हेय दृष्टिले हेर्ने वास्तविकतालाई म पात्र माथि साथीभाइले गरेको व्यवहार मार्फत चित्रण गरिएको छ ।

(ङ) समाजमा बाहिरबाट हेर्दा सभ्य भलाद्मी तर भित्र भित्रै अवैध धन्दा चलाउने ठूलावडाहरूको वास्तविकतालाई जमिन्दार पात्र मार्फत चित्रण गरिएको छ ।

माथि उल्लेख गरिएका बुँदाका आधारमा 'कृपापात्र' कथा यथार्थवादी कथा हो । यथार्थवादमा पनि सामाजिक यथार्थवादी कथा हो भन्न सकिन्छ ।

### ४.३.३ 'गिरधारीलाल' कथामा सामाजिक यथार्थवादको प्रयोग

'गिरधारीलाल' कथा पञ्चायतकालीन समाजको चित्रण गरिएको यथार्थवादी कथा हो । पञ्चायतकालीन समयमा शिक्षाको ज्योति छरी चेतना फैलाउने शिक्षकको अवस्था कस्तो थियो भन्ने कुरा गिरधारीलाल गुरूका माध्यमबाट प्रस्तुत गरिएको छ । आफ्नो जीवनभरको परिश्रम लगानी गरी स्कुलको स्थापना गर्ने गिरधारीलालले पढाएका विद्यार्थीहरू ठूला ठूला पोष्टमा पुगेका छन्, तर उनी बाँचुञ्जेल खुला आकाशमुनी जीवन निर्वाह गरे र मर्दा समेत पाँच हातको कात्रो समेत जुटाउन सकेनन् । त्यस्तै यिनै गुरूको चेलो सङ्ग्राम पनि पेशामा शिक्षक हो । ऊ राजनीतिक रूपमा सचेत छ । उसलाई राजनीतिक बन्दी बनाइएको छ । देवप्रसाद पुलिसको फन्दामा परेपनि कबुलियतनामा गरेकोले पुलिसले छोडिदिएको छ । तत्कालीन समाजमा सत्ताको समर्थन गर्नेहरूलाई सरकारले छोडिदिने र बिरोध गर्नेहरूलाई जेलमै सडाउने प्रवृत्तिको यथार्थपरक चित्रण गरिएको छ । यस कथाले जनमत सङ्ग्रहको परिणाममा पञ्चायतले जितेपनि त्यो स्वीकार नभएर जनताले गरेको आन्दोलनलाई सजीव रूपमा चित्रण गरेको छ । जेलमा रहेका राजनैतिक बन्दीका पक्षमा जनता र विद्यार्थी रहेको कुरालाई यसरी देखाइएको छ :

"आन्दोलन विविध रूपमा अघि बढ्दै रै' छ । हाम्रो समर्थनमा विद्यार्थी र जनताहरू पनि बोल्न थालेछन्" (पृ. ६५) यस घटनाले २०४६ सालको जनआन्दोलन हुने पूर्व सङ्केत समेत गरेको छ ।

(क) 'गिरधारीलाल' कथाले पञ्चायतकालीन समाजको चित्रण गरेको छ ।

(ख पञ्चायती व्यवस्थाले जनतालाई जागरूक बनाउनेहरूलाई जेलमै सडाइदिने यथार्थ चित्रण गरिएको छ ।

(ग) समाजमा निम्न वर्गलाई जगतबहादुर जस्ता शोषकले कसरी थिचो मिचो गरेका थिए भन्ने यथार्थ गिरधारीलालको परिवारमाथि गरेको व्यवहारबाट पुष्टि भएको छ ।

(घ) जनताहरू सत्ताको निरङ्कुश प्रवृत्ति विरूद्ध जागरूक भएको यथार्थ प्रस्तुत गरिएको छ ।

(ङ) समाजमा निस्वार्थ सेवा गर्ने गिरधारीलाल जस्ता व्यक्ति छन् तर तिनको उचित सम्मान हुन सकेको छैन भन्ने वास्तविकता उजागर भएको छ ।

निष्कर्षमा माथि उल्लेख गरिएका बुँदाका आधारमा 'गिरधारीलाल' कथा पञ्चायती समाजको यथार्थलाई चित्रण गरिएको यथार्थवादी कथा हो ।

## ४.४ आलोचनात्मक यथार्थवादको प्रयोग

आलोचनात्मक यथार्थवादमा समाजमा उच्च वर्ग र निम्न वर्गको चित्रण गरिएको हुन्छ । उच्च वर्गले निम्न वर्गका जनता माथि शोषण दमन गरिएको चित्रण गरिएको हुन्छ । यस किसिमको शोषणको बारेमा जानकारी प्राप्त गरे तापनि निम्न वर्गका जनताले सङ्गठित भई उच्च वर्गको विरोध गर्न नसकेको घटना चित्रण गरी रचना गरिएको साहित्य आलोचनात्मक यथार्थवाद हो । इस्मालीको माछो माछो भ्यागुतो कथा सङ्ग्रहमा समावेश भएको 'घर' कथामा आलोचनात्मक यथार्थवादको प्रयोग भएको छ ।

'घर' कथामा बाढीले घर खेत लगेर सहरमा विस्थापित हुन बाध्य श्रमजीवी वर्गको समस्यालाई मुख्य विषय बनाई प्रस्तुत गरिएको छ । यस कथामा उच्च वर्ग र निम्न वर्गका मान्छेहरूको चित्रण गरिएकोछ । ती दुई वर्गका बीचमा द्वन्द्वदेखाइएको छ । उच्च वर्गको प्रतिनिधित्व घरपति र भारत सरकारले गरेको छ भने निम्न वर्गको प्रतिनिधित्व ऊ र भारतबाट लखेटिएका नेपालीले गरेका छन् ।

प्रस्तुत 'घर' कथामा दुई वर्गको चित्रण गरिए तापनि निम्न वर्गले उच्च वर्गको थिचो मिचो विरूद्ध एकजुट हुने कुरा गर्छन तर त्यसको विरोध गर्न सकेका छैनन् । घरपतिले सँधियारसँगको झगडामा आफ्नो पक्ष नलिई तटस्थ बसेको आरोपमा घरबाट निकाल्दा ऊ पात्रले विरोध गर्न सक्दैन । ऊ पात्रले उच्च वर्गको विरोध गर्न नसके पनि उसमा मार्क्सवादी दर्शनमा आधारित साम्यवादी सोचको विकास भएको छ । जसलाई यसरी प्रस्तुत गरिएको छ :

"एउटा सुन्दर घर होस् तर त्यसको साँध नहोस, आफन्तहरू होऊन तर वैरीहरू नहोउन, सबै हाम्रो होस् तर तेरो मेरो नहोस्" (पृ.६७) ।

प्रस्तुत 'घर' कथामा भारत सरकारले लखेटेर फिर्ता भएका नेपालीहरू निम्न वर्गीय श्रमजीवी चरित्र हुन् । नेपालमा रहेका जमिनमा अग्रवालले फ्याक्ट्री खोल्दा समेत उनीहरू प्रतिरोध गर्न सक्दैनन् । यिनीहरूलाई ऊ चरित्रले सङ्गठित गर्ने क्रममा "तपाइँ हाम्रो पीडा एउटै हो । अब हामी मिल्नु पर्छ र हातेमालो गर्दै काँधमा काँध मिलाई घर बनाउन कसिनु पर्छ, बुझ्नु भो त.....?" (पृ. ६८) भन्दै एकजुट गराउने प्रयास गरेको छ तर कसैले विरोध गरेका छैनन् । अन्तिम सम्म साँध सीमाना नभएका सबै इष्टमित्र भएको झगडा कहिल्यै नहुने घर निर्माणका लागि जुटिएको छ ।

(क) दैवी प्रकोपका कारण विस्थापित हुनु परेको यथार्थ चित्रण गरिएको छ ।
(ख) गाउँमा साहुको समस्याले घर छोडी भारतमा प्रवासिनु परेको र त्यहाँबाट पनि लखेटिएर आउँदा आफ्नो जग्गा कब्जागरी उद्योग सञ्चालनगरेको वास्तविक चित्रण गरिएको छ ।
(ग) ऊ पात्रमा साम्यवादी सोंच रहेको छ ।
(घ) प्रस्तुत कथामा उच्च वर्गले निम्न वर्गमाथि शोषण गरेपनि निम्न वर्गले त्यसको विरोध गर्न सकेका छैनन् ।
(ङ) श्रमजीवी वर्ग एकजुट भै आफ्नो घर निर्माणमा लाग्ने सङ्केत देखाइएको छ ।

निष्कर्षमा उल्लिखित बुँदाहरूका आधारमा 'घर' कथामा केही साम्यवादी सोंचको विकास भएको देखाइए पनि मूलतः घर कथा आलोचनात्मक यथार्थवादी कथा हो ।

## ४.५ प्रगतिवादको प्रयोग

मार्क्सवादी दार्शनिक चिन्तनमा आधारित भएर रचना गरिएको साहित्य प्रगतिवादी साहित्य हो । समाजमा उच्च वर्ग र निम्न वर्ग रहेका हुन्छन् । उच्च वर्गले निम्न वर्गका जनतामाथि शोषण दमन गर्दछन् । यस किसिमको शोषणबाट बहुसङ्ख्यक श्रमजीवी वर्ग सचेत भई सङ्गठित रुपमा उच्च वर्ग विरुद्ध सङ्घर्ष गरी आफ्नो हक अधिकार स्थापित भएका घटना समावेश गरी रचना गरिएको साहित्य प्रगतिवादी साहित्य हो । इस्मालीको 'माछो माछो भ्यागुतो' कथा सङ्ग्रहमा सङ्गृहीत 'धर्म', 'माछो माछो भ्यागुतो', 'उनको इच्छा', 'लाश', 'गाउँको माया', 'हिरामन सादाको

अठोट’, ‘धुन्धकारीको अवसान’, ‘सङ्कटबहादुर अर्थात् गङ्गालाल’ र ‘मङ्सिको अनिकाल’ कथामा प्रगतिवादको प्रयोग भएको छ ।

### ४.५.१ ‘धर्म’ कथामा प्रगतिवादको प्रयोग

‘धर्म’ कथा संवादात्मक शैलीमा लेखिएको छ । यस कथामा पठित भनिने विश्वविद्यालयका बुद्धिजीवीहरूमा धर्मका बारेमा रहेको वैचारिक मत भिन्नता प्रस्तुत गरिएको छ । धर्मका विषयमा रहेका वैचारिक मत भिन्नता प्रस्तुत गर्नु यस कथाको प्रमुख ध्येय हो विश्वविद्यालयसँग सम्बन्धित दुई पात्रको चयन गरी पठित समूहमा व्याप्त अन्धविश्वासलाई देखाउने काम यस कथामा गरिएको छ ।

धर्मका नाममा गेरूवावस्त्र धारण गरेर पैसा उठाउँदै हिँड्ने र उक्त पैसा व्यक्तिगत स्वार्थमा प्रयोग गर्ने जस्ता व्यक्तिहरूको पछि लागेर आस्तिक प्रवृत्ति भएका मान्छे धर्मको अन्धवादमा लागेका छन् । ढुङ्गालाई देवता मानी पूजा गर्ने तर दुःखी पीडितको मर्म बुझ्न नसक्ने कुसंस्कारलाई कथाकारले व्यङ्ग्य गरेका छन् । समाजमा हुने यस्तो कुसंस्कार युक्त संस्कृतिको पक्षपोषणका रूपमा आस्तिक प्रवृत्ति भएको पात्र र गेरूवा वस्त्र धारण गरेकी भक्तिनी देखापरेका छन् । यस्ता व्यक्तिले मानवीय संवेदना बुझ्न सक्दैनन् । आफ्नो स्वार्थ कसरी पूर्ति हुन्छ भन्ने तर्फ मात्र ध्यान गएको हुन्छ । तिनीहरूले सोझा-साझा निम्न वर्गका जनतालाई ठग्नेकाम गरेका हुन्छन् ।

प्रस्तुत ‘धर्म’ कथामा नास्तिक प्रवृत्ति भएको पात्र आजको समाजमा मानवीय सेवा नै धर्म हो भन्ने अग्रगामी सन्देश बोकेको शिक्षित चरित्र हो । यसले धर्मका बारेमा सही दृष्टिकोण राख्दछ । ऊ बहुसङ्ख्यक श्रमजीवी वर्गको प्रतिनिधित्व गर्ने विवेकशील चरित्र हो । यसले समाजमा हुने कुप्रवृत्तिको विरोध गरेको छ । दुःखी, पीडित, भोका, असहायलाई सहयोग गर्नु नै वास्तविक धर्म हो भन्ने विचार बोकेको छ । वास्तवमा धर्म भनेकै मानवीय सेवा हो । फोस्रो आडम्बरयुक्त संस्कृतिप्रति तीव्र प्रहार गर्दै लोक कल्याणकारी संस्कृति जुन यथार्थमा मानवीय सेवामा आधारित छ । त्यसलाई महत्त्व दिंदै समाजमा स्थापित गराउनु पर्छ भन्ने कुरा यस कथाको सारका रूपमा आएको छ ।

(क) समाजमा हुने दुई वर्ग अर्थात् उच्च वर्ग र निम्न वर्गको चित्रण धर्म कथामा गरिएको छ ।

(ख) शिक्षित वर्गमा धर्मप्रति रहेको परम्परावादी रूढिग्रस्त अन्धविश्वासी चिन्तनप्रति विरोध गरिएको छ ।

(ग) सामन्तवादी संस्कृतिको विरोध गरी त्यसका विरूद्धमा तल्लो वर्गको हीत हुने संस्कृतिको स्थापना गर्नु पर्ने विचार व्यक्त गरिएको छ ।

(घ) सीमित उच्च वर्गको विरोध र बहुसङ्ख्यक श्रमजीवी वर्गको पक्षमा जनविचार आएको कुरा कथामा चित्रण गरिएको छ ।

निष्कर्षमा बहुसङ्ख्य निम्न वर्गीय रोगी, भोका, पीडितहरूको पक्षमा आवाज उठाएको र वास्तविक धर्म भनेको त्यस्तै दु:खी गरिबको सेवा गर्नु पर्ने विचार व्यक्त गरेकोले 'धर्म' कथा प्रगतिवादी कथा हो ।

### ४.५.२ 'माछो भाछो भ्यागुतो' कथामा प्रगतिवादको प्रयोग

'माछो माछो भ्यागुतो' मार्क्सवादी सौन्दर्य चिन्तनमा आधारित भएर लेखिएको प्रगतिवादी कथा हो । यस कथामा उच्च वर्ग र निम्न वर्गको उपस्थिति देखाई वर्गीय द्वन्द्व प्रस्तुत गरिएको छ । उच्च वर्गीय चरित्रका रूपमा नन्दन राय, माधोबाबु र शर्माजी रहेका छन् । निम्न वर्गीय चरित्रका रूपमा ऊ, बौका मुसहर, किसन भैया र गाउँलेहरू रहेका छन् ।

पञ्चायती चुनावको विषयवस्तुलाई चुनावमा उपल्लो वर्गले तल्लो वर्गलाई कसरी भच्याङ् बनाउँछन् भन्ने यथार्थ यस कथामा चित्रण गरिएको छ । जसको उदाहरणका रूपमा यसलाई लिन सकिन्छ :

"नन्दन रायले गाउँका गोठाला र आफ्ना लठैतहरू जम्मा पारेर आज एउटा सानो तिनो जुलुस पनि निकालेका थिए । ....... लठैतहरू घोक्रो फुलाएर कराउँदै थिए - अरूसँग नोठ लेउ छाता छापमा भोट देऊ" (पृ. १८) ।

चुनाव हुनु भन्दा अगाडि जनतालाई थुप्रै आश्वासन दिँदै हिँड्ने चुनाव जिती सकेपछि ती आश्वासन तिर वास्तै नगरी केवल आफ्नो स्वार्थ सिद्धी गर्ने उच्च वर्गको

परिपाटी विरूद्ध कथाकारले व्यङ्ग्य गरेका छन् । राजनीतिक सिद्धान्त समाजवादी अङ्गाल्ने तर व्यवहारमा समान्तवादी चरित्र भएका दल विरूद्ध जनाता एकजुट भएर परास्त पार्नु पर्छ भन्ने सन्देश प्रस्तुत कथामा पाइन्छ । चुनावको समयमा मात्र तल्लो वर्गका जनता गुहार्ने तर चुनाव पछि सम्पूर्णलाई भुल्ने राजनीतिक दल वा नेताले बहुसङ्ख्यक  श्रमजीवी वर्गको हीत गर्न सक्दैनन् । उनीहरूले चुनाव लड्दा खर्च गरेको पैसा उठाउन तर्फ लाग्छन् भन्ने कुरा ऊ पात्रले यसरी भनेको छ :

“गर्छ कल्याण ! पैसाको खोलो बगाउनेले पहिले खोलो फर्काउँछ कि जनताको कल्याण गर्छ ? हाम्रो कल्याण हुने व्यवस्था त हामीले नै लडेर ल्याउनु पर्छ” (पृ. २२) ।

चुनावबाट विजयी उम्मेदवारले जनतालाई ठगेबाट उनीहरू जनताको सेवा होइन जनताको परिश्रमद्वारा उब्जिएको बाली खुलेआम खान छोडिएका मान्यता प्राप्त साँढे हुन् भन्ने तर्फ सङ्केत गरिएको छ । मुठीभरका धनी वर्गले कहिल्यै गरिबको सामूहिक स्वार्थका निम्ति काम गर्दैनन् । उनीहरूले त सकभर बिना ज्याला कजाउँछन् भन्ने तर्फ सङ्केत गर्दै किसन भैया पात्रलाई उपस्थित गराई श्रमजीवी वर्गको प्रतिनिधित्व गराएका छन् । उनका मुखबाट प्रगतिवादी चिन्तन यसरी व्यक्त गराइएको छ :

“गरिब गरिब एक भए मात्रै रोजी रोटीको समस्या हल हुन्छ र गरिब दुःखीको कल्याण हुन्छ” (पृ. २२) ।

चुनावी विषयवस्तुलाई छनौट गरेर त्यसको विकृतिले व्यक्ति, समाज र राष्ट्रलाई पारेको नकारात्मक प्रभाव र त्यसबाट उत्पन्न विकराल समस्यालाई प्रष्ट पार्दै यस कथाले समाजमा विद्यमान समस्याको अन्त्यको निम्ति प्रत्येक श्रमजीवीको वर्ग एक भएर विचार प्रकट गरिएको छ ।

(क) ‘माछो माछो भ्यागुतो’ कथामा उच्च वर्ग र निम्न वर्गको चित्रण गरी सीमित उच्च वर्गले बहुसङ्ख्यक निम्न वर्गमाथि कसरी शोषण गर्छन् भन्ने यथार्थ देखाइएको छ ।

(ख) सीमित धनी वर्गले पैसाको बलमा बहुसङ्ख्यक श्रमजीवी वर्गलाई भऱ्याङ बनाएर सत्तामा पुग्छन् । सत्तामा पुगेपछि उल्टै श्रमजीवी वर्गमाथि शोषण गर्ने प्रवृत्ति चित्रण गरिएको छ ।

(ग) नाममा समाजवादी काममा सामन्तवादी व्यवहार गर्ने माधोबाबु जस्ता व्यक्तिलाई डण्डा लगाएर भगाउनु पर्ने विचार व्यक्त गरिएको छ ।

(घ) बहुसङ्ख्यक श्रमजीवी वर्ग आफ्नो हक अधिकारको निम्ति एक भएर लड्नु पर्ने क्रान्तिकारी विचार व्यक्त गरिएको छ ।

(ङ) सामन्तवादी संस्कृतिले सधै तल्लो वर्गमाथि शासन गर्ने परिपाटीका विरूद्ध शोषण रहित आधुनिक समाजको विकास गर्नुपर्ने सन्देश व्यक्त गरिएको छ ।

यसरी 'माछो माछो भ्यागुतो' कथा मार्क्सवादी सौन्दर्य विधान अनुरूप रचना गरिएको प्रगतिवादी कथा हुन  सफल रहेको छ ।

**४.५.३ 'उनको इच्छा' कथामा प्रगतिवादको प्रयोग**

'उनको इच्छा' समाजवादी यथार्थवादमा आधारित भएर लेखिएको प्रगतिवादी कथा हो । यस कथामा समाजलाई वर्गमा विभाजन गरिएको छ । बहुसङ्ख्यक श्रमजीवी वर्गको प्रतिनिधित्व गर्न अम्बिका, 'म', उनको छोरो, आमा, सहिँली घर्तिनी र गाउँका चेलीहरू आएका छन् भने सीमित सामन्तवादी उच्च वर्गका रूपमा हमाल्नी मैयाँ र अभय देखा परेका छन् । वर्गीय संस्कृति र स्वार्थका कारण उनीहरूका बीचमा टकराव हुन्छ भन्ने कुरालाई सङ्केत गरिएको छ । ठूलाबडाले सानो माथि गर्ने थिचोमिचो र अन्याय अत्याचारलाई यस कथाले सफल रूपमा चित्रण गरेको छ । जसको प्रतिनिधित्वका रूपमा अभयलाई उभ्याइएको छ । उसले आफूभन्दा सानालाई अर्थात् निम्न वर्गका मानिसलाई हेपेको र दबाएको छ । यसलाई कथाकारले यसरी प्रस्तुत गरेका छन् :

"म ठूलो मान्छे, मेरो खटनमा तँ चल्नुपर्छ । त्यसै रिस गर्नुहुन्छ .........". (पृ. २७) ।

आफूले दिनभर जोतिएर आउँदा पनि खान नपाएको तर ठूलाबडा भनाउँदाले बसी बसी मोजमस्ती गर्ने प्रवृत्तिप्रति यसरी व्यङ्ग्य गरिएको छ  :

"हामीहलु हैलान भएल हलो जोत्नेले मिठो-मसिनो देख्नसम्म नपाउनु, यो मोला घल बसी-बसी मिठो खाने" (पृ.२७) ।

जसलाई 'म' पात्रको छोरो मार्फत प्रस्तुत गरिएको छ । उसमा सुरूमा गान्धी र बुद्ध जस्तै अहिंसावाद र सहनशीलता देखापर्छ र समाजमा कहिल्यै कसैसँग झगडा नगर्ने सधै मेलमिलाप र मित्रतामा वस्नुपर्ने कुरालाई यसरी प्रस्तुत गर्छ : "हामीहलु कले पनि झगला नगल्ने है" (पृ. २४) । मान्छे जतिसुकै सहनशील र धैर्यवान् भए पनि अन्याय र अत्याचारलाई सहन सक्दैन भन्ने कुरा म पात्रको छोरो बालकले अभयको शोषणमूखी प्रवृत्तिलाई व्यङ्ग्य गर्दै भन्छ : "साले पल्ति किलियावादी" (पृ. २७) । उसले बसी-बसी खाने अरूको पसिनामाथि शोषण गर्ने अभयलाई एक चड्कन गालामा बजाएको छ । यस घटनाले हुकुमी शासनको तीव्र विरोधलाई सङ्केत गर्दछ । अम्बिका जस्तो समाजसेवी, सबैको भलाई, उन्नती र प्रगतिमा नै आफू सन्तुष्ट रहने नारीलाई त्यही समाजमा बसेर आफ्ना गाउँका चेलीलाई बम्बईको बेश्यालयमा बेच्ने बिना पारिश्रमिक कजाउने हमाल्नी मैयाँले उसको घोर विरोध गर्छे र अम्बिकाको मृत्युमा खुलेर रमाउँछे । यसरी हेर्दा उच्च वर्गको प्रतिनिधित्व गर्ने सामन्तवादी सोंच राख्ने चरित्रका रूपमा हमाल्नी देखा परेकी छ । यसबाट समाजमा दुःखी शोषित्, पीडितको पक्षमा लड्ने व्यक्तिको मृत्युमा उच्च वर्गका सामन्तीहरू खुसी हुन्छन् । एकजना क्रान्तिकारी व्यक्तिको भौतिक शरीर नष्ट हुँदैमा उसका विचार कहिल्यै मर्दैनन् । सत्यको सधै जीत हुन्छ  भन्ने कुरालाई अम्बिकाको छोरोको क्रान्तिकारी विचारबाट प्रष्ट हुन्छ ।

(क) 'उनको इच्छा' कथामा उच्च वर्ग र निम्न वर्गको चित्रण गरी उच्च वर्गले निम्न वर्गमाथि कसरी शोषण गर्छन् भन्ने कुरा हमाल्नी मैयाँ मार्फत् चित्रण गरिएको छ ।

(ख) यस कथामा आर्थिक अभावका कारण अम्बिका जस्ता क्रान्तिकारी जनसेवीको पीडादायी अवसान देखाएर भौतिक शरीर नष्ट भएर गए पनि उसले छोडेर गएको क्रान्तिकारी विचार कहिल्यै मर्दैन र जीत पनि त्यसकै हुन्छ भन्ने कुरा देखाइएको छ ।

(ग) यस कथामा समाजमा अन्तर्निहित विभिन्न प्रकारका शोषण, दमन, अन्याय, अत्याचारलाई निर्मूल पार्न र समाजलाई उन्नत भविष्यतर्फ डोऱ्याउनलाई गति प्रदान गर्न अहोरात्र लागि पर्ने परिवर्तनगामी क्रान्तिकारी विचार प्रस्तुत गरेको छ।

(घ) यस कथामा समाजका हरेक प्रकारका अन्याय, अत्याचार विकृति र विसङ्गति विरूद्ध लड्नका लागि समाजलाई सचेत, सङ्गठित र सही मार्ग देखाउनु पर्छ भन्ने कुरा देखाइएको छ।

(ङ) यस कथामा देश र समाज विकासको निम्ति अन्तिम सास रहेसम्म सङ्घर्ष गर्नु पर्छ भन्ने क्रान्तिकारी विचार प्रस्तुत गरिएको छ।

यसरी 'उनको इच्छा' कथा समाजवादी यथार्थवादमा आधारित रही अग्रगामी चिन्तन बोकेको प्रगतिवादी कथा हो। प्रगतिवादी चिन्तनका दृष्टिले 'उनको इच्छा' कथा विषयवस्तु, पात्र चयन र विचारका दृष्टिले सफल रहेको छ।

### ४.५.४ 'लाश' कथामा प्रगतिवादको प्रयोग

'लाश' मार्क्सवादी सौन्दर्य चिन्तनमा आधारित भएर लेखिएको प्रगतिवादी कथा हो। यस कथामा वर्गीय द्वन्द्वलाई सुन्दर रूपले प्रस्तुत गरिएको छ। उच्च वर्ग र निम्न वर्गका बीच द्वन्द्व देखाइएको छ। प्रस्तुत कथामा उच्च वर्गको प्रतिनिधित्व गर्ने चरित्रका रूपमा हरिकृष्णे फोरम्यान, इन्जिनियर ठेकेदार आएका छन् भने निम्न वर्गको प्रतिनिधित्व गर्ने चरित्रका रूपमा बुधबहादुर पुलामी र मजदुरहरू रहेका छन्। यी दुई वर्गका बीचमा शारीरिक र मानसिक द्वन्द्व देखाइएको छ। सीमित सङ्ख्याका उच्च वर्गले बहुसङ्ख्यक निम्न वर्गलाई कसरी आफ्नो स्वार्थ पूर्तिका लागि शोषण गर्छन् भन्ने कुरालाई यस कथामा इन्जिनियर मार्फत् यसरी देखाइएको छ : "तुम लोग हमारे पाँव तलेका मिट्टी हो, सम्झा ? ज्यादा नेता गिरी देखाओगे तो खाल उतार लेंगे हराम जादे" (पृ. ३२)। आफ्नो जीऊ ज्यानै बाजी राखेर काम गर्ने मजदुरलाई हल्ली हल्ली र अरूलाई ठगी ठगी गगल्स र हैटमा सजिएर मोजमस्तीमा रम्ने धनी वर्गले गरेको अत्याचारको मारमा बुधबहादुर पुलामी जस्ता कैयौँ मजदुरहरू परेका छन्।

काम गर्दा गर्दै रिङ्टा लागेर बसेका बुधबहदुरलाई पिटेर हिँड्ने हरिकृष्णेको प्रतिरोधमा बुधबहादुरले पनि दुई चार मुक्का हान्छ । यसलाई एक मजदुरले यसरी व्यक्त गर्दछ : "जति नि हुन्छ । ऊ आइलागे पछि बुधे जाइलाग्न किन नहुने ? कहाँको लाटसाब हो र त्यो ?" (पृ. ३१) यस विचारबाट निम्न वर्ग माथि गरिने शोषणको विरोधमा उत्रने सङ्केत देखिन्छ । श्रमिक अर्थात् मजदुर वर्ग एक जुट हुन खोजे पनि उच्च वर्गले विभिन्न प्रलोभनमा पारी फुटाई उनीहरूमाथि वर्चश्व कायम राखि रहन्छन् । "त्यै हडताल टुंगेदेखि नै हो यिनको चुरीफुरी बढ्या । एक जुट भाको भौ भा भए .............. ! आफ्नो वर्ग नचिन्नेसँ के लाग्दो रैछ र ?" (पृ. ३१) भन्ने भनाईबाट उच्च वर्गले निम्न वर्गलाई एक जुट हुन दिँदैनन् । यदि एकजुट भएर सङ्घर्ष गर्ने हो भने आफ्नो हक अधिकार स्थापित गर्न सकिन्छ भन्ने अग्रगामी चिन्तन प्रस्तुत गरिएको छ ।

(क) 'लाश' कथामा उच्च वर्ग र निम्न वर्गका बीचको द्वन्द्वलाई सफल रूपमा प्रस्तुत गरिएको छ ।

(ख) समाजमा रहेको माथिल्लो वर्गले तल्लो वर्गमाथि गर्ने थिचोमिचो, अन्याय अत्याचार, शोषण र दमनलाई प्रस्तुत गरिएको छ ।

(ग) उच्च वर्गको शोषण अत्यन्त चरम बन्दै गएपछि निम्न वर्ग पनि आफ्नो अस्तित्त्व रक्षाका लागि त्यसको प्रतिकार गर्छन् भन्ने कुरा बुधबहादुर पुलामीले हरिकृष्णेलाई कुटेबाट देखाइएको छ ।

(घ) आफ्नो अधिकार खोसिएका कारण श्रमजीवी वर्ग सुरक्षित भविष्यका निम्ति आफै उठ्नुपर्ने कुरालाई प्रस्तुत गरिएको छ ।

(ङ) अन्याय र अत्याचारको विरूद्ध एक्लै लागि पर्दा सफल नहुने हुन्छ । जसका लागि सबै शोषित, पीडित एकजुट हुनुपर्ने क्रान्तिकारी विचार प्रस्तुत गरिएको छ ।

(च) अरूको श्रम शोषेर खाने शोषक वर्गले एउटा लाश सरहको व्यवहार गर्ने प्रवृत्ति प्रति शोषित वर्गको आक्रोशलाई सफलताका साथ प्रस्तुत गरिएको छ ।

माथि उल्लेखित बुँदाका आधारमा 'लाश' कथा मार्क्सवादी सोन्दर्य चिन्तन प्रयोग भएको प्रगतिवादी कथा हो ।

### ४.५.५ 'गाउँको माया' कथामा प्रगतिवादको प्रयोग

'गाउँको माया' कथा प्रगतिवादी दृष्टिकोणलाई सामाजिक यथार्थका माध्यमबाट प्रस्तुत गरिएको छ । समाजमा दुई वर्ग हुन्छन् । एउटा धनी वर्ग र गरिब वर्ग, अर्को शिक्षित वर्ग र अशिक्षित वर्ग । धनी वर्गले गरिब वर्गलाई सधै हेप्ने, थिचोमिचो गर्ने र श्रम शोषण गर्ने गर्दछन् भने गरिब वर्गहरू उनीहरूको अपमान केही समय त सहन्छन् तर गरिबहरूमा चेतनाको विकास भएपछि धनी वर्ग प्रति वितृष्णा जागृत हुन्छ र आफ्नो अधिकारको लागि आवाज उठाउँछन् भन्ने यथार्थलाई यस कथामा प्रस्तुत गरिएको छ । यस कथामा धनी वर्गका रूपमा मालिकहरू रहेका छन् भने गरिब वर्गका रूपमा श्रमिकहरू बुधना, परिछन, बखतबहादुर, रामदरश रहेका छन् । समाजमा जता बढी नाफा हुन्छ त्यतै आफ्नो हैसियत र एकतालाई त्यागेर जाने प्रवृतिका व्यक्ति पनि छन् भन्ने कुरा फेकन र शनिचरका माध्यमबाट देखाउन खोजिएको छ । समाजका श्रमिक वर्गको एकता देखेर आफ्नो पतन हुन सक्ने देखि धनी वर्गले विभिन्न प्रलोभन र लोभ देखाएर त्यो एकता टुटाइदिने प्रयास गर्ने वास्तविक चित्रण यस कथामा भएको छ ।

प्रस्तुत कथामा शिक्षित वर्गको प्रतिनिधिका रूपमा म पात्र अर्थात् (किसन) रहेको छ भने अशिक्षित वर्गको प्रतिनिधिका रूपमा परिछन लगायत अन्य श्रमिक रहेका छन् । शिक्षित वर्गले अशिक्षित वर्ग माथि हेय र दमनकारी दृष्टिकोण नराखी आत्मीय र भाइचाराको सम्बन्ध राख्नुपर्छ । अशिक्षित वर्ग माथि हुने गरेको अन्याय अत्याचारको पक्षमा उभिनु पर्छ । उनीहरूको हरेक समस्यामा साथ दिनुपर्छ भन्ने कुरालाई यस कथामा किसन र परिछनका माध्यमबाट यसरी प्रस्तुत गरिएको छ :

"गाउँ तिमीहरूकै हो । तिमीहरूकै हँसिया, खुर्पी, कोदालो र पाखुरीका बलमा गाउँ बाँचेको छ । गाउँका इज्जत भनेका तिमीहरू नै हौ । तिमीहरूकै आडमा गाउँ अभिमानी बनेको छ । तिम्रो पाखुरीले यो खोलाको धारलाई त फर्काउँछ भने गाउँको इज्जत माथि नउठाउला त ............. ?" (पृ.३७) ।

शिक्षित वर्गको सहायता पाएपछि आफूमाथि अन्याय गर्ने माथिल्लो वर्ग प्रति लड्ने प्रतिबद्धता तल्लो वर्गले यसरी गरेको छ :

“हिम्मत त किन हारिन्थ्यो र । अरे एक साल भएन त अर्को साल कहाँ जाला ! जब उतर गए रण पे तो पिछे हट्ना क्यौं ?” (पृ. ३७) । यसबाट समाजमा रहेका सबै मानिसहरू मानवताको नाताले सबैलाई समान व्यवहार गर्ने हो भने पक्कै पनि हाम्रो समाज समतामूलक समाजको निर्माण हुन्छ भन्ने तथ्यलाई यस कथामा प्रस्तुत गरिएको छ ।

(क) ‘गाउँको माया’ कथामा उच्च वर्ग र निम्न वर्गका बिचमा द्वन्द्व देखाइएको छ ।

(ख) शिक्षित वर्गले अशिक्षित वर्ग प्रति गर्ने स्नेह, माया, सहयोग र भातृत्व प्रेमलाई प्रस्तुत गरिएको छ ।

(ग) धनी वर्गले गरिब वर्ग माथि गर्ने अन्याय अत्याचारलाई मालिक र श्रमिकहरूको माध्यमबाट प्रस्तुत गरिएको छ ।

(घ) समाजमा अवसरवादी प्रवृत्ति भएका व्यक्तिहरू आफ्नो स्वार्थ पूर्तिका लागि आफूमाथिको विश्वास र अभिभारालाई लत्याएर हिँड्छन् भन्ने कुरा फेकन र शनिचरका माध्यमबाट प्रस्तुत गरिएको छ ।

(ङ) उच्च वर्गले गरेको अत्याचार र शोषणको सीमा नाघेपछि निम्न वर्गले त्यसको प्रतिकारका लागि बलियो एकता निर्माण गरी अगाडि बढ्न ऐक्यबद्धता जनाएको कुरा देखाइएको छ ।

माथि उल्लेख गरिएका बुँदाका आधारमा प्रस्तुत कथा प्रगतिवादतर्फ उन्मुख देखिन्छ ।

### ४.५.६ ‘हिरामन सादाको अठोट’ कथामा प्रगतिवादको प्रयोग

‘हिरामन सादाको अठोट’ समाजमा देखापरेको विभेदलाई चित्रण गरी त्यसको विरोध गरिएको प्रगतिवादी कथा हो । यस कथामा हुनेखाने वर्ग र हुँदा खाने वर्गको दुरी चित्रण गरिएको छ । हुँदाखाने निम्न वर्गको प्रतिनिधित्व हिरामन सादा, बिसुनमा कापड, बिलटा माझीले गरेका छन् । हुनेखाने अर्थात् उच्च वर्गको प्रतिनिधित्व

मालिकहरूले गरेका छन् । बनिहारहरूको पसिनाको कमाईमा बसीबसी खाने मालिक वर्गले मोजमस्ती गर्ने तर गरिखाने बनिहारहरूलाई अढाई सेर मात्र दिने गरेका छन् । नेपाली ग्रामीण समाजमा भएको श्रमशोषण र त्यसले निम्त्याएको विद्रोहलाई प्रस्तुत कथाले देखाएको छ । मजदुर श्रमिक वर्गले आफ्नो अधिकारका लागि आवाज उठाउँदा उच्च वर्गले "यै अढाई सेरका लागि बनिहारहरूको तँछाड मछाड छ, घिचौला चार किलो" (पृ.४१) । भनेर झन दमन गर्दछन् । साथै अरूको दमन र शोषणमा जिन्दगी काट्नुपर्ने गरिखाने वर्गले "हामी पहिले पनि मुसहर थियौं र अहिले पनि मुसहर नै छौं । मुसहरबाट मान्छे हुन कति वर्ष लाग्ने होला ...?" (पृ.४२) भनेर आफु पिल्सिएको दुखेसो गर्छन् तर एक दिन पक्कै गरिब वर्गको पनि दिन झुल्कने आशामा एकतावद्ध हुन्छन् । हाम्रो समाजमा देखा परेको अवसरवादी प्रवृत्तिलाई पनि यस कथामा बिसुनमा कापड र बिलटा माझीका माध्यमबाट प्रस्तुत गरिएको छ । आफ्नो स्वार्थपूर्तिका लागि धेरै श्रमिकहरूको विश्वासलाई यिनीहरूले लत्याएर मालिकवर्गको खुट्टा ढोग्न गएको वास्तविकतालाई चित्रण गरिएका छ ।

(क) 'हिरामन सादाको अठोट' कथामा वर्गीय द्वन्द्वको चित्रण गरिएको छ ।

(ख) समाजमा बसिखाने वर्गले गरिखाने वर्गमाथि गरेको थिचोमिचो, अन्याय, अत्याचार र शोषणलाई प्रस्तुत गरिएको छ ।

(ग) गरिखाने वर्गका पक्षमा लड्ने व्यक्तिले विश्वासघात गरी बसिखाने वर्गको पक्ष लिएपनि गरिखाने वर्ग एकतावद्ध भई प्रतिकारमा जुट्ने गरेको कुरा प्रस्तुत गरिएको छ ।

(घ) समाजमा गरिब दुःखीको पक्ष लिएझैं गरेर आफ्नो स्वार्थपूर्ति गर्ने अवसरवादी चरित्रको चित्रण गरिएको छ ।

(ङ) कुनै पनि कुरालाई दबाउन खोज्यो भने त्यसले विद्रोहको स्थिति निम्त्याउँछ भन्ने कुरालाई देखाइएको छ ।

(च) समाजसेवी व्यक्तिहरू जतिसुकै दुःख कष्ट परे पनि अरूको लोभलालचमा नलागि आफ्नो लक्ष्यमा सधै अडिग हुन्छन् भन्ने तथ्यलाई प्रस्तुत गरिएको छ ।

निष्कर्षमा माथि उल्लिखित बुँदाका आधारमा 'हिरामन सादाको अठोट' कथा प्रगतिवादी कथा हो ।

### ४.५.७ 'धुन्धकारीको अवसान' कथामा प्रगतिवादको प्रयोग

'धुन्धकारीको अवसान' पञ्चायतकालीन समयमा तराईको समाजमा घट्ने वास्तविक यथार्थलाई चित्रण गरी लेखिएको यथार्थवादी कथा हो । तराईको मुसहर बस्तीमा आफ्नो प्रभुत्व जमाएर गाउँलेहरूमाथि शोषण, दमन, अन्याय, अत्याचार गर्ने पात्रका रूपमा धुन्धकारीहरू उपस्थित छन् । तिनीहरू पाँचजनाको सङ्ख्यामा रहेका छन् । समाजमा भाँडभैलो मच्चाउनु ,अनाहकमा अरूलाई कुटपिट गर्नु, गाँउका सोझा चेलीहरू माथि कुव्यवहार गर्नु, अरूलाई थर्काएर, हप्काएर खानु , धुन्धकारीको स्वभाब थियो । यस कार्यबाट गाउँले र पसलवालाहरू आजित भएर "यिनीहरू मेरो पसलमा नआइदिए हुन्थ्यो" (पृ.४८) भनेर भगवानसँग प्रार्थना गर्दथे । कसैले तिनीहरूका विपक्षमा आवाज उठाउन सक्दैनथे । तर समाजमा शोषण, दमन, अन्याय, अत्याचारको सीमा नाघेपछि जनताहरू एक जुट भएर तिनीहरूको विरूद्धमा लाग्छन् भन्ने यथार्थ यस कथामा धुन्धकारहिरूलाई पाता कसी गाउँ घुमाएबाट पुष्टि हुन्छ । नारीमाथि बढी शोषण भयो भने आफ्नो हक हितको निम्ति नारी आफै पनि उठ्न सक्नुपर्छ । समाज परिवर्तनमा नारीको पनि ठूलो भूमिका र जिम्मेवारी हुन्छ भन्ने कुरा बुलकियाका माध्यमबाट प्रस्तुत गरिएको छ । केही मुट्ठीभरका स्वार्थी मान्छेहरूले खराब संस्कृतिलाई बढावा दिए पनि त्यो क्षणिक हुन्छ र असङ्ख्य जनता एकजुट भएमा जनताको जीत हुन्छ भन्ने कुरा देखाउन खोजिएको छ । यस घटनालाई हेर्दा पञ्चायती शासनको शोषण, दमनबाट वाक्क भएर आन्दोलन गरी जनमत सङ्ग्रहको घोषणा भएको र २०४६ सालको जनआन्दोलनको पूर्व सङ्केत गरिएको छ ।

(क) 'धुन्धकारीको अवसान' कथामा पञ्चायतकालीन मध्य तराईको समाजको चित्रण गरिएको छ ।

(ख) पञ्चहरूले समाजमा गाउँलेहरू माथि गरेको शोषण, दमन, अन्याय र अत्याचारलाई जस्ताको तस्तै चित्रण गरिएको छ ।

(ग) मुसहर जातिको चित्रणबाट जनजाति पक्षको चित्रण देखाइएको छ ।

(घ) स्थानीय संस्कृतिका रूपमा महावीरजीको झण्डामेलाको चित्रण गरिएको छ ।

(ङ) अन्याय, अत्याचारबाट वाक्क भएर जनताहरूले गरेको आन्दोलन सफल रूपमा चित्रण गरिएको छ ।

(च) नारीमाथि भएको शोषण विरूद्ध नारीहरू नै उठ्छन् भन्ने यथार्थ प्रस्तुत गरिएको छ ।

'धुन्धकारीको अवसान' कथा माथि उल्लिखित बुँदाहरूका आधारमा यथार्थवादी कथा हो भन्ने पुष्टि हुन्छ ।

### ४.५.८ 'सङ्कटबहादुर अर्थात् गङ्गालाल' कथामा प्रगतिवादको प्रयोग

'सङ्कटबहादुर अर्थात् गङ्गालाल' समाजमा देखिने विभेदलाई चित्रण गरी विभेद हटाउनु पर्छ भन्ने कुराको सङ्केत गरिएको कथा हो । यस कथामा वर्गीय द्वन्द्व चित्रण गरी धनी र गरिब वर्गको दुरीलाई प्रस्तुत गरिएको छ । गरिब वर्गको प्रतिनिधित्व यस कथाको प्रमुख चरित्र सङ्कटबहादुर अर्थात् गङ्गालालले गरेको छ । धनी वर्गको प्रतिनिधित्व कल्याण काजीले गरेको छ ।

प्रस्तुत कथामा धनी वर्गले गरिब वर्गमाथि गर्ने दमन र शोषणलाई सफल रूपमा प्रस्तुत गरिएको छ । सन्तान लाभ हुँदा पनि आर्थिक अभावका कारण गरिबहरू खुसी हुन सक्दैनन् बरू दुःखी हुन्छन् । गरिबीकै कारण राम्रोसँग खान लाउन नपाएर जन्मेका सबै सन्तानको मृत्यु व्यहोर्नु पर्ने पीडालाई "बाँचिहालेछ भने पनि दुई चार महिना मात्रै" (पृ. ५१) भन्दै आफूहरू गरिब हुनुको बाध्यतालाई प्रस्तुत गर्दछन् । रोग, भोक पीडा, शोषण, दमन, अन्याय, अत्याचारले ग्रस्त शोषित वर्गमा विस्तारै आफू शोषित हुनु र गरिब बन्नुको कारण थाहा हुँदै गएको कुरालाई सङ्कटबहादुरका माध्यमबाट यसरी प्रस्तुत गरिएको छ :

"हो, बा, हो । तिनीहरू हाम्रो रगत, पसिनामा पौडी खेलेर ढलिमलि गर्दै बाँचेका हुन् र हामी त्रासमा आतङ्कित भएर उनीहरूलाई रगत पिउन छुट दिइरहेका छौं र आफू दिनदिनै दुब्लो, पातलो र ख्याउटे हुँदैछौ । हामीले तिनलाई आफ्नो रगत पिउने छुट

नदिएको भए हामी यसरी सधैं भरी ललनी गाएर हिँड्नु पर्ने थिएन" (पृ. ५४)। प्रस्तुत कथामा आफ्नो अधिकारको निम्ति आफै सग्बगाउनु पर्छ भन्ने यथार्थ प्रस्तुत गरिएको छ । विभिन्न किसिमका अवसरबाट उच्च वर्गले निम्न वर्गलाई धेरै थरी बाहानामा बञ्चित गरेका छन् । यसबाट बच्न र आफूहरू पनि मान्छे बन्नका लागि एक जुट हुनुपर्ने कुरालाई "म पनि मान्छे हुने काम गर्छु । अब ती पातकीलाई हाम्रो अनमोल रगत पिउन दिइन्न, दिइन्न । इख नभएको मान्छे र बिख नभएको सर्प के काम ?" (पृ. ५४) भनेर भनिएको छ ।

(क) 'सङ्कटबहादुर अर्थात् गङ्गालाल' कथामा वर्गीय द्वन्द्वलाई प्रस्तुत गरिएको छ ।

(ख) समाजमा उच्च वर्ग र निम्न वर्गका बीचमा देखा पर्ने विभेदलाई यथार्थ रूपमा प्रस्तुत गरिएको छ ।

(ग) कुनै पनि कुरालाई जति दबाउन खोज्यो त्यति उसले बिद्रोहको रूप लिन्छ भन्ने कुरालाई सङ्कटबहादुरको अठोट र साहसबाट देखाउन खोजिएको छ ।

(घ) आफ्नो अधिकार र अवसर प्राप्त गर्नका लागि समाजका व्यक्तिमा देखा परेको चेतना र त्यसका लागि एकताको आवश्यतालाई प्रस्तुत गरिएको छ ।

(ङ) आर्थिक अभावका कारण प्रत्येक पटक जन्मेका बच्चा गुमाउनु परेको र सङ्कटबहादुर जस्ता समाजका खम्बाको पीडादायी चित्रण यस कथामा प्रस्तुत गरिएको छ ।

(च) गरिबहरूको पसिनाको मोल समेत धनी वर्गले विभिन्न बाहनामा हडपेको कुरालाई यस कथामा प्रस्तुत गरिएको छ ।

निष्कर्षमा माथि उल्लेख गरिएका बुँदाका आधारमा यो कथा प्रगतिवादी कथा हो भन्न सकिन्छ ।

### ४.५.९ 'मङ्सिरको अनिकाल' कथामा प्रगतिवादको प्रयोग

'मङ्सिरको अनिकाल' मध्य तराईमा बसोबास गर्ने विशेषतः मुसहर बस्तीमा अनिकालले पारेको समस्याका बारेमा बनिहारहरू (श्रमजीवी) ले विभिन्न प्रकारको छलफल कुराकानी गरेबाट सामाजिक यथार्थलाई प्रस्तुत गरिएको प्रगतिवाद तर्फ उन्मुख कथा हो भन्न सकिन्छ । यस कथामा भोकमरीको कारणले ग्रामीण मैथली समाजको मुसहर बस्तीको जनजीवन अत्यन्त आक्रान्त परेको छ । भोको पेट कोही पनि हात बाँधेर बस्दैन, सक्दो सहन्छ तर सीमा नाघेपछि त्यसले बाँच्नका लागि जुन सुकै काम गर्न पनि पछि पर्दैन भन्ने समाजको वास्तविक यथार्थलाई प्रस्तुत गरिएको छ ।

प्रस्तुत कथामा गरिखाने वर्ग र अरूलाई ठगी खाने वर्ग गरी दुई वर्गको चित्रण गरिएको छ । ती दुई वर्गका बीचमा द्वन्द्व देखाइएको छ । गरी खाने वर्गमा सुखिचन सादा, बिहरीया, गाउँवाली, खेनरीया, दशैंया र अन्य मजदुरहरू रहेका छन् । बसी खाने वर्गमा बिर्छा गुवार, रामवृक्ष राय जस्ता शोषकहरू रहेका छन् । जिन्दगी भर काम गर्दा पनि कसैले खान नपाउने कोही भने त्यही गरी खाने वर्गको श्रम शोषेर मोजमस्ती गर्ने प्रवृत्तिलाई यस कथामा चित्रण गरिएको छ । गरिब जनताको पसिनामा मोज गर्ने गरिबमारा व्यक्ति नै समाज र जिल्लामा सम्मानित हुने गर्दछन् र यो परम्परा सधैं भरी रही रहन सक्दैन । त्यस प्रवृत्ति विरूद्ध प्रतिकार गर्नका लागि श्रमजीवी वर्गहरू एकजुट भएर अगाडि बढ्छन् भन्ने कुरालाई यसरी प्रस्तुत गरिएको छ : "अधर्मीलाई मार्नु त झन पूण्य छ । एकमात्र होइन सौ पूण्य काका सौ पूण्य ............ !" (पृ. ५९) यसबाट उनीहरू आफूहरू माथि शोषणगर्ने समाजका धूर्त र भ्रष्ट व्यक्ति माथि जाइलाग्ने बाचा गरेका छन् । एउटा प्रयासबाट गरिब चुसुवा एक जनाको पतन भएपछि गरी खाने वर्गमा उत्साह पलाएको छ । यसलाई "सुर्ता नमान् बिहरीया रामवृक्ष जस्ता अरू पनि छन्" (पृ. ६०) भन्ने सुखिचनको भनाईबाट प्रस्ट गरिएको छ ।

प्रस्तुत 'मङ्सिरको अनिकाल' कथामा गरिबहरूलाई एकजुट हुनका लागि शिक्षित वर्गबाट यसरी आग्रह गरिएको छ :

"तिमीहरू जस्तो गरिब गुरूवाको नाममा अरू-अरू देशले सहजोग दिन्छ, यहाँ सब पञ्च भलाद्मी मिलेर चुपचाप खाइदिन्छन् । तिमीहरू किन विरोध गर्दैनौ ? सब मिलेर विरोधमा जुलुस निकाल । इन्कलाबमा धक्का दो भाइ-तभी कल्याण होगा " (पृ. ५८) । यसरी आफ्नो अधिकार प्राप्त गर्न र अस्तितत्व रक्षाका लागि आफै लाग्नु पर्छ र त्यसलाई सफल पार्नका लागि एकताको आवश्यकता पर्दछ भन्ने सन्देश यस कथामा प्रस्तुत गरिएको छ ।

(क) 'मङ्सिरको अनिकाल' कथामा उच्च वर्ग र निम्न वर्गका बीचमा विभेद देखाई वर्गीय द्वन्द्वलाई प्रस्तुत गरिएको छ ।

(ख) भोकमरीका कारण आफ्नो भोको पेट पाल्नका लागि मान्छेले जस्तो सुकै जोखिम मोल्न पनि पछि पर्दैन भन्ने यथार्थ प्रस्तुत गरिएको छ ।

(ग) मध्य तराईको ग्रामीण मैथली समाजको मुसहर बस्तीको सजीव चित्रण गरिएको छ ।

(घ) समाजमा बसी खाने उच्च वर्गले गरी खाने निम्न बर्गमाथि गर्ने व्यवहार र उनीहरूले गर्ने शोषणलाई प्रस्तुत गरिएको छ ।

(ङ) शिक्षित वर्गले अशिक्षित गरिब वर्गमा चेतना जगाउनु पर्छ र उनीहरूलाई अधिकारको निम्ति एकजुट हुन सहयोग गर्नु पर्छ भन्ने कुरालाई देखाइएको छ ।

(च) गरिबहरू पनि आफूमाथिको अत्याचारले सीमा नाघेपछि त्यसको विरोधमा लाग्छन् भन्ने कुरालाई रामवृक्षको धान ज-जसले काटे उनीहरूले नै लगेबाट प्रष्ट गरिएको छ ।

निष्कर्षमा माथि उल्लेखित बुँदाका आधारमा 'मङ्सिरको अनिकाल' कथा तराईको वास्तविकतालाई प्रस्तुत गर्दै वर्गीय द्वन्द्व चित्रण गरिएको प्रगतिवादी कथा हो ।

## ४.६ आञ्चलिक स्पर्श

कथामा स्थान वा अञ्चल विशेषको भाषिका रीतिथिति, परिहन, सोच्ने र अनुभव गर्ने तरिकाको विस्तृत प्रस्तुतिलाई स्थानीय रङ्ग भनिन्छ । कथामा स्थानीय रङ्ग अलङ्कारका रूपमा रहन्छ । जब यो कथाको अनिवार्य विशिष्ट आन्तरिक तत्त्व हुन्छ, तब यसलाई आञ्चलिकता भनिन्छ । औद्योगिकीकरणका विरोधमा चलाइएको माटोतर्फ फर्क अभियान सँग सम्वद्ध भएकोले आञ्चलिक कथामा प्रायः ग्राम्याञ्चलको वर्णन हुन्छ ।

स्थानीय रङ्गको चित्रण अञ्चलका भौगोलिक, सांस्कृतिक, ऐतिहासिक, आर्थिक आदि परम्पराको चित्रण रूचि र वैचित्र्यका लागि गरिन्छ भने आञ्चलिकतामा यो अनिवार्य तत्त्वका रूपमा रहन्छ । स्थानीय रङ्ग आफैमा अनिवार्य तत्त्व होइन । यो आञ्चलिकताको अनिवार्य उपकरण मात्र हो । स्थानीय रङ्गको प्रयोगबाट आञ्चलिक विशिष्टता उजागर भएपछि मात्र आञ्चलिकता बन्दछ । यसप्रकार आञ्चलिकता साध्य हो भने स्थानीय रङ्ग साधनका रूपमा मात्र रहेको देखिन्छ (सुवेदी, २०६८ : ३०) ।

'चलन' कथा निश्चित तराईको जनकपुर अञ्चल विशेषमा केन्द्रित कथा हो । यसमा त्यस क्षेत्रमा अवस्थित मैथिली समाज र त्यस समाजमा रहेको दाइजो प्रथालाई समाज, संस्कृति, स्थानीय समस्या र भाषिकाको प्रयोग गरी प्रस्तुत गरिएको छ । मैथिली समाजमा विद्यमान दाइजो प्रथालाई मूल विषय बनाई त्यहाँ प्रचलित संस्कारगत समस्यालाई चलन कथामा मुख्य स्थान दिइएको छ । तराईको खेतमा घाँस काट्ने, गोठाला लाग्ने, पुल्लीडण्डा खेल्ने जस्ता स्थानीय चलन यसमा आएको छ । मूल रूपमा सरकारले कानुनी रूपमा अन्त्य गरेको घोषणा गरे पनि लुकीछिपी रूपमा बसतपुर, सिर्सिया, पर्सा, शिवनगर, रौजा, भगवतीपुर, संग्रामपुर जस्ता ठाउँमा दाइजोको नराम्रो प्रचलन रहेको तथ्य देखाएका छन् । यस्ता कार्यबाट सुनरको बुबाले छोरीको विवाह गरिदिन समेत नसकेको यथार्थ यस कथामा उद्घाटन गरिएको छ ।

मैथिली समाजमा निम्न वर्गका मानिसलाई उच्च वर्गका मानिसले गर्ने हेपाहा प्रवृत्ति चलन कथामा रहेको छ । जिम्दारका छोराले सुखवाकी छोरीमाथि हातपात गर्न

खोजेको घटना विरूद्ध आवाज उठाउँदा उल्टै हप्की खाएर आउनुपर्ने अवस्था देखाइ तराईमा निम्न वर्गले सहनुपर्ने सामाजिक शोषण प्रस्तुत गरिएको छ ।

(क) 'चलन' कथामा तराईको मैथिली समाजको चित्रण गरिएको छ ।

(ख) परिवेशका रूपमा वसतपुर, सिर्सिया, सोनमा, पर्सा, शिवनगर, रौजा, भगवतीपुर, संग्रामपुर जस्ता स्थानको चित्रण गरिएको छ ।

(ग) तराई क्षेत्रको मैथिली समाजमा विद्यमान संस्कृतिलाई सजीव रूपमा प्रस्तुत गरिएको छ ।

(घ) दाइजो प्रथाका कारण उत्पन्न र स्थानीय स्तरमा ठूलावडाहरूले तल्लो वर्गका मानिसहरूलाई पार्ने समस्या प्रस्तुत कथामा देखाइएको छ ।

(ङ) लोकतत्त्वका रूपमा मैथिली लोकगीतको प्रयोग गरिएको छ ।

(च) समाजमा दुई वर्गको अवस्था देखाइ उच्च वर्गले निम्न वर्गमाथि गर्ने आर्थिक शोषणलाई सजीव रूपले चित्रण गरिएको छ ।

(छ) प्रस्तुत 'चलन' कथामा निश्चित क्षेत्रमा बोलिने मैथिली भाषाको प्रयोग गरिएको छ ।

निष्कर्षमा 'चलन' कथामा अञ्चलविशेषको भौगोलिक अवस्था, समाज, संस्कृति, लोकतत्त्व, आर्थिक अवस्था, स्थानीय समस्या र भाषिकाको प्रयोग गरिएकाले प्रस्तुत कथा आञ्चलिक कथा हो भन्न सकिन्छ ।

## ४.७ सांस्कृतिक चिन्तनको प्रयोग

ह्मम्रो समाजमा रहेको धर्म, संस्कृति, रीतिरिवाज, चालचलन, प्रथा आदिलाई मुख्य विषयवस्तु बनाई प्रयोग गरिएका कथालाई साँस्कृतिक कथा भनिन्छ । इस्मालीको माछो माछो भ्यागुतो कथा सङ्ग्रहभित्र सङ्गृहीत 'विडम्बना' कथामा साँस्कृतिक पक्षलाई उजागर गर्ने काम गरिएको छ ।

'विडम्बना' कथाले हिन्दु र मुसलमानको धार्मिक, साम्प्रदायिक युद्ध र त्यसले निम्त्याएको भयावह स्थितिलाई मुख्य विषय बनाएको छ । दशैंमा हिन्दुले दुर्गाको मूर्तिमा पूजागर्ने र मुसलमानले दाहा देखाउने विषयलाई लिएर साम्प्रदायिक युद्ध चल्छ । त्यस युद्धमा पर्सावालीको श्रीमान सहित धेरै मुसलमान र हिन्दुको मृत्यु हुन्छ । यस

घटनालाई लिएर गाउँका मान्छेले उसको श्रीमान् स्वर्ग र नर्कमा गएको कुरा गर्न थाल्दछन् तर त्यस घटनामा न हिन्दुको जीत हुन्छ न मुसलमानको जीत हुन्छ ।

साम्प्रदायिक युद्धबाट कसैको जीत नभएपछि साम्प्रदायिकता भनेको मानव मानवका बीच विभेद ल्याउने मूल जरो हो भन्ने पर्सावालीलाई लाग्छ । यस पछि पर्सावाली गाउँ गाउँमा आफ्नो पीडा सुनाउँदै माइती गाउँमा काम गर्न थाल्छे । अस्पताल, डाक्टर नर्स नभएको गाउँमा कुनै जात, धर्मप्रति वास्ता नराखी आफूलाई मानव सेवामा लगाउँछे । ऊ त्यस गाउँमा नाइटिङ्गेल बराबर थिई तर एक्ली पर्सावालीको मृत्यु हुँदा हिन्दुले मुसलमान र मुसलमानले हिन्दुको जुठो पुरो खाएकी भनेर लाश कसैले उठाउँदैनन् ।

(क) समाजमा धर्मका नाममा युद्ध चल्छ भन्ने यथार्थ 'विडम्बना' कथामा प्रस्तुत गरिएको छ ।

(ख) साम्प्रदायिक युद्धमा कसैको जीत नहुने वास्तविक पक्षको चित्रण गरिएको छ ।

(ग) हिन्दु र मुसलमान समाजको चित्रण गरिएको छ ।

(घ) मानवले मानवको सेवा गर्नुपर्छ । मानव सेवामा जात, धर्म, वर्ण आदिले कुनै छेकवार गर्दैन भन्ने यथार्थ पर्सावालीका माध्यमबाट चित्रण गरिएको छ ।

(ङ) समाज पूर्ण रूपमा सचेत नभएको अर्थात् साम्प्रदायिक भावनाबाट माथि उठ्न नसकेको कारण पर्सावली जस्ता समाजसेवी धर्मका नाममा शिकार भएको यथार्थ चित्रण गरिएको छ ।

निष्कर्षमा 'विडम्बना' कथा उल्लिखित बुँदाका आधारमा मानवतावादी चेत विकसित हुँदै गरेको सांस्कृतिक कथा हो ।

## ४.८ चिन्तनगत दृष्टिबाट माछो माछो भ्यागुतो कथा सङ्ग्रहको समग्र प्रवृत्ति

यस उप शीर्षकमा **माछो माछो भ्यागुतो** कथा सङ्ग्रहको समग्र प्रवृत्ति निरुपण गरिएको छ ।

### ४.८.१ सामाजिक यथार्थवादी प्रवृत्ति

**माछो माछो भ्यागुतो** कथा सङ्ग्रहभित्र सङ्गृहीत 'शरणार्थी', 'कृपापात्र' र 'गिरधारीलाल' कथामा सामाजिक यथार्थवादको प्रयोग भएको छ । यी कथामा समाजमा घट्ने घटनालाई जस्ताको तस्तै चित्रण गरिएको छ । 'शरणार्थी' कथामा आमा गुमाएको बच्चालाई घर परिवारमा अन्य सदस्यले गर्ने व्यवहारलाई जस्ताको तस्तै चित्रण गरिएको छ । 'कृपापात्र' कथामा वर्तमान समयमा शैक्षिक बेरोजगारले भोग्नु परेको यथार्थ रुपेशका माध्यमबाट प्रस्तुत गरिएको छ । रोजगार योग्यताका भरमा नभएर चाकरी, चाप्लुसी र भनसुनका आधारमा हुने तितो यथार्थ चित्रण गरिएको छ । 'गिरधारीलाल' कथामा पनि शिक्षा फैलाउने गुरुको अवस्था जस्ताको तस्तै रहने तर तिनले शिक्षित बनाएका विद्यार्थी ठूला पोष्टमा पुगेको वास्तविकताका साथै मर्ने बेलामा कात्रोसम्म जुटाउन नसकेको गरिबीको यथार्थ चित्रण गरिएको छ । यसरी समाजका दैनिक रूपमा घटिरहेको घटनालाई यथार्थ रूपमा इस्मालीले 'माछो माछो भ्यागुतो' कथा सङ्ग्रहभित्र चित्रण गरेका छन् । यसका आधारमा इस्माली सामाजिक यथार्थवादी कथाकार हुन् भन्न सकिन्छ ।

### ४.८.२ आलोचनात्मक यथार्थवादी प्रवृत्ति

**माछो माछो भ्यागुतो** कथा सङ्ग्रहमा सङ्गृहीत 'घर' कथामा मात्र आलोचनात्मक यथार्थवादको प्रयोग भएको छ । यस कथामा ऊ चरित्रलाई घरपतिले शोषण गरेको छ । सँधियारसँगको झगडामा तटस्थ बसेको आरोपमा घरबाट निकालिदिन्छ । उसले त्यस कार्यप्रति कुनै प्रतिक्रिया नजनाई मौन बस्दछ । त्यस्तै आसाममा बसिरहेका नेपालीलाई भारत सरकारले लखेट्दछ । त्यहाँ पनि उनीहरू सहज स्वीकार गरी फर्कन्छन् । घरमा आउँदा उनीहरूको जग्गामा अग्रवालले फ्याक्ट्री खोलेको हुन्छ । उनीहरूले अग्रवालसँग कुनै पनि विरोध गर्दैनन् । यसरी उच्च वर्गको शोषण दमनप्रति निम्न वर्ग मौन बसेकोले घर कथामा आलोचनात्मक यथार्थवादको प्रयोग भएको छ ।

### ४.८.३ समाजवादी यथार्थवादी प्रवृत्ति

**माछो माछो भ्यागुतो** कथा सङ्ग्रहमा सङ्गृहीत 'माछो माछो भ्यागुतो', 'उनको इच्छा', 'लाश', 'गाउँको माया', 'हिरामान सादाको अठोट', 'धुन्धकारीको अवसान', 'सङ्कटबहादुर अर्थात् गङ्गालाल' र 'मङ्सिरको अनिकाल' कथामा समाजवादी यथार्थवादको प्रयोग भएको छ । यी कथामा वर्गीय चरित्रको छनोट गरिएको छ । उच्च वर्गले निम्न वर्गमाथि शोषण, दमन, अन्याय, अत्याचार गरेका छन् । त्यस किसिमको अन्याय अत्याचारका विरूद्ध श्रमजीवी निम्न  वर्गका जनता एकजुट हुने प्रण गरी आफ्नो हक अधिकार र गास बासको लागि सङ्घर्ष गरेका छन् । यस किसिमको सङ्घर्षबाट सीमित उच्च वर्गको पतन हुने र बहुसङ्ख्यक श्रमजीवी वर्गको उज्वल भविष्यको सङ्केत गरिएको छ ।

### ४.८.४ आञ्चलिकताको प्रयोग

**माछो माछो भ्यागुतो** कथा सङ्ग्रहमा आञ्चलिक प्रयोगमा भएका कथाहरू पनि समावेश गरिएको छ । 'चलन', 'माछो माछो भ्यागुतो', 'गाउँको माया' र 'विडम्बना' कथामा आञ्चलिक स्पर्श भेटिन्छ । मध्य तराईको मैथिली समाजमा केन्द्रीत रहेर त्यहाँको भूगोल, समाज र संस्कृतिलाई यी कथामा प्रयोग गरिएको छ । 'चलन' कथामा जनकपुर र नारायणी अञ्चल विशेषको समाज र त्यहाँ प्रचलित भाषा संस्कृतिको चित्रण गरिएको छ । दाइजो प्रथालाई मुख्य विषय बनाई त्यहाँको रहन, सहन र भाषा संस्कृतिलाई प्रस्तुत गरिएको छ । 'माछो माछो भ्यागुतो' कथामा चुनावलाई मुख्य विषय बनाई जनकपुर अञ्चलको मुसहरबस्तीको चित्रण गरिएको छ । तिनीहरूको दैनिक अवस्था र त्यहाँको संस्कृतिलाई चित्रण गरिएको छ । 'गाउँको माया' कथामा पनि जनकपुर अञ्चलको मैथिली समाजलाई विषयवस्तु बनाइएको छ । उक्त समाजमा प्रयोग गरिने भाषा जस्तै :

"जै रामजीकी किसन भाइ ! गाई चराहावा टुअर टापर भैं चरवाहाचोर । बकरी चरवाहा छिनरछानर ताके चारू ओर"(पृ. ३५) जस्ता मैथिली भाषा र गीतको प्रयोग गरिएको छ । त्यहाँ प्रचलित  महावीरजीको झण्डाको मेला प्रस्तुत गरी संस्कृतिलाई

समेत चित्रण गरिएको छ। विडम्बना कथामा पर्सा जिल्ला भूगोलका रूपमा आएको छ। त्यहाँ रहेको हिन्दु र मुस्लिम धर्मावलम्बीका बीचमा हुने साम्प्रदायिक युद्ध, हिन्दुको दुर्गापूजा, मुस्लिमको दाहा जस्ता संस्कृतिको चित्रण गरिएको छ। यसरी यी कथाहरूमा तराईको समाज र त्यहाँ प्रचलित भाषा संस्कृतिको प्रयोग गरी आञ्चलिक स्पर्श दिने काम भएको छ।

## ४.९ निष्कर्ष

'माछो माछो भ्यागुतो' (२०५२) कथा सङ्ग्रहमा सङ्गृहीत कथाहरूको चिन्तनगत प्रवृत्तिका आधारमा अध्ययन विश्लेषण गरिएको छ। प्रस्तुत कथा सङ्ग्रहमा सङ्गृहीत पन्ध्रवटा कथामध्ये 'शरणार्थी', 'कृपापात्र' र 'गिरधारीलाल' कथालाई सामाजिक यथार्थवादी दृष्टिकोणका आधारमा विश्लेषण गरिएको छ । यी कथामा समाजमा भए गरेका घटनालाई जस्ताको तस्तै चित्रण गर्ने काम भएको छ। 'चलन' कथालाई आञ्चलिकताका आधारमा विश्लेषण गरिएको । यस कथामा तराईमा विद्यमान दाइजो प्रथालाई मुख्य विषय बनाई त्यसले निम्त्याएको समस्या, त्यहाँको संस्कृति, भूगोल र समाजको चित्रण गरिएको छ । 'घर' कथा आलोचनात्मक यथार्थवादी दृष्टिबाट विश्लेषण गरिएको छ  भने 'विडम्बना' कथा सांस्कृतिक चिन्तनका दृष्टिबाट अध्ययन विश्लेषण गरिएको छ। हिन्दु र मुसलमान समाजका बीचमा हुने सम्प्रदायिक युद्धको चित्रणलाई मुख्य विषय बनाइएको छ। 'धर्म', 'माछो माछो भ्यागुतो', 'उनको इच्छा', 'लाश', 'गाउँको माया', 'हिरामन सादाको अठोट', 'धुन्धकारीको अवसान', 'सङ्कटबहादुर अर्थात् गङ्गालाल' र 'मङ्सिरको अनिकाल' कथामा समाजवादी यथार्थवाद अर्थात् प्रगतिवादको प्रयोग भएको छ । यी कथामा उच्च वर्ग र निम्न वर्गको चित्रण गरी संसार निर्माण गर्ने निम्न वर्ग हुन् भन्ने कुरा देखाइएको छ । समाजमा उच्च वर्गले निम्न वर्गमाथि शोषण, दमन गर्ने गर्दछन् । उक्त शोषणको सीमा नाघेपछि निम्न वर्ग एकजुट भई सङ्घर्ष गर्दछन् र उच्च वर्गको पतन हुने र निम्न वर्गको सत्ता स्थापना हुन्छ भने चिन्तन प्रस्तुत गरिएको छ। यसरी प्रस्तुत कथा सङ्ग्रहलाई चिन्तनगत प्रवृत्तिका आधारमा विश्लेषण गरिएको छ।

# अध्याय पाँच

# शोध निष्कर्ष

कथाकार इस्मालीको पहिलो कथा सङ्ग्रह 'माछो माछो भ्यागुतो' (२०५२) हो । यस सङ्ग्रहमा २०४३ सालसम्मका विभिन्न पत्रपत्रिकामा प्रकाशित पन्ध्रवटा कथाहरूको संयोजन गरिएको छ । यसै कृतिमा रहेर प्रस्तुत शोधकार्य गरिएको छ ।

प्रस्तुत शोधको पहिलो अध्यायमा शोध परिचय रहेको छ । यसमा शोधको विषय परिचय दिइएको छ । यसको विषयमा रहेर शोधकार्यको समस्या पहिचान गरिएको छ । तिनै शोधसमस्याको समाधान नै शोधको उद्देश्य रहेको किटान गरिएको छ । यसरी शोधकार्य गर्दा यसभन्दा अगाडि प्रस्तुत विषय र कथाकार इस्मालीका बारेमा गरेका अध्ययनलाई कालक्रमिक रूपमा प्रस्तुत गर्दै 'माछो माछो भ्यागुतो' कथा सङ्ग्रहको व्यवस्थित रूपमा अध्ययन विश्लेषण हुन बाँकी रहेको तथ्य पत्ता लगाइएको छ । त्यसैले प्रस्तुत विषयमा अध्ययन गर्नु शोधको औचित्य र महत्त्व स्पष्ट भएको छ । कथाकार इस्मालीका **माछो माछो भ्यागुतो**, **घाम घाम जस्तो छैन**, **काट् जर्किन डी** र **इस्मालीका प्रतिनिधि कथाहरू** गरी चारवटा कथा सङ्ग्रह प्रकाशित भए पनि 'माछो माछो भ्यागुतो' कथा सङ्ग्रहमा सीमित रही अध्ययन गर्नु शोधको सीमा रहेको कुरा स्पष्ट पारिएको छ । प्रस्तुत शोधकार्य पुस्तकालयीय अध्ययन विधि अवलम्बन गरी 'माछो माछो भ्यागुतो' कथा सङ्ग्रहलाई मुख्य आधार मानिएको छ । यससँग सम्बन्धित अन्य लेख रचनालाई समेत प्रयोग गरी विवेचना गर्ने क्रममा वर्णनात्मक र विश्लेषणात्मक विधि अपनाइएको छ । यसरी निर्माण गरिने शोधपत्रको रूपरेखा समेत पहिलो अध्याय मै निर्धारण गरिएको छ ।

दोस्रो अध्यायमा कथाको सैद्धान्तिक अध्ययन गर्दा कथाको विधा तत्त्व निरुपण गर्ने काम भएको छ । कथाको रचना गर्न आवश्यक उपकरण कथानक चरित्र चित्रण, दृष्टिबिन्दु, परिवेश, सारवस्तु र भाषाशैलीको निर्धारण गरिएको छ । प्रस्तुत शोधको विषय **माछो माछो भ्यागुतो** कथा सङ्ग्रहको कृतिपरक अध्ययन हो । इस्माली प्रगतिवादी कथाकार भएकोले र **माछो माछो भ्यागुतो** कथा सङ्ग्रहमा प्रगतिवादी

चिन्तन प्रयोग गरी कथा लेखेको प्रगतिवादको सैद्धान्तिक मान्यता प्रस्तुत गर्दै कथाकार इस्मालीको नेपाली प्रगतिवादी कथाको इतिहासमा स्थान निर्धारण गर्ने काम भएको छ ।

अध्याय तीनमा **माछो माछो भ्यागुतो** कथा सङ्ग्रहमा सङ्गृहीत पन्ध्रवटा कथाको विधातत्त्वका आधारमा अध्ययन विश्लेषण गरिएको छ । भिन्न भिन्न विषयमा लेखिएका कथाको कथानक प्रस्तुत गर्दै कथामा आएका चरित्रको चरित्रचित्रण समेत गरिएको छ । ती कथाहरू प्रथम पुरुष र तृतीय पुरुष दृष्टिबिन्दुमा रचना गरिएको छ । ग्रामीण र सहरीया दुबै परिवेशलाई चित्रण गरिएका कथाहरूको उद्देश्यलाई सारवस्तुका रूपमा प्रस्तुत गरिएको छ । उच्च वर्गले निम्न वर्गमाथि शोषण, दमन, अन्याय, अत्याचार गर्छन् । त्यस किसमको अन्यायको सीमा नाघेपछि निम्न वर्ग एकजुट भएर प्रतिरोधमा उठी पूँजीपति वर्गको पतन गराउँछन् र श्रमजीवी वर्गको सत्ता स्थापना हुन्छ भन्ने मूल सन्देश सारवस्तुका रूपमा आएको छ । नन्दन राय, शर्माजी र माधोबाबु जस्ता नेतालाई जनताले लाठी लगाई खेद्छन् भन्ने सन्देश 'माछो माछो भ्यागुतो' कथामा प्रस्तुत गरिएको छ । जनता एकजुट भएमा धुन्धकारीहरू र रामवृक्ष जस्ता शोषणको पतन हुन्छ भन्ने कुरा धुन्धकारीको अवसान र मङ्सिरको अनिकालमा प्रस्तुत गरिएको छ । भाषाशैली सरल, सहज हुनुका साथै प्रतिकात्मक र व्यङ्ग्यात्मक प्रयोग भएको कुरा स्पष्ट पारिएको छ । उखान टुक्काको प्रयोग भएको कुरा समेत प्रस्तुत गरिएको छ ।

अध्याय चारमा **माछो माछो भ्यागुतो** कथा सङ्ग्रहमा प्रयोग भएको विचार पक्ष अर्थात् चिन्तनलाई प्रस्तुत गरिएको छ । सामाजिक यथार्थवाद, आञ्चलिकता र सांस्कृतिक पक्षका आधारमा विश्लेषण गरिएको छ । 'शरणार्थी', 'कृपापात्र', र 'गिरधारीलाल' कथालाई सामाजिक यथार्थवादी दृष्टिकोणबाट विश्लेषण गरिएको छ । 'चलन' कथा आञ्चलिक प्रवृत्तिका आधारमा विश्लेषण गरिएको छ । 'धर्म', माछो माछो भ्यागुतो, 'उनको इच्छा', 'लाश', 'गाउँको माया', 'हिरामन सादाको अठोट', 'धुन्धकारीको अवसान', 'सङ्कटबहादुर अर्थात् गङ्गालाल' र 'मङ्सिरको अनिकाल' कथालाई प्रगतिवादी कोणबाट व्याख्या विश्लेषण गरिएको छ । घर कथामा आलोचनात्मक

यथार्थवादको प्रयोग भएको छ । 'विडम्बना' कथा धार्मिक, सांस्कृतिक पक्षसँग सम्वद्ध भएकाले सांस्कृतिक पक्षबाट विश्लेषण गरिएको छ ।

कथाकार इस्मालीको पहिलो कथा सङ्ग्रह **माछो माछो भ्यागुतो** समकालीन युगको प्रगतिवादी चिन्तनमा रहेर लेखिएको कृति हो । पञ्चायती शासनकालमा लेखिएका कथाहरू भएकाले तत्कालीन शासन व्यवस्थाका गलत प्रवृत्ति प्रष्ट्याउने काम गरिएको छ । प्रगतिवादी विचार धारालाई आत्मसात गरेर लेखिएका कथा भएकाले वर्गीय विभेद र त्यसले निम्त्याएको समस्यालाई प्रस्तुत गरिएको छ । समाजमा पूँजीपति वर्ग र श्रमजीवी वर्ग रहेका हुन्छन् । पूँजीपति वर्गले श्रमजीवी वर्गमाथि शोषण, दमन गरेका हुन्छन् । त्यस किसिमको दमनबाट पीडित बनेका श्रमजीवी वर्ग आफ्नो हक, अधिकारका लागि एकजुट भई अगाडि बढ्नु पर्छ । श्रमजीवी वर्गको एकताबाट भएको सङ्घर्षबाट पूँजीपति वर्गको पतन र श्रमजीवी वर्गको विजय हुन्छ भन्ने सन्देश दिनु नै प्रस्तुत कथा सङ्ग्रहको मूल सन्देश हो । यही सन्देश प्रस्तुत गरी नेपाली कथाको इतिहासमा इस्माली समकालीन युगका प्रगतिवादी कथाकार र **माछो माछो भ्यागुतो** कथा सङ्ग्रहले प्रगतिवादी कथा सङ्ग्रको स्थान प्राप्त गर्नु नै यसको प्राप्ति वा उपलब्धि हो ।

(१) कथाकार इस्माली सामाजिक यथार्थवादी, आलोचनात्मक यथार्थवादी हुँदै समाजवादी यथार्थवादी चिन्तन अनुरूप कथा लेख्ने समकालीन युगका प्रगतिवादी कथाकार हुन् ।

(२) नेपाली प्रगतिवादी कथाको इतिहास निर्धारण गर्ने क्रममा इस्मालीलाई उदार प्रगतिवादी कथाकार भएको कुरा उल्लेख गरिएको छ ।

(३) प्रस्तुत सङ्ग्रहको कथानक, चरित्रचित्रण, दृष्टिबिन्दु, परिवेश, सारबस्तु, भाषाशैली विधातत्त्वका आधारमा अध्ययन विश्लेषण भएको छ ।

(४) प्रस्तुत सङ्ग्रहको सामाजिक यथार्थवाद, आलोचनात्मक यथार्थवाद, प्रगतिवाद, आञ्चलिकता र सांस्कृतिक चिन्तन प्रवृत्तिका आधारमा अध्ययन विश्लेषण गरिएको छ ।

उल्लिखित कार्यका आधारमा कथाकार इस्माली नेपाली कथा साहित्यका प्रगतिवादी कथाकार र **माछो माछो भ्यागुतो** प्रगतिवादी कथा सङ्ग्रह हो भन्ने पुष्टि हुन्छ ।

# सन्दर्भसामग्रीसूची


अधिकारी, रविलाल (२०५६), **प्रगतिवादी नेपाली समालोचना,** पोखरा : लेकाली प्रकाशन ।

इस्माली, (२०५२), **माछो माछो भ्यागुतो**, ललितपुर : साझा प्रकाशन ।

.........., (२०५८), **घाम घामजस्तो छैन**, ललितपुर : साझा प्रकाशन ।

.........., (२०६४), **काट् जर्किन डी**, ललितपुर : साझा प्रकाशन ।

.........., (२०६७), **इस्मालीका प्रतिनिधि कथाहरू,** ललितपुर : साझा प्रकाशन ।

गौतम, दीपक (२०६२), *समकालीन प्रगतिवादी नेपाली कथाका प्रवृत्तिहरू,* अप्रकाशित विद्यावारिधि शोध प्रबन्ध, त्रिभुवन विश्वविद्यालय, काठमाडौँ ।

गौतम, देवीप्रसाद (२०४९), **प्रगतिवाद : परम्परा र मान्यता**, काठमाडौ : मुना गौतम ।

........, .......... (२०५४), **नेपाली कथा**, काठमाडौँ : नवीन प्रकाशन ।

........, .......... (२०५९), "समकालीन प्रगतिवादी नेपाली कथाका प्रवृत्तिहरू", ***'प्रलेस'*** (वर्ष ७ पूर्णाङ्क १३, पृष्ठ ७९-१०९) ।

गौतम, देवीप्रसाद र घिमिरे कृष्णप्रसाद (२०६८) सम्पा., **नेपाली कथा भाग ३**, ललितपुर : साझा प्रकाशन ।

चापागाई, निनु (२०५४), **मार्क्सवादी चिन्तनमा सौन्दर्य**, ललितपुर : साझा प्रकाशन ।

नेपाल, घनश्याम (सन् २०११), **आख्यानका कुरा (दोस्रो.सं.)**, प्रधान नगर सिलगढी भारत : एकता बुक हाउस प्रा.ली.

पाण्डेय, ताराकान्त (२०५३), "इस्मालीका कथामा वर्तमान बोध", **'विपूल'** (अङ्क ६, पृ. ५३) ।

पौडेल, गोपीन्द्रकुमार (२०६२), *प्रगतिवादी नेपाली कथाका प्रवृत्ति,* अप्रकाशित विद्यावारिधि शोध प्रबन्ध, त्रिभुवन विश्वविद्यालय, काठमाडौँ ।

पौडेल, हेमनाथ (२०६०), "नेपाली कथामा इस्माली", **'उन्मेष'** (अङ्क७, पृ. ३३-४९) ।

बराल, ईश्वर (२०५३) सम्पा., **भ्यालबाट (छैठौँ सं.),** ललितपुर : साझा प्रकाशन ।

बराल, कृष्णहरि (२०६९), **कथा सिद्धान्त**, काठमाडौँ : एकता बुक्स ।

बलम्पाकी, टेकबहादुर (२०६१), *कथाकार इस्मालीको कथाकारीता,* अप्रकाशित स्नातकोत्तर शोधपत्र, त्रिभुवन विश्वविद्यालय रत्न राज्यलक्ष्मी क्याम्पस, काठमाडौँ ।

भट्ट, नवराज (२०६८), *इस्मालीका प्रतिनिधि कथाहरूको कृतिपरक अध्ययन,* अप्रकाशित स्नातकोत्तर शोधपत्र, त्रिभुवन विश्वविद्यालय रत्न राज्यलक्ष्मी क्याम्पस, काठमाडौँ ।

मल्ल, ऋद्धिबहादुर (१९९७), “सम्पादकीय”, **शारदा’** (वर्ष ६, सङ्ख्या ८ मार्ग) ।

रेग्मी, हरिप्रसाद (२०५७), *इस्मालीको जीवनी, व्यक्तित्व र कृतित्व,* अप्रकाशित स्नातकोत्तर शोधपत्र, त्रिभुवन विश्वविद्यालय रत्न राज्यलक्ष्मी क्याम्पस, काठमाडौँ ।

शर्मा, अमृत (२०३९-०४०), “विकलका कथामा पाइने प्रगतिवादी दृष्टि”, **भिmसमिसे’** ( वर्ष ५, अङ्क ६, पृ. १९-२१) ।

श्रेष्ठ, दयाराम (२०६६), **अभिनव कथाशास्त्र**, काठमाडौँ : पालुवा प्रकाशन ।

....., ........ (२०६७) सम्पा., **नेपाली कथा भाग-४ (चौँथो सं.),** ललितपुर : साझा प्रकाशन ।

श्रेष्ठ, दयाराम र शर्मा, मोहनराज (२०६४), **नेपाली साहित्यका सङ्क्षिप्त इतिहास (आठौँ सं.),** ललितपुर : साझा प्रकाशन ।

सुवेदी, धनप्रसाद (२०६८), *नेपाली आञ्चलिक उपन्यासका प्रवृत्ति,* अप्रकाशित विद्यावारिधि शोध प्रबन्ध, त्रिभुवन विश्वविद्यालय, काठमाडौँ ।

सुवेदी, राजेन्द्र (२०५१) सम्पा., **स्नातकोत्तर नेपाली कथा,** ललितपुर : साझा प्रकाशन ।

सुवेदी, शिला (२०६७), *इस्मालीको जिरोमाइल उपन्यासको अध्ययन र विश्लेषण,* अप्रकाशित स्नातकोत्तर शोधपत्र, त्रिभुवन विश्वविद्यालय त्रि-चन्द्र क्याम्पस, काठमाडौँ ।